## न्याय परिषद्

# बुलेटिन

पुष ३, २०६७, वर्ष ७, अंक ७




प्रकाशक

**न्याय परिषद् सचिवालय**

रामशाहपथ, काठमाडौं

## न्याय परिषद्

# बुलेटिन

पुष ३, २०६७, वर्ष ७ अंक ७

प्रकाशक

**न्याय परिषद् सचिवालय**

रामशाहपथ, काठमाडौं

**सम्पादन समूह**
नहकुल सुवदी
उमेशप्रसाद लुइँटेल
नारायणप्रसाद दाहाल
माधवप्रसाद पौडेल
मेघनाथ चापागाँई
सन्देश श्रेष्ठ
वच्चुराम थापा मगर

**सहयोगी**
केशवप्रसाद पाण्डे
रमेश पुरी
जुजुभाइ तण्डुकार
प्रकाशचन्द्र श्रेष्ठ

सर्वाधिकार © न्याय परिषद् सचिवालय


प्रकाशक
**न्याय परिषद् सचिवालय**
रामशाह पथ, काठमाडौं ।

डिजाइन तथा मुद्रण - प्रगति प्रिन्टर्स
अनामनगर, काठमाडौं
फोन नं. ४२५०६५५

# न्याय परिषद्का वर्तमान पदाधिकारीज्यूहरू



सम्माननीय अध्यक्ष
श्री रामप्रसाद श्रेष्ठ



माननीय सदस्य
श्री प्रेमबहादुर सिंह



माननीय सदस्य
श्री खिलराज रेग्मी



माननीय सदस्य
श्री मोतीकाजी स्थापित



माननीय सदस्य
श्री वासुदेवप्रसाद ढुङ्गाना



सचिव
श्री जीवनहरि अधिकारी

# न्याय परिषद्

२०४७

टेलिफोन

मा. सदस्य - ४२६२३७२
सचिव - ४२६२६७८
सह सचिव - ४२६९२६०
प्रशासन - ४२६२४१४
लेखा/स्टोर - ४२६९९०४
फ्याक्स - ४२६२८८७
Email-judicial@mos.com.np

पत्र संख्या:-
प्राप्त पत्र संख्या र मिति:-

## मन्तव्य

मुलुक अहिले जनप्रतिनिधिहरुको संविधानसभा मार्फत् नयाँ संविधान निर्माणको संघारमा रहेको छ । संविधान निर्माणको सिलसिलामा न्याय प्रणालीको सम्वन्धमा पनि अनेकौं बहस र चर्चाहरु भइरहेका छन् । स्वतन्त्र, सक्षम एवं उत्तरदायी न्याय प्रणालीको स्थापना र विकासका लागि स्वतन्त्र न्यायपालिका सम्वन्धमा अन्तरराष्ट्रिय स्तरमा स्वीकार गरिएका मूल्य र मान्यताहरुलाई नजरअन्दाज गर्न सकिँदैन । त्यसैले स्वतन्त्र न्याय प्रणालीका सम्बन्धमा विश्वले स्वीकार गरिआएका न्यूनतम् मापदण्डहरुलाई संविधान निर्माणको सिलसिलामा हामीले पनि स्वीकार र सम्मान गर्नु अति आवश्यक छ ।

नेपालमा न्याय प्रणालीलाई स्वतन्त्र, निष्पक्ष र उत्तरदायी बनाउने प्रमुख संयन्त्रको रुपमा विगत दुई दशकदेखि नै हामीले न्याय परिषद् पद्धति अपनाई आएका छौं । तर यस अवधिमा यसको काम कारवाहीको विषयलाई लिएर अनेकौं टिकाटिप्पणी र आलोचनाहरु पनि हुँदै आएका छन् । यसका काम कारवाहीमा सुधार गर्दै यसलाई वस्तुनिष्ट, सशक्त, निष्पक्ष, पारदर्शी र विवादरहित बनाउँदै लैजानु नै अहिलेको प्रमुख आवश्यकता हो । हामीले अभ्यास गरिआएको न्याय परिषद् पद्धतिका काम कारवाहीमा रहेको सानातिना कमजोरीलाई आधार बनाई यसको विकल्प खोज्नु बुद्धिमत्तापूर्ण हुन सक्तैन । त्यस्तो विकल्प हाम्रो अगाडी देखिएको पनि छैन । न्याय परिषद् भित्र कुनै समस्याहरु छन् भने ती समस्याहरु यसको सरचनामा नभई हाम्रै कार्य पद्धति, प्रतिवद्धता र इमान्दारितामा छन् । त्यसैले हामीले न्याय परिषद्को विकल्प खोज्नु भन्दा अझ सुदृढ, साधन सम्पन्न र प्रभावकारी न्याय परिषद् स्थापनामा जोड दिनु परेको छ । स्वतन्त्र, सक्षम र उत्तरदायी न्यायपालिकाको विकासको नाममा हामीले पटक पटक नौलो पद्धति अवलम्वन गरी लामो समयसम्म त्यसको परीक्षणमा विताउनु श्रेयस्कर हुने छैन ।

न्यायिक काम कारवाहीमा देखिएका विकृति, विसंगति र कमजोरीहरुलाई वर्तमान पद्धति अन्तर्गत नै कठोर अनुशासन, दृढ इच्छाशक्ति, सदाचारयुक्त संस्कार र सबल नेतृत्व मार्फत् न्यूनीकरण गर्न सकिन्छ भन्ने मेरो मान्यता रहिआएको छ । मैले न्यायपालिकाको नेतृत्व सम्हालेदेखि नै विकृतिविहीन न्यायपालिकाको विकास अभियानलाई विशेष प्राथमिकता दिइरहेको छु । अहिले न्याय परिषद्का सम्पूर्ण काम कारवाहीलाई संविधानले परिकल्पना गरे अनुरुप स्वतन्त्र, सक्षम एवं उत्तरदायी न्यायपालिका निर्माण गराउने तर्फ केन्द्रित गरिएको छ । यस क्रममा केही अपेक्षित नतिजाहरु देखिइसकेका पनि छन् भन्ने मलाई लाग्दछ ।

विगत केही वर्षदेखि नै न्याय परिषद्ले आफ्नो स्थापना दिवस पारेर आफ्नो काम कारबाही र गतिविधिको बारेमा जानकारी दिने उद्देश्यले नियमित प्रकाशनको रुपमा न्याय परिषद् बुलेटिन प्रकाशन गर्दै आएको छ । बुलेटिनको प्रस्तुत अंकमा न्याय परिषद् र न्याय सेवा आयोगबाट भएका काम कारबाही र गतिविधिका अतिरिक्त न्याय परिषद्बाट भएका काम कारबाहीका सम्बन्धमा सर्वोच्च अदालतमा परेका रिट निवेदनमा भएका आदेशहरु समेत प्रकाशन गरिएको छ । यसबाट न्याय परिषद्का काम कारबाही उपर सर्वोच्च अदालतबाट भएको व्याख्या र प्रतिपादित सिद्धान्तको बारेमा पनि सम्बन्धित सबैलाई जानकारी हुनेछ । यी फैसलाको अध्ययनबाट न्याय परिषद्लाई आफ्नो काम कारबाहीलाई थप पारदर्शी, वस्तुनिष्ठ र उत्तरदायी बनाउने आधारहरु प्राप्त हुने छ भन्ने लागेको छ । यसका अतिरिक्त न्यायाधीश, कानून व्यवसायी, न्याय सेवाका अधिकृत, न्याय प्रशासनप्रति चासो राख्ने व्यक्ति, संस्था एवम् कानूनका क्षेत्रमा खोज र अनुसन्धान गर्ने सबैको लागि यो प्रकाशन उपयोगी र सूचनामूलक हुनेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, बुलेटिन प्रकाशनको कार्यमा सक्रियताका साथ जुटनु भएका न्याय परिषद्का सचिव श्री जीवनहरि अधिकारी, सह-सचिव श्री नहकुल सुवेदी तथा अन्य अधिकृत कर्मचारीलाई धन्यवाद दिंदै प्रकाशनको निरन्तरताका लागि शुभ-कामना व्यक्त गर्दछु ।

*धन्यवाद ।*

पुष २, २०६७

(रामप्रसाद श्रेष्ठ)
प्रधान न्यायाधीश
एवं
अध्यक्ष, न्याय परिषद्

# न्याय परिषद्

न्याय परिषद्
२०४७

टेलिफोन

मा. सदस्य - ४२६२३७२
सचिव - ४२६२६७८
सह सचिव - ४२६९२६०
प्रशासन - ४२६२४१४
लेखा/स्टोर - ४२६९९०४
फ्याक्स - ४२६२८८७
Email-judicial@mos.com.np

पत्र संख्या -
प्राप्त पत्र संख्या र मिति -


## भूमिका

नेपालमा न्याय प्रशासनको कार्यलाइं स्वतन्त्र र उत्तरदायी बनाउने प्रमुख संयन्त्रका रुपमा न्याय परिषद् रही आएको छ । नवीन संवैधानिक अभ्यास भएका विश्वका विभिन्न मुलुकहरुले न्याय परिषदीय प्रणाली अवलम्बन गर्नेतर्फ आकर्षित हुँदै गएको परिप्रेक्ष्यमा आज भन्दा दुई दशक अगाडिदेखि न्याय परिषद्को अभ्यासलाइं अवलम्बन गर्दै आउनु हाम्रो लागि गौरवको विषय हो । न्याय परिषद्को औचित्यताको बारेमा बहस चलिरहेको वर्तमान सन्दर्भ न्याय परिषद्को भूमिकालाई केवल न्यायाधीशको नियुक्ति, सरुवा वा अनुशासनात्मक कारवाहीको विषयसंग मात्र सीमित नगरी समग्रमा स्वतन्त्र, उत्तरदायी, सक्षम र स्वच्छ न्याय प्रणालीको स्थापना र विकासका सन्दर्भमा हेरिनु पर्दछ ।

न्याय परिषद्ले आफ्नो काम कारवाहीलाइं प्रभावकारी बनाउनको लागि न्यायाधीश नियुक्ति गर्दा योग्यता र क्षमताका आधारमा चयन गरिने वस्तुगत मापदण्डहरु निर्धारण गरि पारदर्शी ढगले गर्ने मान्यतालाइं अंगिकार गरेको छ । यस्तो मापदण्ड खराव आचरण र कार्यक्षमताको अभाव जस्ता आधारमा गरिने अनुशासनात्मक काम कारवाहीमा पनि अवलम्बन गरिएको छ । न्यायाधीशको मूल्यांकन इमान्दारिता र निष्पक्षता, कर्तव्य र जिम्मेवारीप्रतिको प्रतिवद्धता एवम् स्वामित्वलाइं आधार बनाइं गर्ने नीति अवलम्बन गरिएको छ । न्याय परिषद्ले प्रभावकारी मापदण्ड र नीतिपरक आधारहरु विकास गर्न दृढ इच्छाशक्तिको साथ लागी परेको छ । यसवाट आगामी दिनमा न्याय परिषद्वाट सम्पादन हुने न्याय प्रशासन सम्वन्धी सम्पूर्ण काम कारवाहीहरु थप प्रभावकारी, वस्तुनिष्ठ र सकारात्मक परिणाम उन्मुख हुनेछ भन्ने विश्वास गरिएको छ ।

न्याय परिषद्ले विगतका वर्षहरु देखि नै आफ्ना काम कारवाहीमा पारदर्शिता ल्याउने र उत्तरदायित्व प्रवर्द्धन गर्ने उद्देश्यले बुलेटिन प्रकाशन गर्दै आएको छ । यस अंकमा न्याय परिषद्का गतिविधिका अतिरिक्त न्याय परिषदका काम कारवाहीका सम्बन्धमा सर्वोच्च अदालतको रिट क्षेत्राधिकारवाट गरेको न्यायिक पुनरावलोकन गरी भएका आदेश एवम् फैसलालाइं संकलन गरी प्रकाशन गरेको छ । यस प्रकाशनवाट न्याय परिषद्को काम कारवाहीमा थप पारदर्शिता ल्याउने अपेक्षा लिएका छु ।

अन्त्यमा, यस बुलेटिनको सम्पादन गर्नु हुने सह-सचिव श्री नहकुल सुवेदी, उप-सचिव द्वय श्री उमेशप्रसाद लुईटेल र श्री नारायणप्रसाद दाहाल तथा सामग्री संकलन गरी तयार गर्नुहुने शाखा अधिकृत श्री माधवप्रसाद पौडेल, श्री मेघनाथ चापागाँई, श्री सन्देश श्रेष्ठ र लेखा अधिकृत श्री केशवप्रसाद पाण्डेलाइं धन्यवाद दिन चाहान्छु । बुलेटिन प्रकाशन कार्यमा सहयोग पुर्‍याउनु हुने ना.सु. श्री रमेश पुरी, श्री प्रकाशचन्द्र श्रेष्ठ एव कम्प्यूटर अप्रेटरहरु श्री बच्चुराम थापा मगर र श्री जुजुभाइ तण्डुकार समेतलाइं धन्यवाद दिदै प्रकाशित सामग्रीले न्याय र कानून क्षेत्रका पाठक एव अध्येताहरुलाई अपेक्षित सहयोग पुर्‍याउनेछ भन्ने विश्वास लिएको छु ।

(जीवनहरि अधिकारी)
सचिव
न्याय परिषद्

# विषय सूची

मन्तव्य

भूमिका

बिषय सूची

पृष्ठ संख्या

## परिच्छेद - एक

**न्याय परिषद्बाट भएका काम कारवाहीको विवरण** १-४

१.१. प्रधान न्यायाधीशको नियुक्ति १

१.२. न्याय परिषद्को पदेन सदस्य १

१.३. सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्ति १

१.४. जाँचबुझ समिति गठन १

१.५. जाँचवुझ आयोग गठन २

१.६. कानून पुस्तकालयको अध्यक्ष तोकिएको ३

१.७. फौज्दारी कानून सुधार तथा परिमार्जन समितिमा न्यायाधीश तोकिएको ३

१.८. पुनरावेदन अदालतको मुख्य न्यायाधीश पदमा नियुक्ति ३

१.९. न्यायाधीशलाई काम गर्न रोक ३

१.१०. उजूरीहरुको छानविन ३

१.११. विशेष अदालतको सदस्यमा हेरफेर ३

१.१२. न्यायाधीशहरुको सरुवा र काज ३

१.१३. पूर्व प्रधान न्यायाधीशहरुको लागी सुविधा माग ४

१.१४. वैदेशिक रोजगार न्यायाधीकरणको अध्यक्ष तोकिएको ४

१.१५. राष्ट्रिय न्यायिक प्रतिष्ठानको कार्यकारी निर्देशक पदमा नियुक्ति ४

१.१६. जाँचवुझ समितिको लागी वजेट माग ४

१.१७. न्याय परिषद्को वार्षिक प्रतिवेदन ४

## परिच्छेद - दुई

**न्याय सेवा आयोगबाट भएका काम कारवाहीको विवरण** ५-६

२.१. न्याय सेवाका अधिकृतहरुको बढुवा ५

२.२. लिखित परीक्षा र अन्तरवार्ता ५

२.३. नियुक्ति ५

२.४. बढुवा सूचना प्रकाशित ६

२.५. सरुवा ६

२.६. दुर सञ्चार पुनरावेदन समितिको अध्यक्ष तोकिएको ६

२.७. अभिलेख अद्यावधिक ६

## परिच्छेद - तीन

**न्याय परिषद् सचिवालयको काम कारवाहीको विवरण** ७-८

३.१. अन्तरक्रिया कार्यक्रम ७

३.२. वार्षिक दिवसको आयोजना ७

३.३. न्यायाधीशको अवकाश र राजिनामा ७

३.४. समवेदना व्यक्त ८

३.५. वित्तीय विवरण ८
३.६. वेरुजु शुन्य ८
३.७. अध्ययन विदा ८

## परिच्छेद - चार

**न्याय परिषद्को काम कारबाहीका सम्बन्धमा परेको रिट निवेदनमा सर्वोच्च अदालतबाट भएका आदेश** ९-६०
४.१. रामप्रसाद अधिकारी विरुद्ध न्याय परिषद् ९
४.२. योगराज सुवेदी विरुद्ध न्याय परिषद् समेत १२
४.३. रामेश्वरमान सिंह अधिकारी विरुद्ध न्याय परिषद् समेत १८
४.४. ध्रुवलाल राज विरुद्ध न्याय परिषद् समेत २१
४.५. गोपालप्रसाद गुरागाई विरुद्ध न्याय परिषद् समेत २४
४.६. आत्माराम भट्टराई विरुद्ध न्याय परिषद् समेत ३४
४.७. बद्रीप्रसाद ओली समेत विरुद्ध न्याय परिषद् समेत ३६
४.८. राजिव वास्तोला विरुद्ध न्याय परिषद् समेत ४०
४.९. गणेश पञ्जियार विरुद्ध न्याय परिषद् समेत ४३
४.१०. केदारप्रसाद प्याकुरेल विरुद्ध न्याय परिषद् समेत ६०

परिच्छेद - एक

# न्याय परिषदबाट भएका काम कारवाहीको विवरण

### १.१. प्रधान न्यायाधीशको नियुक्ति

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०३ बमोजिम संवैधानिक परिषद्को सिफारिशमा सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ सर्वोच्च अदालतको प्रधान न्यायाधीश पदमा चैत १५, २०६६ मा नियुक्त हुनु भएको छ । निवर्तमान प्रधान न्यायाधीश श्री अनूपराज शर्मा मार्ग २८, २०६६ मा सर्वोच्च अदालतको प्रधान न्यायाधीश पदमा नियुक्त हुनु भएकोमा चैत्र १३, २०६६ मा ६५ बर्ष पुरा भई अवकाश प्राप्त गरेपछि सो पदमा प्रधान न्यायाधीशको नियुक्ति भएको हो ।

### १.२. न्याय परिषद्को पदेन सदस्य

सर्वोच्च अदालतको वरिष्ठतम् न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ संवैधानिक परिषद्को सिफारिशमा सर्वोच्च अदालतको प्रधान न्यायाधीश पदमा मिति चैत १५, २०६६ मा नियुक्त हुनु भएपछि सोही मितिदेखि सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश श्री खिलराज रेग्मी नेपालको अन्तरिम संविधान, २०६४ को धारा ११३ को उप-धारा (१) बमोजिम न्याय परिषद्को पदेन सदस्य हुनु भएको छ । सो अघि उक्त पदमा तत्कालीन माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ न्याय परिषद्को पदेन सदस्य रहनु भएको थियो ।

### १.३. सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्ति

नेपालको अन्तरिम संविधान, २०६३ र न्याय परिषद् ऐन, २०४७ बमोजिम सर्वोच्च अदालतका अस्थायी न्यायाधीश पदमा कार्यरत रहेका श्री रणबहादुर वम र श्री मोहनप्रकाश सिटौलालाई फागुन १९, २०६६ र श्री अवधेशकुमार यादव, श्री गिरिश चन्द्र लाल र श्री शुसिला कार्कीलाई मार्ग २, २०६७ मा सर्वोच्च अदालतको स्थायी न्यायाधीश पदमा नियुक्ति गर्नका लागि न्याय परिषद्ले सिफारिस गरेको थियो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५५ बमोजिम वहांहरुको नियुक्ति सिफारिस व्यवस्थापिका संसदको संसदीय सुनुवाई विशेष समितिबाट अनुमोदन भै आएपछि वहांहरुलाई सर्वोच्च अदालतको न्यायाधीश पदमा सम्माननीय प्रधान न्यायाधीशबाट नियुक्त गरिएको छ ।

यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ र न्याय परिषद् ऐन, २०४७ बमोजिम सर्वोच्च अदालतका अस्थायी न्यायाधीश पदमा नियुक्ति गर्नका लागि पुनरावेदन अदालतका मुख्य न्यायाधीशरु क्रमशः श्री वैद्यनाथ उपाध्याय, श्री तर्कराज भट्ट र श्री ज्ञानेन्द्रवहादुर कार्की तथा कानून व्यवसाय तथा न्याय र कानूनको क्षेत्रमा विशेष योगदान पुऱ्याएका व्यक्तिहरु मध्येबाट महान्यायाधिवक्ता एवम् प्राध्यापक डा. श्री भरतवहादुर कार्की र वरिष्ठ अधिवक्ता श्री कमलनारायण दाशलाई नियुक्ति गर्नका लागि न्याय परिषद्ले सिफारिस गरेको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५५ बमोजिम वहांहरुको नियुक्ति सिफारिस व्यवस्थापिका संसदको संसदीय सुनुवाई विशेष समितिबाट अनुमोदन भै आएपछि वहांहरुलाई सर्वोच्च अदालतको अस्थायी न्यायाधीश पदमा २ बर्षको लागि सम्माननीय प्रधान न्यायाधीशबाट मंसिर २०, २०६७ मा नियुक्त गरिएको छ ।

### १.४. जाँचबुझ समिति गठन

विनोदकुमार न्यौपानेको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी सञ्जय श्रेष्ठ, रोहित पलिवाल अग्रवाल र भीमसेन पण्डित समेत भएको अपहरण तथा शरीर बन्धक समेतको मुद्दामा काठमाडौं जिल्ला अदालतका तत्कालिन न्यायाधीश हाल पुनरावेदन अदालत हेटौंडाका न्यायाधीश श्री तेजवहादुर कार्कीबाट मिति २०६५।३।१०।३ मा धरौट वा सो बराबरको जेथा जमानत लिई अभियुक्तहरुलाई तारेखमा राखी मुद्दाको पूर्पक्ष गर्ने आदेश गर्दा न्याय परिषद् ऐन, २०४७ को दफा ४क. को देहाय २ को (घ) बमोजिम प्रयोग हुनै नसक्ने कानूनको प्रयोग गरी वा कानूनको स्पष्ट असंदिग्ध व्याख्या वा अर्थलाई छाडेर वल पूर्वक अर्को व्याख्या वा अर्थ गरी उक्त मुद्दाको कारवाहीमा अनुचित असर पुऱ्याए वा नपुऱ्याएको र उक्त मुद्दाहरुमा अनुसन्धान तहकिकातबाट संकलित सवूद प्रमाणहरुको मूल्यांकन गर्ने सम्बन्धमा निज न्यायाधीशको कार्यक्षमताको अभाव देखिए नदेखिएको सम्वन्धमा न्याय परिषद् ऐन,२०४७ को दफा ६ बमोजिम जांचबुझ गरी राय सहितको प्रतिवेदन दिन सर्वोच्च अदालतका

माननीय न्यायाधीश श्री वलराम के.सी.को अध्यक्षतामा एक सदस्यीय जांचवुझ समिति गठन भएको थियो । सो समितिलाई उल्लेखित प्रतिवादीहरु संलग्न रहेका अन्य मुद्दाहरुको कारवाहीको सिलसिलामा भएका आदेश तथा फैसलाहरुको समेत विस्तृत अध्ययन गरी सो आदेश वा फैसला गर्ने न्यायाधीशबाट गैर कानूनी एवम् अनियमित रुपमा कामकारवाही भएको छ छैन सो समेत छानविन गर्ने अख्तियारी प्रदान गरिएको थियो । उक्त समितिले आफूलाई प्राप्त अधिकार बमोजिम छानवीन गरी राय सहितको प्रतिवेदन मिति २०६७।८।१० मा परिषद् समक्ष पेश गरेको छ ।

यसैगरी पुनरावेदन अदालतका न्यायाधीश श्री ओमप्रसाद सुवेदीले विदा दिने अधिकारीबाट विदा स्वीकृत नगराई पूर्व अनुमति समेत नलिई अदालतमा वारम्वार लामो समयसम्म अनुपस्थित भएको भन्ने सम्वन्धमा न्याय परिषद् ऐन, २०४७ को दफा ४क. को उपदफा (३) बमोजिम आफ्नो पदीय कर्तव्य इमान्दारीपूर्वक पालना नगरेको आरोपमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०९ को उपधारा (१०) को खण्ड (ग) बमोजिम किन कारवाही नगर्ने ? भनी न्याय परिषद् ऐन, २०४७ को दफा ८ वमोजिम स्पष्टिकरण सोधिएकोमा निजबाट प्राप्त स्पष्टिकरण व्यहोरा सोधिएको प्रश्नमा सिमित नरही पदीय हैसियतबाट विमुख भई न्यायिक मर्यादा र अनुशासन एवम् पेशागत आचरण प्रतिकूलको स्पष्टिकरण जवाफ दिएको भनी न्याय परिषद्को निर्णय बमोजिम पुनः स्पष्टिकरण माग भई न्याय परिषद् समक्ष विचाराधिन रहेको थियो । सोही अवस्थामा पुनरावेदन अदालत पोखरामा कार्यरत रहंदा पनि निजले मुख्य न्यायाधीशलाई कुनै जानकारी नदिई विदा स्वीकृत नगराई लामो समयसम्म अदालतमा अनुपस्थित रहेको साथै निजको महिला सम्बन्धी नैतिक र चारित्रिक विषयमा चर्चा हुने गरेको र सो आचरण पुनरावेदन अदालतको न्यायाधीशको गरिमामय पद अनुकूल देखिन नआएको भन्ने प्रतिवेदन प्राप्त भएको छ । यस अघि निजको प्रशासनिक नेतृत्व क्षमतामा निराशाजनक भनी कार्यसम्पादन मूल्यांकन फाराम निरीक्षण प्रतिवेदनसाथ प्राप्त हुन आएको छ । यस अतिरिक्त निजले प्रहरी दिवसको अवसरमा क्षेत्रीय प्रहरी कार्यालय पोखराले आयोजना गरेको सार्वजनिक कार्यक्रममा प्रमुख अतिथिको रुपमा "काम नगर्ने सभासदलाई किन माननीय भन्ने" जस्ता मन्तव्य दिएको भन्ने समाचार पत्र पत्रिकामा सार्वजनिक भएको र उक्त मन्तव्य न्यायाधीशको पदीय मर्यादा विपरित भएबाट उपरोक्त कुराहरु समेत न्याय परिषद् ऐन, २०४७ को दफा ४क. को उपदफा (२),(३) र (४) बमोजिम कार्य क्षमताको अभाव, आफ्नो पदीय कर्तव्यको इमान्दारीपूर्वक पालन नगरेको र खराव आचरण समेत देखिएको हुंदा माथी उल्लेखित सम्पूर्ण विषयका अतिरिक्त निजले अदालतमा गरेका काम कारवाही र सो बाट परेको प्रभाव समेतको विषयमा न्याय परिषद् ऐन, २०४७ को दफा ६ वमोजिम सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री तपवहादुर मगरज्यूको अध्यक्षतामा एक सदस्यीय जाँचवुझ समिति गठन गरीएको छ ।

### १.५. जाँचवुझ आयोग गठन

विनोदकुमार न्यौपानेको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सञ्जय श्रेष्ठ, रोहित पलिवाल अग्रवाल र भिमसेन पण्डित समेत भएको फौ.नं. २१९० को अपहरण तथा शरीर बन्धक मुद्दा १, ओमकार भट्टचनको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यिनै व्यक्ति भएको फौ.नं. २१९१ को अपहरण तथा शरीर बन्धक मुद्दामा मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक महलको देहाय १ र २ नं. को कसुर गरेकोले देहायको ३ नं. बमोजिम सजाय माग दावी लिई अभियोग पत्र दायर भएको मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मिति २०६५।३।१०।३ मा अभियुक्तहरुलाई पूर्पक्षको निमित्त थुनामा नराखी धरौट वा जमानत लिई तारेखमा राख्ने भन्ने आदेश उपर मुलुकी ऐन, अदालती बन्दोवस्तको १७ नं. बमोजिमको वेरितको आदेश वदर गराउन पुनरावेदन सुन्ने अड्डामा निवेदन दिनु पर्नेमा सो नदिई आफ्नो कर्तव्य पूरा नगरी हेलचेक्रयाई गरी थुनामा राख्नु पर्ने मानिसलाई धरौटीमा छुटी जान प्रश्रय दिएको सम्वन्धमा निजको कार्य क्षमता अभाव वा खराव आचरणका विषयमा जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंका तत्कालिन जिल्ला न्यायाधीवक्ता हाल पुनरावेदन सरकारी वकील कार्यालय पाटनका उप न्यायाधीवक्ता श्री सुरेन्द्रवहादुर थापा उपर जांचवुझ आयोग ऐन, २०२६ को दफा ३ वमोजिम सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री वलराम के.सी.को अध्यक्षतामा एक सदस्यीय जांचवुझ आयोग गठन गर्न नेपाल सरकारलाई परामर्श प्रदान गरिएको छ ।

### १.६. कानून पुस्तकालयको अध्यक्ष तोकिएको

सर्वोच्च अदालतका न्यायाधीश श्री बलराम के.सी. लाइ केन्द्रीय कानून पुस्तकालयको अध्यक्ष भई काम गर्न केन्द्रीय कानून पुस्तकालय विकास समिति (गठन) आदेश २०५२ को दफा ३(२)(क) बमोजिम तोकिएको छ ।

### १.७. फौज्दारी कानून सुधार तथा परिमार्जन समितिमा न्यायाधीश तोकिएको

फौज्दारी कानून परिमार्जन तथा सुधार कार्यदलले नेपाल सरकार समक्ष पेश गरेको अपराध संहिता, फौज्दारी कार्यविधि संहिता र फौज्दारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनको मस्यौदा उपर सरोकारवालाहरुबाट प्राप्त हुन आएका राय, प्रतिक्रिया तथा सुझाव बमोजिम मस्यौदा परिमार्जन गर्न तथा उपयुक्त कानूनहरुको कार्यान्वयन गर्ने सन्दर्भमा आवश्यक पर्ने संस्थागत संरचना, नेपाल सरकारलाई पर्ने आर्थिक दायित्व तथा अन्य आवश्यक व्यवस्थाहरु समेतको सम्बन्धमा अध्ययन गरी नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्न सर्वोच्च अदालतका न्यायाधीश श्री कल्याण श्रेष्ठको संयोजकत्वमा फौज्दारी कानून सुधार तथा परिमार्जन समिति गठन गर्न परामर्श दिईएको छ ।

### १.८. पुनरावेदन अदालतको मुख्य न्यायाधीश पदमा नियुक्ति

संविधान र कानून बमोजिम पुनरावेदन अदालतको मुख्य न्यायाधीश पदमा नियुक्त हुन योग्यता पुगेकाहरुमध्ये पुनरावेदन अदालतका न्यायाधीशहरु श्री विश्वनाथ जोशी, श्री गोपाल पराजुली, श्री दिपकराज जोशी, श्री दुर्गाप्रसाद उप्रेती, श्री गोविन्दकुमार उपाध्याय र श्री केशवप्रसाद मैनालीलाई पुनरावेदन अदालतको मुख्य न्यायाधीश पदमा नियुक्ति तथा पदस्थापना गरिएको छ ।

### १.९. न्यायाधीशलाई काम गर्न रोक

जाँचबुझ समितिको दायरा भित्र पर्न आएका पुनरावेदन अदालत हेटौंडाका न्यायाधीश श्री तेजबहादुर कार्की र पुनरावेदन अदालतका पोखराका न्यायाधीश श्री ओमप्रसाद सुवेदीलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०९ को उपधारा (११) बमोजिम आफ्नो पदको कार्य गर्न रोक लगाईएको छ ।

### १.१०. उजूरीहरुको छानविन

विभिन्न तहका अदालतका न्यायाधीशहरुको अनुशासन, पदीय आचरण एवम् कार्यक्षमता समेतका सम्बन्धमा न्याय परिषद्मा पर्न आएका उजुरीहरुको प्रारम्भिक छानविन अनुसन्धान गरी राय सहितको प्रतिवेदन न्याय परिषद् समक्ष पेश गर्न न्याय परिषद्का कानूनविद् सदस्य श्री मोतिकाजी स्थापितलाई तोकिएकोमा सो सम्बन्धी कार्य निरन्तर भैरहेको छ ।

यस अवधी भित्र कूल उजुरी लगत १४९ भएकोमा सो उजुरी उपर प्रारम्भिक छानविन हुंदा ५४ थान उजुरीहरुमा थप जाँचबुझ गर्न आवश्यक देखिन नआएको कानूनविद् सदस्यको प्रतिवेदन बमोजिम उक्त ५४ थान उजुरीहरु तामेलीमा राख्ने निर्णय भएको छ । ११ थान उजुरीहरुको सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११३ को उपधरा (५) बमोजिम विशेषज्ञबाट विस्तृत छानविन गरी प्रतिवेदन पेश गर्नको लागि सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री तपबहादुर मगरज्यूको एक सदस्यीय जांचबुझ समिति गठन भई उक्त जांचवुझ समितिले न्याय परिषद् समक्ष आफ्नो प्रतिवेदन बुझाइ सकेको छ । सो समेत ९५ थान उजूरीहरुको जांचवुझ एवम् छानविन कार्य भै रहेको छ ।

### १.११. विशेष अदालतको सदस्यमा हेरफेर

विशेष अदालत काठमाडौंका तत्कालिन सदस्य श्री भोलाप्रसाद खरेलले उमेरका आधारमा अवकाश प्राप्त गर्नु भएकाले सो पदमा पुनरावेदन अदालतका न्यायाधीश श्री केदारप्रसाद चालिसेलाई तोक्न विशेष अदालत ऐन,२०५९ को दफा ३ बमोजिम नेपाल सरकार समक्ष परामर्श दिए अनुरुप वहाँ विशेष अदालतको सदस्यका रुपमा तोकिनु भएको छ ।

### १.१२. न्यायाधीशहरुको सरुवा र काज

न्याय परिषद्को सिफारिशमा पुनरावेदन अदालतका मुख्य न्यायाधीश श्री वैद्यनाथ उपाध्याय, श्री तर्कराज भट्ट, श्री ज्ञानेन्द्रवहादुर कार्की (पदाधिकार मात्र सारेको), श्री पुरुषोत्तम पराजुली, जागेश्वर सुवेदी, श्री केशरीराज पण्डित, श्री अलिअकवर मिकरानी, श्री हरिबावु भट्टराई, श्री हरिराम कोइराला, श्री हरिप्रसाद घिमिरेलाई पुनरावेदन अदालतको मुख्य न्यायाधीश पदमा र अन्य तीन जना पुनरावेदन अदालतका न्यायाधीशहरुलाई सोही पदमा सरुवा गरिएको छ । यसैगरी जिल्ला अदालतका २ जना

न्यायाधीशहरुलाई एक अदालतवाट अर्को अदालतको सोही पदमा न्याय परिषद् सचिवालयले काजमा खटाएको छ ।

**१.१३. पूर्व प्रधान न्यायाधीशहरुको लागी सुविधा माग**

न्याय सम्पादन जस्तो विशिष्ट प्रकृतिको कार्यवाट देश र जनताको सेवामा जीवनको अधिकांश भाग व्यतित गरी निवृत्त जीवन विताई रहेका पूर्व प्रधान न्यायाधीशहरुको जीवन यापन कसरी भएको छ, सुविधा असुविधा के छ ? त्यसवारे चासो राख्नु र श्रोत साधनले भ्याएसम्म सुविधा दिनु राज्यको दायित्व हो । अन्य देशले पनि उपयुक्त किसिमले मर्यादापूर्ण व्यवहार र सुविधा दिई आएको पाइन्छ । राज्यले निर्धारण गरेको मर्यादाक्रमको चौथो स्थानमा रहेको र राज्यको एउटा प्रमुख अंगको सर्वोच्च पदमा वहाल रही सेवा गरेको व्यक्तिको मर्यादाको दृष्टिकोणले पनि राज्यले यथोचित सुविधा प्रदान गरी मर्यादित जीवन व्यतित गर्ने वातावरण बनाई दिन आवश्यक एवम् वाञ्छनीय देखिन्छ । सभा समारोहमा सहभागि हुन यातायातको साधनको अभावले कठिनाई परी रहेको र सहयोगीको अभाव विशेष रुपमा खड्किएको पाइन्छ । त्यसैले हाल वहालवाला प्रधान न्यायाधीश र अन्य न्यायाधीशहरुलाई दिई आएको सुविधालाई समेत दृष्टिगत गरी निवृत्त जीवन विताईरहेको व्यक्तिको न्यूनतम आवश्यकतालाई सम्वोधन हुने गरी (क) चालक सहितको सवारी साधन-१, (ख) प्रति महिना एक सय लिटर पेट्रोल र त्रैमासिक पाँच लिटर मोविल, (ग) ना.सु. सरहको नीजि सहायक-१, र (घ) सुरक्षाको संवेदनशिलता अनुसारको सुरक्षा व्यवस्थाको सुविधा प्रदान गर्नु आवश्यक देखिएकोले सो सुविधा उपलब्ध गराउन न्याय परिषद्ले नेपाल सरकारसंग अनुरोध गरेको छ ।

**१.१४. वैदेशिक रोजगार न्यायाधीकरणको अध्यक्ष तोकिएको**

वैदेशिक रोजगार न्यायाधीकरणको अध्यक्ष पदमा पुनरावेदन अदालत सुर्खेतका न्यायाधीश श्री निर्मलकुमार ढुङ्गानालाई तोक्न नेपाल सरकार समक्ष परामर्श दिईएको छ ।

**१.१५. राष्ट्रिय न्यायिक प्रतिष्ठानको कार्यकारी निर्देशक पदमा नियुक्ती**

राष्ट्रिय न्यायिक प्रतिष्ठानको कार्यकारी निर्देशक पदमा पूर्व महान्यायाधिवक्ता तथा वरिष्ठ अधिवक्ता श्री राघवलाल वैद्यलाई चार (४) वर्षको लागि नियुक्त गर्न सिफारिश गरिएको छ ।

**१.१६. जाँचवुझ समितिको लागी वजेट माग**

न्याय परिषद् ऐन, २०४७ को दफा ६ को उपदफा (३) मा न्याय परिषद्वाट गठन गरिने जाँचवुझ समितिको लागि आवश्यक पर्ने साधन सर्वोच्च अदालतले उपलब्ध गराउने भन्ने कानूनी व्यवस्था रहेको एवम् जाँचवुझ आयोग ऐन, २०२६ वमोजिम नेपाल सरकारवाट गठन हुने जाँचवुझ आयोगका पदाधिकारी एवम् कर्मचारीलाई भत्ता, दैनिक तथा भ्रमण भत्ता दिने गरेको सन्दर्भमा न्याय परिषद्वाट गठन भएका यस्ता जाँचवुझ समितिका पदाधिकारी एवम् कर्मचारीहरुलाई आवश्यक सुविधा उपलब्ध गराउन न्याय परिषद्ले आवश्यक र औचित्यपूर्ण ठानेको छ । सो का लागि नेपाल सरकारले अवलम्बन गरेको मापदण्ड अनुरुपनै न्याय परिषद्ले जाँचवुझको कार्य प्रारम्भ भएको मितिदेखि जाँचवुझको प्रतिवेदन बुझाएको मितिसम्मको अतिरिक्त समय भत्ता तथा खाजा भत्ता वापत जाँचवुझ समितिका पदाधिकारी र कर्मचारीलाई खाईपाई आएको तलवको २५ प्रतिशत भत्ता रकम तथा दैनिक तथा भ्रमण भत्ता समेतको आवश्यक खर्च उपलब्ध गराउन नेपाल सरकार समक्ष लेखि पठाइएको छ ।

**१.१७. न्याय परिषद्को वार्षिक प्रतिवेदन**

न्याय परिषद् र न्याय सेवा आयोगवाट आर्थिक वर्ष २०६६।६७ मा भएका कामकारवाहीहरु समेतको पाना ४० को न्याय परिषद्को सचिवले प्रस्तुत गरेको विवरणहरु समावेश भएको प्रतिवेदन नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११७ को उपधारा (३) बमोजिम सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनमा प्रकाशित गर्न पठाईएको छ ।

## परिच्छेद - दुई

# न्याय सेवा आयोगबाट भएका काम कारवाहीको विवरण

### २.१. न्याय सेवाका अधिकृतहरुको बढुवा

नेपाल न्याय सेवाका बिभिन्न समूहमा रिक्त रहेका पदमा निजामती सेवा ऐन २०४९ को दफा ७ बमोजिम प्रतिशत निर्धारण भई कार्य क्षमताको मुल्याङ्कनका आधारमा बढुवाद्वारा पदपूर्ति गर्ने कार्य सम्पन्न भयो । कार्य क्षमताको मूल्यांकनद्वारा राजपत्रांकित प्रथम श्रेणीको सह-सचिव वा सो सरहको न्याय समूहको पदमा ५ जना, कानून समूहको पदमा १ जना, सरकारी वकील समूहको पदमा ३ जना, न्याय समूह राजपत्रांकित द्वितीय श्रेणीको उप-सचिव वा सो सरहको पदमा २५ जना, कानून समूह राजपत्रांकित द्वितीय श्रेणीको उप-सचिव वा सो सरहको पदमा ५ जना तथा सरकारी वकील समूहको राजपत्राकित द्वितीय श्रेणीको उप-सचिव वा सो सरहको पदमा ८ जना अधिकृतहरुको बढुवा नामावली प्रकाशन, बढुवा नामावली प्रकाशन उपरको पुनरावलोकनको उजुरीमा कारवाही र पदस्थापन समेत भएको छ ।

निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ बमोजिमको बिशेष पदबाट कार्यसम्पादन तथा अनुभवको मूल्यांकनबाट बढुवाको समायोजनद्वारा गरिने बढुवा समायोजनमा सिफारिश भएका नेपाल न्याय सेवा, न्याय समुह, राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत पदमा ८ जना र कानून समुह, राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत पदमा २ जना र सरकारी वकिल समुह, राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत पदमा १ जना लाई बढुवा समायोजन पदस्थापन गर्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११४ र न्याय सेवा आयोग ऐन, २०४८ को दफा ३ बमोजिम नेपाल सरकार समक्ष सिफारिश गरिएको छ ।

### २.२. लिखित परीक्षा र अन्तरवार्ता

आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाद्वारा पूर्ति गर्नुपर्ने राजपत्रांकित प्रथम तथा द्वितीय श्रेणीका पदहरुमा लोकसेवा आयोगसंग समन्वय गरी लिखित परीक्षा लोक सेवा आयोगले र अन्तर्वार्ता यस आयोगले लिने गरी व्यवस्था मिलाइएको थियो । सोही अनुसार नेपाल न्याय सेवाका रिक्त रहेका पदहरुलाई निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम प्रतिशत निर्धारण गरी पद पुर्ती गरियो । यसै क्रममा न्याय समूहका राजपत्राकित प्रथम श्रेणीको सह-सचिव वा सो सरहको २ पद र कानून समूहका राजपत्राकित प्रथम श्रेणीको सह-सचिव वा सो सरहको १ पद तथा न्याय समूहका राजपत्राकित द्वितीय श्रेणीको उप-सचिव वा सो सरहको ७ पद, कानून समूहको राजपत्रांकित द्वितीय श्रेणीको उप-सचिव वा सो सरहको १ पद र सरकारी वकिल समूहको राजपत्रांकित द्वितीय श्रेणीको उप-सचिव वा सो सरहको २ पद मा आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको नतिजा प्रकाशन र अन्तरवार्ता लिई पदस्थापना समेत भएको छ ।

### २.३. नियुक्ति

लोक सेवा आयोगबाट संञ्चालन भएको नेपाल न्याय सेवा न्याय समूह रा.प. प्रथम श्रेणी (खुला) सह सचिव वा सो सरह १, कानून समूह रा.प. प्रथम श्रेणी (खुला) सह सचिव वा सो सरह १, सरकारी वकिल समूह रा.प. प्रथम श्रेणी (खुला) सह सचिव वा सो सरह १, न्याय समूह रा.प. द्वितीय श्रेणी (खुला) उप सचिव वा सो सरहको पद-३, कानून समूह रा.प. द्वितीय श्रेणी (खुला) उप सचिव वा सो सरहको पद-१ र सरकारी वकिल समूह रा.प. द्वितीय श्रेणी (खुला) उप सचिव वा सो सरहको पद-१ मा लिखित परिक्षाबाट सफल भएकाहरुलाई नियुक्ति एवम् पदस्थापन गर्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११४ र न्याय सेवा आयोग ऐन, २०४८ को दफा ३ बमोजिम नेपाल सरकार समक्ष सिफारिश गरिएको छ ।

नेपाल न्याय सेवा न्याय, कानून र सरकारी वकील समूहका राजपत्राङ्कित तृतीय श्रेणीको शाखा अधिकृत पदमा खुला एवम् आन्तरिक प्रतियोगितामा लोक सेवा आयोगबाट महिला, जनजाती/आदीवासी,मधेशी, दलित, अपाङ्ग, र पिछडिएको क्षेत्रमा सिफारिश भई आएका व्यक्तिहरु गरी न्याय,कानून र सरकारी वकिल समूहमा विभिन्न मितिमा ९२ जनालाई सम्वन्धित समूहको शाखा अधिकृत वा सो सरहको पदमा नियुक्ति गरी पदस्थापन गर्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११४ को उपधारा (१) र

न्याय सेवा आयोग ऐन, २०४८ को दफा ३ बमोजिम नियुक्ति तथा पदस्थापन गर्न सिफारिश गरिएको छ।

नायव सुब्बावाट रा.प. तृतीय श्रेणी शाखा अधिकृत वा सो सरहको पदमा बढुवा नियुक्ति एवम् पदस्थापनाको लागि सिफारिश भई आएका नेपाल न्याय सेवा न्याय समुहमा ४ जना, कानून समूहमा ३ जना र सरकारी वकील समूहमा २ जनालाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११४ र न्याय सेवा आयोग ऐन, २०४८ को दफा ३ बमोजिम नियुक्ति तथा पदस्थापन गर्न सिफारिश गरिएको छ

## २.४. बढुवा सूचना प्रकाशित

नेपाल न्याय सेवा अन्तर्गत विभिन्न समूहको राजपत्रांकित प्रथम र द्वितीय श्रेणीको रिक्त पद पदपूर्ति गर्न निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम प्रतिशत निर्धारण गर्दा सोही ऐनको दफा ७क को उपदफा (३) बमोजिम हालसम्म रिक्त हुन आएका पदलाई खुद रिक्त वा माग पद मानी न्याय सेवा आयोगवाट निर्धारण गरेको राजपत्राङ्कित प्रथम र द्वितीय श्रेणीको पदमा पद संख्या (प्रतिशत) निर्धारण गर्ने सुत्र बमोजिम कायम हुन आएका राजपत्राङ्कित प्रथम श्रेणी न्याय समुह १, राजपत्राङ्कित द्वितीय श्रेणी न्याय समूहको ६,कानून समूहको १ पद र सरकारी वकिल समुहको ३ पदहरुमा कार्यक्षमताको मूल्यांकनद्वारा गरिने बढुवाका लागि गोरखापत्रमा ३० दिने सूचना प्रकाशित गरिएको छ।

## २.५. सरुवा

नेपाल न्याय सेवाका विभिन्न समूह र श्रेणीका अधिकृतहरुलाई तत् तत् समूह र श्रेणी अन्तर्गतको पदमा सरुवा गर्न आयोगले नेपाल सरकार समक्ष सिफारिश गरेको छ। यस आर्थिक वर्ष भित्र नेपाल न्याय सेवाका विभिन्न समूह र श्रेणीको पदमा देहायका संख्याका अधिकृतहरुलाई सरुवा गर्न सिफारिश गरिएको छ।

- राजपत्रांकित विशिष्ट श्रेणीका २ जना।
- न्याय समूह, राजपत्रांकित प्रथम श्रेणीका ११ जना
- न्याय समूह,राजपत्रांकित द्वितीय श्रेणीका ३१ जना।
- न्याय समूह,राजपत्रांकित तृतीय श्रेणीका ४१ जना।
- कानून समूह, राजपत्रांकित प्रथम श्रेणीका ७ जना।
- कानून समूह, राजपत्रांकित द्वितीय श्रेणीका ७ जना।
- कानून समूह, राजपत्रांकित तृतीय श्रेणीका ८ जना।
- सरकारी वकिल समूह, राजपत्रांकित प्रथम श्रेणीका ६ जना।
- सरकारी वकील समूह, राजपत्रांकित द्वितीय श्रेणीका २५ जना।
- सरकारी वकील समूह, राजपत्रांकित तृतीय श्रेणीका १९ जना।

## २.६. दुर सञ्चार पुनरावेदन समितिको अध्यक्ष तोकिएको

दूर संचार ऐन, २०५३ को दफा ४८ बमोजिम नेपाल दूर संचार प्राधिकरणले दिएको आदेश उपरको पुनरावेदन सुन्ने पुनरावेदन समितिको व्यवस्था गरेको र दूर संचार नियमावली, २०५४ को नियम २७ बमोजिमको पुनरावेदन समितिमा नेपाल न्याय सेवाको विशिष्ट श्रेणीको अधिकृतलाई अध्यक्षमा तोक्न सकिने व्यवस्था भएकोले न्याय परिषद्का सचिव श्री जीवनहरि अधिकारीलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११४ र न्याय सेवा आयोग ऐन, २०४८ को दफा ३ बमोजिम तोक्न नेपाल सरकार समक्ष सिफारिश गरिएको छ।

## २.७. अभिलेख अद्यावधिक

निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ बमोजिम बढुवा भएका कर्मचारीहरुको निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ को उपदफा (८) को प्रतिवन्धात्मक वाक्यांश बमोजिम जेष्ठता गणना गर्दा बढुवा भएकै पदको गणना गरिनेछ र यस दफा बमोजिम बढुवा पाएका कर्मचारीले सो भन्दा माथिल्लो श्रेणीको पदको निमित्त हुने सवै प्रकारको बढुवाको निमित्त प्रतिस्पर्धा गर्न पाउने छ भन्ने व्यवस्था भएकोले सो प्रयोजन सम्मका लागि त्यसरी बढुवा भएकाहरुको प्राप्त हुन आएसम्मका विवरण र कार्य सम्पादन मूल्याङ्कन व्यवस्थित तवरले अभिलेख राखिएको छ।

परिच्छेद - तीन

# न्याय परिषद् सचिवालयको काम कारवाहीको विवरण

### ३.१.अन्तरक्रिया कार्यक्रम

न्यायाधीश र न्याय सेवाका राजपत्राङ्कित अधिकृतहरुको क्षमता विकासको लागि केन्द्रिय एवम् क्षेत्रीय स्तरमा सेमिनार, गोष्ठी, सम्मेलन, अन्तरक्रिया, प्रशिक्षण एवम् अनुशिक्षण कार्यक्रम आयोजना गर्ने न्याय परिषद् र न्याय सेवा आयोगको निर्णय वमोजिम न्यायाधीशहरुको आचार संहिताका सैद्धान्तिक एवम् व्यवहारिक पक्षका सम्वन्धमा सम्वद्ध सरोकारवालाहरु वीच सचेतना जागृत गर्ने उद्देश्यले न्यायाधीशहरुको आचार संहिता, २०६५ सम्वन्धी अनुशिक्षण कार्यक्रम नेपालगञ्ज, सुर्खेत, तुल्सीपुर, जुम्ला दिपायल र महेन्द्रनगरका मुख्य न्यायाधीश, न्यायाधीश र रजिष्ट्रार तथा मातहतका जिल्ला न्यायाधीश समेतको गरी ५४ जनाको सहभागीतामा नेपालगञ्जमा मिति २०६६ साल मंसिर १४ र १५ गते दुई दिवसीय अनुशिक्षण कार्यक्रम आयोजना गरियो । नेपालगञ्जमा आयोजित उक्त कार्यक्रमका प्रमुख अतिथि सर्वोच्च अदालतका तत्कालिन माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठले न्यायाधीशको आचार संहिता, २०६५ : पालना, अनुगमन र चुनौती विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । पुनरावेदन अदालतका मुख्य न्यायाधीश श्री लक्ष्मणमणी रिसालले न्यायाधीशको आचारसंहिता: सैद्धान्तिक पक्ष र मान्यता विषय कार्यपत्र पेश गर्नु भएको यिथो भने पुनरावेदन अदालत दिपायलका का.मु. मुख्य न्यायाधीश श्री गोविन्द कुमार श्रेष्ठले न्यायाधीशको आचारसंहिता र जनआस्था विषयक कार्यपत्र पेश गर्नु भएको थियो । सोही कार्यक्रम न्याय परिषद्का सचिव श्री जीवनहरि अधिकारीले आचार संहिताको व्यवहारिक पक्ष र उजुरी व्यवस्थापनमा न्याय परिषद्को भूमिका विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

यसै क्रममा न्यायाधीशहरुको आचार संहिता, २०६५ सम्वन्धी एक दिवशीय अनुशिक्षण कार्यक्रम काठमाडौं उपत्यका भित्रका पुनरावेदन अदालत, विशेष अदालत, जिल्ला अदालत, राष्ट्रिय न्यायिक प्रतिष्ठानमा कार्यरत मुख्य न्यायाधीश तथा न्यायाधीश र जिल्ला न्यायाधीश समेतको सहभागिता रहने गरी ४५ जनाको सहभागीतामा काठमाडौंमा मिति २०६७ साल असार १२ गते एक दिवशीय अनुशिक्षण कार्यक्रम समुद्घाटन, उक्त कार्यक्रमका प्रमुख अतिथि सम्माननीय प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठले गर्नु भएको थियो । उक्त कार्यक्रममा न्यायाधीशको आचार संहिता, २०६५ : पालना, अनुगमन र चुनौती विषयक कार्यपत्र सर्वोच्च अदालतका न्यायाधीश श्री खिलराज रेग्मीले प्रस्तुत गर्नु भएको थियो भने न्यायाधीशको आचारसंहिता: सैद्धान्तिक पक्ष र मान्यता विषय कार्यपत्र सर्वोच्च अदालतका न्यायाधीश श्री रामकुमार प्रसाद शाहले पेश गर्नु भएको यिथो । सोही कार्यक्रममा न्याय परिषद्का सचिव श्री जीवनहरि अधिकारीले आचार संहिताको व्यवहारिक पक्ष र उजुरी व्यवस्थापनमा न्याय परिषद्को भूमिका विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

### ३.२. वार्षिक दिवसको आयोजना

न्याय परिषद्को पहिलो वैठक वसेको दिनलाई न्याय परिषद् दिवसको वार्षिक दिवस मनाउने क्रममा २०६६ पुष ३ गते एक समारोहका विच वार्षिक कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रममा प्रमुख अतिथि तत्कालीन सम्माननीय प्रधान न्यायाधीश श्री अनूपराज शर्माले न्याय परिषद् वुलेटिन, वर्ष ६, अंक ६ को विमोचन गर्नु भएको थियो भने न्याय परिषद्का सदस्यहरुले न्याय परिषद्को गतीविधि र क्रियाकलापका सम्वन्धमा मन्तव्य राख्नु भएको थियो ।

### ३.३. न्यायाधीशको अवकाश र राजिनामा

यस आर्थिक वर्षमा देहाय वमोजिमका न्यायाधीशहरुले अवकाश प्राप्त गर्नु भएको छ :-

१. श्री अनूपराज शर्मा, प्रधान न्यायाधीश, सर्वोच्च अदालत
२. श्री गौरी ढकाल, न्यायाधीश, सर्वोच्च अदालत
३. श्री राजेन्द्रप्रसाद कोइराला, न्यायाधीश, सर्वोच्च अदालत
४. श्री भुपध्वज अधिकारी, मुख्य न्यायाधीश, पुनरावेदन अदालत
५. श्री लक्ष्मणमणी रिसाल, मुख्य न्यायाधीश, पुनरावेदन अदालत

६. श्री ऋषिराज जोशी, न्यायाधीश, पुनरावेदन अदालत (निधन)
७. श्री बुद्धिप्रसाद रेग्मी, न्यायाधीश, पुनरावेदन अदालत
८. श्री भोलाप्रसाद खरेल, न्यायाधीश, पुनरावेदन अदालत
९. श्री देवेन्द्रराज शर्मा, न्यायाधीश, पुनरावेदन अदालत
१० श्री शान्तीराज सुवेदी, न्यायाधीश, पुनरावेदन अदालत
११. श्री गिरिशकुमार शर्मा, न्यायाधीश, जिल्ला अदालत (राजिनामा)
१२. श्री शिवप्रसाद भेले, न्यायाधीश, जिल्ला अदालत
१३. श्री शिवप्रसाद पराजुली, न्यायाधीश, जिल्ला अदालत
१४. श्री करुणानिधि शर्मा, न्यायाधीश, जिल्ला अदालत (राजिनामा)
१५. श्री तिर्थराज देवकोटा, न्यायाधीश, जिल्ला अदालत

### ३.४. समवेदना व्यक्त

सर्वोच्च अदालतका पुर्व न्यायाधीश एवम् न्याय परिषद्का पूर्व सदस्य श्री लक्ष्मणप्रसाद अर्यालको असामयिक निधन भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गरेको छ ।

### ३.५. वित्तीय विवरण

आर्थिक वर्ष २०६६।०६७ मा न्याय परिषद् सचिवालयको नाममा जम्मा रु. ९१,७०,०००।- विनियोजन भएको थियो । सो मध्ये चालु खर्च तर्फ रु. ८४,००,०००।- र पूँजीगत खर्च तर्फ रु. ७,७०,०००।- विनियोजन भएको थियो । उक्त विनियोजित रकम मध्ये साधारणतर्फ रु. ८३,५७,७९०।८४ खर्च भै रु. ४२,२०९।१६ वांकी रहेको र पूँजीगततर्फ रु. ७,१३,२०७।- खर्च भै वांकी रहेको रु. ५६७९३।- नेपाल सरकारको खातामा फिर्ता भएको छ ।

### ३.६. वेरुजु शुन्य

विगत आर्थिक बर्षदेखि न्याय परिषद् सचिवालयमा वेरुजु शुन्य रहेको, वेरुजु शुन्य गरे गराएमा सचिव वा प्रशासकीय प्रमुखलाई धन्यवाद दिने व्यवस्था अनुरुप नेपाल सरकार वेरुजु फछ्यौंट मूल्यांकन र अनुगमन समितिबाट यस सचिवालयका सचिवलाई धन्यवाद ज्ञापन भई आएको छ । यस सचिवालयवाट पनि वेरुजु शुन्य गराउन योगदान पुऱ्याएका सम्बन्धित कर्मचारीलाई पुरस्कार समेत प्रदान गरिएको थियो ।

### ३.७. अध्ययन विदा

यस सचिवालयका सह सचिव श्री नहकुल सुवेदी वेलायत सरकारको Chevening Scholarship योजना अर्न्तगत नेपालका तर्फवाट छनौट भै वेलायतको University of Essex मा International Human Right Law विषयमा स्नातकोत्तर अध्ययन गर्न २०६६।६।१८ गते देखि एक वर्षको अध्ययन विदामा लण्डन जानु भएकोमा उक्त अध्ययन समाप्त गरी फर्किनु भएको छ ।

# परिच्छेद - ४

# न्याय परिषद्को काम कारवाहीका सम्बन्धमा परेको रिट निवेदनमा सर्वोच्च अदालतबाट भएका आदेश

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री मोहनप्रसाद शर्मा
माननीय न्यायाधीश श्री लक्ष्मणप्रसाद अर्याल

आदेश

संवत् २०४८ सालको रिट नं. .....१७७९

विषय :- उत्प्रेषण समेत।

का.जि.का.न.पा. वडा नं. ३३ डिल्लीवाजर स्थित अनुपम ल च्याम्वरका कानून व्यावसायी राम प्रसाद अधिकारी ......................... १ निवेदक

विरुद्ध

न्याय परिषद् सर्वोच्च अदालत भवन ......१ विपक्षी

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३।८८(२) वमोजिम दर्ता हुन आएको रिट निवेदनको संक्षिप्त व्यहोरा यस प्रकार रहेछ।

म एक नेपाली नागरिक र एक कानून व्यावसायी भएको हुंदा र नेपाल अधिराज्यको संविधान, २०४७ को धारा (१) २ अनुसार संविधानको अक्षरस पालना गरेको छु। यदी कुनै व्यक्ति वा निकायले संविधान पालना नगरी सार्वजनिक हकमा आघात पुगेमा त्यस्तो सार्वजनिक हक संरक्षर्णाथ संविधानको धारा ८८(२) अन्तर्गत जुनसुकै नेपाली नागरिकले सम्मानीत सर्वोच्च अदालतको असाधारण क्षेत्राधिकारको प्रयोग गरी माग्न निवेदन दिन सक्ने व्यवस्था छ। मिति २०४८।८।४ अंक १ वर्ष ९ को "दृष्टी" साप्ताहिक पत्रिकाको प्रथम पृष्ठमा संविधानको उलंधन भन्ने शिर्षक राखि संविधानको धारा ९३ अनुसार गठीत न्याय परिषद्ले जिल्ला न्यायाधीशको नियुक्तिका लागिं धारा ९०(२) को योग्यता नपुगेको व्यक्ति न्यायाधीशको लागि सिफारिस गरी सरासर संविधान उल्लंघन गरेको छ भनी कृष्ण प्रसाद कोइराला लगायत १३ जना नियुक्त भएका जिल्ला न्यायाधीशको नामावली समेत दिएको छ। यदी उक्त पत्रिकाले सार्वजनिक रुपमा त्यसरी समाचार प्रकाशन गरेपछि सम्वन्धित निकायले सार्वजनिक रुपमा खण्डन गरी त्यो विषय सत्य मान्न सकिन्छ। त्यस्तोमा पत्रिकाले समाचार सत्य हुंदा सरासर संविधानको धारा ८८(२) अन्तर्गत यो निवेदन गर्दछु।

नेपाल राजपत्र खण्ड ४१ कात्तिक १७ गते २०४८ पूर्वातिरिक्ताङ्क ४(क) ३ मा प्रकाशित भाग ४ को राजपत्रमा सर्वोच्च अदालतको सूचना भनी "नेपाल अधिराज्यको संविधान, २०४७ अनुसार श्री ५महाराजाधिराजवाट अधिकार प्रदान" भए वमोजिम न्याय परिषद्को सिफारिसमा मिति २०४८ साल कात्तिक २३ गते देखि लागु हुने गरी प्रधान न्यायाधीशबाट देहायका व्यक्तिहरुलाई देहायका जिल्ला अदालतको न्यायाधीश र अतिरिक्त न्यायाधीशमा नियुक्त गरी देहाय त्रमोजिम पदस्थापन समेत गरिएको छ " भनि अ.जि.न्या. श्री जग्गनाथ ढकाल जिल्ला अदालत झापा समेत १३ जनाको नाम प्रकाशित गरिएको छ। वहांहरुको रा.प.तृ. श्रेणीवाट रा.प.द्वि. श्रेणीमा बढुवा हुंदा प्रकाशन भएको राजपत्र भाग ४ खण्ड ३७ संख्या ५१ मिति ०४४।१२।२९ को कानून तथा न्याय मन्त्रालयको सूचनाको खण्ड (ख) मा मिति ०४४।११।१४ को निर्णयानुसार रा.प. तृतीय श्रेणीका देहायका अधिकृतहरुलाई मिति ०४४।५।४ देखि बढुवा कायम गरी रा.प. द्वितीय श्रेणीको सहायक सचिव स्तरको पदमा बढुवा गरी देहाय वमोजिम पदस्थापन गरिएको छ भनी उल्लेख छ। उपरोक्त नामावली अनुसार १३ जनाको नै नाम राजपत्रमा प्रकाशन छ। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९० को उपधारा २ मा उल्लेख भए अनुसार रा.प. द्वितीय श्रेणीमा कम्तीमा ४ वर्ष काम गरेको भन्ने वाक्यांश र ०४४।११।१४ मा श्री ५ को सरकारले निर्णय गर्दा ०४४।५।४ देखि बढुवा कायम हुने भनेवाट ०४४।११।१३ सम्म तृतीय श्रेणीकै पदमा कार्यरत रहेको देखिंदा यसवारे मुल रिटमा उल्लेख गरे अनुसार नै संविधान अनुकूल नियुक्ति भएको भन्न नसकिने हुंदा संविधान उल्लंघन गरी गरेको सिफारिस तथा त्यसैको आधारवाट भएको नियुक्ति

उत्प्रेषणद्वारा बदर गरी संविधान अनुरुप हुने गरी जिल्ला न्यायाधीशको सिफारिस गर्नु भन्ने न्याय परिषद्को नाउंमा परमादेशको आदेश समेत जारी गरी पाउं भन्ने समेत व्यहोराको रिट निवेदन जिकिर ।

यसमा के कसो भएको हो ? निवेदन माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो । विपक्षीहरुबाट लिखित जवाफ मगाई प्राप्त भएपछि नियमानुसार पेश गर्नु भन्ने यस अदालत एक न्यायाधीश इजलासबाट भएका आदेश बमोजिम प्राप्त हुन आएका लिखित जवाफहरुको संक्षिप्त व्यहोरा यस प्रकार रहेछ ।

यसमा श्री ५ को सरकारले रा.प. द्वितीय श्रेणी (सहायक सचिव स्तर) पदमा २०४४।५।४ देखि लागु हुने गरी बढुवा नियुक्ति गरेका व्यक्तिहरुको पदावधि ०४८।७।१८ सम्ममा चार वर्ष पुगी सकेको हुंदा निजहरुलाई न्याय परिषद्बाट न्यायाधीश पदमा नियुक्तिको लागि सिफारिस गरिएको हो । रा.प. द्वितीय श्रेणीमा पदाधिकार कायम भएका व्यक्तिले सो पदाधिकारको अवधिमा सोही पदमा काम गरेको संभन्नु पर्ने हुंदा न्याय परिषद्ले नेपाल अधिराज्यको संविधानको धार ९०(२) को प्रतिकूल सिफारिस गरेको भन्न मिल्दैन भन्ने समेत व्यहोराको न्याय परिषद्को लिखिन जवाफ ।

नियम बमोजिम पेशी सुचिमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा रिट निवेदनको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री प्रेम प्रसाद अधिकारीले जिल्ला न्यायाधीश जस्तो संविधान बमोजिम नियुक्त हुने सार्वजनिक पदमा संविधानले निर्धारित गरेको योग्यता नपुगेको व्यक्तिलाई नियुक्त गरेको विषय सार्वजनिक चासो र सरोकारको विषय हो । त्यस्तो विषयमा रिट निवेदन दिने हक दैया रिट निवेदक कानून व्यावसायीलाई छ । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९०(२) मा न्याय सेवा को रा.प. द्वितीय श्रेणीमा कम्तीमा ४ वर्ष काम गरेको व्यक्ति मात्र जिल्ला न्यायाधीशको पदमा नियुक्तिको लागि योग्य हुन्छ । श्री ५ को सरकारले ०४४।११।४ मा निर्णय गर्दा ०४४।५।४ देखि बढुवा कायम गरेबाट जगनाथ ढकाल समेत १३ जना व्यक्तिहरु मिति ०४४।११।१३ सम्म रा.प. तृतीय श्रेणीकै पदमा कार्यरत रहेको हुंदा निजहरुले रा.प. द्वितीय श्रेणीमा ४ वर्ष काम गरेको नहुंदा संविधान प्रतिकूल भएको नियुक्ति बदर गरी रिट निवेदन माग बमोजिम गरी पाउं भनी बहस गर्नु भयो । प्रत्यर्थी कार्यालयको तर्फबाट उपस्थित विद्वान सरकारी अधिवक्ता श्री बलराम के.सी. ले रिट निवेदकलाई रिट निवेदन दिने हक दैया छैन । जिल्ला न्यायाधीशको नियुक्ति सार्वजनिक हक र सरोकारको विषय होइन । श्री ५ को सरकारले ०४४।११।४ मा निर्णय गरी मिति ०४४।५।४ देखि लागु हुने गरी १३ जना व्यक्तिलाई रा.प.द्वि. श्रेणीमा बढुवा नियुक्ति गरेको हो । ०४४।५।४ बाट निजहरुको मिति ०४८।७।१८ मा ४ वर्ष पुगि सकेको हुंदा संविधानको धारा ९०(२) को प्रतिकूल नियुक्ति नभएको हुंदा रिट निवेदन खारेज गरी पाउं भनी गर्नु भएको बहस जिकिर समेत सुनियो ।

आज निर्णय सुनाउन तोकिएको प्रस्तुत विषयमा विद्वान अधिवक्ता तथा विद्वान सरकारी अधिवक्ताले गर्नु भएको बहस समेत सुनि निर्णयतर्फ विचार गर्दा मुख्यतः निम्न प्रश्नहरुमा निर्णय दिनु पर्ने देखिन्छ ।

१) न्यायाधीश पदको नियुक्तिको विषय सार्वजनिकहित सरोकारको विषय हो होइन ? र नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(२) बमोजिम यो रिट निवेदन दिने निवेदकको हक दैया छ वा छैन ?

२) नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ९२ म प्रयुक्त "काम गरेको" भन्ने शब्दावलीको अर्थ के हो ? र रिट निवेदनमाग बमोजिम आदेश जारी हुने अवस्था छ वा छैन ?

सर्वप्रथम रिट निवेदकको प्रस्तुत रिट निवेदन दिने हकदैया सम्बन्धी प्रारम्भिक प्रश्नको निराकरण गर्नु पर्ने देखिएको छ । विद्वान सरकारी अधिवक्ता श्री बलराम के.सी. ले आफ्नो बहसको दौरान इजलास समक्ष निवेदकको रिट निवेदन दिने हक दैया नै छैन भनी उठाउनु भएको जिकिरको सम्बन्धमा विचार गर्दा सार्वजनिक हक र सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरुपणको लागि संविधानको धारा ८८(२) बमोजिम कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन सक्ने संवैधानिक व्यवस्था भएको देखिन्छ । जिल्ला न्यायाधीशको पद संविधान बमोजिम नियुक्ति हुने एउटा सार्वजनिक न्यायिक पद भएकोले कानून व्यावसायी निवेदकले न्यायिक पदमा गरिएको नियुक्तिको सम्बन्धमा नेपाल अधिराज्यको संविधान,

२०४७ को धारा ८८(२) बमोजिम निवेदन दिन पाउने हक दैया रिट निवेदकलाई प्राप्त भएको देखिन्छ । रिट निवेदन माग बमोजिमको आदेश जारी हुने अवस्था छ छैन भनी हेर्दा जगनाथ ढकाल समेत १३ जना व्यक्तिलाई न्याय सेवाको रा.प. तृतीय श्रेणीको पदबाट श्री ५ को सरकारको मिति २०४४।११।१४ को निर्णयानुसार रा.प. द्वितीय श्रेणीको (सहायक सचिव) पदमा मिति ०४४।५।४ देखि लागु हुने गरी बढुवा कायम गरेको देखियो । सो बढुवा हालसम्म वदर नभै कायमै रहेको देखिंदा जगनाथ ढकाल समेत १३ जना व्यक्तिहरु सोही मिति २०४४।५।४ देखि न्याय सेवाको रा.प. द्वितीय (सहायक सचिव) पदमा पदोन्नती भएको मान्नै पर्ने वाहेक अन्य विकल्प देखिन्न । भुतलक्ष्यी असर दिई बढुवा गरियो भनी प्रस्तुत रिट निवेदनमा त्यस बढुवा निर्णयलाई चुनौती दिएको नदेखिएकोले सो तर्फ विचार गरी रहन परेन यसरी अधिकार प्राप्त निकायबाट २०४४।५।४ देखि न्याय सेवाको रा.प. द्वितीय श्रेणी (सहायक सचिव) मा बढुवा गर्ने गरेको र अन्य सबै तात्पर्यको लागि सोही बढुवा मितिको अभिलेख अनुसारको बढुवा मिति कायम गरी व्यवहार भै आएको समेत देखियो ।

जिल्ला न्यायाधीशको पदमा नियुक्त हुनको लागि नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९०(२) मा "न्याय सेवा रा.प. द्वितीय श्रेणीमा कम्तीमा ४ वर्ष काम गरेको" भन्ने शव्दावलीबाट ४ वर्ष सो हैसियत (रा.प. द्वितीय श्रेणी) बाट कार्यसम्पादन गरेकै हुनु पर्दछ भन्ने निवेदकको भनाई तर्फ विचार गर्दा संविधान वा कानूनको व्याख्या गर्दा प्रचलित कानूनी व्यवस्था व्यावहार र परम्परा समेतलाई मध्यनजर राखी व्याख्या गर्नु पर्ने हुन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ को व्यवस्था अनुरुप तत्कालीन न्या.से.रा.प. द्वितीय श्रेणी भन्दा माथिल्लो स्तर जिल्ला न्यायाधीशको पद संविधानले नै बनाएको परिपेक्ष्यमा न्याय सेवाको रा.प. द्वितीय श्रेणीवाट उच्च तहको नियुक्तिको योग्यता निर्धारण गर्ने क्रममा सो ४ वर्ष काम गरेको भन्ने संविधानमा उल्लेख भएको हुंदा भै आएको विद्यमान पदमा कहिले देखि रहि आएको भन्ने कुराको निरोपण गर्दा बढुवा कायम गरेको अभिलेख मितिलाई नै उक्त तात्पर्यको लागि मान्नु पर्ने हुन आयो । तत्कालीन व्यवस्थामा न्या.से.रा.प.द्वि. श्रेणीका जिल्ला न्यायाधीशहरु पनि निजामती कर्मचारी रहने गरी आएको हुंदा निजामती कर्मचारीको बढुवा सम्बन्धी कानूनी व्यवस्था पनि बढुवा जुन मिति देखि कायम गरिएको हो सो बढुवा उपर उजुर गरी वदर नभएमा सोही बढुवा मिति कायम हुने व्यवस्था रहि आएको परिपेक्ष्यमा काम गरेको भन्न शव्दावलीको अर्थ सो पदमा बहाली पाई कार्य गरेको अवधिलाई लिन उपयुक्त नहुने । संविधानको व्याख्या गर्दा संवैधानिक व्यवस्थामा समन्वयन आउने किसिमले गर्नु पर्ने हुन्छ । काम गरेको भन्ने शाव्दीक अर्थले ओहदा समाली कार्य गरेको भन्ने अर्थ गर्दा ओहदामा काम गर्नु अघि बिदामा रहेको सरुवा, काज आदिबाट सो ओहदामा आउदा व्यतीत हुने समय समेतलाई गणना गर्न नमिली कर्मचारीको पदीय कार्यको अभिलेख राख्नमा समेत कठीनाई उत्पन्न हुन जाने स्थिति पर्ने हुन्छ । त्यसैले जुन मिति देखि बढुवा हुने भनी अधिकार प्राप्त निकायबाट निर्णय हुन्छ । सोही मितिलाई बढुवा भएको मान्न न्यायोचित र मनासिव हुन आउछ । कानून व्यावहारमा प्राकृतिक व्यावहार घटना आदिको मिति भन्दा वेगल मितिको व्यावहार घटना मान्ने गरी कानूनी मान्यताले जसलाई अंकित गर्छ सोही कुरालाई अधिकारीक र कानूनी मान्नु पर्छ । कानूनी मान्यताको उद्देश्य व्यावहारमा सरलता र उपादेयता ल्याउनु हुन्छ । तसर्थ कानूनी दृष्टीमा जुन मिति देखि बढुवा कायम गरिएको छ सोही मिति देखि काम गरेको मान्नु पर्ने हुन आउछ । तसर्थ "काम गरेको" भन्ने शव्दावलीलाई टपक्क टिपेर त्यसको शाव्दीक अर्थ मात्र गरी अन्य कानूनमा परिपेक्ष्य र सन्दर्भलाई उपेक्षा गर्न युक्तीसंगत हुन आउदैन । संविधानको व्याख्या गर्दा अक्षरस व्याख्या भन्दा समन्वयात्मक, उद्देश्यात्मक व्याख्याको सिद्धान्त बढी उपयुक्त आउछ उपरोक्त लेखिए अनुसार योग्यता नपुगेको व्यक्तिहरुलाई जिल्ला न्यायाधीशको पदमा नियुक्ति गरेको वदर गरी पाउं भन्ने रिट निवेदकको भनाई मनासिव र न्यायोचित नहुंदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । फायल नियम बमोजिम गरी बुझाई दिनु ।

(लक्ष्मणप्रसाद अर्याल)
न्यायाधीश

उक्त रायमा म सहमत छु ।

(मोहनप्रसाद शर्मा)
न्यायाधीश

इति सम्वत २०५० साल श्रावण १५ गते रोज ६ शुभम्

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री कृष्ण जंग रायमाझी
माननीय न्यायाधीश श्री गोविन्द बहादुर श्रेष्ठ
आदेश

संवत् २०५३ सालको रिट नं. .....३४३२

जिल्ला संखुवासभा मादी राम्वेनी गा.वि.स. वडा नं. २ घर भै हाल काठमाडौं महानगरपालिका वडा नं. ३२ डिल्लीबजार वस्ने अधिवक्ता योग राज सुवेदी ....................................... रिट निवेदक

विरुद्ध

न्याय परिषद्, न्याय परिषद्को सचिवालय, सर्वोच्च अदालत भवन .......................... १
पुनरावेदन अदालत जनकपुरका अतिरिक्त न्यायाधीश पदमा नियुक्त माननीय न्यायाधीश श्री गौरीवहादुर कार्की,पुनरावेदन अदालत जनकपुर ..१
पुनरावेदन अदालत पाटन ललितपुरको अतिरिक्त न्यायाधीश पदमा नियुक्त माननीय न्यायाधीश रामप्रसाद खनाल, पुनरावेदन अदालत पाटन..........................१
पुनरावेदन अदालत विराटनगरका अतिरिक्त न्यायाधीश पदमा नियुक्त माननीय न्यायाधीश राजेन्द्रप्रसाद भण्डारी, पुनरावेदन अदालत विराटनगर ...............१
पुनरावेदन अदालत जनकपुरका न्यायाधीश पदमा नियुक्त माननीय अतिरिक्त न्यायाधीश चोलेन्द्र शंसेर ज.व.रा.,पुनरावेदन अदालत जनकपुर.............१
विपक्षी

विषयः- अधिकार पृच्छा लगायत जो चाहिने उपयुक्त आज्ञाआदेश वा पूर्जि जारी गरि पाउं ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(२) अन्तर्गत पर्न आएको प्रस्तुत मुद्दाको टिपोट र ठहर यस प्रकार छ ।

म निवेदक एक सचेत नेपाली नागरिक भएको नाताले नेपाल अधिराज्यको संविधान, २०४७ ले परिकल्पना गरेको कानूनी राज न्यायपूर्ण समाज स्वतन्त्र एवं सक्षम न्याय प्रणाली प्रतिसदा विश्वस्त रहि तिनकोप्राप्ती र परिपालनको लागि सामाजिक अभियानको रुपमा क्रियाशिल छु । सार्वजनिक हक वा सरोकारको कुनै विवाद समावेश भएको संवैधानिक वा कानूनी प्रश्नको निरोपणको लागि सम्मानित अदालत समक्ष निवेदन गर्न पाउने संविधानको धारा ८८(२) को व्यवस्था अनुरुप न्याय परिषद्को सिफारिस गैर संविधानिक गैर कानूनी भएको साथै न्यायाधीशको पद संविधान वमोजिम नियुक्त गरिनु पर्ने एउटा सार्वजनिक पद भएकोले त्यस्तो पदमा भएको नियुक्तिको सम्वन्धमा जिज्ञासा राख्न पाउने सार्वजनिक हक दैया हुने (ने.का.प. २०५१ अंक १ पृ. ४३) भन्ने प्रतिपादित नजिर सिद्धान्त वमोजिम म निवेदकलाई हददैया प्राप्त हुने भएकाले यो रिट निवेदन लिई उपस्थित भएको छु । न्यायाधीश पदमा नियुक्ति हुने व्यक्तिको योग्यता संविधानमा निर्दिष्ट गरिनुका साथै न्याय परिषद् ऐन, २०४७ ले पनि स्पष्ट रुपले उल्लेख गरेको छ तर विपक्षी नं. २,३,४ र ५ को नियुक्ति संवैधानिक परिधि र कानूनी आधार विपरीत भएको छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९०(१) मा कानूनमा स्नातकोपाधि प्राप्त गरि जिल्ला न्यायाधीश वा सो सरहको न्याय सेवाको कुनै पदमा कम्तीमा ७ (सात) वर्ष काम गरेको व्यक्ति मात्र पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा नियुक्तिको लागि योग्य हुने कुरा उल्लेख गरिएको छ साथै धारा ९०(२) ले कानूनमा स्नातकोपाधि प्राप्त गरि न्याय सेवाको राजपत्रांकित द्वितीय श्रेणीमा कम्तीमा ४ वर्ष काम गरेको नेपाली नागरि मात्र जिल्ला न्यायाधीशको पदमा नियुक्तिको लागि योग्य हुने संवैधानिक प्रावधान उल्लेख गरिएको छ । न्याय सेवाको राजपत्रांकित प्रथम श्रेणीको योग्यता पुगेको व्यक्ति मात्र जिल्ला न्यायाधीश हुन योग्य हुन्छ भन्ने अनुमान संविधानले गरेको देखिन्छ । यो संवैधानिक प्रावधानको आधार हेर्दा, न्याय सेवाको राजपत्रांकित द्वितीय श्रेणीमा कम्तीमा पनि ११ वर्ष काम गरेको वा यो संविधान प्रारम्भ भएपछि कम्तीमा ७ वर्ष जिल्ला न्यायाधीश वा सो सरहको न्यायिक पदमा काम गरेको व्यक्ति मात्र पुनरावेदन अदालतको न्यायाधीश पदमा नियुक्तिको लागि योग्य हुने व्यहोरा उल्लेख गरेको छ । तर विपक्षी २,३,४ मिति २०४३।६।६ को निर्णयानुसार आन्तरिक प्रतियोगितात्मक परीक्षावाट राजपत्रांकित द्वितीय श्रेणीको तत्कालिन सहायक सचिव पदमा बढुवा हुनु भएको कुरा नेपाल राजपत्र खण्ड ३७ संख्या १० मिति ०४४।३।८ मा प्रकाशित सूचनामा

उल्लेख गरिएको छ । साथै विपक्षी नं. ५ ले २०३६ सालमा सर्वोच्च अदालतबाट अधिवक्ताको प्रमाण पत्र प्राप्त गरि ०३९।५।९ देखि ०४९।४।१ सम्म तत्कालिन काठमाडौं नगर पंचायत र हालको काठमाडौं नगरपालिकामा १० बजे देखि अफिस टायम ५ बजे सम्म पूर्ण समय रहने गरि जागिर भएको कुरा प्रमाण खण्डमा प्रेषित कागजातबाट प्रष्ट भएकोले संविधानको धारा ९०(१) बमोजिम अधिवक्ताको हैसियतले निज विपक्षीले १० वर्ष वकालत गरेको नदेखिंदा निजको पुनरावेदन अदालतमा भएको नियुक्ति पनि गैर संवैधानिक र त्रुटिपूर्ण भएको तथ्य स्वतः स्पष्ट छ । न्याय परिषद् ऐन, २०४७ को दफा ३ ले विभिन्न तहको न्यायाधीशको पदमा नियुक्ति हुन योग्यता पुग्ने व्यक्तिहरुको अभिलेख विपक्षी नं. १ ले राख्नु पर्ने वाध्यात्मक व्यवस्था गर्नुको साथै सोही ऐनको दफा ४(१)(क) र (ख) तथा ४(२)(ख) ले विभिन्न आधार कार्याविधिहरु निर्धारण गरेको छ । सो आधार तथा कारणहरु स्वच्छाचारी एवं आत्मनिष्ट हुन सक्तैनन् । वस्तुनिष्ट हुनै पर्छ उल्लेखित आधार र कारणहरु समेतलाई अवलम्वन नगरि आत्मनिष्ट आधारमा गरिएको उल्लेखित नियुक्तिहरु सम्मानित अदालतबाट समय समयमा प्रकाशित नजिर सिद्धान्तको समेत विपरीत भएको हुंदा वदर भागी छ । विपक्षी नं. २,३,४,५ को नियुक्ति गैर संवैधानिक र गैर कानूनी भएको साथै यस सम्वन्धमा विभिन्न पत्र पत्रिकामा वारम्वार समाचार समेत प्रकाशित भएकोले अदालत प्रतिको जनआस्थामा प्रश्न चिन्ह खडा हुन सक्ने गंभीर चासो उत्पन्न भएकोले कानूनको व्याख्या गर्ने एक मात्र अधिकार प्राप्त निकाय सम्मानित सर्वोच्च अदालत नै भएको हुनाले उल्लेखित बमोजिमको नियुक्तिहरुका प्रश्नको निरोपणको लागि सम्मानित अदालतको ध्यानाकर्षण गराउन यो रिट निवेदन लिई उपस्थित भएको छु । उल्लेखित संवैधानिक एवं कानूनी प्रावधान विपरीत गरेको विपक्षी नं. १ को सिफारिस विपक्षी नं. २,३,४,५ को हकमा अधिकार विहीन भएको र विपक्षी नं. २,३,४,५ लाई न्यायाधीश जस्तो गरिमामय पदमा कार्यरत रहने अधिकार संविधान एवं प्रचलित कानूनले प्रदान नगरेको हुंदा विपक्षी नं. १ को सिफारिश विपक्षी नं. २,३,४ र ५ को हकमा प्रारम्भ देखि नै (ab initio) गैर संवैधानिक एवं गैरकानूनी भएकोले उल्लेखित बमोजिम न्यायाधीशको लागि सिफारिस गरेको संविधानको धारा ८८(२) बमोजिम उत्प्रेषणयुक्त अधिकार पृच्छ लगायत जो चाहिने आज्ञा आदेश वा पूर्जि जारी गरि पाउं भन्ने समेत व्यहोराको रिट निवेदन पत्र ।

यसमा के कसो भएको हो ? निवेदनको माग बमोजिको आदेश किन जारी हुन नपर्ने हो यो आदेश प्राप्त भएको मितिले वाटोका म्याद बाहेक १५ दिन भित्र लिखित जवाफ पेश गर्नु भन्ने समेत यस अदालत एक न्यायाधीशको इजलासबाट भएको आदेश ।

निवेदकलाई सार्वजनिक हक वा सरोकारको विषयमा निवेदन दिने हक प्राप्त छ भनि दावी लिनु भएको रहेछ । निवेदकको के कस्तो सार्थक सम्वन्ध वा तात्विक सरोकार (Meaningful relation) रहेको कुरा खुलाउन सक्नु भएको छैन ।

निवेदकले नियुक्तिको सिफारिस संवैधानिक परिधि र कानूनी आधार विपरीत भनि जिकिर लिनु भएको रहेछ । तर नियुक्तिको सिफारिस संविधान र कानून संगत छ यस परिषद्को कार्यालयमा रहेको अभिलेखको अध्ययनवाट श्री गौरी बहादुर कार्की न्याय सेवाको रा.प. द्वितीय श्रेणीको सहायक सचिव पदमा २०४३।६।६ मा बढुवा नियुक्ति भै सोही सेवाको रा.प. द्वितीय श्रेणीको उप सचिव पदमा ०४४।१२।९ मा बढुवा नियुक्ति हुनु भएको र ०४७।३।२६ मा डोटी जिल्ला अदालतको जिल्ला न्यायाधीशमा सरुवा हुनु भएको र ०४८।७।२३ गते देखि वर्दिया जिल्ला अदालतको जिल्ला न्यायाधीश पदमा नियुक्ति हुनु भएको हो ।

२०४३।६।६ मा न्याय सेवाको सहायक सचिव पदमा अथवा २०४४।१२।९ मा सोही सेवाको उप सचिवमा बढुवा नियुक्ति हुंदा जिल्ला न्यायाधीश सरहको न्याय सेवाको पदमा कार्यरत रहेको मान्न पर्छ । त्यसवेला जिल्ला न्यायाधीश लगायत अन्य न्याय सेवाका अधिकृतहरु एकै स्तरमा राखिएका थिए । जिल्ला न्यायाधीशको पद संवैधानिक भईसकेको थिएन । तसर्थ निजले जिल्ला न्यायाधीश सरहको न्याय सेवाको पदमा सात वर्ष काम गरि नसकेको भन्ने निवेदकको जिकिर निरर्थक छ । यस सचिवालयमा रहेको अभिलेखबाट राम प्रसाद खनाल २०४३।६।६ मा न्याय सेवाको द्वितीय श्रेणीको सहायक सचिव पदमा बढुवा नियुक्ति भै ०४४।१२।९ मा सोही सेवाको उप सचिव पदमा बढुवा हुनु भएको र ०४८।७।२३ मा मुगु जिल्ला अदालतको जिल्ला

न्यायाधीश पदमा नियुक्ति हुनु भएको देखिन्छ। न्याय सेवाका रा.प. द्वितीय श्रेणीमा कार्यरत अधिकृतहरु र जिल्ला न्यायाधीशको पदमा कार्यरत अधिकृतहरु एकै स्तरका मानिएका थिए त्यस वेला जिल्ला न्यायाधीशको पद संवैधानिक बनाइएको थिएन । तसर्थ जिल्ला न्यायाधीश सरहको न्याय सेवाको पदमा कार्यरत रहेको मान्नु पर्दछ। सो अवधिबाट गणना गर्दा ७ वर्ष अवधि पुगिसकेका छन । संविधानको धारा ९० मा जिल्ला न्यायाधीशको संवैधानिक पदमा काम गरेको ७ वर्ष भनिएको होइन। राजेन्द्र प्रसाद भण्डारीको हकमा २०४३।६।६ मा न्याय सेवाको रा.प. द्वितीय श्रेणीका सहायक सचिव पदमा बढुवा भै सोही सेवाको उप सचिव पदमा ०४४।१२।९ मा बढुवा तथा ०४८।७।२३ मा जुम्ला जिल्ला अदालतको जिल्ला न्यायाधीश पदमा नियुक्ति भएको देखिन्छ । यसरी गौरी बहादुर कार्की, राम प्रसाद खनाल र राजेन्द्र प्रसाद भण्डारी मिति २०४३।६।६ देखि रा.प. द्वितीय श्रेणीमा बढुवा नियुक्ति भई २०५३।१।१ मा पुनरावेदन अदालतको अतिरिक्त न्यायाधीशमा नियुक्ति हुंदाका अवस्थामा ९।६।२५ (नौ वर्ष ६ महिना पच्चिस दिन) न्यायिक क्षेत्रमा कार्यरत रहेको हुंदा संविधानको धारा ९० को उद्देश्य एवं व्यवस्था अनुसार योग्यता पुगिसकेको हुंदा निवेदकको जिकिर तर्क संगत छैन। चोलेन्द्र शंसेरको हकमा निजले २०३६।८।६ मा अधिवक्ताको प्रमाण पत्र नं. ७२९ प्राप्त गर्नु भै वकालत गर्नु भएको देखिन्छ। संविधानको धारा ९० मा कानूनमा स्नातक अधिवक्ताको रुपमा कम्तिमा १० वर्ष वकालत गरेको योग्यता तोकिएका छ । चोलेन्द्र शंसेर ज.ब.रा. तत्कालिन काठमाडौं नगर पंचायतमा पूर्ण समय रहने गरि जागिरे भएको हुनाले योग्यता नपुगेको भनि लिनु भएको जिकिरको हकमा जुनसुकै कार्यालयमा कानून व्यवसायीको हैसियतबाट काम काज गर्दछ भने वकालत गरेको थिएन भन्ने जिकिर तर्क संगत र कानून संगत छैन । तसर्थ २०३६।८।६ देखि नै निरन्तर रुपमा वकालत गरेको मानी सिफारिस गरिएको हो न्याय परिषद्को सिफारिस संविधान र कानून भएकोले रिट निवेदन खारेज गरि पाउं भन्ने समेत न्याय परिषद्को लिखित जवाफ।

मेरो नियुक्ति नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१(१) बमोजिम न्याय परिषद्को सिफारिसमा भएको हो। न्याय परिषद्ले के कस्तो सिफारिस श्री ५ मा चढायो भन्ने प्रश्न कुनै पनि अदालतमा उठाउन नपाइने विशेष संवैधानिक प्रत्याभूति संविधानको धारा ३५(६) ले प्रदान गरेको छ । सोही प्रत्याभूतिको कुरालाई राधेश्याम अधिकारी विरुद्ध मन्त्रिपरिषद् भएको राजदूत नियुक्तिको विवाद सम्बन्धी मुद्दामा सिद्धान्त प्रतिपादन भएको छ। निवेदकले मेरो नियुक्ति वदर गरि पाउं भन्ने दावी लिनु भएको देखिदैन। म काठमाडौं नगर पंचायतमा कानूनी सल्लाहाकारको रुपमा काम गरेको हुं भन्ने कुरा रिट निवेदकले पेश गरेका प्रमाणहरुबाट पूर्ण हुन्छ। मैले वकालत गरेको थिए वा थिएन ? काठमाडौं नगर पंचायत तथा काठमाडौं नगरपालिकामा कानूनी सल्लाहाकार रहेकोले वकालत गर्न पाउने थियो वा थिएन ? वकालत गरेको छ वा छैन भन्ने कुरा प्रमाण बुझि इन्साफ गर्न रिट क्षेत्रबाट नमिल्ने हुंदा रिट खारेज गरि पाउं भन्ने समेत पुनरावेदन अदालत जनकपुरको अतिरिक्त न्यायाधीश चोलेन्द्र शंसेर ज.ब.रा.को लिखित जवाफ। र मेरो नियुक्ति गैर संवैधानिक र त्रुटीपूर्ण छ भन्ने रिट निवेदन तथ्यहिन तथा आधारहिन भएकोले खारेज गरी पाउं भन्ने पु.वे.अ. विराटनगरका अतिरिक्त न्यायाधीश राजेन्द्र प्रसाद भण्डारीको लिखित जवाफ।

निवेदकले सार्वजनिक हक वा सरोकारको विवाद भनि म समेतलाई पुनरावेदन अदालतको अतिरिक्त न्यायाधीश पदमा नियुक्ति गरिएकोमा नियुक्तिको सिफारिस वदर योग्य छ भन्दै कुन आधारमा सिफारिस गरेको हो भनि सिफारिस गैर कानूनी भन्ने सम्बन्धमा सर्वप्रथम निवेदकले आफूलाई संविधानको धारा ८८(२) बमोजिम सार्वजनिक सरोकारको विषयमा हकदया प्राप्त हुने भनि निवेदन दिने हकदैयाको दावी गर्नु भएको छ । सार्वजनिक सरोकारको अर्थ गर्दा कानूनको सीमा भित्र रहेर गर्नु पर्ने हुन्छ । कुनै विवादलाई सार्वजनिक विवादको रुपमा अदालतमा ल्याउनको लागि त्यो विवाद कानून वा संविधानमा आधारित हुनु पर्दछ। त्यस्को निमित्त केवल सामान्य अभिभारा वा चासो मात्र प्रयाप्त हुंदैन । यस दृष्टिकोणबाट जन साधारणका सरोकारका सबै विवादलाई धारा ८८(२) को प्रयोजनको लागि सार्वजनिक सरोकारको विषय सम्झन मिल्दैन । न्यायिक निरोपणको लागि यस अदालतमा प्रस्तुत गरिने कुनै पनि विवाद काल्पनिक वा अनुमानित नभएर यथार्थमा आधारित र अदालतबाट निरोपण हुन सक्ने प्रकृतिको पनि हुनु पर्छ सार्वजनिक सरोकारको सबै विवादको अदालतले

न्यायिक निरुपण गर्दैन । (गोपाल शिवाकोटी विरुद्ध अर्थ मन्त्रालय समेत, ने.का.प. २०५१ अंक ४ नि.नं. ४८९५ पृ. २५५ तेज प्रसाद पोखरेल विरुद्ध संवैधानिक परिषद् समेत (प्रधान न्यायाधीश विश्वनथा उपाध्यायको नियुक्ति समेतको विवाद) ने.का.प. २०४८ अंक १२ न.नं. ४४४६ पृ. ९००/- अधिवक्ता प्रविण कुमार कार्की विरुद्ध अर्थ मन्त्री डा. रामशरण महत समेत (विदेशी मुद्रको अमेरिकी बैंकमा खाता खोलेको विवाद सम्बन्धी) निवेदकले विवाद उठाउनु भएको मेरो नियुक्ति नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१(१) बमोजिम न्याय परिषद्को नियुक्ति भएको हो । न्याय परिषद्ले के कस्तो सिफारिस श्री ५ मा चढायो भन्ने प्रश्न कुनै पनि अदालतमा उठाउन नपाइने संविधानको धारा ३५(६) ले प्रदान गरेको छ । सोही कुरालाई राधेश्याम अधिकारी विरुद्ध मन्त्री परिषद् भएको राजदूत नियुक्ति सम्वन्धी विवादमा सिद्धान्त प्रतिपादन भएको छ । २०३३ साल देखि जिल्ला न्यायाधीश वा सो सरह ०४४।१२।९ देखि द्वितीय श्रेणी उप सचिव ०४८।७।२३ देखि जिल्ला न्यायाधीशमा पुर्ननियुक्ति भएको र मेरो लामो नोकरी अवधि उत्कृष्ठ कार्य सम्पादन स्तर अनुसन्धान मूलक कार्यलाई दृष्टिगत गरि न्याय परिषद्वाट सिफारिस भई श्री ५ बाट संवैधानिक प्रकृया अनुसार नियुक्ति भएकोमा उक्त सिफारिस संविधान र कानून सम्मत भएको भन्नेमा अन्यथा भन्न सकिने अवस्था छैन रिट निवेदन खारेज गरि पाउं भन्ने पुनरावेदन अदालत जनकपुरको अतिरिक्त न्यायाधीश गौरी वहादुर कार्कीको लिखित जवाफ ।

मेरो नियुक्ति नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१(१) बमोजिम न्याय परिषद्को सिफारिसमा श्री ५ महाराजाधिराज सरकारवाट भएको हो । न्याय परिषद्ले के कस्तो सिफारिस चढायो भन्ने प्रश्न कुनै पनि अदालतमा उठाउन नपाइने प्रत्याभूति संविधानले गरेको छ । संविधानको धारा ३५(६) निषेध गरेकाले प्रश्न उठाउन नसकिने भनि सिद्धान्त समेत प्रतिपादन भएको छ । म २०३२।३।२९ देखि त्यति वेलाको जिल्ला न्यायाधीश वा सो सरहको रा.प. तृतीय श्रेणीको शा.अ. पदमा र ०४४।१२।९ को निर्णयानुसार द्वितीय श्रेणीको उप सचिव पदमा २०४८।७।२३ देखि जिल्ला न्यायाधीश पदमा नियुक्ति भई कार्य गरेको छु । विपक्षी निवेदकले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१(१) मा उल्लेखित कानूनमा स्नातकोपाधि प्राप्त गरि जिल्ला न्यायाधीश वा सो सरहको न्याय सेवाको कुनै पदमा कम्तीमा ७ वर्ष काम गरेको भन्ने वाक्यांशको गलत अर्थ लगाई मलाई जिल्ला न्यायाधीश वा सो सरहको पदमा कम्तीमा ७ वर्ष वा राजपत्रांकित श्रेणीमा पनि कम्तीमा ११ वर्ष काम गरेको हुनु पर्ने भनि गलत अर्थ लगाउनु भएको छ । न्याय सेवाको नै जिल्ला न्यायाधीश वा सो सरहको समान पदमा ०४३।६।६ देखि बढुवा भै पुनरावेदन अदालतको हालको पदमा नियुक्ति हुंदा कम्तीमा ९ वर्ष ६ महिना २४ दिन देखिन आउछ । ०४८ सालमा पुनः नियुक्ति हुंदा र ०५२ साल श्रावणमा पुनरावेदन अदालतको न्यायाधीश पद समेतमा गरिएको नियुक्ति सम्वन्धमा दावी गर्न र एकिन माग दावी खुलाउन नसकेको हुंदा रिट निवेदन खारेज गरि पाउं भन्ने समेत पुनरावेदन अदालतको अतिरिक्त न्यायाधीश राम प्रसाद खनालको लिखित जवाफ ।

नियम बमोजिम दैनिक पेश सूचिमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री टिकाराम भट्टराईले न्यायाधीशको पद संविधान बमोजिम नियुक्त गरिनु पर्ने सार्वजनिक पद भएकोले न्यायाधीशको नियुक्तिको विषय संविधानको धारा ८८(२) बमोजिम निवेदक समेतको सार्वजनिक सरोकारको विषयको भएकोले रिट निवेदन पाउने हकदैया हुँदैन भन्न नमिल्ने, पुनरावेदन अदालतको न्यायाधीश पदमा नियुक्ति गर्दा संविधानमा उल्लेखित योग्यता समेत नपुगेका विपक्षीहरुलाई न्यायाधीश पदमा नियुक्ति गर्ने न्याय परिषद्को निर्णय सिफारिस त्रुटिपूर्ण छ, संविधान बमोजिम योग्यता नपुगेका विपक्षीहरुलाई गैर संवैधानिक रुपमा आत्मनिष्ठ आधारमा न्याय परिषद्ले गरेको नियुक्तिको सिफारिस निर्णय त्रुटिपूर्ण हुंदा विपक्षी न्याय परिषद्को सिफारिस अन्य विपक्षीहरुको हकमा प्रारम्भ देखि उत्प्रेषणको आदेश समेत जारी गरी वदर गरी पाउं भनि र प्रत्यर्थी चोलेन्द्र शंसेर राणाको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री गणेशराज शर्मा, विद्वान अधिवक्ता द्वय श्री बद्री बहादुर कार्की र श्री मनोज दवाडीले प्रत्यर्थी चोलेन्द्र समसेर राणा काठमाडौं नगरपालिकामा कानूनी सल्लाहाकारको रुपमा कार्य गरेको निजले अधिवक्ताको रुपमा वकालत गरेको भन्ने फैसलाबाट देखिएको छ, नियुक्ति वदरको माग समेत नहुंदा सिफारिस वा नियुक्तिलाई वदर गर्न नमिल्ने हुंदा

रिट निवेदन खारेज भागी हुंदा खारेज गरी पाउं भनि र प्रत्यर्थी गौरी बहादुर कार्की, राजेन्द्र प्रसाद राज भण्डारी समेतको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री बद्री बहादुर कार्कीले प्रत्यर्थीहरु पुनरावेदन अदालतको न्यायाधीशको पदमा नियुक्तिको लागि योग्यता पुगेका व्यक्ति भएका र योग्यता पुगेका व्यक्तिलाई न्याय परिषद्ले न्यायाधीशको पदमा नियुक्तिको लागि सिफारिस निर्णय मात्र गर्ने हो, त्यस्तो सिफारिस निर्णय बदर गरी पाउं भन्ने रिट निवेदन दावी समेत नुहंदा र निवेदकको हक अधिकारमा आघात नपुगेको हुंदा रिट निवेदन खारेज गरी पाउं भनि र प्रत्यर्थी राम प्रसाद खनालका तर्फबाट उपस्थित विद्वान अधिवक्ता मुरली प्रसाद शर्माले योग्यता पुगेका व्यक्तिलाई नै न्यायाधीशको पदमा नियुक्त गरिएको छ, संविधानको आत्मपरक अर्थ लगाई नियुक्ति सम्बन्धमा कुनै कार्यविधि पुरा गरिएको छैन भनि दावी गर्न समेत नसकेको हुंदा रिट निवेदन खारेज गरिनु पर्छ भनि र विपक्षी न्याय परिषद् सचिवालयको तर्फबाट उपस्थित विद्वान सरकारी अधिवक्ता श्री नन्द बहादुर सुवेदीले संविधान बमोजिम योग्यता पुगेका व्यक्तिलाई नै न्यायाधीशको पदमा नियुक्तिको लागि न्याय परिषद्ले सिफारिस गरेको छ। न्यायाधीशको नियुक्तिको सम्बन्धमा निवेदकले सार्वजनिक हक वा सरोकारको विषयमा निवेदन दिने हक प्राप्त भनि दावी लिए पनि निवेदकको के कस्तो सार्थक सम्बन्ध छ। तात्विक असर छ भन्ने कुरा समेत खुलाउन नसक्ने र न्याय परिषद्को सिफारिस निर्णय संविधान कानून अनुकूल नै हुंदा रिट निवेदन खारेज गरी पाउं भनि गर्नु भएको बहस समेत सुनि निवेदन माग बमोजिम रिट जारी हुनु पर्ने नपर्ने के रहेछ भनि निर्णय दिनु पर्ने देखियो।

आज निर्णय सुनाउनका लागि पेश भएको प्रस्तुत मुद्दामा उल्लेखित बहसहरु समेतलाई ध्यानमा राखी मिसिल अध्ययन गरी निर्णय तर्फ विचार गर्दा, न्यायाधीशको पद यस संविधान बमोजिम नियुक्ति गरिनु पर्ने सार्वजनिक पद भएकोले जिज्ञासा राख्न पाउने संविधानको धारा ८८(२) बमोजिम हकदैया प्राप्त छ पुनरावेदन अदालतको न्यायाधीश पदमा नियुक्ति हुन योग्यता नपुगेका विपक्षी गौरी बहादुर कार्की, राम प्रसाद खनाल, राजेन्द्रराज भण्डारी र चोलेन्द्र समसेर ज.ब.रा. लाई न्याय परिषद्ले पुनरावेदन अदालतका न्यायाधीशमा नियुक्तिका लागि सिफारिस निर्णय गरेको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९०(१) (२) समेतको विपरीत छ। गौरी बहादुर कार्की, राम प्रसाद खनाल र राजेन्द्रराज भण्डारी ०४३।६।६ को निर्णयानुसार द्वितीय श्रेणीको सहायक सचिव पदमा बढुवा हुनु भएकोले संविधान प्रारम्भ भएपछि कम्तिमा ७ वर्ष जिल्ला न्यायाधीश वा सो सरहको न्याय सेवाको पदमा काम गरेको हुनु पर्नेमा ०५२।१२।३० मा राजपत्र सूचनाबाट पुनरावेदन अदालतको न्यायाधीश पदमा नियुक्ति हुंदा उक्त योग्यता पुगेको छैन। त्यस्तै चोलेन्द्र समसेर राणा, २०३६ सालमा अधिवक्ताको प्रमाण पत्र पाई ०३९।५।९ देखि ०४९।४।१ सम्म काठमाडौं नगरपालिकामा पूर्ण समय रहने गरी जागिर भएकोले अधिवक्ताको हैसियतले १० वर्ष वकालत गरेको नदेखिएकोमा पुनरावेदन अदालतको न्यायाधीश पदमा नियुक्तिको सिफारिस गरेको समेत संविधान सम्मत छैन भन्ने समेत रिट निवेदनमा जिकिर लिएको पाइन्छ।

नेपाल अधिराज्यको संविधान, ०४७ को धारा ९१ को उपधारा (१) बमोजिम नियुक्त गरिने न्यायाधीशको पद सार्वजनिक जवाफदेही वा महत्वको पद रहेकोले र त्यस्तो पदमा नियुक्तिको सम्बन्धमा सार्वजनिक सरोकार हुनु स्वभाविक हो। सार्वजनिक सरोकारको कुनै विवादमा समावेश भएको संवैधानिक वा कानूनी प्रश्नको निरोपण लागि उपयुक्त आदेश जारी गरी विवाद टुंगो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई रहेकोले निवेदकलाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(२) ले यस अदालतमा त्यस्तो विवादको निपटारा गराउन यस अदालतमा निवेदन दिन पाउने अधिकार छैन भन्न सकिने देखिएन।

रिट निवेदकले उठाएको संवैधानिक प्रश्न तर्फ विचार गर्दा, प्रकाशित राजपत्रको सूचनाबाट प्रत्यर्थी गौरी बहादुर कार्की, राम प्रसाद खनाल, राजेन्द्र राज भण्डारी र चोलेन्द्र समसेर राणा न्याय परिषद्को सिफारिसमा पुनरावेदन अदालतको न्यायाधीश पदमा नियुक्ति गरिएको भन्ने कुरामा विवाद छैन। राजपत्रमा प्रकाशित सूचनाका आधारमा न्याय परिषद्को सिफारिसको संवैधानिकताको जाँच गर्न यस अदालतलाई रोक लगाएको देखिदैन। संविधान र कानूनमा भएका व्यवस्थाहरु अन्तर्गत सिफारिसको वैधानिकताको जाँच यस अदालतबाट हुन सक्तछ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१ मा पुनरावेदन अदालतको न्यायाधीशमा नियुक्त हुन चाहिने योग्यताको व्यवस्था गरेको छ । जस अनुसार कानूनमा स्नातकोपाधी प्राप्त गरी जिल्ला न्यायाधीश वा सो सरहको न्याय सेवाको कुनै पदमा कम्तिमा सात वर्ष काम गरेको वा कानूनमा स्नातक भई अधिवक्ता वा वरिष्ठ अधिवक्ताको रुपमा कम्तीमा दश वर्ष वकालत गरेको भन्ने देखिन्छ । गौरी बहादुर कार्की, राम प्रसाद खनाल, राजेन्द्र राज भण्डारी ०४३।६।६ देखि राजपत्रांकित द्वितीय श्रेणी सहायक सचिव पदमा बढुवा भै ०४४।१२।९ देखि उप सचिवमा बढुवा भएको देखिन्छ । गौरी बहादुर कार्की ०४७।३।२६ देखि डोटी जिल्ला अदालतको जिल्ला न्यायाधीश र ०४७।७।२३ देखि वर्दिया जिल्ला अदालतको जिल्ला न्यायाधीश पदमा नियुक्त भएको देखिन्छ भने राम प्रसाद खनाल ०४८।७।२३ मा मुगु जिल्ला अदालतको जिल्ला न्यायाधीशमा नियुक्त भएको देखिन्छ । त्यस्तै राजेन्द्रराज भण्डारी ०४८।७।२३ देखि जुम्ला जिल्ला अदालतको न्यायाधीश पदमा नियुक्त भएको देखियो । यी प्रत्यर्थीहरु कानूनमा स्नातकोपाधी प्राप्त गरी न्याय सेवाको राजपत्रांकित द्वितीय श्रेणीको उप सचिव रहेकै अवस्था जिल्ला न्यायाधीशमा नियुक्त भएका र तत्कालिन कानूनी व्यवस्थाबाट उप सचिव पद जिल्ला न्यायाधीश सरहको पद नै भएकाले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९० (१) को योग्यता पुगेकोले पुनरावेदन अदालतको न्यायाधीश पदमा ०५२।१२।३० मा नियुक्त गरिएको हुंदा उल्लेखित प्रत्यर्थीहरुको योग्यता नपुगेको भन्न मिलेन ।

जहांसम्म प्रत्यर्थी चोलेन्द्र शम्सेर राणालाई पुनरावेदन अदालतको न्यायाधीश पदमा नियुक्ति गरिएको कुरा छ, चोलेन्द्र शमसेर राणाले कानूनमा स्नातक उपाधी प्राप्त गरी ०३६।८।६ मा कानून व्यवसाय गर्न पाउने गरी अधिवक्ताको प्रमाणपत्र लिएको कुरामा विवाद छैन । कानून व्यवसायी ऐन, २०२५ को दफा ११ ले अधिवक्तालाई नेपाल अधिराज्यको जुनसुकै अड्डा अदालत वा अधिकारीका समक्ष परेको मुद्दामा आफ्नो पक्षको तर्फबाट उपस्थित हुने, पैरवी गर्ने र बहस गर्ने अधिकार हुने छ भन्ने व्यवस्था गरेको देखिन्छ । निजले काठमाडौं नगरपालिकामा २०३९।५।९ देखि ०४९ साल श्रावण सम्म कानूनी सल्लाहाकारको रुपमा काम गर्नुका साथै वादी गंगा बहादुर श्रेष्ठ, प्रतिवादी मनमोहन शमसेर ज.ब.रा. समेत भएको टिकटको पैसा दिलाई पाउं भन्ने मुद्दा, काठमाडौं नगर पंचायत निवेदक विपक्षी बागमती अंचल अदालत समेत भएको उत्प्रेषण मुद्दामा, निवेदक इन्दिरा देवकोटा विपक्षी कुमारी लामा समेत भएको रिट नं. २४०१ को उत्प्रेषण मुद्दामा, निवेदक हर्ष नारायण मुनिकार विपक्षी नानीछोरी मुनिकार समेत भएको उत्प्रेषण मुद्दामा, पक्ष नानि छोरीको तर्फबाट र निवेदक राममाया कसाई विपक्ष काठमाडौं नगर पंचायत समेत भएको रिट नं. २०८६ को उत्प्रेषण मुद्दाका अतिरिक्त सर्वोच्च अदालत तत्कालिन मध्यमान्चल क्षेत्रीय अदालत तथा बागमती अंचल अदालत समेतमा विभिन्न मुद्दामा पक्षको तर्फबाट अदालतमा उपस्थित भई मुद्दामा बहस पैरवी गरेको प्रेषित फैसला निर्णयका प्रतिलिपीहरुबाट पनि देखिंदा वकालत नगरेको भन्न सकिने अवस्था देखिएन । तसर्थ २०५२।१२।३० मा पुनरावेदन अदालतको न्यायाधीश पदमा नियुक्त हुंदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९०(१) को योग्यता नपुगेको भन्न मिलेन । कानूनी सल्लाहाकारका रुपमा पुरा समय काम गर्ने गरी नियुक्त भएको र कानूनी व्यवसाय नै गरी आएकोलाई वकालत गरेको नमानिने गरी कानूनले निषेध गरेको देखिदैन । तसर्थ पुनरावेदन अदालतको न्यायाधीश पदमा नियुक्ति भएका प्रत्यर्थीहरुको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९०(१) बमोजिम योग्यनै नपुगेकोमा नियुक्ति गरेको भनि संवैधानिककताको प्रश्न प्रकाशित राजपत्रको सूचनाको आधारमा उठाई दिएको रिट निवेदन जिकिर संविधान सम्मत नदेखिंदा रिट निवेदन खारेज हुने ठहर्छ । मिसिल नियमानुसार गरि बुझाई दिनु ।

(कृष्ण जंग रायमाझी )
न्यायाधीश

उक्त रायमा म सहमत छु ।

(गोविन्द बहादुर श्रेष्ठ )
न्यायाधीश

ईति सम्वत् २०५४ साल मंसिर २३ गते रोज २ शुभम्.................................................

## सर्वोच्च अदालत संयुक्त इजलास
## माननीय न्यायाधीश श्री गोविन्द बहादुर श्रेष्ठ
## माननीय न्यायाधीश श्री केदारनाथ आचार्य
## आदेश

संवत् २०५२ सालको रिट नं. ........२३३८

विषय :- उत्प्रेषण ।

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३२ बस्ने रामेश्वर मान सिंह अधिकारी......१
निवेदक

विरुद्ध

न्याय परिषद्, काठमाडौं .......................... १
न्याय परिषद् सचिवालय, काठमाडौं ............ १
एक सदस्यीय जाँचबुझ समिति, काठमाडौं......१
विपक्षी

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ तथा ८८(२) अन्तर्गत पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त व्यहोरा एवं आदेश यस प्रकार छ ।

म निवेदक न्याय सेवाको राजपत्रांकित तृतीय श्रेणीको पदमा मिति २०३५।८।२९ मा नियुक्ति पाइ सुरुमा केही महिना सर्वोच्च अदालतको इजलास सहायकमा र ततपश्चात जिल्ला अदालतको न्यायाधीश पदमा रही इमान्दारीपूर्वक कर्तव्य पुरा गरेको हुं । यसै बिच २०५१।११।२२ मा एक पत्र पठाई विपक्षी न्याय परिषद्को सचिवले पत्र लेखि न्याय परिषद्को निर्णय अनुसार अविलम्व सचिवालयमा हाजिर हुन आउनु भनि सुचित गरे बमोजिम मिति २०५१ साल चैत्र देखि उक्त सचिवालयमा हाजिर भएको थिए । मिति २०५२।३।२६ मा न्याय परिषद् सचिवालयका तर्फबाट सचिवले निर्णयानुसार ३ दिन भित्र स्पष्टीकारण पेश गर्नु होला भनी मिति २०५२।३।२६ मा पत्र लेख्नु भएको र उक्त पत्रमा मदीरा र तास निषेधित कालिकोट जिल्लामा तपाईको आवास पनि रहेको अदालतको हाताभित्रै मदीरा सेवन, तास जुवा खेल्ने कार्य समेत हुन थालेको भन्ने समेतको उजुरीको आधारमा न्याय परिषद्को निर्णयानुसार जाँचबुझ समितिले जाँचबुझ गर्दा तपाई उपरको खराब आचरणको आरोप प्रष्ट हुन आएको हुंदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१(३) बमोजिम तपाईलाई जिल्ला न्यायाधीश पदबाट मुक्त गर्ने कारवाही किन नगर्ने भनि एकाएक सजाय प्रस्ताव गरेको पाइयो । म निवेदकले उल्लेखित आरोपहरु र प्रस्तावित सजाय समेतका सम्बन्धमा स्पष्ट रुपमा खण्डन तथा अश्विकार गर्दै स्पष्टीकरण पेश गरेको थिए तर मिति २०५२।५।१९ मा सर्वोच्च अदालत प्रशासन शाखाको पत्रअनुसार मलाई कालिकोट जिल्ला अदालतको न्यायाधीश पदबाट पदमुक्त गरिएको जानकारी दिइयो । विपक्षी न्याय परिषद्ले कारण र आधार सहितको निर्णय उपलब्ध नगराएकोले निवेदन दिई जाँचवुझ समितिको ठहर प्रतिवेदन र निर्णय समेतको प्रतिलिपी पाउं भनी निवेदन दिई माग गरेकोमा प्रतिलिपी दिन नमिल्ने जानकारी गराइएकोले मेरो विरुद्धको आरोप के कसको उजुरमा के कस्ता सवुत प्रमाणका आधारमा कसरी प्रमाणित एवं पुष्टि भएको छ र के कति मनासिव तथा न्यायिक आधारबाट म कसुरदार ठहरी पदमुक्त गर्ने निर्णय भएको हो भन्ने कुरा बारेमा जानकारी पाउने सुसुचित हुन पाउने मौलिक अधिकारबाट समेत वंचित हुनु परेकोले न्यायिक उपचारका लागि अन्य वैकल्पीक उपचारको अभावमा यो रिट निवेदन चढाएको छु ।

विपक्षी एक सदस्यीय जाँचबुझ समितिले मेरा विरुद्धमा परेको भनिएको उजुरी स्वयं नै गोप्य राखेको र सोमा उल्लेखित आरोप र सवुत प्रमाणहरु बारेमा मर्का पर्ने व्यक्ति मलाई जानकारी गराई प्रतिवाद गर्ने सवुद प्रमाण पेश गरी सफाई लिन पाउने अधिकारबाट नै वंचित गरिएको हुंदा जाँचबुझको कामकारबाही नै प्राकृतिक न्यायको सिद्धान्त विपरीत भै त्रुटीपूर्ण छ । मलाई जिल्ला न्यायाधीश पदबाट मुक्त गर्ने सिफारिस गर्ने वर्तमान संविधानको धारा ९१(३) को अधिकार प्रयोग गर्नु अघि विपक्षीहरुले अनिवार्यत अवलम्वन गर्नु पर्ने पूर्वशर्तको रुपमा तोकी न्याय परिषद् ऐन, २०४७ को दफा ४(क) तथा ७ को प्रकृया एवं कार्यविधि पुरा नगरी केवल पूर्वग्रह राखी आत्मनिष्ट आधारमा मात्र खराब आचरण ठहर गर्दै सिफारिस गरिएको र सोही दुषित वेरित पूर्ण तथा असंवैधानिक सिफारिसका आधारमा भए गरेको पदमुक्त गर्ने निर्णय प्रारम्भत नै अमान्य एवं शुन्य घोषित भागि छ । त्यस्तो गैरकानूनी एवं गैरसंवैधानिक कार्यवाही तथा सिफारिस वदर गरी सोही आधारमा श्री ५ बाट निवेदकलाई जिल्ला न्यायाधीश पदबाट मुक्त गर्ने गरी बक्सेको निर्णय स्वतः निस्कृय घोषित गरी

निवेदकलाई आफ्नो साविक पदमा पूर्ववहाली हुने व्यहोरा समेत घोषित गरी अन्य उपयुक्त आज्ञा आदेश जारी गरी पाउं भन्ने समेत व्यहोराको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? विपक्षीहरुबाट लिखित जवाफ मगाई आएपछि वा अवधि नाघेपछि पेश गर्नु भन्ने यस अदालतबाट भएको मिति २०५२।८।११ को आदेश ।

संविधान तथा कानून विपरीत पदबाट मुक्त गरियो भन्ने निवेदकको जिकिर सम्बन्धमा सर्वोच्च अदालतका माननीय न्यायाधीशको अध्यक्षतामा गठीत जाँचबुझ समितिले छानविनको सिलसिलामा निजको बयान लिई सफाई पेश गर्ने प्रर्याप्त मौका दिई उजुरीको श्रोतको स्थलगत भ्रमण गरी यथार्थ तथ्य बुझी दिएको प्रतिवेदन न्याय परिषद्को बैठकमा पेश हुंदा न्याय परिषद्ले निजलाई पदमुक्त गर्न किन कारबाही नगर्ने भन्ने सन्दर्भमा ३ (तीन) दिनको समय दिई स्पष्टीकरण माग गरिएकोमा निजले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१(३) बमोजिम निजलाई न्यायाधीश पदबाट पदमुक्त गर्न श्री ५ महाराजाधिराज सरकारका हजुरमा सिफारिस जाहेर गर्ने निर्णय भए बमोजिमको सिफारिसलाई श्री ५ बाट स्विकृत गरीबक्सी निज निवेदकलाई पदमुक्त गरिएको कार्य गैर संवैधानिक एवं कानून विपरीत नभएकोले रिट निवेदन खारेज गरी पाउं भन्ने समेत व्यहोराको न्याय परिषद् सचिवालयका तर्फबाट न्याय परिषद्का सचिवले प्रस्तुत गर्नु भएको लिखित जवाफ ।

नियम बमोजिम दैनिक पेशी सूचिमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा रिट निवेदनको तर्फबाट विद्वान अधिवक्ता श्री हरिहर दाहाले अवकाश दिदा अमुक आचरण खराब भएको भनि लागेको आरोप माथिको कारवाही र छानविनको कारण तथा आधार खुलाइएको छैन । आचरण खराब भएको भनि आरोप लागेको न्यायाधीशलाई न्याय परिषद् ऐन, २०४७ को दफा ८(१) अनुसार अभियोग पुष्टि हुने तथ्ययुक्त वस्तुनिष्ट आधार हुनु पर्छ । अभियोगलाई खण्डन तथा जिरह गर्ने मौका दिनु पर्नेमा नदिई अवकाश गर्ने गरेको कारवाही प्राकृतिक न्यायको सिद्धान्त विपरीत भएको छ । संविधाननको धारा ९१(३) बमोजिम गठन गरिने छानविन समिति भन्नाले एक भन्दा बढी व्यक्तिहरुको हुनेमा एक व्यक्तिको अध्यक्षतामा समिति गठन हुन सक्तैन । तसर्थ एक व्यक्तिको अध्यक्षतामा गठीत समिति नै त्रुटीपूर्ण छ । संविधान तथा ऐनको मर्म तथा भावनालाई आत्मसाथ नगरी गरेको निर्णय र सो आधारमा दिएको अवकाश पत्र समेत बदर गरी निवेदकलाई साविक पदमा बहाल गरी पाउं भनि र प्रत्यर्थीहरुको तर्फबाट उपस्थित विद्वान सह न्यायाधिवक्ता श्री नन्द बहादुर सुवेदीले न्यायाधीशको आचरण स्वयंमा प्रश्न गर्न सकिने होइन । आचरण सम्बन्धमा छानविन गरी पेश भएको प्रतिवेदन नै प्रर्याप्त हुन्छ, अन्य मुद्दामा जस्तो सो प्रतिवेदन शंका रहीत प्रमाणित हुन आवश्यक छैन । कानून बमोजिम गठन भएको समितिले गरेको जाँचबुझको आधारमा यो यो प्रमाण बुझिएन भन्न मिल्दैन । छानविनबाट आचरण खराब भएको देखिनु नै पदमुक्त गर्न प्रर्याप्त हुने हुंदा माननीय न्यायाधीशको अध्यक्षतामा गठित समितिले जाँचबुझ गरी गरेको प्रतिवेदनको आधारमा न्याय परिषद्ले गरेको कारवाहीलाई गैरकानूनी भन्न मिल्दैन । तसर्थ रिट क्षेत्रबाट आचरण सम्बन्धी कारवाहीको सबुद प्रमाण बुझी मूल्यांकन गरी निर्णय गर्ने विषय नहुंदा रिट निवेदन खारेज गरी पाउं भनि आफ्नो बहस प्रस्तुत गर्नु भयो ।

आज निर्णय सुनाउन पेशी तारेख तोकिई पेश हुन आएको प्रस्तुत मुद्दामा विद्वान कानून व्यावसायीहरुले गर्नु भएको बहस जिकिर समेत सुनि रिट निवेदन सहित मिसिल अध्ययन गरी निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्ने अवस्था छ, छैन ? भनि निर्णय दिनु पर्ने देखिन आयो ।

निर्णय तर्फ विचार गर्दा कालीकोट जिल्ला अदालतको न्यायाधीश हुंदा खराब आचरण गरेको भनि परेको उजुरीको सम्बन्धमा जाँचबुझ समितिले जाँचबुझ गर्दा खराब आचरणको आरोप प्रष्ट हुन आएको हुंदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१(३) बमोजिम जिल्ला न्यायाधीश पदबाट पदमुक्त गर्ने कारवाही किन नगर्ने भनि न्याय परिषद्बाट २०५२।३।२६ मा स्पष्टीकरण माग गरिएकोमा मैले आरोपको खण्डन गर्दै स्पष्टीकरण पेश गरेको थिए । तैपनि २०५२।५।९ को सर्वोच्च अदालतको पत्रानुसार मलाई जिल्ला न्यायाधीशबाट पदमुक्त गरिएको जानकारी दिइयो । विपक्षी एक सदस्यीय जाँचबुझ समितिले मेरो विरुद्धको उजुरी गोप्य राखी मलाई प्रतिवाद गरी सबुद प्रमाण पेश

गरी सफाई लिने हकबाट नै वंचित गरी गरेको जाँचबुझ प्राकृतिक न्यायको सिद्धान्त विपरीत भै विपक्षी समितिले गरेको प्रतिवेदन पूर्वाग्रही आत्मनिष्ठ तथा गैरकानूनी हुंदा सोही आधारमा न्याय परिषद्ले पदमुक्त गर्ने सिफारिस श्री ५ महाराजाधिराज समक्ष जाहेर गरी श्री ५ बाट स्विकृती वक्सी पदमुक्त गरेबाट मेरो पेशा तथा रोजगारी गर्ने संवैधानिक तथा कानूनी हक हनन हुन गएको हुंदा उक्त निर्णयहरु उत्प्रेषणको आदेशद्वारा वदर गरी साविक पदमा पुर्नवहाली गर्नु भनि अन्य उपयुक्त आज्ञा वा आदेश जारी गरी पाउं भन्ने रिट निवेदन जिकिर भएकोमा विपक्षी निवेदकको खराब आचरणको सम्बन्धमा सर्वोच्च अदालतमा माननीय न्यायाधीशको अध्यक्षतामा गठित जाँचबुझ समितिले छानविनको सिलसिलामा निजको बयान लिई सफाई पेश गर्ने मौका दिई यथार्थ तथ्य बुझी दिएको प्रतिवेदनको आधारमा न्याय परिषद्को निर्णयानुसार स्पष्टीकरण माग गरिएकोमा निजले दिएको स्पष्टीकरण संतोषजनक नभएकोले न्याय परिषद्को निर्णयबाट संविधानको धारा ९१(३) बमोजिम निजलाई जिल्ला न्यायाधीश पदबाट पदमुक्त गर्ने सिफारिस श्री ५ बाट स्विकृति भै निजलाई पदमुक्त गरिएको कार्य संविधान तथा कानून अनुकूल नै हुंदा रिट निवेदन खारेज गरी पाउं भन्ने लिखित जवाफ रहेको देखिन्छ ।

यसमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१(३) मा कार्यक्षमताको अभाव वा खराव आचरण भएकोले वा आफ्नो पदीय कर्तव्यको पालन इमान्दारीपूर्वक नगरेकोले पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा अन्य कुनै न्यायाधीश वा जिल्ला अदालतको कुनै न्यायाधीशलाई निजको पदवाट मुक्त गर्न वा खराव आचरणको आधारमा निज उपर कानून बमोजिम मुद्दा चलाउन आवश्यक वा वान्छनिय छ भनि न्याय परिषद्ले गरेको सिफारिस श्री ५ बाट स्विकृत गरि वक्सेमा त्यस्तो मुख्य न्यायाधीश वा न्यायाधीशलाई निजको पदबाट मुक्त गरिने वा निज उपर कानून बमोजिम मुद्दा चलाइने छ तर त्यसरी सिफारिस गर्नु भन्दा पहिले न्याय परिषद्ले आरोप लागेको मुख्य न्यायाधीश वा न्यायाधीशलाई आफ्नो सफाई पेश गर्ने मुनासिव मौका दिनु पर्छ र सो प्रयोजनको लागि निजको बयान लिन, प्रमाण संकलन गर्न र राय सहितको प्रतिवेदन पेश गर्न न्याय परिषद्ले सर्वोच्च अदालतको न्यायाधीशको अध्यक्षतामा एउटा जाँचबुझ समिति गठन गरी आरोपको जाँच गराउनु पर्छ भनि व्यवस्था गरेको पाइन्छ । उपरोक्त व्यवस्थानुसार निवेदक उपरको कारवाही संग सम्वन्धित निर्णय मिसिल हेर्दा निवेदकको आचरणको सम्बन्धमा परेको उजुरी निवेदन उपर अधिकार प्राप्त निकाय न्याय परिषद्बाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१(३) बमोजिम सर्वोच्च अदालतका माननीय न्यायाधीशको अध्यक्षतामा १ सदस्यीय जाँचबुझ समिति गठन गरिएको देखिन्छ । यसरी संविधान बमोजिम गठन भएको जाँचबुझ समितिलाई गैरकानूनी भन्न मिल्ने पनि देखिदैन । उक्त एक सदस्यीय जाँचबुझ समितिले छानविनको सिलसिलामा निजको बयान लिई सफाई पेश गर्ने मौका दिएको देखिन्छ । जाँचवुझ समितिको प्रतिवेदन न्याय परिषद्को वैठकमा पेश हुंदा परिषद्ले निजलाई पदमुक्त गर्न किन कारवाही नगर्ने भनि ३ दिनको समय दिई स्पष्टीकरण माग गरी निजको स्पष्टीकरण संतोषजनक नभएको भनि धारा ९१(३) बमोजिम जिल्ला न्यायाधीश पदवाट पदमुक्त गर्ने सिफारिस श्री ५ महाराजाधिराज समक्ष जाहेर गर्ने निर्णयानुसारको सिफारिस श्री ५ बाट स्वीकृती वक्सी निवेदकलाई पदमुक्त गरिएको देखिन्छ । यसरी निवेदक माथि लगाइएको खराव आचरणको अभियोग सम्बन्धमा अधिकार प्राप्त निकायवाट जाँचबुझ भै सवुद प्रमाणको मूल्यांकन गरी कानून बमोजिम भएको निर्णय उपर रिट क्षेत्रबाट प्रमाणको मूल्यांकन गरी निर्णय गर्ने विषय नभएको तथा कानूनले निर्धारित प्रकृया बमोजिम कारवाही भैरहेको देखिंदा कानूनी त्रुटीपूर्ण भन्न नमिल्ने समेतबाट निवेदकको मौलिक हक हनन भै कानून विपरीत आघात पुगेको नदेखिंदा रिट निवेदन जारी हुन सक्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । मिसिल नियमानुसार गरी बुझाई दिनु ।

(गोविन्द वहादुर श्रेष्ठ )
न्यायाधीश

उक्त रायमा म सहमत छु ।

(केदारनाथ आचार्य)
न्यायाधीश

ईति सम्वत् २०५६ साल फाल्गुण ६ गते रोज ६ शुभम्..

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोविन्द बहादुर श्रेष्ठ
माननीय न्यायाधीश श्री केदारनाथ आचार्य
आदेश

संवत् २०५२ सालको रिट नं. .......२३६२
विषय :- उत्प्रेषण ।

काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. १७ बस्ने डोल्पा जिल्ला अदालतको जिल्ला न्यायाधीश पदवाट पदमुक्त गरिएका ध्रुवलाल राज..........................................................१
निवेदक

विरुद्ध

न्याय परिषद् सचिवालय, काठमाण्डौ ......... १
न्याय परिषद् काठमाण्डौ ......................... १
एक सदस्यीय जाँचवुझ समिति ................. १
सर्वोच्च अदालत काठमाण्डौ .................... १
शाखा अधिकृत श्री उमेश लुइँटेल, न्याय परिषद् सचिवालय .....................................१
विपक्षी

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ तथा ८८(२) अन्तर्गत पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त व्यहोरा एवं आदेश यस प्रकार छ ।

म निवेदक मिति २०३५।९।९ मा नेपाल न्याय सेवाको राजपत्रांकित तृतीय श्रेणीको स.स.अ तथा स.स.अ. पदमा नियुक्त भै प्रारम्भमा सरकारी वकिलको रुपमा रहि सेवा गर्दै आएकोमा मिति २०४१।४।२२ मा रोल्पा जिल्लाको जिल्ला न्यायाधीशमा नियुक्त भै वझाङ तथा डोल्पा जिल्लाहरु समेतको जिल्ला न्यायाधीश पदमा कार्यरत रहेको थिए । यसै विच न्याय परिषद् सचिवालयको मिति २०५१।११।२२ का पत्रद्वारा अविलम्व उक्त सचिवालयमा हाजिर हुन आउने भन्ने पत्र आकस्मीक रुपले प्राप्त गरि हाजिर रहेका बखत एक सदस्यीय जाँचवुझ समितिवाट प्राप्त मिति २०५२।१।१९ को गोप्य पत्रले मलाई झिकाई बयान लिएको थियो ।

तत्पश्चात न्याय परिषद् सचिवालयको मिति २०५२।३।२६ को गोप्य पत्रद्वारा वझाङ जिल्ला अदालतको जिल्ला न्यायाधीश छँदा वादी कृष्ण कुमारी पंडीत र प्रतिवादी राम बहादुर महर भएको लुटपिट गाली व्यइज्जती मुद्दामा वादी र निजकी छोरीलाई आफ्नो डेरा अदालतमै बोलाउन लगाई राति डेरामै राखि अनैतिक कार्य गरि सो मुद्दामा झगडियालाई जिताई दिएको र डोल्पा जिल्ला अदालतको जिल्ला न्यायाधीश छदा वर्ष १६ की भृकुटी शाहीलाई टाइपिष्टमा भर्ना गरि निजको वुवा रण वहादुर शाहीको ३-४ लाख भन्दा वढी नपर्ने घर जग्गा १२ लाखमा अदालतका लागि किन्न खोजेको सम्वन्धमा परेको उजुरी वारे एक सदस्यीय जाँचवुझ समितिले जाँचवुझ गर्दा खराव आचरणको आरोप स्पष्ट हुन आएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१(३) बमोजिम जिल्ला न्यायाधीश पदवाट मुक्त गर्न कारवाही किन नगर्ने भनि ३ दिनको म्याद दिई स्पष्टीकरण माग गरियो । उक्त दुवै आरोपहरु केवल कपोलकल्पीत हुन भनि म्याद भित्रै स्पष्टीकरण पेश गरेकोमा मेरो स्पष्टीकरणमा उल्लेखित तथ्ययुक्त व्यहोरालाई आत्मसात नै नगरी मिति २०५२।५।९ को सर्वोच्च अदालतको पत्रद्वारा उक्त अदालतको मिति २०५२।५।९ को निर्णय बमोजिम डोल्पा जिल्ला अदालतको जिल्ला न्यायाधीश पदबाट मलाई अन्यायपूर्वक पदमुक्त गरिएको पत्र प्राप्त भएवाट मेरो कानूनी एवं संवैधानिक हक हनन भएकोले वैकल्पीक उपचारको बाटो समेत नभएकोले सम्मानित अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत यो निवेदन गर्न आएको छु ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१(३) को प्रतिवन्धात्मक वाक्यांश अन्तर्गत जाँचवुझ गर्ने प्रयोजनका लागि गठन गरिने जाँचवुझ समिति सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा गठीत हुने संवैधानिक व्यवस्था गरेको छ । आयोग भन्नाले एक सदस्यीय हुन सक्ने तर समिति भन्नाले एक भन्दा बढीहरुको समूहलाई मात्र जनाउने कुरा शव्दकोष र प्रचलित परम्परा समेतलाई हेरिएमा छर्लङ्ग हुन्छ । न्याय परिषद् ऐन, २०४७ को दफा ६ को समग्र अध्ययन भएमा समेत एक सदस्यीय समिति हुन नसक्ने प्रष्ट छ । यस आधारमा न्याय परिषद्द्वारा मिति २०५२।१।१५ र मिति २०५२।२।१४ को नेपाल राजपत्रमा प्रकाशित एक सदस्यीय जाँचबुझ समितिको गठन नै त्रुटीपूर्ण एवं सविधान विपरीत भएको हुंदा सो आधारमा गरिएको सम्पूर्ण काम कारवाही संविधान विपरीत भै त्रुटीपूर्ण छ ।

तथ्यको सन्दर्भमा हेरिएको खण्डमा पनि म माथि लगाइएका दुवै आरोपहरु निराधारपूर्ण छन । कृष्ण कुमारीका लोग्ने भुवनचन्द पण्डित पनि सुब्बा सम्मको कर्मचारी हुन । निज कृष्ण कुमारी र निजकी छोरीलाई एकसाथ बोलाई आमा छोरीलाई साथमा हुँदा अनैतिक कार्य गरेको भन्ने कुरा स्वयम् पत्यारलायक छैन । कसले बोलाउन गएको ? आमा वा छोरी वा दुवै मध्ये कोसंग अनुचित कार्य गरेको आदि प्रश्नहरु पनि अनुत्तरीत छन । कृष्ण कुमारीको कुन चाही छोरी सो समेत खुलेको छैन । पिडित भनिएको व्यक्ति समेतको कुनै उजुरी नहुंदा सो आरोप वनावटी भन्ने छर्लङ्ग हुन्छ । जहाँसम्म डोल्पा जिल्ला अदालतको लागि कम मूल्य पर्ने जग्गालाई बढी मूल्यमा किन्न खोजेको भन्ने आरोप लगाइएकोछ, उक्त जग्गा खरिद गर्ने प्रकृया म जानु भन्दा अगाडीको जिल्ला न्यायाधीशले प्रारम्भ गर्नु भएको कारबाही हो । सर्वोच्च अदालतका रजिष्ट्रार ज्यूबाट प्राप्त निर्देशानुसार तत्सम्बन्धी समिति गठन गरि सम्पूर्ण कार्य जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय समेतको प्रतिनिधि समावेश रहेको समितिबाट भएका आधारमा काम कारबाही गरिएको हो । जग्गा लिई सकिएको समेत थिएन । यसतर्फ एक सदस्यीय जाँचबुझ बाट समेत यथार्थ कुराको अध्ययन नभएको कारणबाट मलाई पद मुक्त गरिएको कार्य वदर भागि छ ।

विपक्षी एक सदस्यीय जाँचबुझ समितिको काम कारवाही र प्रतिवेदन लगायत न्याय परिषद् सचिवालयबाट स्पष्टीकरण माग गरिएको मिति २०५२।३।२६ को पत्रका साथै डोल्पा जिल्ला अदालतको जिल्ला न्यायाधीशको पदबाट पद मुक्त गरिएको सर्वोच्च अदालतको मिति २०५२।५।९ को पत्र एवं तत्सम्वन्धी निर्णय लगायत सम्पूर्ण काम कारबाहीहरु संविधान एवं उल्लेखित कानून विपरीत भै उक्त कार्यबाट म निवेदकको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११,१२(२) (ङ), धारा १६, धारा १७ समेतको संवैधानिक हक तथा कानूनी हक को प्रचलनमा वाधा पुगेकोले विपक्षीहरुद्वारा भए गरेका उपरोक्त सम्पूर्ण काम कारबाहीहरु वदर गरि म निवेदकलाई साविक पदमा बहाल गर्नु गराउनु भनि उत्प्रेषणयुक्त परमादेश जारी गरि पाउं भन्ने समेत व्यहोराको रिट निवेदन पत्र ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश कि जारी हुन नपर्ने हो ? विपक्षीहरुबाट लिखित जवाफ मगाई आएपछि वा अवधि नाघेपछि पेश गर्नु भन्ने यस अदालतबाट भएको मिति २०५२।८।११ को आदेश ।

संविधान तथा कानून विपरीत पदबाट मुक्त गरियो भन्ने निवेदकको जिकिर सम्वन्धमा सर्वोच्च अदालतका माननीय न्यायाधीशको अध्यक्षतामा गठीत जाँचबुझ समितिले छानविनको सिलसिलामा निजको बयान लिई सफाई पेश गर्ने प्रयाप्त मौका दिई उजुरीको श्रोतको स्थलगत भ्रमण गरि यथार्थ तथ्य बुझी दिएको प्रतिवेदन न्याय परिषद्को वैठकमा पेश हुंदा न्याय परिषद्ले निजलाई पदमुक्त गर्न किन कारवाही नगर्ने भन्ने सन्दर्भमा ३ (तीन) दिनको समय दिई स्पष्टीकरण माग गरिएकोमा निजले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१(३) बमोजिम निजलाई न्यायाधीश पदबाट पदमुक्त गर्न श्री ५ महाराजाधिराज सरकारका हजुरमा सिफारिस जाहेर गर्ने निर्णय भए बमोजिमको सिफारिसलाई श्री ५ बाट स्विकृत गरि बक्सी निज निवेदकलाई पद मुक्त गरिएको कार्य गैर संवैधानिक एवं कानून विपरीत नभएकोले रिट निवेदन खारेज गरि पाउं भन्ने समेत व्यहोराको न्याय परिषद् सचिवालयका तर्फबाट न्याय परिषद्का सचिवले प्रस्तुत गर्नु भएको लिखित जवाफ ।

नियम बमोजिम दैनिक पेशी सुचिमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा रिट निवेदक ध्रुवलाल राज तथा विद्वान अधिवक्ता श्री शम्भु थापाले अवकाश दिंदा अमूक आचरण खराब भएको भनि लागेको आरोप माथिको कारवाही र छानविनको कारण तथा आधार खुलाइएको छैन । आचरण खराव भएको भनि आरोप लागेको न्यायाधीशलाई न्याय परिषद् ऐन, २०४७ को दफा ८(१) अनुसार अभियोग पुष्टि हुनै तथ्ययुक्त वस्तुनिष्ट आधार हुनु पर्छ अभियोगलाई खण्डन तथा जिरह गर्ने मौका दिनु पर्नेमा नदिई अवकाश गर्ने गरेको कारवाही प्राकृतिक न्यायको सिद्धान्त विपरीत भएको छ । संविधानको धारा ९१(३) बमोजिम गठन गरिने छानविन समिति भन्नाले एक भन्दा बढी व्यक्तिहरुको हुनेमा १ व्यक्तिको अध्यक्षतामा समिति गठन हुन सक्दैन तसर्थ एक व्यक्तिको अध्यक्षतामा गठीत समिति नै त्रुटीपूर्ण छ । संविधान तथा ऐनको मर्म तथा भावनालाई आत्मसाथ नगरी गरेको निर्णय र सो आधारमा

दिएको अवकाश पत्र समेत वदर गरि निवेदकलाई साविक पदमा बहाल गरि पाउं भनि र प्रत्यर्थीहरुको तर्फबाट उपस्थित विद्वान सह न्यायाधिवक्ता श्री नन्द वहादुर सुवेदीले न्यायाधीशको आचरण स्वयंमा प्रश्न गर्न सकिने होइन । आचरण सम्वन्धमा छानविन गरि पेश भएको प्रतिवेदन नै प्रर्याप्त हुन्छ, अन्य मुद्दामा जस्तो सो प्रतिवेदन शंका रहित रुपमा प्रमाणित हुन आवश्यक छैन। कानून बमोजिम गठन भएको समितिले गरेको जाँचबुझको आधारमा यो यो प्रमाण वुझिएन भन्न मिल्दैन । छानविनबाट आचरण खराव भएको देखिनु नै पद मुक्त गर्न प्रर्याप्त हुने हुंदा माननीय न्यायाधीशको अध्यक्षतामा गठित समितिले जाँचवुझ गरि गरेको प्रतिवेदनको आधारमा न्याय परिषद्ले गरेको कारवाहीलाई गैर कानूनी भन्न मिल्दैन । तसर्थ रिट क्षेत्रबाट आचरण सम्वन्धी कारवाहीको सवुद प्रमाण बुझी मूल्यांकन गरि निर्णय गर्ने विषय नहुंदा रिट निवेदन खारेज गरि पाउं भनि आफ्नो वहस प्रस्तुत गर्नु भयो ।

आज निर्णय सुनाउन पेशी तारेख तोकिई पेश हुन आएको प्रस्तुत मुद्दामा विद्वान कानून व्यवसायीहरुले गर्नु भएको वहर जिकिर समेत सुनि रिट निवेदन सहितको मिसिल अध्ययन गरि निवेदन माग वमोजिमको आदेश जारी हुनु पर्ने अवस्था, छैन भनि निर्णय दिनु पर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा, वझाङ तथा डोल्पा जिल्ला अदालतको न्यायाधीश हुंदा खराव आचरण गरेको भनि परेको उजुरीको सम्वन्धमा जाँचबुझ समितिले जाँचवुझ गर्दा खराव आचरणको आरोप प्रष्ट हुन आएको हुंदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१(३) वमोजिम जिल्ला न्यायाधीश पदबाट पदमुक्त गर्ने कारवाही किन नगर्ने भनि न्याय परिषद्वाट २०५२।३।२६ मा स्पष्टीकरण माग गरिएकोमा मैले आरोपको खण्डन गर्दै स्पष्टीकरण पेश गरेको थिए । तैपनि २०५२।५।१९ को सर्वोच्च अदालतको पत्रानुसार मलाई जिल्ला न्यायाधीशबाट पदमुक्त गरिएको जानकारी दिइयो । विपक्षी एक सदस्यीय जाँचवुझ समितिले मेरो विरुद्धको उजुरी गोप्य राखि मलाई प्रतिवाद गरि सवुद प्रमाण पेश गरी सफाई लिने हकबाट नै वंचित गरि गरेको जाँचवुझ नै प्राकृतिक न्यायको सिद्धान्त विपरीत भै विपक्षी समितिले गरेको प्रतिवेदन पूर्वाग्रही, आत्मनिष्ठ तथा गैर कानूनी हुंदा सोही आधारमा न्याय परिषद्ले पदमुक्त गर्ने सिफारिस श्री ५ महाराजाधिराज समक्ष जाहेर गरि श्री ५ बाट स्विकृति बक्सी पदमुक्त गरेबाट मेरो पेशा तथा रोजगारी गर्ने संवैधानिक तथा कानूनी हक हनन हुन गएको हुंदा उक्त निर्णयहरु उत्प्रेषणको आदेशद्वारा वदर गरि साविक पदमा पुर्नवहाली गर्नु भनि अन्य उपयुक्त आज्ञा वा आदेश जारी गरि पाउं भन्ने रिट निवेदन जिकिर भएकोमा विपक्षी निवेदकको खराव आचरण सम्वन्धमा सर्वोच्च अदालतका माननीय न्यायाधीशको अध्यक्षतामा गठित जाँचवुझ समितिले छानविनको सिलसिलामा निजको बयान लिई सफाई पेश गर्ने मौका दिई यथार्थ तथ्य बुझी दिएको प्रतिवेदनको आधारमा न्याय परिषद्को निर्णयानुसार स्पष्टीकरण माग गरिएकोमा निजले दिएको स्पष्टीकरण संतोषजनक नभएकोले न्याय परिषद्को निर्णयबाट संविधानको धारा ९१(३) बमोजिम निजलाई जिल्ला न्यायाधीश पदबाट पदमुक्त गर्ने सिफारिस श्री ५ बाट स्विकृति भै निजलाई पदमुक्त गरिएको कार्य संविधान तथा कानून अनुकूल नै हुंदा निवेदन खारेज गरि पाउं भन्ने लिखित जवाफ रहेको देखिन्छ ।

यसमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१(३) मा कार्यक्षमताको अभावमा वा खराब आचरण भएकोले वा आफ्नो पदीय कर्तव्यको पालन इमान्दारीपूर्वक नगरेकोले पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा अन्य कुनै न्यायाधीश वा जिल्ला अदालतको कुनै न्यायाधीशलाई निजको पदबाट मुक्त गर्न वा खराब आचरणको आधारमा निज उपर कानून बमोजिम मुद्दा चलाउन आवश्यक वा वान्छनिय छ भनि न्याय परिषद्ले गरेको सिफारिस श्री ५ बाट स्विकृत गरि बक्सेमा त्यस्तो मुख्य न्यायाधीश वा न्यायाधीशलाई निजको पदबाट मुक्त गरिने वा निज उपर कानून बमोजिम मुद्दा चलाइने छ। तर त्यसरी सिफारिस गर्नु भन्दा पहिले न्याय परिषद्ले आरोप लागेको मुख्य न्यायाधीश वा न्यायाधीशलाई आफ्नो सफाई पेश गर्ने मुनासिव मौका दिनु पर्छ र सो प्रयोजनको लागि निजको बयान लिन प्रमाण संकलन गर्न र राय सहितको प्रतिवेदन पेश गर्न न्याय परिषद्ले सर्वोच्च अदालतको न्यायाधीशको अध्यक्षतामा एउटा जाँचबुझ समिति गठन गरि आरोपको जाँच गराउन पर्छ भनि व्यवस्था गरेको पाइन्छ । उपरोक्त व्यवस्था अनुसार निवेदक उपरको कारबाही संग सम्बन्धित निर्णय मिसिल हेर्दा निवेदकको आचरणको सम्बन्धमा परेको उजुरी निवेदन उपर अधिकार प्राप्त निकाय

न्याय परिषद्बाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१(३) बमोजिम सर्वोच्च अदालतका माननीय न्यायाधीशको अध्यक्षतामा १ सदस्यीय जाँचबुझ समिति गठन गरिएको देखिन्छ । यसरी संविधान बमोजिम गठन भएको जाँचबुझ समितिलाई गैर कानूनी भन्न मिल्ने पनि देखिदैन । उक्त एक सदस्यीय जाँचबुझ समितिले छानविनको सिलसिलामा निजको बयान लिई सफाई पेश गर्ने मौका दिएको देखिन्छ । जाँचबुझ समितिको प्रतिवेदन न्याय परिषद्को बैठकमा पेश हुंदा परिषद्ले निजलाई पदमुक्त गर्न किन कारवाही नगर्ने भनि ३ दिनको समय दिई स्पष्टीकरण माग गरि निजको स्पष्टीकरण सन्तोषजनक नभएको भनि धारा ९१(३) बमोजिम जिल्ला न्यायाधीश पदवाट पदमुक्त गर्ने सिफारिस श्री ५ महाराजाधिराज समक्ष जाहेर गर्ने निर्णयानुसारको सिफारिस श्री ५ बाट स्वीकृती बक्सी निवेदकलाई पद मुक्त गरिएको देखिन्छ । यसरी निवेदक माथि लगाइएको खराब आचरणको अभियोग सम्बन्धमा अधिकार प्राप्त निकायबाट जाँचबुझ भै सवुद प्रमाणको मूल्यांकन गरि कानून बमोजिम भएको निर्णय उपर रिट क्षेत्रबाट प्रमाणको मूल्यांकन गरि निर्णय गर्ने विषय नभएको तथा कानूनले निर्धारित प्रकृया बमोजिम कारबाही भै रहेको देखिंदा कानूनी त्रुटिपूर्ण भन्न नमिल्ने समेतबाट निवेदकको मौलिक हक हनन भै कानून विपरीत आघात पुगेको नदेखिंदा रिट निवेदन जारी हुन सक्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । मिसिल नियमानुसार गरि बुझाई दिनु ।

(गोविन्द वहादुर श्रेष्ठ )
न्यायाधीश

उक्त रायमा म सहमत छु

(केदारनाथ आचार्य)
न्यायाधीश

इति सम्वत् २०५६ साल फाल्गुण ६ गते रोज ६ शुभम्

श्री सर्वोच्च अदालत संयुक्त इजलाश
माननीय न्यायाधीश श्री बलराम के.सी.
माननीय न्यायाधीश श्री ताहिर अलि अन्सारी
फैसला

सम्वत् २०५८ सालको रिट नं. - ३२७६

जिल्ला सुनसरी पूर्व कुशाहा गा.वि.स. वडा नं. ७ घर भै हाल काठमाण्डौ जिल्लाबानेश्वर ३४ शान्तीनगर डेरा गरी बस्ने वर्ष ५१ को गोपाल प्रसाद गुरागाई ... निवेदक पक्ष

विरुद्ध

श्री सर्वोच्च अदालत, रामशाह पथ, काठमाडौं............. १
श्री न्याय परिषद्, सर्वोच्च अदालत भवन, काठमाडौं.........१
श्री न्याय परिषद् सचिवालय, सर्वोच्च अदालत भवन, काठमाडौं ...................................... १
मा.न्या. कृष्णजंग रायमाझीको अध्यक्षतामा गठीत एक सदस्यीय जाँचबुझ समिति, हाल विघटित हुंदा न्याय परिषद् ...................................... १
श्री रजिष्ट्रार सर्वोच्च अदालत, काठमाडौं...... १
श्री सचिव,न्याय परिषद् सचिवालय १ विपक्षी/प्रतिवादी

विषयः- उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरी पाउँ ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(२) अन्तर्गत दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ :-

म ललितपुर जिल्ला अदालतमा काम काज गरि रहेको अवस्थामा म सरुवा भएको दोलखा जिल्ला अदालतमा रमाना भै जानु अघिनै मिति २०५८।१।१७ को पत्रानुसार मलाई सम्मानित सर्वोच्च अदालतमा काजमा राख्ने पत्र प्राप्त भै काजमा रहेको अवस्थामा श्री सर्वोच्च अदालतका माननीय न्यायाधीश कृष्णजंग रायमाझी अध्यक्ष भएको एक सदस्यीय जाँचबुझ समितिको मिति २०५८।३।१६ को पत्र प्राप्त भयो । उक्त पत्रमा मलाई ललितपुर जिल्ला अदालतमा कार्यरत रहँदा मैले पद अनुसारको आचारण नगरेको भन्ने समेत बारेमा प्रस्तुत भएको प्रतिवेदनको सम्बन्धमा जाँचबुझ गर्ने सिलासलामा

केहि कुरा बुझ्न भनी मिति २०५८।३।४ गते जाँचबुझ समितिको कार्यालयमा आउनु भनी लेखिएको पत्र प्राप्त भयो। सो अनुसार म समितिको कार्यालयमा हाजिर भए पछि मिति २०५८।३।४ गते जाँचबुझ समितिको कार्यालयमा हाजिर भए पछि मिति २०५८।३।४ को दिन जाँचबुझ समितिका अध्यक्ष मा.न्या. कृष्ण जंग रायमाझी समक्ष मलाई सोधिएका प्रश्नहरु बारेको जवाफ लिखित रुपमा लेखि बुझाएको थिएँ।

चन्द्र अवालेको जाहेरीले वादी श्री ५ को सरकार वि. प्रतिवादी धन माष्टर मध्ये लेकमान महर्जन समेत भएको कर्तव्य ज्यान मुद्दामा महान्यायाधिवक्ताको कार्यालयमा कार्यरत तत्कालिन सह-न्यायाधिवक्ता लेखनाथ पौडेलकी श्रीमतीले सो मुद्दामा प्रभाव पार्न भनि रु. १,९५,०००।- दिने प्रयास गरेकी सम्वन्धमा मलाई प्रश्न सोधिएको थियो।

उपरोक्त मुद्दा श्री ५ को सरकारले फिर्ता लिने निर्णय गरेको सरकारी वकिलको कार्यालय ललितपुरको पत्र प्राप्त भएको र मुद्दा फिर्ता लिन स्विकृती दिन मिल्ने नमिल्ने सम्वन्धमा विचाराधिन रहेको अवस्थामा मुद्दा फिर्ता लिने स्विकृती पाउनका लागि प्रभाव पार्न माथि उल्लेखित सह-न्यायाधिवक्ता लेखनाथ पौडेलकी श्रीमती म अदालतमा काम गरि रहेको समयमा दिउँसो १ वजे तिर मेरो काठमाडौं बानेश्वर शान्तीनगर स्थित डेरामा गै मेरा श्रीमती र छोरी मात्र घरमा भएको अवस्थामा मेरी छोरीलाई पहेलो कपडामा बेरेर ल्याएको रु. १,९५,०००।- भेटी भनी दिदा मेरी छोरीले त्यसो नगर्न भनी भन्दा भन्दै जवरजस्ती फ्याकी छोडी गईछन। सो कुरा छोरीले मेरी श्रीमतीलाई बताएपछि श्रीमतीले तत्कालै मलाई सो घटनाबारे फोनबाट जानकारी गराएकी हुनाले मैले तुरुन्त लेखनाथ पौडेललाई निजकी श्रीमतीले गरेको दुष्कार्यको जानकारी दिई तुरुन्त सो रुपैया लैजान भनि खबर गरि अदालतकै कर्मचारी दुईजना समेत म महान्यायाधिवक्ताको कार्यालयमा आएँ। महान्यायाधिवक्ताको कार्यालयमा निज लेखनाथ पौडेललाई खोजी गर्दा निज घरगै सकेका भनी जानकारी भै सम्माननीय महान्यायाधिवक्ता बद्री बहादुर कार्कीसंग सो घटनाको विवरण मौखिक उल्लेख गरि मेरो विवरण सुनी सम्माननीय बद्री बहादुर कार्कीले लेखनाथ पौडेललाई बुझ्न बोलाउन लगाई मेरै सामुन्ने तुरुन्त निजकी श्रीमतीले मेरो डेरामा फ्याँकी गएको रुपैया उठाउन भनी भनेपछि निज लेखनाथ मेरो डेरामा गई उक्त रुपैया उठाई सम्माननीय महान्यायाधिवक्ता समक्ष हाजिर भएका हुन र म त्यसपछि आफ्नो कार्यालयतिर गएको हुँ। सो घटना मिति २०५७।११।३०।३ को हो र सो घटनाको मौखिक जानकारी मैले सम्माननीय प्रधान न्यायाधीश केशवप्रसाद उपाध्याय र पुनरावेदन अदालत पाटनका तत्कालिन मुख्य न्यायाधीश मिन बहादुर रायमाझीलाई सोहि दिन साँझमा दिएको थिएँ। मैले जाँचबुझ समितिका अध्यक्ष समक्ष व्यक्त गरेको लिखित बयानमा यी कुराहरु उल्लेख गरेको छु।

त्यस्तै, इन्टरपोल जिवाढ्न जर्मन र जर्मन राजदूतावास दिल्लीको टेलिफ्याक्स मेसेजका जाहेरीले वादी श्री ५ को सरकार वि. प्रतिवादी होटल एभरेष्ट इन्टरनेशनल लि. समेत भएको लागू औषध मुद्दामा मैले गरेको फैसला सम्वन्धमा कुन सिद्धान्तका आधारमा होटललाई सजाय नगरी र गाडी जफत नगरीएको भनी प्रश्न सोधिएकोमा होटल एमरेष्ट इन्टरनेशनल लि. प्राकृतिक व्यक्ति नभै कानूनी व्यक्ति भएको र कानूनी व्यक्तिले अपराध गर्न नसक्ने भन्ने आधारमा सफाई दिएको तथा कसूरमा संलग्न अन्य प्राकृतिक व्यक्ति प्रतिवादीहरुलाई सजाय भएको र त्यसै मुद्दासंग लगाउ भएको काठमाडौं जिल्ला अदालतमा चलेको लागू औषध मुद्दामा अदालतमा दाखिल भएको गाडी काठमाडौं जिल्ला अदालतले सो मुद्दाको कारवाईकै रोहमा फिर्ता दिई सकेको र ललितपुर जिल्ला अदालतमा दायर भएको मुद्दामा दशीको भनीएको सो गाडी वादीबाट नत मुद्दा दायर गर्दाका अवस्थामा नत मुद्दा दायर भै सकेपछि पनि कहिल्यै पेश नै नगरीएको हुनाले अदालतमा दाखिल नै नभएको गाडी जफत गर्न नसकिएको भनी जवाफ दिएको थिएँ।

तत्पश्चात मलाई न्याय परिषद्का सचिवको दरखास्त भएको मिति २०५८।८।७।५ को एक पत्र मिति २०५८।८।८।६ मा प्राप्त भयो। सो पत्र माथि उल्लेखित मुद्दाहरुका सम्वन्धमा भएको एक सदस्यीय जाँचबुझ समितिको प्रतिवेदन न्याय परिषद्मा पेश भएपछि न्याय परिषद्को निर्णय बमोजिम भनि स्पष्टीकरण पेश गर्ने भनी लेखिएको रहेछ। उक्त पत्रमा उल्लेखित "चन्द्र अवालेको जाहेरीले वादी श्री ५ को सरकार वि. प्रतिवादी धनमाष्टर भन्ने लेकमान महर्जन समेत" भएको ज्यान मुद्दाको सम्बन्धमा आठ (८) पटक पेशी हुँदा पनि मुनासिब

कारण विना निर्णय नभएको भन्ने र मुद्दामा अनुचित प्रभाव पार्न रु. १,९५,०००।- घूस दिने प्रयास गर्ने दोषीलाई दशी सहित सम्बन्धित निकायमा आवश्यक कारवाई गर्न अघि बढाउनु पर्नेमा अनुचित किसिमले रुपैया दिन ल्याउनेलाई फिर्ता दिएको तर्फ आरोप लगाइएको र अर्को लागू औषध मुद्दामा माथि उल्लेख गरे झैं व्यक्ति भन्नाले प्राकृतिक (वास्तविक) र वैधानीक (कृत्रिम) दुवै व्यक्ति हुने हुँदा किन होटललाई सजाय नगरी सफाई दिएको र गाडी जफत नगरी फिर्ता दिएको भन्ने आरोप लगाई न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा ४(१) वमोजिम खराव आचरण गरेको र उपदफा २ को खण्ड (क) र (ख) वमोजिम कार्य क्षमताको अभाव देखिएको र उपदफा ३ को खण्ड (क) वमोजिम पदिय कर्तव्य इमान्दारीपूर्वक पालन नगरेको भन्दै जिल्ला न्यायाधीश पदबाट मुक्त गर्ने कारवाही किन नगर्ने ? भनी स्पष्टीकरण सोधिएको रहेछ । मैले उक्त माग गरिएको स्पष्टीकरणको सम्वन्धमा जाँचबुझ समिति समक्ष गरेको बयान समेतमा व्यक्त भएको कुराको अतिरिक्त सो ज्यान मुद्दामा ८ पटक पेशी हुँदा ५ पटक मेरो इजलासमा र ३ पटक अर्को न्यायाधीशको इजलासमा परेको र त्यसमा पनि मेरो इजलासबाट २ पटक अर्को न्यायाधीशबाट क्रमशः प्रतिवादी पक्षवाट र जाहेरवाला एवं सरकारी पक्षवाट पेशी स्थगितको निवेदन गरी पेशीवाट हटेको । तिन (३) पटक मेरो इजलासबाट र २ पटक अर्को न्यायाधीशवाट मुद्दासंग सान्दर्भिक कुरा बुझ्ने आदेश भएको स्पष्ट खुलाई स्पष्टीकरण दिएको थिएँ । साथै लागू औषध मुद्दाको सन्दर्भ पनि वास्तविक व्यक्ति (Real Person) र कानूनी व्यक्ति (Legal Person) ले भोग्नु पर्ने अपराधिक दायित्व सम्बन्धी सैद्धान्तिक आधार, प्रचलित न्यायिक परिपाटी तथा सो मुद्दाको वास्तविक स्थिती सम्वन्धमा प्रष्ट पारी स्पष्टीकरण दिएको थिएँ ।

तत्पश्चात मिति २०५८।९।१६ को सर्वोच्च अदालतका रजिष्ट्रारले दस्तखत गरेको पदमुक्त भएको जानकारी सम्बन्धमा भन्ने विषय उल्लेखित पत्र मिति २०५८।९।१७ मा प्राप्त भयो । पत्रमा मा.न्या. कृष्णजंग रायमाझीको एक सदस्यीय जाँचबुझ समितिले पेश गरेको प्रतिवेदन समेतको आधारमा न्याय परिषद् ऐन, २०४७ को दफा ४क उपदफा २ को खण्ड (क) र (ख) अन्तर्गत कार्य क्षमताको अभाव भएको प्रमाणित भएको भन्ने आधारमा मलाई जिल्ला न्यायाधीश पदबाट मुक्त गर्न श्री ५ महाराजाधिराज समक्ष स्वीकृतीको लागि न्याय परिषद्वाट सिफारिस गरिए अनुसार श्री ५ महाराजाधिराजबाट स्विकृती बक्स भएको भनी पदमुक्त गरिएको व्यहोरा उल्लेख गरिएको रहेछ ।

म निवेदकलाई पदमुक्त गरिएको मिति २०५८।९।१६ को पत्रमा न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा २ को खण्ड (क) र (ख) बमोजिम कार्य क्षमताको अभावको आरोप प्रमाणित भएकोले सोहि आधारमा न्याय परिषद् ऐन, २०४७ को दफा ८ र नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१(३) बमोजिम जिल्ला न्यायाधीशको पदवाट पदमुक्त गर्ने भनिएको छ । न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा ५ मा उपदफा २, ३ र ४ मा उल्लेखित अवस्थामा परिषद्ले सम्वन्धित न्यायाधीशलाई अवस्था अनुसार सचेत गराउन र निजले सो अनुरुप आफ्नो काम कारवाई आचरणमा सुधार नगरेमा संविधान र यस ऐन अनुसार निज उपर कारवाई चलाउन सक्ने छ भन्ने कानूनी व्यवस्था छ । म निवेदकलाई न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा २ को खण्ड (क) र (ख) को कार्य क्षमताको अभावमा कारवाई र सजाय गरिएको छ । ऐनको दफा ४क को उपदफा २ बमोजिम कारवाई गर्नु भन्दा अगाडि सोही दफाको उपदफा ५ बमोजिम पहिले सचेत गराउने सो अनुरुप आफ्नो काम कारवाई आचरण सुधार नगरे मात्र संविधान र ऐन बमोजिम कारवाई गर्न मिल्छ । म निवेदकलाई न्याय परिषद् ऐन, २०४७ को दफा ४(क) को उपदफा ५ बमोजिम सचेत गराउने कुनै निर्णय भएको छैन । एक पटक सचेत गराउने निर्णय गरी सो बमोजिम सुधार नभएमा मात्र संविधान र कानून बमोजिम कारवाई गर्ने अधिकार विपक्षी न्याय परिषद्लाई प्राप्त हुन्छ । सोही उपदफा ५ को प्रतिबन्धात्मक बाक्यांशमा खराब आचरणको अभियोगमा सचेत गराउन आवश्यक छैन भन्ने उल्लेख छ । यो कानूनी व्यवस्थाले उपदफा २ को अभियोगमा पहिले सचेत गराएपछि मात्र कारवाई गर्ने अधिकार प्राप्त हुन्छ । म निवेदकलाई खराब आचरणको अभियोगमा पदमुक्त गरिएको छैन । कार्य क्षमताको अभावमा सचेत गराई सो बमोजिम सुधार नभएमा मात्र कारवाई गर्नु पर्नेमा ऐनले तोकेको पूर्व सर्त पूरा नगरी भएको निर्णय न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा २ र ५ को विपरीत भई बदर भागी छ ।

मिति २०५८।८।७।५ को म निवेदनलाई सोधिएको स्पष्टीकरण पेश गर्ने पत्रमा मलाई पदमुक्त गर्ने कारवाई किन नगर्ने ? भनी आरोप लगाउँदा न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा ४ बमोजिम खराव आचरण गरेको र उपदफा २ को खण्ड (क) र (ख) बमोजिम कार्य क्षमताको अभाव देखिएको र उपदफा ३ को खण्ड (क) बमोजिम पदिय कर्तव्य इमान्दारीपूर्वक पालन नगरेको भन्ने आरोप लगाई स्पष्टीकरण माग गरिएको भए पनि मलाई पदमुक्त गरिएको भनी दिएको मिति २०५८।९।१६ को श्री सर्वोच्च अदालतको पत्रमा उपरोक्त ऐनको दफा ४क को उपदफा २ को खण्ड (क) र (ख) बमोजिम कार्य क्षमताको अभावको आरोप प्रमाणित भएको भन्ने मात्र उल्लेख भएको हुनाले स्पष्टीकरण माग गर्दा लगाएको उक्त ऐ. ऐनको दफा ४क को उपदफा ४ को खराव आचरण भएको र ऐ. को उपदफा ३ को खण्ड (क) को आरोप आधारहिन तथा अप्रमाणित रहेछन भन्ने कुरा स्वयं न्याय परिषद्ले नै स्वीकार गरि ऐ. को उपदफा २ को खण्ड (क) र (ख) को आरोप मात्र प्रमाणित भएको भन्ने आधारमा मलाई पदमुक्त गरिएवाट प्रष्ट हुन्छ । अतः म उपर गरिएको जाँचवुझ छानवीन कारवाई समेतवाट उक्त ऐनको दफा ४क को उपदफा ३ को खण्ड (क) र उपदफा ४ को आरोप अप्रमाणित र आधारहिन भएपछि ती आरोप लगाउन लिइएको आधार, काम कारवाई र तथ्यगत घटनाका सम्बन्धमा कुनै कुरा उल्लेख गरि रहन नपरी ऐ. को उपदफा २ को खण्ड (क) र (ख) बमोजिमको आरोप मात्र मलाई पदमुक्त गर्ने आधार उल्लेख भएको हुनाले सो आरोप आधारहिन, अन्यायपूर्ण, विवेकहिन र गैह कानूनी छ ।

मलाई स्पष्टीकरण माग गर्दा आठौ पटकसम्म पेश हुँदा पनि मनासिव कारण विना निर्णय नगरी रहेको भन्ने उल्लेख भएको छ । जुन कुरा सत्य होइन । सत्य कुरा के हो भन्ने उल्लेखित मुद्दा ५ पटक मेरो इजलासमा र ३ पटक अर्को न्यायाधीशको इजलासमा पेश भएको हो । जसमा मेरो बेन्चबाट २ पटक प्रतिवादी पक्षका तर्फबाट हटाउने निवेदन गरे अनुसार हटिसकेको र अर्को न्यायाधीशको इजलासबाट एक पटक जाहेरवाला र वादी पक्षको अनुरोधमा हटेको हो । बाँकी ५ पटकको पेशी मध्ये प्रथम पटकको पेशीमा मैले श्री ५ को सरकारले मुद्दा फिर्ता लिने निर्णय गर्नु अघि श्री ५ को सरकारको प्रमुख कानूनी सल्लाहकार महान्यायाधिवक्ताको कार्यालयबाट राय सल्लाह वा प्रतिक्रिया लिएको भए सो को कागजात झिकाउने भन्ने आदेश गरेको थिएँ । मुद्दा फिर्ता लिने सम्बन्धमा फिर्ता लिने स्विकृती दिनु उपयुक्त हुने वा नहुने कुरा अदालतको विचाराधिन हुने भनी सम्मानीत अदालतले श्री ५ को सरकार वि. दिल बहादुर लामा, ने.का.प. २०५१ नि.नं. ४९४० पृ. ५०४ को मुद्दा फिर्तामा सिद्धान्त स्थापित गरेको परिप्रेक्ष्यमा सान्दर्भिक कागज प्रमाण बुझ्न आवश्यक ठानी आदेश भएको हो । दोश्रो पटक पेशी हुँदा अर्को न्यायाधीशको इजलासबाट पनि सोही कुराको आदेश भएको हुनाले विनाकारण वा असान्दर्भिक आदेश भन्न मिल्ने अवस्था छैन ।

माग भएका कागजात सम्बन्धित निकाय बाट प्राप्त नभए पछि मुद्दा फिर्ता लिने निर्णय गर्दा खडा भएको प्रस्ताव सहतिको निर्णय कानून तथा न्याय मन्त्रालयमा भएको भन्ने देखिएबाट सो प्रस्ताव सहितको फाइल झिकाउने आदेश मेरो बेन्चबाट भएको हो । तन् पश्चात अर्को न्यायाधीशको इजलासबाट अदालतको सहयोगी (Amicus Curie) झिकाउने आदेश र म बाट अन्तिम पटक मिसिल संलग्न वडा प्रहरी कार्यालय मंगलबजार ललितपुरको प.सं. २०५५।०५६ मु. २ च.नं. ३४५ को मिति २०५५।७।३ को पत्रमा उल्लेखित जाहेरी दरखास्त झिकाउने आदेश भएको हो । मुद्दाको वास्तविकता बुझी फिर्ता गर्न नगर्ने सम्बन्धमा निर्णय गर्न आवश्यक हुने ठहर गरि भएको उक्त आदेशमा कागज झिकाउनु परेको कारण पनि स्पष्ट रुपमा उल्लेख भएको छ । सम्मानीत अदालतलाई यो पनि ज्ञातव्य होस कि उक्त मुद्दामा प्रतिवादी बनाएका १७ जना मध्ये १ जना प्रतिवादी लेकमान महर्जन मेरै आदेशबाट पूर्पक्षका लागि थुनामा रहेको र अन्य प्रतिवादी उपर म्याद तामेल भै नसकेको स्थिती हुनाले मुद्दामा अन्य कारवाई वा निर्णय गर्न सकिने अवस्था पनि परि नसकेको स्थिती विद्यमान हुनाले मुद्दालाई अनुचित किसिमबाट लम्व्याएको भन्ने अवस्था पटक्कै छैन । अतएव आठौ पटक सम्म पेशी हुँदा मुनासिव कारण विना निर्णय नगरी रहेको भन्ने आरोप स्वयंमा तथ्यबाट पुष्टी नभएको हुँदा मिथ्या एवं अप्रमाणित आरोप हो । भएका आदेश पनि म बाट मात्र नभएको हुनाले म बाट भएको आदेश पनि असान्दर्भिक नभै निर्णय गर्न औचित्य विचार गर्नु पर्ने सम्मानित अदालतको सिद्धान्त र न्यायिक परिपाटी अनुकूल भएकोले म विरुद्धको आरोप

आधारहिन तथा अप्रमाणित एवं अन्यायपूर्ण छन । मैले गरेको कुन आदेश असान्दर्भिक भै मुद्दा लम्ब्याउन गरिएको भनी न्याय परिषद्बाट ठहर गरिएको हो ? सो समेत मलाई पदमुक्त गर्न बुझाइएको पत्रमा उल्लेख भएको नदेखिएको अवस्थामा न्याय परिषद्को सो निर्णय सिफारिस न्याय संगत नभै हचुवा हो भन्ने प्रष्ट हुन्छ ।

त्यस्तै, स्पष्टीकरण माग गर्दा उल्लेख गरिएको लागू औषध मुद्दाको सम्बन्धमा भने फैसला गर्दा मैले कानूनी वा कृत्रिम व्यक्तिबाट अपराध हुन नसक्ने प्राकृतिक व्यक्तिबाट मात्र अपराध हुने भन्ने व्याख्या गरी होटल एमरेष्ट इन्टरनेशनललाई सजाय नगरी मुद्दाको प्रतिवादी वास्तविक व्यक्ति गाडी चालकलाई सजाय गरेको र अदालतमा दाखिल नै नभएको गाडीका सम्बन्धमा होटलको नाममा रही प्रतिवादी भएका आधारमा मात्र सो गाडी जफत गर्न नसकिने भै सो होटलको नाममा रहेको गाडी जफत नगरेको सम्बन्धमा विस्तृत रुपमा मैले न्याय परिषद्मा पेश गरेको स्पष्टीकरणमा स्पष्ट पारेकै छु । मेरो व्याख्या ठीक वा वेठीक के हो ? सो कुरा मुद्दाको रोहबाट सम्मानीत अदालतले जाँच गर्दा मेरो आधार गलत ठहरेकै अवस्थामा पनि फैसलामा आधार कारण खुलाई व्याख्या गरि गरेको निर्णय माथिल्लो तह[illegible]टी भयो वा हुन सक्छ भन्दैमा कार्यक्षमताको अभाव भन्न मिल्दैन । मलाई जानकारी वा अवसरनै नदिई सृजना गरेको आरोप र सो को कारवाई प्राकृतिक न्यायको सिद्धान्त विपरीत हुनाले वदरभागी छ ।

लगाइएको आरोपमा न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा २ को खण्ड (क) र (ख) को अभियोग प्रमाणित भएको भनी मलाई पदमुक्त गर्ने पत्रमा उल्लेख भएको छ । न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा २ का विभिन्न खण्डको कुरा न्यायाधीशको कार्य क्षमता अभावको मूल्यांकन गर्दा लिइने आधार हुन । म २०३५ सालमा सेवा प्रवेश गरि २०३६ साल देखि निरन्तर रुपमा जिल्ला न्यायाधीशको पदमा रहि पहाड तराई हिमाली जिल्ला पूर्व मध्य र पश्चिम नेपाल गरी १४ जिल्लामा अटुट रुपले काम गरि सकेको र अदालतमा सुनवाई हुने सबै प्रकारका मुद्दा मामिला हेरी कारवाई र निर्णय गरि सकेको छु । मेरो कार्य क्षमताको जाँच कुनै एक मुद्दामा भएको काम कारवाईबाट मात्र मूल्यांकन हुने विषय होइन । विगत २२।२३ वर्ष जिल्ला न्यायाधीशको पदमा काम गर्न योग्य र क्षमतावान ठहरी न्याय परिषद्ले सिफारिस गरि नियुक्ती पाई पदस्थापना भै काम गरि सकेको मलाई कुनै एक मुद्दामा भएको आदेशको कारणले मेरो कार्य क्षमताको मूल्यांकन हुने होइन । त्यसमा पनि उल्लेखित मुद्दामा मैले गरेको आदेश के कति कारणले असान्दर्भिक भयो ? त्यस्तै आदेश अर्को न्यायाधीशले गर्दा किन प्रश्न उठाइएन ? न्याय निरोपण गर्ने प्रयोजनका लागि ती आदेश आवश्यक थिए कि थिएनन ? र ति आदेश गर्नुको उद्देश्य अन्य कुनै अनुचित उद्देश्य थियो कि ? भन्ने कुरा मुद्दाको स्थितीवाट मात्र प्रष्ट हुने विषय हो । उल्लेखित मुद्दाको जटिलतालाई दृष्टिगत गरि कुनै पनि न्यायकर्ताले गर्ने आदेश भन्दा पृथक ति आदेश छैनन । सम्मानीत अदालतले मिसिल झिकाई जाँचबुझ गरेमा स्पष्ट हुने नै छ । के कुन आधारमा कार्य क्षमताको अभाव भनी निष्कर्ष निकालिएको हो ? सो कुराको जानकारी मलाई नहुने र निर्णयको प्रतिलिपी पाउन नसकिएको हुनाले सो हाल व्यक्त गर्न नसकिए तापनि सम्मानीत अदालतबाट सो निर्णय र सम्वद्ध प्रतिवेदन झिकाई हेरी मलाई लगाइएको आरोपको आधारवारे जानकारी भए पछि तत्काल खण्डन गर्ने अवसर पाउने नै छु । त्यसमा पनि न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा ५ मा उपदफा २,३,४ को आरोपमा सचेत गराई सो सचेत बमोजिम सुधार नभएमा मात्र कारवाई गर्न मिल्छ । मलाई आजसम्म सचेत गराउने निर्णय भएको छैन । अतः मलाई न्याय परिषद्ले पदमुक्त गर्ने गरि गरेको निर्णय उपरोक्त उल्लेखित संविधान, कानून तथा न्यायिक परिपाटी विपरीत भै अन्यायपूर्ण भएकोले सम्पूर्ण निर्णय, कारवाई र सिफारिस उत्प्रेषणको आदेशबाट वदर गरी मलाई पूर्ववत रुपमा जिल्ला न्यायाधीशको पदमा बहाल गर्ने आदेश सिफारिस भै पुनर्स्थापना समेत गरि दिनु भनी परमादेश समेतको आदेश जारी गरि पाउँ भन्ने रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले बाटोका म्याद बाहेक १५ दिन भित्र सम्बन्धित मिसिल साथ राखी महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुलाई सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियम बमोजिम पेश गर्नु भन्ने यस अदालतबाट भएको मिति ०५८।११।१३।२ को आदेश ।

तत्कालिन ललितपुर जिल्ला अदालतका जिल्ला न्यायाधीश हाल दोलखा जिल्ला अदालतमा पदाधिकार रही सर्वोच्च अदालतमा काजमा रहनु भएका श्री गोपाल प्र. गुरागाई माथि लागेको कार्य क्षमताको अभाव समेतको आरोपको सम्वन्धमा जाँचबुझ गर्न सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री कृष्णजंग रायमाझीको अध्यक्षतामा गठीत एक सदस्यीय जाँचबुझ समितिले पेश गरेको प्रतिवेदन समेतको आधारमा निज जिल्ला न्यायाधीशसंग सोधिएको स्पष्टीकरणको जवाफ समेत न्याय परिषद्को बैठकमा पेश भएकोमा निज उपर न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) को खण्ड (क) र (ख) बमोजिम कार्य क्षमताको अभावको आरोप प्रमाणित हुन आएको हुँदा निजलाई सोही आधारमा न्याय परिषद् ऐन, ०४७ को दफा ८ तथा नेपाल अधिराज्यकाको संविधान, ०४७ को धारा ९१ को उपधारा (३) बमोजिम जिल्ला न्यायाधीश पदबाट मुक्त गर्न श्री ५ महाराजाधिराज सरकारका हजूरमा जाहेर हुँदा मौसुफवाट स्वीकृती बक्स भै आवश्यक कारवाईको लागि अनुरोध गर्दछु भनी न्याय परिषद्को पत्रबाट लेखी आएको थियो । यसरी न्याय परिषद्को उपर्युक्त पत्र प्राप्त हुन आएकोले जिल्ला न्यायाधीश श्री गोपाल प्र. गुरागाई पदमुक्त हुनु भएको जानकारी दिने काम मात्र यस अदालतको निर्णयबाट भएको थियो तर यस अदालतबाट रिट निवेदकलाई अवकाश दिने भनी निर्णय गरिएको होइन । न्याय परिषद्वाट पदमुक्त गर्ने भनी लेखी आए अनुसार निजलाई जानकारीसम्म गराइएकोले यस अदालतको हकमा रिट खारेज गरी पाउँ भन्ने समेत व्यहोराको सर्वोच्च अदालतका रजिष्ट्रारले प्रस्तुत गर्नु भएको लिखित जवाफ ।

न्याय परिषद् ऐन, ०४७ को दफा ४क को उपदफा (२) को खण्ड (क) र (ख) बमोजिमको कार्यक्षमताको अभावमा पदमुक्त गर्ने सिफारिस गर्न वाधा पुर्‍याउने नदेखिएकोले न्याय परिषद्को मिति ०५८।९।५ को बैठकवाट उक्त एक सदस्यीय जाँचबुझ समितिको प्रतिवेदनका आधार र निज न्यायाधीशले दिएको स्पष्टीकरण सन्तोषजनक नभएको समेत कारणवाट चन्द्र अवालेको जाहेरीले वादी श्री ५ को सरकार वि. प्रतिवादी लेकमान महर्जन समेत भएको कर्तव्य ज्यान मुद्दाको विषय वस्तुको संवेदनशिलतालाई हेरी फिर्ता लिने अनुमति दिने वा नदिने भन्ने विषयको प्रकृतिवाट चाँडो निकासा दिनुपर्ने विषयमा पटक पटक पेश हुँदा पनि मनासिव कारण विना निर्णय नगरीरहेको र वादी श्री ५ को सरकार वि. प्रतिवादी होटल एभरेष्ट इन्टरनेशनल लिमिटेड समेत भएको लागू औषध चरेश मुद्दामा लागू औषध ओसार पसारमा प्रयोग भएको गाडी समेत जफत गरी पाउँ भन्ने समेत अभियोग दावी भएकोमा प्रस्तुत मुद्दामा कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा २ को परिभाषा खण्ड (ध) को प्रतिकूल हुने गरी "वास्तविक व्यक्तिवाट" मात्र अपराध हुने "वैधानिक व्यक्तिवाट" अपराध हुने होइन भनी कानून प्रतिकूल हुने गरी व्याख्या गरी होटल एभरेष्ट इन्टरनेशनल लिमिटेडलाई सफाई दिएको र लागू औषध ओसार पसारमा प्रयोग भएको गाडी जफत नहुने भनी गरेको फैसला समेतवाट निज उपर न्याय परिषद् ऐन, ०४७ को दफा ८ तथा नेपाल अधिराज्यको संविधान, ०४७ को धारा ९१ को उपधारा (३) बमोजिम जिल्ला न्यायाधीश पदवाट मुक्त गर्न श्री ५ महाराजाधिराज सरकारका जुनाफमा सिफारिस जाहेर गरेको हो । तसर्थ, रिट निवेदक गोपल प्रसाद गुरागाईलाई जिल्ला न्यायाधीश पदवाट मुक्त गर्ने कारवाई, निर्णय र सिफारिस नेपाल अधिराज्यको संविधान, ०४७ को धारा ९१, न्याय परिषद् ऐन, ०४७ र न्याय परिषद् (कार्यविधि) नियमावली, ०५६ अनुरुप संविधानको धारा ९३ बमोजिम अधिकार प्राप्त निकायवाट संविधान एवं कानूनले निर्दिष्ट गरेको आधार, कारण र प्रकृया बमोजिम भएको हुँदा वदर हुनु पर्ने होइन । रिट निवेदन झुठ्ठा र आधारहीन हुँदा खारेज गरी पाउँ भन्ने समेत व्यहोराको न्याय परिषद् सचिवालयका तर्फवाट न्याय परिषद्का सचिवले प्रस्तुत गर्नु भएको लिखित जवाफ ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा मिसिल संलग्न प्रमाण कागजात समेत अध्ययन गरी निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री हरिहर दाहाल, श्री बालकृष्ण न्यौपाने, श्री शम्भु थापा, श्री माधव बस्नेत, श्री चन्द्रकान्त ज्ञवाली, श्री कृष्ण प्र. सापकोटा र गोपाल गुरागाई स्वयं समेतले न्याय परिषद् ऐन, ०४७ को दफा ४क को उपदफा ५ मा उपदफा २, ३ र ४ मा उल्लेखित अवस्थामा परिषद्ले सम्बन्धित न्यायाधीशलाई अवस्थानुसार सचेत गराउन र निजले सो अनुरुप आफ्नो काम कारवाई आचरणमा सुधार नगरेमा संविधान र यस ऐन

अनुसार निज उपर कारवाई चलाउन सक्नेछ भन्ने कानूनी व्यवस्था भएकोमा निवेदकलाई उक्त न्याय परिषद् ऐन, ०४७ को दफा ४क को उपदफा २ को (क) र (ख) को कार्य क्षमताको अभावमा कारवाई र सजाय गरिएको छ। ऐनको दफा ४ को उपदफा २ बमोजिम कारवाई गर्नु भन्दा अगाडि सोही दफाको उपदफा ५ बमोजिम पहिला सचेत गराउने र सो अनुरुप आफ्नो काम कारवाई र आचरणमा सुधार नगरे मात्र संविधान र ऐन बमोजिम कारवाई गर्न मिल्छ तर प्रस्तुत मुद्दामा निवेदकलाई न्याय परिषद् ऐन, ०४७ को दफा ४क को उपदफा ५ बमोजिम सचेत गराउमे कुनै निर्णय भएको छैन। एक पटक सचेत गराउने निर्णय गरी सो बमोजिम सुधार नभएमा मात्र संविधान र कानून बमोजिम कारवाई गर्ने अधिकार विपक्षी न्याय परिषद्लाई हुने हो। सोही उपदफा ५ को प्रतिबन्धात्मक वाक्यांशमा खराब आचरणको अभियोगमा सचेत गराउन आवश्यक छैन भन्ने छ। यो कानूनी व्यवस्थाले उपदफा २ को अभियोगमा पहिले सचेत गराएपछि मात्र कारवाई गर्ने अधिकार प्राप्त हुन्छ तर निवेदकलाई खराब आचरणको अभियोगमा पदमुक्त गरिएको छैन। कार्य क्षमताको अभावमा सचेत गराई सो बमोजिम सुधार नभएमा मात्र कारवाई गर्नु पर्नेमा ऐनले तोकेको पूर्वशर्त पूरा नगरी भएको निर्णय न्याय परिषद् ऐन, ०४७ को दफा ४क को उपदफा २ र ५ को विपरीत भई बदरभागी छ।

न्याय परिषद् ऐन, ०४७ को दफा ४क को उपदफा २ को खण्ड (क) र (ख) कार्य क्षमताको अभावमा कारवाई चलाउन सक्ने व्यवस्था हो भने दफा ४क को उपदफा (४) खराब आचरणको लागि मात्र हो। उक्त दफा ४क को उपदफा २ को खण्ड (क) र (ख) ले सचेत गराएको छैन। दफा ४क को उपदफा २ को खण्ड (क) र (ख) स्थापित हुनु पर्‍यो। निवेदकको Motive खराब छैन। अनावश्यक रुपमा लम्वाउने उद्देश्यले मात्रै मुद्दा हटाइएको हैन। मुद्दा हटाउंदा पनि न्यायसंगत आधारमा गरिएको अवस्था छ। न्याय परिषद्ले खराब आचरण भएको आरोप लगाएको छैन। खराब आचारण बाहेकको अन्य कारवाई गर्दा निवेदकलाई सचेत गराउनै पर्ने वाध्यात्मक व्यवस्था न्याय परिषद् ऐन, ०४७ को दफा ५ ले स्पष्ट गरेको छ। न्याय परिषदले कारवाईको सिफारिस गर्दा कार्यक्षमताको अभाव भनी कारवाई गरेको तर वाध्यात्मक रुपमा पालना गर्नु पर्ने कानूनी व्यवस्था पालना नगरेको अवस्था एकातिर विद्यमान छ भने अर्कोतिर न्याय परिषद्ले कारवाईको सिफारिस गर्नु भन्दा अगाडि प्रथमतः निवेदकलाई सचेत गराउछ र सचेत गराउंदा पनि नसुध्रिएमा मात्र कारवाईको लागि सिफारिस गर्न सक्ने हो तर सचेत गराउने प्रकृयामा नपुगी एक्कासी दोश्रो प्रकृयामा पुगी कारवाई थालनी हुनु न्याय परिषद् ऐन, ०४७ को दफा ५ को ठाडो उल्लंघन हो।

त्यस्तैगरी, सर्वोच्च अदालतका रजिष्ट्रारको पत्रले न्यायाधीशको जागीर जानु भनेको वडा विडम्वनापूर्ण हो। किनकी न्यायाधीश त न्याय परिषद्को कर्मचारी हो न की सर्वोच्च अदालतको। तसर्थ, न्याय परिषद्ले पदमुक्तको पत्र दिनु पर्नेमा सरोकार नभएको निकायले दिएको पत्र मिलेको छैन।

न्यायाधीशले Judgeship को रुपमा गरेको काममा नोकरी नै जानु कहाँसम्म न्यायसंगत छ ? न्यायिक पुनरावलोकनबाट अदालतले हेर्ने मुद्दामा जस्तै test गर्ने छुट्टै पद्धति यस मुद्दामा पनि लागू हुनुपर्छ र न्याय परिषद्ले जुन रुपमा कारवाई गर्‍यो त्यो वस्तुनिष्ठ नभै आत्मनिष्ठ छ। तसर्थ, संविधान र ऐनको समेत भावनालाई आत्मसात नगरी गरेको निर्णय र सो आधारमा पदमुक्त गरिएको कार्य समेत वदर गरी निवेदकलाई साविक पदमा बहाल गरी पाउँ भनी बहस गर्नु भयो भने प्रत्यर्थीहरुको तर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका विद्वान सहन्यायाधिवक्ता श्री राजनारायण पाठकले सर्वोच्च अदालतको रजिष्ट्रारले सही गरी पत्र दिएपनि निवेदक त्यहाँकाजमा बसेकोले प्रशासकीय अधिकारीले पत्र दिएको मात्र हो। प्रस्तुत मुद्दामा निर्णय त न्याय परिषद्को नै हो। निवेदक छानविन समितिको प्रतिवेदनलाई रोक्न सर्वोच्च अदालत आउनु पर्नेमा आएको छैन। त्यो अवस्था पार गरी सकेपछि अब पदमुक्तिको सिफारिस गरे विरुद्ध आउन पाइदैन। साथै रिट क्षेत्राधिकारबाट तथ्यमा प्रवेश गरी प्रस्तुत मुद्दाको निरोपण गर्न समेत नमिल्ने हुँदा रिट निवेदन खारेज भागी छ खारेज गरी पाउँ भनी आफ्नो बहस समेत प्रस्तुत गर्नु भयो।

आज निर्णय सुनाउन पेशी तारेख ताकिई पेश हुन आएको प्रस्तुत मुद्दामा निवेदक स्वयं र विद्वान कानून व्यवसायीहरुले गर्नु भएको बहस जिकिर समेत सुनी रिट निवेदन सहितको मिसिल अध्ययन गरी निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्ने नपर्ने के हो ? भनी निर्णय दिनुपर्ने देखिन आयो।

यसमा निर्णयतर्फ विचार गर्दा निवेदकको मुख्य माग देहाय बमोजिम देखिन्छ :-

क) न्याय परिषद् ऐन, ०४७ को दफा ४क को उपदफा २ को खण्ड (क) र (ख) अभियोगमा निवेदकलाई पदमुक्त गर्ने आदेश भएको छ तर दफा ४क को उपदफा २ का विभिन्न खण्डका कुराहरु कार्य क्षमताको अभाव भएको मूल्यांकन गर्ने आधारहरु हुन। कार्य क्षमताको मूल्यांकन कुनै एक मुद्दामा भएको काम कारवाईबाट मात्र मूल्यांकन गर्ने होइन।

ख) न्याय परिषद् ऐन, ०४७ को दफा ४क को उपदफा ५ को २,३ र ४ को आरोपमा सचेत गराई सुधार नभएमा मात्र कारवाई गर्न मिल्नेमा सचेत नै नगराई कारवाई गरेको नमिलेकोले नेपाल अधिराज्यको संविधान, ०४७ को धारा ८८(२) बमोजिम परिषद्को मिति ०५८।९।५ र ०५८।९।१६ को निर्णय वदर गरी पूर्ववत रुपमा काम गर्ने आदेश गरी पाउँ भन्ने मूल मागदावी देखियो।

सो सम्बन्धमा कारवाई सम्बन्धी सक्कल फायल हेर्दा निवेदकले पद अनुसारको आचरण नगरेको भन्ने सम्वन्धमा परेको उजुरीलाई लिएर तथ्य पत्ता लगाउन नेपाल अधिराज्यको संविधान, ०४७ को धारा ९१ को उपधारा (३) र न्याय परिषद् ऐन, ०४७ को दफा ४क को उपदफा (४) को प्रयोजनको लागि न्याय परिषद् ऐन, ०४७ को दफा ६ बमोजिम यस अदालतको त्यतिबेला वहालवाला माननीय न्यायाधीशको एक सदस्यीय जाँचवुझ समिति गठन गरी निवेदक विरुद्ध परेको उजुरीको सम्बन्धमा न्यायिक आयोगबाट निष्पक्ष जाँच समेत गराएको देखियो।

न्यायिक जाँचबुझबाट निवेदकले न्याय परिषद् ऐन, ०४७ को दफा ४क को उपदफा (४) बमोजिम खराब आचरण गरेको र उपदफा २ को खण्ड (क) र (ख) बमोजिम उचित कारण विना निर्धारित समयभित्र मुद्दाको कारवाई किनारा नगरी मुद्दा अनुचित किसिमबाट लम्वाएको भन्ने देखिएको छ।

नेपाल अधिराज्यको संविधान, ०४७ को धारा ९१ को उपधारा (३) मा कार्यक्षमताको अभाव वा खराब आचरण भएमा वा पदीय कर्तव्य इमान्दारपूर्वक पालना नगरेमा जिल्ला न्यायाधीशलाई पदबाट हटाउन न्याय परिषद्ले सिफारिस गर्न सक्ने र त्यसरी न्याय परिषद्ले गरेको सिफारिस श्री ५ बाट स्वीकृत भएपछि जिल्ला न्यायाधीश पदमुक्त हुने स्पष्ट संवैधानिक व्यवस्था भएको देखिन्छ।

न्याय परिषद् ऐन, ०४७ को दफा ४क को उपदफा २ मा उचित कारण विना कानूनद्वारा निर्धारित समयभित्र मुद्दा नछिनी राख्ने र मुद्दामा एकै पटक गर्न सकिने आदेश एकै पटक नगरी अनावश्यक मुद्दा लम्व्याउने कार्यलाई "कार्य क्षमताको अभाव" मानिनेछ भनी "कार्य क्षमताको अभावको" परिभाषा भएको र उपदफा (४) मा "प्रचलित कानून बमोजिम भ्रष्टाचार ठहरिने कुनै काम गरेमा" वा "अदालतको मर्यादा भंग हुने गरी पदीय अनुशासनको प्रतिकूल" कुनै अशोभनीय आचरण गरेमा "आचरण खराव" मानिनेछ भनी "खराव आचरणको" परिभाषा भएको देखिन्छ।

निवेदक न्यायाधीश जस्तो गरिमामय र जिम्मेवारीपूर्ण पदमा वसेको व्यक्तिबाट उक्त दुवै कार्य भएको भन्ने कुरा निवेदकसंग न्याय परिषद् सचिवालयले ०५८।८।७।५ को पत्रद्वारा मागेको स्पष्टीकरणको प्रकरण (क) र (ख) बाटै देखिएको छ र प्रकरण (क) र (ख) को आरोप संविधानको धारा ९१ को उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांशमा भएको व्यवस्था बमोजिम गठीत एक सदस्यीय न्यायिक जाँचवुझ आयोगको प्रतिवेदनमा आधारित छ भन्ने कुरामा विवाद भएन।

न्यायाधीशलाई अनुशासन सम्बन्धी कारवाई वा वर्खास्तीको कारवाईका सम्बन्धमा संविधानको धारा ९३ मा उल्लेख भएपनि कार्यविधि न्याय परिषद् ऐन, ०४७ मा तोकिएको छ। ऐनको दफा ५ मा न्यायाधीश विरुद्ध परेको उजुरीको सम्वन्धमा आवश्यकता अनुसार न्याय परिषद्का अध्यक्ष, सदस्य वा पुनरावेदन अदालतको न्यायाधीशद्वारा प्रारम्भिक जाँचबुझ गराउने, दफा ६ मा जाँचवुझ समिति गठन गरी समितिबाट जाँचबुझ गराउने र दफा ८ मा कारवाई गर्नु अगाडि सम्वन्धित न्यायाधीशलाई सफाईको प्रमाण पेश गर्ने मौका प्रदान गरी स्पष्टीकरण माग गर्ने र पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा पदबाट मुक्त गर्न परिषद्ले नेपाल अधिराज्यको संविधान, ०४७ को धारा ९१ को उपधारा (३) र न्याय परिषद् ऐन, २०४७ को दफा ८ बमोजिम श्री ५ मा जाहेर गर्ने र श्री ५ बाट पदमुक्त गर्ने सिफारिस स्वीकृत भएमा पदमुक्त हुने कानूनी व्यवस्था भएको देखिन्छ।

निवेदक उपर नेपाल अधिराज्यको संविधान, २०४७ र न्याय परिषद् ऐन, २०४७ मा व्यवस्था भए बमोजिमको कार्यविधि अनुसार नै कारवाई भएको देखिन्छ । निवेदक उपर उजुरीको भरमा मात्र निवेदकलाई कारवाई भएको नभई विचाराधिन मुद्दामा भएको ढिलाई र निवेदकको क्रियाकलाप आदि समेतका सम्बन्धमा सर्वोच्च अदालतको बहालवाला न्यायाधीशद्वारा जाँचबुझ आयोगले दिएको प्रतिवेदनको आधारमा कारवाई भएको हुँदा कारवाई वेरितको भएको वा कारवाईमा Procedural error भएको भन्ने देखिएन ।

प्रस्तुत निवेदन नेपाल अधिराज्यको संविधान, ०४७ को धारा २३ र धारा ८८(२) बमोजिम पर्न आएको निवेदन हो । धारा ८८(२) अन्तर्गत असाधारण अधिकारक्षेत्र अन्तर्गत यस अदालतले सुनुवाई गर्ने यस्ता रिट निवेदनहरुमा वदर गराउन माग गरेको निर्णयको Merit भित्र प्रवेश गरी निर्णय ठीक वेठीक के छ ? भनी निर्णयको Merit हेरिदैन । केवल निर्णय गर्दा निर्णयकर्ताले अपनाएको प्रकृया र कार्यविधि मात्र हेरिन्छ । यसलाई रिट निवेदनको सर्वमान्य सिद्धान्त मानिन्छ । रिट निवेदक हेलवहादुर शिल्पकार वि. पोखरा नगरपालिका भएको ने.का.प. २०५१ अंक ४ नि.नं. ४९०२ पृ. २९८ निवेदक जयन्त लम्साल समेत वि. तारा गाउँ विकास समिति समेत ने.का.प. २०५० अंक ५ नि.नं. ४७४५ पृ. २७७, निवेदक चौधाराइन देवी यादवनी वि. जिल्ला अदालत रौतहट समेत ने.का.प. २०५० अंक ३ नि.नं. ४७१७ पृ. १७०, निवेदक मेघराज शाही वि. पाठकला शाही समेत ने.का.प. २०५० अंक ३ नि.नं. ४७१३ पृ. १५८ तथा निवेदक छविलाल भुसाल वि. मालपोत कार्यालय भएको २०६० सालको रिट नं. ३२२८ फैसला मिति २०६२।९।१५ का उत्प्रेष्णाका रिट निवेदन लगायत अन्य कतिपय निवेदनहरुमा रिट निवेदनमा विवादको तथ्य भित्र प्रवेश गर्न नहुने भन्ने सिद्धान्त स्थापित गरी सकिएको छ । रिट निवेदन सम्बन्धमा मान्य सिद्धान्त नै यही हो । यदि यो निवेदनमा पनि निर्णयको तथ्य भित्र प्रवेशगरी हेर्ने हो भने यस अदालतले स्थापित गरेको सिद्धान्त विपरीत मात्र हुने होइन की संविधानको धारा ८४ को मान्य सिद्धान्तको समेत विपरीत हुन जान्छ । नेपाल अधिराज्यको संविधान, ०४७ को धारा ८८(२) अन्तर्गतको रिट निवेदन अन्तर्गतको अधिकारक्षेत्र र धारा ८८(३) अन्तर्गतको पुनरावेदन सुन्ने अधिकारक्षेत्रको फरक यही नै हो ।

अदालतले कुनै अधिकारीले गरेको प्रशासकीय प्रकारको निर्णयको न्यायिक पुनरावलोकन गर्दा देहायको सीमाभित्र सीमित रहेर गर्नु पर्छ भनी GARNER ले Administrative law मा उल्लेख गरेका छन्- "The principles according to which the courts are prepared to apply the ultra vires doctrine and review the exercise of the administrative, judicial or legislative acts of an agency are as follows:-

a) breach of the principles of natural justice
b) excess of powers
c) errors of procedure
d) errors of law
e) failure to perform a duty
f) bad faith or abuse of power

प्रस्तुत निवेदनमा निवेदकका विरुद्ध उजुर परेपछि कानून बमोजिम जाँचबुझ आयोग गठन भएको जाँचबुझ आयोगले निवेदकसंग बयान लिई आवश्यक सोधपुछ र छानविन गरी तथ्य पत्ता लगाई प्रतिवेदन दिएको देखिन्छ । जाँचबुझ आयोगको प्रतिवेदनको आधारमा निवेदकसंग संविधान बमोजिम परिषद्बाट स्पष्टीकरण माग गर्ने निर्णय गरी स्पष्टीकरण माग गर्ने परिषद्को निर्णय सचिव मार्फत कार्यन्वयन गरिएको र स्पष्टीकरण सन्तोषजनक नभएको कारण निवेदकलाई पदवाट मुक्त गर्ने पाँच सदस्यीय परिषद्ले सिफारिस गरेकोमा श्री ५ बाट परिषद्को सिफारिस बमोजिम नै पदमुक्त गरीबक्सेको देखिएको हुँदा निवेदक विरुद्ध निष्पक्ष जाँचबुझ गराई निवेदक उपर लागेको आरोपको विरुद्ध कुनै Bad Faith र malafide ल्फतभल्तघ्ल नराखी संविधान्मा तोकिएको पदाधिकारीवाट आफ्नो अधिकारभित्र रही पदवाट बर्खास्त गर्ने सिफारिस गरेको र नेपाल अधिराज्यको संविधान, ०४७ बमोजिम श्री ५ बाट बर्खास्त गर्ने सिफारिस स्वीकृत भएको हुँदा निवेदकले वदर गराउन माग गरेको परिषद्को निर्णयमा कुनै त्रुटी देखिएन । यस्ता प्रकारका विषयमा procedural error जस्तै breach of the principles of natural justice अर्थात निवेदकसंग सफाईको लागि स्पष्टीकरण नमागी ठाडो कारवाई भएको भए अथवा कानूनले दिएको भन्दा बढी अधिकार प्रयोग गरेको अर्थात excess of power गरेको भए अथवा errors of

procedure अर्थात न्याय परिषद् ऐन, २०४७ मा तोकिएको कार्यविधि विपरीत गरी निर्णय गरिएको भए अथवा कानूनको प्रयोगमा त्रुटि अर्थात error of law गरिएको भए अथवा कानूनले तोकिएको कुनै कर्तव्य पालना नगरिएको भए अर्थात failure to perform a duty गरिएको भए अथवा निवेदक प्रति बदनियत चिताई अधिकारको दुरुपयोग गरी निर्णय गरिएको bad faith of abuse of power गरी निर्णय गरिएको भए यस अदालतले धारा ८८(२) बमोजिम आफूलाई प्राप्त असाधारण अधिकार प्रयोग गरी उपयुक्त आदेश जारी गर्न पर्ने अवस्था उत्पन्न हुने थियो तर त्यसको विपरीत परिषद्को सम्पूर्ण काम कारवाई र अपनाएको कार्यविधि संविधान र कानून अनुकूल देखिएको र पाइएकोले यस अदालतले हस्तक्षेप गर्न मिलेन ।

सो सम्वन्धमा यहाँ भारतीय सर्वोच्च अदालतबाट असाधारण अधिकार क्षेत्र अन्तर्गत अदालतले गर्ने न्यायिक पुनरावलोकनका सम्वन्धमा State of up Vs. Dharmander Prasad Sing को १९८९ को मुद्दा र SC Advocates on Record Vs Union of India को १९९४ को मुद्दामा प्रतिपादन भएको सिद्धान्त यहाँ उल्लेखनिय छ :-

"Judicial Review under Art. 226 cannot be converted into an appeal. Judicial Review is directed not against the decision but is confined to the examination of the decision making process भन्ने व्याख्या भएको छ भने पछिल्लो Supreme court Advocate on Record को मुद्दामा न्यायाधीशबाट भएको प्रशासकीय र अर्ध-न्यायिक प्रकारको काम कारवाईमा न्यायिक पुनरावलोकन गर्दा प्रशासकीय अधिकारीले गरेको काम कारवाईमा भन्दा भिन्दै प्रकारले हेर्नु पर्छ भन्ने व्याख्या गरेको देखिन्छ ।

न्यायाधीशहरुको नियुक्ति र सरुवा सम्बन्धी उक्त मुद्दामा ९ जना न्यायाधीशको वृहत पूर्ण इजलासले गरेको उक्त व्याख्यामा न्यायिक पुनरावलोकन अर्थात Judicial Review को व्यवस्था मुख्यतया प्रशासकीय अधिकारीले गरेको काम कारवाई उपर हो । न्यायाधीशले गरेको काम कारवाई उपर न्यायिक पुनरावलोकन गर्नको लागि व्यवस्था भएको होइन भनिएको छ । प्रशासकीय निर्णयमा Judicial mind नलगाउने र प्रशासकीय निर्णयमा स्वेच्छाचारिता (Arbistrariness) हावी हुन सक्ने हुन्छ । त्यसकारणले गर्दा Judicial Review को उत्पति नै प्रशासकीय अधिकारीले गरेको प्रशासकीय निर्णयको लागि हो भन्ने व्याख्या गरेको पाइन्छ । उक्त मुद्दा न्यायाधीशहरुको नियुक्ति र सरुवा सम्वन्धी विवादको थियो । ९ जना न्यायाधीशको उक्त फैसलामा न्यायाधीश नियुक्ति र सरुवामा न्यायाधीशको बहुमत हुने र न्यायाधीशको पेशा नै न्यायिक मन लगाई निष्पक्ष र स्वतन्त्र भई काम गर्ने कारणले गर्दा Review को आवश्यकता नपर्ने भनी देहायको सिद्धान्त कायम गरेको छ :-

The primacy of the judiciary in the matter of appointments and its determinative nature in transfers introduces the judicial element in the process, and is itself a sufficient justification for the absence of the need for further judicial review of those decisions, which is ordinarily needed as a check against possible executive execess or arbitrariness. Plurality of Judges in the formation of the opinion of the Chief Justice of India, as indicated, is another inbuilt check against the likelihood of arbitrariness of bias, even subconsciously, of any individual. The judicial element being predominant in the case of appointments, and decisive in transfers, as indicated, the need for further judicial review, as in other executive action, is eliminated. The reduction of the area of discretion to the minimum, the element of plurality of judges in formation of the opinion of the Chief Justice of India, effective consultation in writing, and prevailing norms to regulate the area of discretion are sufficient checks against arbitrariness. ९ जना न्यायमूर्तिहरुले रिट क्षेत्राधिकारको व्याख्या गर्दै जहाँ न्यायाधीशहरुले कुनै नियुक्ति वा सरुवा सम्वन्धी निर्णय गर्छन भने न्यायाधीशहरुबाट Judicial mind लगाएर काम गर्ने हुँदा न्यायाधीशहरुले गरेको त्यस्तो निर्णयमा judicial review गर्न पर्दैन भन्ने व्याख्या भएको छ । ठीक त्यस्तै हाम्रो सन्दर्भमा पनि संविधानले न्याय परिषद्मा पाँच सदस्य मध्ये तिन सदस्य बहालवाला न्यायाधीश, एक सदस्य कानूनविद् र एक

सदस्य मात्र कार्यपालिकाको प्रतिनिधित्व हुने व्यवस्था गरेको हुँदा बहुमतको निर्णय न्यायाधीशको हुने अर्थात नियुक्ति र बर्खास्ती आदिमा Primacy न्यायाधीशकै हुने हुँदा apparent error on the face of record देखिने त्रुटी नभएको अवस्थामा judicial review गर्न आवश्यक पर्दैन ।

अतः उपरोक्त कारणले गर्दा निवेदकलाई पदमुक्त गर्ने न्याय परिषद्को सिफारिस एवं निर्णयमा कुनै कानूनी त्रुटि देखिएन र कानून बमोजिम भएको निर्णयवाट निवेदकको संवैधानिक एवं कानूनी हक हनन नहुने र यस विषयमा यस्तै विषय समावेश भएको ०५२ सालको रिट नं. २३६२ धुवलालराज वि. न्याय परिषद् समेत भएको रिटमा निवेदक माथि लगाइएको खराव आचरणको अभियोग सम्वन्धमा अधिकार प्राप्त निकायबाट जाँचबुझ भै सवूद प्रमाणको मूल्यांकन गरी कानून वमोजिम भएको निर्णय उपर रिट क्षेत्रबाट प्रमाणको मूल्यांकन गरी निर्णय गर्ने विषय नभएको तथा कानूनले निर्धारित प्रकृया बमोजिम कारवाई भै रहेको देखिंदा कानूनी त्रुटीपूर्ण भन्न नमिल्ने समेतबाट निवेदकको मौलिक हक हनन भै कानून विपरीत आघात पुगेको नदेखिंदा रिट निवेदन जारी हुन सक्ने अवस्था देखिएन भन्दै सिद्धान्त समेत स्थापित भएको ँ रिट निवेदन खारेज हुन्छ । मिसिल नियमानुसार गरी बुझाई दिनु ।

(वलराम के.सी.)
न्यायाधीश

उक्त रायमा म सहमत छु ।

(ताहिर अलि अन्सारी )
न्यायाधीश

इति सम्वत् २०६२ साल माघ महिना १८ गते रोज ३ शुभम ..................................................

सर्वोच्च अदालत एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री राजेन्द्र प्रसाद कोइराला
आदेश

संवत २०६३ सालको रिट नम्वर २३२५

बिषयः- उत्प्रेषणको आदेश जारी गरी पाउँ ।

मोरङ जिल्ला विराटनगर उप-महानगरपालिका वडा नं. १ को हाल का.जि.का.म.न.पा.वडा नं. ३४ बानेश्वर घर भै पुनरावेदन अदालत पाटनमा कार्यरत न्यायाधीश बर्ष ६२ को आत्माराम भट्टराई.................१

निवेदक

विरुद्ध

सर्वोच्च अदालत परिसर स्थित न्याय परिषद् ..१
निजामती कितावखाना, ललितपुर .........१

विपक्षी

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३,८८(२) अनुसार यस अदालतमा पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ ।

म निवेदक २०३५ सालमा न्याय सेवामा प्रवेश गरी राष्ट्र सेवा गरी रहेको क्रममा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम २०५३ सालमा पुनरावेदन अदालतको न्यायाधीश पदमा नियुक्ति प्राप्त गरी हाल पुनरावेदन अदालत, पाटनको न्यायाधीश पदमा कार्यरत रहेको तथ्य निवेदन गर्दछु । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१(५) बमोजिम ६३ बर्षको उमेर सम्म न्यायाधीश पदमा बहाल रहन पाउने म निवेदकको अधिकार सुनिश्चित रहेको छ । न्याय सेवामा प्रवेश गर्नु पूर्व निवेदक विकास तर्फको स्थायी कर्मचारी भएकोले सो सेवा पनि यस न्याय सेवामा जोडिएको थियो । त्यसरी सेवा प्रवेश गर्दा भर्न पर्ने सिटरोलमा निवेदकको जन्म मिति २००१।१०।२५ उल्लेख भएको र सोही आधारमा न्याय परिषद्बाट प्रकाशित भएको बुलेटिनमा पनि मेरो जन्म मिति सोही बमोजिम उल्लेख भएको आधारमा म निवेदक सेवा निबृत्त हुन अझ एक बर्ष बाँकी रहेको छ । मैले २०२७ सालमा नागरिकता लिएको अवस्थामा मेरो उमेर २६ बर्षको उल्लेख भएकोबाट मेरो जन्म २००१ साल हो भन्ने कुरा उक्त अभिलेखबाट देखिन्छ । जहाँसम्म शैक्षिक योग्यताको प्रमाण पत्र छ, त्यसमा

जन्म मिति आदि केही खुल्दैन । त्यसो हुँदा जन्म मिति खुलेको अभिलेखको आधारमा मेरो अवकाश हुने समय बाँकी रहेको भन्ने तथ्य पुष्टि हुन्छ । प्रत्यर्थी न्याय परिषद्को मिति २०६३।८।१७ को पत्रलाई बदर गराई मागन प्रचलित कानूनमा अन्य उपचारको मार्ग नभएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३/८८ (२) को आधारमा निवेदन गर्न आएको छु । निवेदक कानून र संविधान बमोजिम सेवा प्रवेश गरेको हुँदा कानून बमोजिम नै अनिवार्य अवकाश पाउने हो । कसैलाई कानून विपरीत तरिकाबाट सेवा निवृत्त गर्न मिल्दैन । कुन मितिको कुन प्रमाण कागजको आधारमा मिति २०६३।९।१ देखि अनिवार्य अवकाश पाउने हो । मलाई दिइएको मिति २०६३।८।१७ को पत्रमा खुल्दैन । यस स्थितिमा विना आधार प्रमाण हचुवाको भरमा लेखिएको पत्र प्राकृतिक न्यायको सिद्धान्तको विपरीत छ । नागरिकता र सिटरोल समेत प्रमाणहरुको आधारमा मेरो सेवा अझ एक बर्ष बाँकी रहेको तथ्य पुष्टि हुन्छ । त्यसैले मिति २०६३।९।१ देखि मेरो सेवा अवधि समाप्त हुँदैन । कानून अनुसार भोगेको हक सुविधा पाउने कानून व्याख्या सम्वन्धी ऐन, २०१० को दफा ४ मा अन्तर्निहित कानून व्याख्याको सिद्धान्त हो । सो अनुसार निवेदकले सिटरोल भर्दा उल्लेख गरेको जन्म मितिलाई अन्यथा गर्न मिल्दैन । ने.का.प. २०४३ नि.नं. २८०८ पृष्ठ ७४१ मा प्रकाशित सिद्धान्त अनुसार त्यस्तो कानून विपरीतको पत्र बदर भागी छ । म निवेदकलाई प्रत्यर्थीले उक्त पत्र प्रेषित गर्नुको पछिल्तिर निजामती सेवा अध्यादेश, २०६२ लाई अवलम्वन गरिएको भन्ने चर्चा छ । निजामती सम्वन्धी कानून न्यायाधीशको हकमा लागू गर्न पनि मिल्दैन ।

अतः नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(१), धारा १२(२) (ङ), १७ द्वारा सुनिश्चित हकको साथै ऐ. धारा ९१(५) बमोजिम ६३ वर्षको उमेर सम्म न्यायाधीशको रुपमा सेवा गर्न पाउने निवेदकको हक समेतमा प्रत्यर्थीको उक्त पत्रले आघात परेबाट प्रत्यर्थीको मिति २०६३।८।१७ को पत्र तथा तत्सम्वन्धमा भएका काम कारवाही एवं निर्णय समेत उत्प्रेषणको आदेशद्वारा बदर गरी पाउँ । साथै मिति २०६३।९।१ देखि अनिवार्य अवकाश हुने भनी उक्त पत्रमा उल्लेख भएकोले अन्तरिम आदेश जारी नभएमा प्रस्तुत निवेदनको औचित्य समाप्त हुने भएबाट सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ को आधारमा उक्त पत्र कार्यान्वयन नगर्नु भनी अन्तरिम आदेश समेत जारी गरी पाउँ । यसैगरी बिषयबस्तुको गम्भिरतालाई दृष्टिगत गरी अग्राधिकार प्रदान गर्ने आदेश समेत जारी पाउँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

नियम बमोजिम दैनिक मुद्दा पेशी सूचिमा पेश हुन आएको प्रस्तुत रिट निवेदन अध्ययन गरी निवेदक तर्फका विद्वान वरिष्ठ श्री महादेव प्रसाद यादव तथा अधिवक्ताहरु श्री प्रकाश वस्ती, श्री राधेश्याम पराजुली र श्री युवराज भण्डारीले न्याय परिषद्ले निवेदकलाई अनिवार्य अवकाश दिने भनी लेखेको पत्रमा के कुन आधारबाट निवेदक अवकाश हुने हो खुलेको छैन । विना आधार प्रमाण लेखिएको पत्र प्राकृतिक न्यायको सिद्धान्तको विपरीत छ । निवेदकले भरेको सिटरोल, नागरिकताको प्रमाण पत्र, न्याय परिषद्बाट प्रकाशित बुलेटिनबाट निवेदकले अनिवार्य अवकाश पाउन अझै १ बर्ष जति बाँकी रहेको देखिन्छ । शैक्षिक योग्यताको प्रमाण पत्रमा जन्म मिति खुलेको छैन । निवेदक न्यायाधीश पदमा बहाल रहँदा निजामती सेवा ऐन ग्राह्य हुँदैन । जन्म मिति खुलेका कागजातबाट निवेदकले न्यायाधीशको पदबाट अवकाश पाउन १ बर्ष बाँकी छँदै न्याय परिषद्ले अवकाश दिने सम्वन्धमा लेखेको पत्र त्रुटिपूर्ण छ । साथै प्रस्तुत निवेदनमा अन्तरिम आदेश जारी नगर्दा निवेदनको बिषय नै निष्प्रयोजन हुने हुँदा विपक्षीको नाममा अन्तरिम आदेश समेत जारी गरिनु पर्छ भनी बहस प्रस्तुत गर्नु भयो ।

निवेदकले मुख्यतः सेवा प्रवेश गर्दा भरेको सिटरोल, नागरिकताको प्रमाण पत्र र न्याय परिषद्बाट प्रकाशित बुलेटिनमा प्रकाशित जन्ममितिबाट अनिवार्य अवकाश पाउने मिति टुंगो लगाइनु पर्छ नकी जन्म मिति नखुलेका अन्य कागजात एवं शैक्षिक योग्यताको प्रमाण पत्रबाट भन्ने मुख्य जिकिर पाइयो । यस अदालत पूर्ण इजलासबाट सम्वत २०५८ सालको रि.पु.इ.नं. ३३ निवेदक राम गोपाल बरुण विरुद्ध सामान्य प्रशासन मन्त्रालय समेत भएको उत्प्रेष्ण परमादेश मुद्दामा र सम्वत २०५८ सालको रि.पु.इ.नं. ५१ निवेदक भैरव झा विरुद्ध सामान्य प्रशासन मन्त्रालय समेत भएको उत्प्रेष्ण समेत मुद्दामा मिति २०५९।१०।२ मा निर्णय हुँदा "शैक्षिक योग्यताको प्रमाण पत्र र कर्मचारीको वैयक्तिक विवरण फाराम (सिटरोल) मा बेग्ला बेग्लै उमेर लेखिन गएको अवस्थामा सिटरोलमा लेखिएको उमेर सम्बन्धी विवरणलाई सेवा प्रवेश गर्दा पेश

गरेको शैक्षिक योग्यताको प्रमाण पत्रले प्रमाणित गर्ने भएकोले मौकामा त्यस्तो प्रमाण पत्र पेश गरेकोमा सिटरोलमा लेखेको जन्म मिति भन्दा शैक्षिक योग्यताको प्रमाण पत्रमा उल्लेखित जन्म मितिले मान्यता पाउँछ" भन्ने सिद्धान्त प्रतिपादन भई रहेको पाइन्छ । यस परिप्रेक्ष्यमा निवेदकको शैक्षिक योग्यता प्रमाण पत्र (S.L.C. Certificate) मा निवेदकको जन्म मिति २०१७ सालको पौष महिनामा १७ बर्ष उमेर पुगेको भन्ने उल्लेख भएको देखिई सो तथ्याङ्कहरुबाट पेश भएका प्रमाण पत्रहरु मध्ये सबै भन्दा अघि निजको ६३ बर्षको उमेर २०६३ साल मार्ग मसान्तमा पुग्ने र मिति २०६३।९।१ बाट नै अवकाश पाउने देखिन आयो । निवेदकको माग अनुसार सिटरोलमा उल्लेख गरिएको उमेरको आधारमा अनिवार्य अवकाश पाउने भन्न मिल्ने देखिएन ।

तसर्थ, अन्तरिम आदेश समेतको माग गरिएको प्रस्तुत रिट निवेदनमा विपक्षीबाट लिखित जवाफ माग गरिरहनु पर्ने अवस्था समेत नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । मिसिल नियमानुसार गरी बुझाई दिनु ।

(राजेन्द्र प्रसाद कोइराला)
न्यायाधीश

ईति सम्वत २०६३ साल मार्ग २९ गते रोज ६ शुभम --

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री ताहिर अलि अन्सारी
फैसला

सम्वत् २०६३ सालको रिट नं. - ०२६१
विषय :- उत्प्रेषण समेत ।

पुनरावेदन सरकारी वकील कार्यालय, जनकपुरमा पदाधिकार भई हाल आन्तरिक राजश्व विभाग लाजिम्पाटमा उपन्यायाधिवक्ताको पदमा कार्यरत बद्रीप्रसाद ओली ....................... १ निवेदक

जिल्ला सरकारी वकील कार्यालय, सिन्धुपाल्चोकको जिल्ला न्यायाधिवक्ता पदमा पदाधिकार भई हाल अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उप-न्यायाधिवक्ता पदमा कार्यरत ध्रुव कुमार भट्टराई....................... १

जिल्ला सरकारी वकील कार्यालय, उदयपुरको जिल्ला न्यायाधिवक्ता पदमा पदाधिकार भई हाल उच्चस्तरी न्यायिक जाँचवुझ आयोग २०६३ हरिहर भवनमा कार्यरत मेदिनी प्रसाद पौडेल ......... १

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उप-न्यायाधिवक्ता पदमा कार्यरत राजन प्रसाद भट्टराई ................................................. १

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उप-न्यायाधिवक्ता पदमा कार्यरत गणेश बाबु अर्याल .............................. १

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उप-न्यायाधिवक्ता पदमा कार्यरत सूर्य प्रसाद पोखरेल समेत जना ६ को वारेस का.जि.का.म.न.पा.वार्ड नं. ३३ बस्ने वर्ष २६ को डेगराज काफ्ले ..........१

विरुद्ध

न्याय परिषद्का अध्यक्ष, सम्माननीय प्रधान न्यायाधीश दिलीप कुमार पौडेल, सर्वोच्च अदालत................................................... १

न्याय परिषद्का सदस्य, माननीय न्यायाधीश केदार प्रसाद गिरी, सर्वोच्च अदालत .................... १

न्याय परिषद्का सदस्य, माननीय न्यायाधीश मिन बहादुर रायमाझी, सर्वोच्च अदालत ............१

न्याय परिषद्का सदस्य माननीय कानून न्याय तथा संसदीय व्यवस्था मन्त्री नरेन्द्र कुमार नेम्वाङ ...१

न्याय परिषद्का सदस्य, माननीय भैरव प्रसाद लम्साल, न्याय परिषद् सचिवालय सर्वोच्च अदालत भवन ...................................... १

न्याय परिषद् सचिवालय, सर्वोच्च अदालत भवन काठमाण्डौ .......................................... १

अतिरिक्त माननीय जिल्ला न्यायाधीश, लेखनाथ ढकाल, रुपन्देही जिल्ला अदालत .................१

अतिरिक्त माननीय जिल्ला न्यायाधीश, नारायण प्रसाद श्रेष्ठ, सुनसरी जिल्ला अदालत ..........१

माननीय जिल्ला न्यायाधीश, कुल प्रसाद शर्मा दैलेख जिल्ला अदालत ....................................... १

माननीय अतिरिक्त जिल्ला न्यायाधीश, नारायण प्रसाद पोखरेल, कपिलवस्तु जिल्ला अदालत ....१

माननीय अतिरिक्त जिल्ला न्यायाधीश, भोजराज शर्मा, सर्लाही जिल्ला अदालत .....................१

माननीय अतिरिक्त जिल्ला न्यायाधीश, भोजराज अधिकारी,रौतहट जिल्ला अदालत .............. १

माननीय अतिरिक्त जिल्ला न्यायाधीश, पशुपति आचार्य, धनुषा जिल्ला अदालत ..................१

माननीय अतिरिक्त जिल्ला न्यायाधीश, रमेश कुमार खत्री, सिराहा जिल्ला अदालत .......... १

माननीय अतिरिक्त जिल्ला न्यायाधीश, मोहम्मद जुनेद आजाद, सल्यान जिल्ला अदालत .........१

माननीय अतिरिक्त जिल्ला न्यायाधीश, दयानाथ खरेज, महोत्तरी जिल्ला अदालत ................ १

माननीय जिल्ला न्यायाधीश, कोष कुमार नेम्वाङ, तेह्रथुम जिल्ला अदालत ............................१

माननीय जिल्ला न्यायाधीश, शेखरचन्द्र अर्याल, बैतडी जिल्ला अदालत ..............................१

माननीय जिल्ला न्यायाधीश, वेद्यनाथ गुप्ता, रामेछाप जिल्ला अदालत ...................... १

माननीय जिल्ला न्यायाधीश, बालमुकुन्द दवाडी, दोलखा जिल्ला अदालत ............................१

माननीय जिल्ला न्यायाधीश, शालिग्राम कोइराला, सोलुखुम्वु जिल्ला अदालत ........................ १

माननीय जिल्ला न्यायाधीश, लिप्त बहादुर थापा, सिन्धुली जिल्ला अदालत ...........................१

माननीय जिल्ला न्यायाधीश, विष्णु प्रसाद कोइराला, ओखलढुंगा जिल्ला अदालत ........ १

माननीय जिल्ला न्यायाधीश, लक्ष्मीकृष्ण श्रेष्ठ, खोटाङ जिल्ला अदालत ........................... १

माननीय जिल्ला न्यायाधीश, कृष्ण कमल अधिकारी, रुपन्देही जिल्ला अदालत ...............१

माननीय जिल्ला न्यायाधीश, श्याम प्रसाद लावती, भोजपुर जिल्ला अदालत ..........................१

माननीय जिल्ला न्यायाधीश, चिन्तामणी, संखुवासभा जिल्ला अदालत ....................... १

माननीय जिल्ला न्यायाधीश, अनन्तराज डुम्रे, जुम्ला जिल्ला अदालत ............................ १

माननीय जिल्ला न्यायाधीश, जगत नारायण प्रधान, म्याग्दी जिल्ला अदालत .......................... १

माननीय जिल्ला न्यायाधीश, राजेन्द्र खरेल, जाजरकोट जिल्ला अदालत ........................१

माननीय अतिरिक्त जिल्ला न्यायाधीश, ठाकुर प्रसाद शर्मा, बाँके जिल्ला अदालत .............. १

माननीय अतिरिक्त जिल्ला न्यायाधीश, सिता प्रसाद पोखरेल, सर्लाही जिल्ला अदालत ............ १

माननीय अतिरिक्त जिल्ला न्यायाधीश, नागेन्द्र लालकर्ण, सुनसरी जिल्ला अदालत .............१

माननीय अतिरिक्त जिल्ला न्यायाधीश, हरि प्रताप के.सी., रुपन्देही जिल्ला अदालत ................ १

माननीय अतिरिक्त जिल्ला न्यायाधीश, राधाकृष्ण उप्रेती, झापा जिल्ला अदालत .................... १

माननीय अतिरिक्त जिल्ला न्यायाधीश, खिलनाथ रेग्मी, रोल्पा जिल्ला अदालत ..................... १

माननीय अतिरिक्त जिल्ला न्यायाधीश, कृष्ण बहादुर थापा, बाँके जिल्ला अदालत ............ १

माननीय अतिरिक्त जिल्ला न्यायाधीश, महेन्द्र वहादुर कार्की, स्याङ्जा जिल्ला अदालत ...... १

माननीय जिल्ला न्यायाधीश, माधवेन्द्र रेग्मी, डडेल्धुरा जिल्ला अदालत ..........................१

माननीय जिल्ला न्यायाधीश, विश्वमंगल आत्रेय, पाँचथर जिल्ला अदालत ......................... १

माननीय जिल्ला न्यायाधीश, इन्द्र कुमार चोगंटेली, दार्चुला जिल्ला अदालत .......................... १

माननीय जिल्ला न्यायाधीश, अच्युत प्रसाद भण्डारी, अछाम जिल्ला अदालत ............... १

माननीय जिल्ला न्यायाधीश, ऋषि प्रसाद अधिकारी, रसुवा जिल्ला अदालत ................१

माननीय जिल्ला न्यायाधीश, बलभद्र बास्तोला, रुकुम जिल्ला अदालत ............................ १

माननीय जिल्ला न्यायाधीश, पुरुषोत्तम प्रसाद ढकाल, अर्घाखाँची जिल्ला अदालत ............. १

माननीय जिल्ला न्यायाधीश, कैलाश के.सी. मुस्ताङ जिल्ला अदालत ................................. १

माननीय जिल्ला न्यायाधीश, टेक नारायण कुंवर, मुगु जिल्ला अदालत ............................ १

माननीय जिल्ला न्यायाधीश, किरण कुमार पोखरेल, डोटी जिल्ला अदालत .................. १

माननीय जिल्ला न्यायाधीश, मुरारी बाबु श्रेष्ठ, डोल्पा जिल्ला अदालत ........................ १

माननीय जिल्ला न्यायाधीश, ओंकार उपाध्याय, बाजुरा जिल्ला अदालत ........................ १

माननीय अतिरिक्त जिल्ला न्यायाधीश, विष्णु सुवेदी, रौतहट जिल्ला अदालत .................. १

माननीय जिल्ला न्यायाधीश, चन्द्र बहादुर सारु, ताप्लेजुङ्ग जिल्ला अदालत ........................१

माननीय जिल्ला न्यायाधीश, सुदर्शन राज पाण्डे, मनाङ्ग जिल्ला अदालत ........................ १

माननीय जिल्ला न्यायाधीश, दिपेन्द्र अधिकारी, सुर्खेत जिल्ला अदालत ........................ १

माननीय जिल्ला न्यायाधीश, रमेशराज पोखरेल, बझाङ जिल्ला अदालत ........................ १

माननीय जिल्ला न्यायाधीश, नरिश्वर भण्डारी, हुम्ला जिल्ला अदालत ............................ १

माननीय जिल्ला न्यायाधीश, अर्जुन प्रसाद कोइराला, धनकुटा जिल्ला अदालत ............ १

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ तथा ८८(२) अन्तर्गत यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ :-

प्रतिनिधि सभा घोषणा, २०६३ को धारा २(१) प्रतिकुल गई न्याय परिषद्को सिफारिशमा ५१ जना व्यक्तिलाई जिल्ला अदलतको न्यायाधीश पदमा नियुक्ति गरेको र न्याय परिषद् ऐन, २०४७ को दफा ४ को उपदफा (१) तथा (३) अनुसारको कुनैपनि प्रकृया पुरा नगरी न्याय परिषद्का सदस्यहरुले आफू खुशी बीच बीचबाट जिल्ला न्यायाधीको नियुक्तिको लागि नाम छानी सिफारिस गरी सोहि सिफारिसको आधारमा प्रधान न्यायाधीशवाट प्रतिनिधि सभा घोष्णा, २०६३ को धारा २(१) प्रतिकूल गई जिल्ला न्यायाधीशको पदमा ५१ जना व्यक्तिहरुलाई नियुक्ति तथा पदस्थापना गरेको कार्यले हामी निवेदकहरुको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(१), (१२)(२)(ङ) र धारा १७ समेतले प्रदान गरेको हामीहरुको मौलिक हक समेतमा प्रतिकूल हुने काम कारवाही भएको छ ।

त्यसैले विपक्षी नं. १ देखि ५ सम्मका विपक्षीहरुले विपक्षी नं. ७ देखि ५७ सम्मको विपक्षीलाई सिफारिस गर्ने गरेको मिति २०६३।३।२३ को निर्णय सोहि मितिको नियुक्ति तथा पदस्थापना सहितको निर्णय गैर संवैधानिक भएकोले बदर गरी पुन: कानून बमोजिम रीत पुऱ्याई कार्य गर्नु गराउनु भनी विपक्षी नं. १ देखि ६ सम्मका नाममा परमादेशको आदेश समेत जारी गरी प्रस्तुत निवेदन पत्रको टुंगो नलागेसम्म विपक्षीहरुका नाममा अन्तरिम आदेश समेत जारी गरी पाउं भन्ने समेतको निवेदन दावी ।

यसमा निवेदनमा उल्लेख भएको जिल्ला न्यायाधीश नियुक्त गर्न न्याय परिषद्बाट सिफारिश गर्दा भएको निर्णय सहितको फाइल पेशीको दिन देखाउन ल्याउने गरी झिकाई नियमानुसार पेश गर्नु भन्ने यस अदालतको आदेश ।

विपक्षीहरुको नाममा कारण देखाउने आदेश जारी गर्नुपर्ने, नपर्ने प्रयोजनका लागि पेश भएका प्रस्तुत निवेदनमा निवेदकहरुको तर्फबाट विद्वान अधिवक्ता द्वय श्री रमेश पौडेल र श्री नन्द बहादुर सुवेदीले बहस गर्नु भयो । दुवै विद्वान अधिवक्ताहरुले बहस गर्दा अहिलेको अन्तरिम संविधान जारी नभएको तर पहिलाको नेपाल अधिराज्यको संविधान, २०४७ का केही धाराहरुलाई प्रतिनिधि सभा घोषणा, २०६३ ले निष्कृय गरी सकेकोले राज्यको कार्यकारिणी अधिकार निहित रहेको मन्त्रिपरिषद्वाट अधिकार प्राप्त गरेर मात्र प्रधान न्यायाधीशले न्याय परिषद्को सिफारिशमा जिल्ला न्यायाधीशहरुको नियुक्त गर्न पाउने हुन । २०४७ सालको संविधान अनुसार श्री ५ बाट प्राप्त गरेको अधिकार प्रयोग गरी जिल्ला न्यायाधीशहरुको नियुक्ति गर्नु प्रतिनिधि सभा घोषणा विपरीत र गैर संवैधानिक कार्य भएको छ । त्यसमा पनि न्याय सेवामा योग्य, सक्षम र वरिष्ठ व्यक्तिहरुलाई नियुक्त नगरी पक्षपात गरी अन्यायपूर्ण ढंगले न्याय परिषद्ले सिफारिस गर्ने र प्रधानन्यायाधीशले नियुक्त गर्ने कामबाट न्याय परिषद् ऐन र संविधानले गरेको कानूनी व्यवस्था विपरीत कार्य भएकोले सर्वोच्च अदालतले विस्तृत र पूर्ण सुनवाईको लागि विपक्षीहरुको नाममा कारण देखाउ आदेश जारी गर्नुपर्छ भन्ने समेत बहस गुर्न भयो ।

कारण देखाउ आदेश जारी गर्नु पर्ने हो वा होइन भन्ने सम्बन्धमा विचार गर्दा, सर्वप्रथम न्याय सेवाका द्वितीय श्रेणीका अधिकृतहरुद्वारा दायर गरिएको प्रस्तुत निवेदन हेर्दा तत्कालीन प्रचलित संविधानको धारा ११(२) र न्याय परिषद् ऐन, २०४७ को दफा ४ विपरीत जिल्ला न्यायाधीशहरुको नियुक्ति भएको भनी समष्टिगत रुपमा जिकिर लिइए तापनि २०६३।३।२३ गते न्याय परिषद्ले सिफारिस गरी प्रधान न्यायाधीशबाट नियुक्त गरिएका तथा विपक्षी बनाइएका जिल्ला न्यायाधीशहरु मध्ये कसको नियुक्ति संविधान र ऐनद्वारा निर्धारित योग्यता नपुगी भएको हो भनी एक जनाको हकमा पनि निवदन पत्रमा खुलाइएको वा उल्लेख गरिएको पाइँदैन ।

प्रधान न्यायाधीशले प्रधानमन्त्री वा मन्त्री परिषद्बाट अधिकार लिएर मात्र नियुक्त गर्नुपर्ने भनी निवेदनमा प्रश्न उठाइएको भए पनि सो कुरा तत्काल प्रचलित संविधानको कुन धारा वा ऐनको कुन दफा वा २०६३।१।४ मा जारी प्रतिनिधि सभा घोषणाको कुन बुँदामा आधारित रहेको छ, सो पनि निवेदन पत्रमा खुलाइएको पाईदैन । अर्थात, मन्त्रि परिषद्बाट पूर्व अख्तियारी प्राप्त गरेर मात्र न्याय परिषद्को सिफारिसमा जिल्ला न्यायाधीशहरुको नियुक्ति गर्नुपर्ने प्रावधान संविधान, प्रतिनिधि सभा घोषणा वा कुनै ऐनमा रहेको पाईदैन । तत्काल प्रचलित संवैधानिक व्यवस्था अनुसारको न्याय परिषद् एउटा संवैधानिक निकाय हो । यसले असल र राम्रो ढंगले आफ्नो दाइत्वको निर्वाह गर्नुपर्ने राज्यको र संवैधानिक अपेक्षा हो । न्यूनतम योग्यता मात्र कानूनले उल्लेख गरेको अवस्थामा सो न्यूनतम योग्यता पुगेको मात्र होइन, सो भन्दा बढी अर्थात अधिकतम योग्यता पुगेको व्यक्तिलाई नियुक्त गर्नु पर्ने संवैधानिक व्यवस्थाको उद्देश्य हो । यसमा दुईमत हुन सक्दैन । यसरी छनौट गर्ने जिम्मेवारी र अधिकार पाएको न्याय परिषद्ले राम्रो, निष्पक्ष र असल ढंगले न्यायाधीशहरुको छनौट, नियुक्ती र अन्य कर्तव्य पालना गर्न सके मात्र नेपालको न्याय व्यवस्था सुदृढ, प्रभावकारी भरपर्दो बन्न सक्दछ । तर न्याय परिषद्ले कुनै ऐन वा संविधानको कुनै धाराको प्रत्यक्ष उल्लंघन गर्ने गरी कुनै काम गरेको भनी प्रत्यक्ष रुपमा On the face of the record नदेखिए वा नदेखाईएसम्म यसले गैरकानूनी वा अन्यायपूर्ण वा पक्षपातपूर्ण वा मर्का पर्ने गरी काम गऱ्यो भनी कुनै एक वा अनेक व्यक्तिले यस अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत प्रवेश गर्ने कुराले मात्र माग बमोजिम कारवाही र निर्णयको आधार बन्न सक्दैन ।

न्याय परिषद्ले संविधान र ऐन अनुसार न्यायाधीशहरुको नियुक्ति गर्नु पर्दछ । तर यस कार्यलाई कर्मचारीहरुको बढुवा वा पदोन्नति गर्ने कार्यको समकक्षतामा राखी रिट क्षेत्रबाट उचित, अनुचितको विचार गर्न मिल्ने पनि होइन । न्यायाधीशहरुको नियुक्ति गर्ने अधिकार प्राप्त निकायले छनौट गर्दा सिफारिस गर्दा र सोही बमोजिम नियुक्ति गर्दा संविधान र ऐनको कुनै प्रावधान वा व्यवस्थाको प्रत्यक्ष उल्लंघन भएको भनी निवेदनमा उल्लेख गर्न नसकेको वा नदेखिएको अवस्थामा प्रस्तुत निवेदनबाट उठाइको प्रश्न वा विषयवस्तु "न्यायिक निर्णय योग्य विवाद"( Justiciable Dispute) नै देखिन आएन । तसर्थ विपक्षी बनाइएका निकाय, पदाधिकारी र व्यक्तिहरुबाट लिखित जवाफ माग गरी यसमा कारवाही अगाडी बढाई रहनुको कुनै औचित्य र प्रयोजन रहेन । प्रस्तुत निवेदन खारेज गरी दिइएको छ । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनु ।

(ताहिर अलि अन्सारी)
न्यायाधीश

ईति सम्वत २०६४ साल असार महिना १८ गते रोज २ शुभम् ...........................................

सर्वोच्च अदालत संयुक्त इजलाश
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री भरतराज उप्रेती
आदेश

सम्वत २०६३ सालको Wo ----१०१५

बिषय :- उत्प्रेषण परमादेश ।

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३५ बस्ने अधिवक्ता राजिव बास्तोला-१ निवेदक

विरुद्ध

न्यायपरिषद न्यायपरिषदको सचिवालय, सर्वोच्च अदालत परिसर, काठमाडौं.......................१
नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरवार ..............................१
नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार ....१
नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय, सिंहदरवार.........................................१ विपक्षी

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) वमोजिम यस अदालत समक्ष परेको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः-

म निवेदक कानून व्यवसाय गरी आएको नेपाली नागरिक भएकोले कानून र न्यायका क्षेत्रमा न्यायलयलाई सहयोग पुर्‍याउनु मेरो कर्तब्य समेत हो । २०६३।१२।८ मा रौतहट जिल्लाको सदरमुकाम गौरमा भएको घटनाको छानविन गर्न २०६३।१२।९ मा नेपाल सरकारले पुनरावेदन अदालत पाटनका माननीय न्यायाधीश हरि प्रसाद घिमिरेको अध्यक्षतामा छानविन आयोग गठन गरिएको सूचना सार्वजनिक गरिएको थियो । सो सूचना सार्वजनिक भए पश्चात न्यायाधीशलाई न्याय परिषदको सिफारिस र परामर्श वेगर मुद्दा हेर्ने काम वाहेक अन्यत्र खटाउन नमिल्ने र नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११३ वमोजिम न्याय परिषदले पूर्णता नपाएको स्थितिमा न्यायाधीशलाई कार्यपालिकाले आफ्नो विभागिय कर्मचारी झै अन्यत्र खटाउन मिल्दैन तर गौर घटनाको छानविन आयोगमा न्यायाधीशलाई कसरी खटाईयो ? न्यायपरिषदसंग परामर्श, वा सिफारिस लिइयो लिइएन ? भन्ने जानकारी पाउन न्याय परिषदमा निवेदन समेत पेश गरेकोमा कुनै जानकारी गराइएन । पुनः जुम्ला जिल्लाका माननीय जिल्ला न्यायाधीश अनन्तराज डुम्रेको नाम समावेश गरी आयोगको पुर्नगठन भएपछि सो को समेत जानकारी पाउन अनुरोध गरेकोमा कुनै जानकारी नगराइएवाट वाध्य भई सूचनाको हक प्रचलनको लागि संविधानको धारा २७ वमोजिम यो निवेदन गरेको छु ।

अतः विपक्षीहरुवाट माननीय न्यायाधीश हरि प्रसाद घिमिरे र अनन्तराज डुम्रेलाई गौर घटनाको छानविनमा खटाइएको वारेमा सही सांचो सूचना दिनु भनी परमादेशको आदेश जारी गरी सूचनाको हक संरक्षण तथा प्रचलन गरी पाऊं । उक्त आदेश वमोजिम प्राप्त सूचना जानकारी धारा ११० को उपधारा १ विपरित देखिएमा सो निर्णयहरुलाई समेत यसै निवदेनको रोहबाट उत्प्रेषणको आदेशले वदर गरी स्वतन्त्र र निस्पक्ष न्यायपालिकाको संरक्षण गरी पाउं भन्ने समेत व्यहोराको रिट निवेदन ।

यसमा रिट निवेदनमा उल्लेखित न्यायाधीशहरुलाई गौर घटनाको छानविनमा खटाउंदा आफूलाई के कस्तो प्रकारको असर पर्‍यो भन्ने कुरा खुलाउन सकेको पाईदैन भने प्रस्तुत रिट निवेदन दर्ता गर्न आफ्नो के कस्तो सरोकार भएको भन्ने कुरा पनि प्रष्ट रुपमा उल्लेख गर्न सकेको देखिदैन । अर्को तर्फ रिट निवेदकले के कस्तो विषयको जानकारी माग्न परमादेशको आदेश माग गरेको हो ? सो कुरा समेत प्रष्ट रुपमा खुलाउन सकेको देखिदैन । यस्तो माग दावी प्रष्ट नभएको र रिट दर्ता गर्नु पर्ने आफ्नो सरोकार निहित रहेको कुरा नै खुलाउन नसकेको रिट निवेदन दर्ता गर्न मिलेन । अतः सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २७(२)(३) तथा अ. वं. २७ नं. वमोजिम दरपिठको आदेश गरी दिएको छ नियमानुसार गर्नु भन्ने यस अदालतका रजिष्ट्रारको आदेश ।

उक्त दरपिठ आदेश वदर गरी रिट निवेदन दर्ता गरी पाउं भनी यिनै निवेदकले दिएको निवेदन इजलास समक्ष पेश हुंदा, यसमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११०(१) वमोजिम कुनै न्यायाधीशलाई न्यायाधीशको पदमा वाहेक अन्य कुनै पदमा सरुवा गरिने, काममा लगाइने वा काजमा खटाइने छैन । तर नेपाल सरकारले न्याय परिषदसंग परामर्श लिई पुनरावेदन तथा जिल्ला अदालतको

सर्वोच्च अदालत संयुक्त इजलाश
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री भरतराज उप्रेती
आदेश

सम्वत २०६३ सालको Wo ----१०१५

बिषय :- उत्प्रेषण परमादेश ।

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३५ बस्ने अधिवक्ता राजिव बास्तोला-१ निवेदक

विरुद्ध

न्यायपरिषद न्यायपरिषदको सचिवालय, सर्वोच्च अदालत परिसर, काठमाडौं.......................१
नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरवार ..............................१
नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार ....१
नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय, सिंहदरबार.......................................१ विपक्षी

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम यस अदालत समक्ष परेको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः-

म निवेदक कानून व्यवसाय गरी आएको नेपाली नागरिक भएकोले कानून र न्यायका क्षेत्रमा न्यायलयलाई सहयोग पुऱ्याउनु मेरो कर्तब्य समेत हो । २०६३।१२।८ मा रौतहट जिल्लाको सदरमुकाम गौरमा भएको घटनाको छानविन गर्न २०६३।१२।९ मा नेपाल सरकारले पुनरावेदन अदालत पाटनका माननीय न्यायाधीश हरि प्रसाद घिमिरेको अध्यक्षतामा छानविन आयोग गठन गरिएको सूचना सार्वजनिक गरिएको थियो । सो सूचना सार्वजनिक भए पश्चात न्यायाधीशलाई न्याय परिषदको सिफारिस र परामर्श वेगर मुद्दा हेर्ने काम वाहेक अन्यत्र खटाउन नमिल्ने र नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११३ वमोजिम न्याय परिषदले पूर्णता नपाएको स्थितिमा न्यायाधीशलाई कार्यपालिकाले आफ्नो विभागिय कर्मचारी झैं अन्यत्र खटाउन मिल्दैन तर गौर घटनाको छानविन आयोगमा न्यायाधीशलाई कसरी खटाईयो ? न्यायपरिषदसंग परामर्श, वा सिफारिस लिइयो लिइएन ? भन्ने जानकारी पाउन न्याय परिषदमा निवेदन समेत पेश गरेकोमा कुनै जानकारी गराइएन । पुनः जुम्ला जिल्लाका माननीय जिल्ला न्यायाधीश अनन्तराज डुम्रेको नाम समावेश गरी आयोगको पुर्नगठन भएपछि सो को समेत जानकारी पाउन अनुरोध गरेकोमा कुनै जानकारी नगराइएवाट वाध्य भई सूचनाको हक प्रचलनको लागि संविधानको धारा २७ बमोजिम यो निवेदन गरेको छु ।

अतः विपक्षीहरुवाट माननीय न्यायाधीश हरि प्रसाद घिमिरे र अनन्तराज डुम्रेलाई गौर घटनाको छानविनमा खटाइएको वारेमा सही सांचो सूचना दिनु भनी परमादेशको आदेश जारी गरी सूचनाको हक संरक्षण तथा प्रचलन गरी पाऊं । उक्त आदेश बमोजिम प्राप्त सूचना जानकारी धारा ११० को उपधारा १ विपरित देखिएमा सो निर्णयहरुलाई समेत यसै निवदेनको रोहवाट उत्प्रेषणको आदेशले वदर गरी स्वतन्त्र र निस्पक्ष न्यायपालिकाको संरक्षण गरी पाउं भन्ने समेत व्यहोराको रिट निवेदन ।

यसमा रिट निवेदनमा उल्लेखित न्यायाधीशहरुलाई गौर घटनाको छानबिनमा खटाउंदा आफूलाई के कस्तो प्रकारको असर पऱ्यो भन्ने कुरा खुलाउन सकेको पाईदैन भने प्रस्तुत रिट निवेदन दर्ता गर्न आफ्नो के कस्तो सरोकार भएको भन्ने कुरा पनि प्रष्ट रुपमा उल्लेख गर्न सकेको देखिदैन । अर्को तर्फ रिट निवेदकले के कस्तो विषयको जानकारी माग्न परमादेशको आदेश माग गरेको हो ? सो कुरा समेत प्रष्ट रुपमा खुलाउन सकेको देखिदैन । यस्तो माग दावी प्रष्ट नभएको र रिट दर्ता गर्नु पर्ने आफ्नो सरोकार निहित रहेको कुरा नै खुलाउन नसकेको रिट निवेदन दर्ता गर्न मिलेन । अतः सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २७(२)(३) तथा अ. वं. २७ नं. बमोजिम दरपिठको आदेश गरी दिएको छ नियमानुसार गर्नु भन्ने यस अदालतका रजिष्ट्रारको आदेश ।

उक्त दरपिठ आदेश वदर गरी रिट निवेदन दर्ता गरी पाउं भनी यिनै निवेदकले दिएको निवेदन इजलास समक्ष पेश हुंदा, यसमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११०(१) वमोजिम कुनै न्यायाधीशलाई न्यायाधीशको पदमा वाहेक अन्य कुनै पदमा सरुवा गरिने, काममा लगाइने वा काजमा खटाइने छैन । तर नेपाल सरकारले न्याय परिषदसंग परामर्श लिई पुनरावेदन तथा जिल्ला अदालतका

न्यायाधीशलाई न्यायिक जाँचबुझको काममा वा केही खास अवधीका लागि कानून न्याय सम्बन्धी अनुसन्धान, अन्वेषण वा राष्ट्रिय सरोकारको अन्य कुनै काममा खटाउन सक्नेछ । पुनरावेदन अदालत वा जिल्ला अदालतको न्यायाधीशको हकमा प्रधान न्यायाधीशले न्याय परिषदसंग परामर्श गरी उल्लेखित काम र निर्वाचन जस्ता काममा लगाउन सक्नेछ भन्ने संवैधानिक व्यवस्था रहेको र संविधानको धारा ११३ बमोजिम न्याय परिषदको गठन पूर्ण रुपवाट नभएको भन्ने निवेदकको भनाई रहेको परिप्रेक्ष्यमा नेपाल सरकारले पुनरावेदन अदालत पाटनका न्यायाधीश हरि प्रसाद घिमिरे र जुम्ला जिल्ला अदालतका जिल्ला न्यायाधीश अनन्तराज डुम्रेलाई छानविन आयोगमा खटाइएको विषयमा संवैधानिक प्रश्न समावेश भएको देखिंदा संवैधानिक प्रश्न समावेश भएको विवादमा सर्वोच्च अदालत नियमावली, २०४९ को संशोधन सहित नियम २७(२)(३) बमोजिम रजिष्ट्रारवाट मिति २०६४।१।३ मा भएको दरपिठ नियम अनुकूल नहुंदा वदर गरी दिएको छ । निवेदन दर्ता गरी नियमानुसार पेश गर्नु भन्ने यस अदालत एक न्यायाधीशको इजलासको मिति २०६४।१।२८ को आदेश ।

यसमा, हाल न्याय परिषदले पूर्णता पाईसकेको भन्ने सार्वजनिक जानकारीमा आएको देखिदा निवेदकले दावी गरेको आयोगका लागि न्यायाधीश सिफारिस गर्ने वा अनुमोदन गर्ने सम्वन्धी के कारवाही भएको रहेछ ? सो सम्वन्धी फाईल पेशीका दिन इजलास समक्ष देखाई फिर्ता लैजाने गरी न्याय परिषदवाट मगाई नियम बमोजिम पेश गर्नु भन्ने यस अदालत एक न्यायाधीशको इजलासको मिति २०६४।२।२० को आदेश ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? वाटाका म्याद वाहेक १५ दिन भित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी न्याय परिषद सचिवालयका नाउंमा सूचना पठाई लिखित जवाफ आएपछि वा अवधी नाघेपछि नियमानुसार पेश गर्नु । साथै विपक्षी वनाइएका अन्य कार्यालय र मन्त्रालयहरुको भूमिका निवेदनमा उठाएको सूचनाको हक सम्वन्धी विषयवस्तुमा नदेखिएकोले विपक्षी नं. १ वाहेक अन्यको नाउंमा म्याद जारी गर्नु परेन भन्ने यस अदालत एक न्यायाधीशको इजलासको मिति २०६४।३।१३ को आदेश ।

रौतहट जिल्लाको गौर नगरपालिका क्षेत्रमा मिति २०६३।१२।७ गतेका दिन घटेको घटनाको कारण ठूलो संख्यामा नागरिकहरुको मृत्यू हुनुका साथै धेरै व्यक्तिहरु घाइते भएको विषयमा जाँचवुझ आयोग ऐन, २०२६ अन्तर्गत जाँचवुझ आयोग गठन गरी छानविन गराउनु पर्ने भएकोले पुनरावेदन अदालतका एक जना न्यायाधीशलाई आयोगको सदस्य पदमा नियुक्त गर्न उपयुक्त नाम सिफारिस गरी पठाई दिन गृह मन्त्रालयको २०६३।१२।९ समेतको पत्रवाट लेखी आएको थियो । तर तत्कालिन अवस्थामा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११३ को उपधारा (१) को दण्ड (घ) र (ङ) वमोजिमको सदस्य मनोनित एवं नियुक्ती नभई सकेको अवस्थामा न्याय परिषदको बैठक वस्न नसक्ने भएता पनि यस्तो गम्भिर एवं संवेदनशिल राष्ट्रिय सरोकारको विषयमा न्यायाधीशको नाम नपठाई अनुत्तरदायी भई परिषद वस्न नसक्ने र न्यायाधीशको नाम पठाउनु न्यायपरिषदको संवैधानिक दायित्व र कर्तव्य रहेको परिस्थितीमा न्याय परिषदका अध्यक्ष, सम्माननीय प्रधान न्यायाधीश ज्यूवाट पुनरावेदन अदालतका माननीय न्यायाधीश हरि प्रसाद घिमिरे र माननीय जिल्ला न्यायाधीश अनन्तराज डुम्रेलाई न्याय परिषदवाट अनुमोदन गराउने गरी क्रमशः २०६३।१२।९ र २०६३।१२।२९ को निर्णय अनुसार सिफारिस गरिएकोमा न्यायपरिषदको २०६४।२।३ को बैठकवाट उक्त नाम अनुमोदन गरी सकिएको छ । यस्तो संवैधानिक काम कारवाहीवाट रिट निवदेकको मौलिक हक अधिकारमा आघात परेको नहुंदा न्यायाधीश खटाएको संवैधानिक कार्य वदर हुनु पर्ने होईन । साथै निवेदकले न्यायाधीशलाई कसरी खटाइयो र न्यायापरिषदसंग परामर्श वा सिफारिस लिइयो लिइएन भन्ने जानकारी पाउन यस सचिवालयमा निवेदन दर्ता गराएकोमा निजलाई मौखिक सूचना दिई सकिएकोले सूचना पाउने हकवाट वन्चित गरेको भन्ने जिकिर झुठ्ठा छ। अतः रिट निवेदन खारेज गरी पाउं भन्ने समेत व्यहोराको न्याय परिषद सचिवालयको तर्फवाट पेश भएको लिखित जवाफ ।

नियम बमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश भएको प्रस्तुत मुद्दामा निवेदक स्वयं

विद्वान अधिवक्ता राजिव वास्तोलाले रौतहट जिल्लाको गौरमा भएको घटनाको वारेमा गठीत न्यायिक छानविन आयोगमा पुनरावेदन अदालत तथा जिल्ला अदालतका माननीय न्यायाधीशज्यूहरुलाई खटाइएको थियो। न्यायपरिषदको सिफारिस वेगर कुनै न्यायाधीशलाई न्यायाधीशको काममा वाहेक अन्य काममा लगाउन वा काजमा खटाउन समेत नमिल्ने र तत्कालिन अवस्थामा न्याय परिषदले पूर्णता नपाएकोमा के कसरी न्यायाधीशलाई छानविन आयोगमा खटाइएको हो सो सम्बन्धमा सही र सांचो सूचना दिनु भनि परमादेशको आदेश जारी गरी सूचनाको हकलाई संरक्षण र प्रचलन गराई पाउं भन्ने समेत वहस गर्नुभयो।

उपरोक्त वहस सुनी मिसिल संलग्न कागज प्रमाण अध्ययन गरी माग वमोजिमको आदेश जारी गर्न मिल्ने नमिल्ने के रहेछ भनी निर्णय गर्नुपर्ने देखियो।

यसमा, रौतहट जिल्लाको गौरमा भएको घटनाको वारेमा गठन भएको छानविन आयोगमा माननीय न्यायाधीश हरि प्रसाद घिमिरे र अनन्तराज डुम्रेलाई खटाइएको वारे सांचो सूचना दिनु भन्ने परमादेशको आदेश जारी गरी पाउं र सो वमोजिम प्राप्त सूचना नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११० को उपधारा १ विपरित देखिएमा सो निर्णयलाई उत्प्रेषणको आदेशद्वारा बदर गरी स्वतन्त्र र निश्पक्ष न्यायपालिकाको भूमिकालाई संरक्षण गरी पाउं भन्ने जिकिरका साथ प्रस्तुत रिट दर्ता भएको देखियो। नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११० को उपधारा (१) मा कुनै न्यायाधीशलाई न्यायाधीशको पदमा वाहेक अन्य कुनै पदमा सरुवा गरिने, काममा लगाइने वा काजमा खटाइने छैन। तर नेपाल सरकारले न्यायपरिषदसंग परामर्श लिई पुनरावेदन तथा जिल्ला अदालतको न्यायाधीशलाई न्यायिक जाँचवुझको काममा वा केही खास अवधीको लागि कानून वा न्याय सम्वन्धी अनुसन्धान, अन्वेषण वा राष्ट्रिय सरोकारको अन्य कुनै काममा खटाउन सक्नेछ भन्ने संवैधानिक व्यवस्था रहेको पाईन्छ। सो प्रावधान वमोजिम न्याय परिषदको सिफारिसमा नेपाल सरकारले पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशलाई न्यायिक जाँचवुझ समेतको काममा खटाउन सक्ने नै देखिन्छ। प्रस्तुत विवादमा गौर घटनाको वारेमा जाँचवुझ गर्न गठन भएको छानविन आयोगमा पुनरावेदन अदालतका माननीय न्यायाधीश हरि प्रसाद घिमिरे र जुम्ला जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश अनन्तराज डुम्रेलाई खटाएको भन्ने कुरा न्यायपरिषदले स्वीकार गरी लिखित जवाफ पेश गरेको देखिन्छ। यसरी न्यायाधीशलाई छानविन आयोगमा खटाएको विषयलाई स्वीकार गरी सकेकोले सो को सत्यताको विवाद रहेको पाइंदैन। यस्तो विवादरहित रुपमा सार्वजनिक भै सकेको बिषयमा सूचनाको प्रश्न उपस्थित हुने देखिंदैन। जहाँ कुनै सूचनालाई गोप्य रुपमा राखिन्छ वा कुनै सूचना सार्वजनिक गरिदैन, त्यसवेला सूचना पाउने हक क्रियाशिल हुन्छ। तर प्रस्तुत विवादमा न्यायपरिषदको वैठकवाट पछि अनुमोदन गराउने गरी उल्लेखित आयोगमा न्यायपरिषदका अध्यक्ष तथा सम्माननीय प्रधान न्यायाधीशज्यूवाट न्यायाधीशलाई खटाएको भन्ने लिखित जवाफमा उल्लेख भएको र सो लिखित जवाफ गोप्य नभई मिसिल संलग्न रही सार्वजनिक लिखतको रुपमा रहेकोले यस प्रकृतिको सार्वजनिक लिखतमा उल्लेखित कुराका सम्बन्धमा सूचना सम्प्रेषण गर्नु भन्ने आदेश जारी गर्न उपयुक्त हुने देखिंदैन।

अव प्राप्त सूचना नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११० को उपधारा (१) विपरित भएमा उत्प्रेषणको आदेशद्वारा वदर गरी पाउं भनी लिएको दोस्रो जिकिर तर्फ हेर्दा सो आयोग गठन हुंदाका अवस्थामा धारा ११३ वमोजिमको न्याय परिषदले तत्कालिन अवस्थामा पूर्णता नपाएको कुरालाई लिखित जवाफमा स्वीकार गरेको देखिन्छ। न्याय परिषदले पूर्णता नपाएकै कारणले मात्र राष्ट्रिय महत्व र सरोकारको संवेदनशिल विषयलाई तत्काल सम्वोधन गर्न नसके त्यसले न्यायपरिषदको भूमिका प्रति नकारात्मक असर पुग्ने र आफ्नो संवैधानिक दायित्व एवं कर्तब्यवाट न्यायपरिषद विमुख हुने स्थिती नआवोस भनेर न्यायपरिषदवाट पछि अनुमोदन गराउने गरी न्यायपरिषदका अध्यक्ष एवं सम्माननीय प्रधान न्यायाधीश ज्यूवाट न्यायाधीशहरुलाई आयोगमा खटाउने निर्णय गरी सो निर्णय न्याय परिषदको मिति २०६४।२।३ को निर्णयानुसार अनुमोदन भै सकेको भन्ने लिखित जवाफवाट देखिदां प्रकृया पुरा गरी भएको सिफारिसमा आपत्तिजनक काम भएको मान्न मिलेन।

साथै गौर घटनाको विषयमा गठन भएको जाँचवुझ आयोगले घटनाको वारेमा जाँचवुझ गरी

प्रतिवेदन समेत पेश गरेको भन्ने कुरा हाल सार्वजनिक रुपमै प्रकाशमा आई जाँचवुझको काम नै सम्पन्न भै सकेको स्थिती रहेको छ । यसरी काम सम्पन्न भई सकेको स्थितिमा उक्त काममा खटाएको कार्य वदर गर्नुको कुनै औचित्य रहदैन ।

अतः गौर घटनाका वारेमा खटाइएका न्यायाधीशहरुलाई न्याय परिषदले अनुमोदन गरी सकेको र सो को सूचना सार्वजनिक भई आयोगले आफ्नो काम सम्पन्न गरी सकेको मौजुदा अवस्थामा माग वमोजिमको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत न्यायपरिषदमा पठाई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनु ।

(कल्याण श्रेष्ठ)
न्यायाधीश

उक्त रायमा सहमत छु ।

(भरतराज उप्रेती )
न्यायाधीश

ईति सम्वत २०६६ साल आषाढ २४ गते रोज ४ शभम् -----------------------------

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल
माननीय न्यायाधीश श्री सुशिला कार्की
माननीय न्यायाधीश श्री भरतराज उप्रेती
आदेश

रि.पू.इ.नं. : ०६६-WF-००११

विषय : उत्प्रेषण ।

जिल्ला धनुषा वल्हाकठाल गा.वि.स.वडा नं. ६ बस्ने बाजुरा जिल्ला अदालतको जिल्ला न्यायाधीशवाट गैरकानूनी रुपमा पदमुक्त गरिएका गणेश पञ्जियार- ------------------ १ निवेदक

विरुद्ध

न्याय परिषद, न्याय परिषदको सचिवालय, सर्वोच्च अदालत, काठमाडौं ................... १
सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौं .......१
एक सदस्यीय जाँचबुझ समिति विघटित भएकोले न्याय परिषदको सचिवालय .............१
सचिव, न्याय परिषद .................... १
उप-रजिष्ट्रार, सर्वोच्च अदालत, आन्तरिक तथा जिल्ला प्रशासन शाखा ....................१ विपक्षी

तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ तथा धारा ८८ को उपधारा (२) अनुसार यस अदालतमा दायर भै सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को उपनियम (१) को खण्ड (ख) र खण्ड (घ) अनुसार यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :

म निवेदक २०५२ साल देखि जिल्ला न्यायाधीश पदमा नियुक्ति भई विभिन्न जिल्ला अदालतमा सेवारत रहेको थिएं । यही बीच नवलपरासी जिल्ला अदालतको जिल्ला न्यायाधीश पदमा कार्यरत रहेको समयमा सो अदालतमा दायर रहेको वादी सावित्रीदेवी क्षेत्रीनी प्रतिवादी ऋषिकेश बिश्वास बंगाली समेत भएको अपुताली जग्गा हटक खिचोला मुद्दामा मैले मिति २०५८।८।१८ मा गरेको फैसलाको बिरुद्धमा आरोप लगाई न्याय परिषदवाट जाँचबुझ गरिएको थियो । सो क्रममा मैले उक्त फैसलामा प्रमाणको मूल्यांकनको कुनै त्रुटी भए

पुनरावेदन तहले सच्याउन सक्ने आम प्रचलन रहेको छ । कुनै पनि फैसला उल्टी भएको कारणले न्यायाधीश उपर कारवाही गर्ने हो भने न्यायिक स्वतन्त्रताको विपरीत हुन जान्छ भन्ने समेत व्यहोराको स्पष्टीकरण पेश गरेको थिएं । त्यस पछि सर्वोच्च अदालतको मिति २०६२।१२।६ को पत्र निवेदकलाई प्राप्त भयो । उक्त पत्र म नवलपरासी जिल्ला अदालतमा कार्यरत रहंदा वादी सावित्रीदेवी प्रतिवादी रमौतीदेवी भएको अपुताली जग्गा हटक मुद्दामा प्रमाणको उचित मूल्यांकन र बिवेकसम्मत बिवेचना नगरी तथ्यको विश्लेषण गर्दा प्रयोग गर्नु पर्ने कानून, न्यायिक परम्परा समेतको बेवास्ता गरी पेश भएको प्रमाण मिसिल समेतको मूल्यांकन एवं विश्लेषण केही नगरी किटानी नभएको भ्रमपूर्ण लेखाईलाई आधार प्रमाण लिई दावी पुग्ने ठहर निर्णय गरेको देखिएकोले निज न्यायाधीशले न्यायिक ज्ञान, सीप सद्‌विवेक प्रयोग गरेको अवस्था देखिन नआई निजको कार्य सम्पादनमा कार्य क्षमताको अभाव देखिएको भन्ने न्याय परिषद ऐन, २०४७ को दफा ६ वमोजिम गठित जाँचवुझ समितिको प्रतिवेदन र सम्वन्धित मिसिल कागजातबाट समेत निजमा कार्य क्षमताको अभाव देखिन आएकोले न्याय परिषद ऐन, २०४७ को दफा ४क को उपदफा (२) को खण्ड (८) वमोजिम कार्यक्षमताको अभावमा पदमुक्त गर्न नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१ को उपधारा (३) बमोजिम न्याय परिषदको सिफारिसमा श्री ५ बाट स्वीकृत भएको हुंदा आवश्यक कारवाहीका लागि भनी न्याय परिषदवाट पत्र प्राप्त हुन आएकोले उल्लिखित अनुसार मिति २०६२।१२।३ गते देखि लागू हुने गरी पदमुक्त गरिएको व्यहोरा निर्णयानुसार जानकारी गराउंदछु भन्ने उल्लेख भएको रहेछ । उल्लिखित आधार लिई मलाई पदमुक्त गर्ने निर्णयले मेरो कानूनी र संवैधानिक हक हनन् भएको छ ।

म निवेदकलाई पद मुक्त गर्न लिएको कानुनी आधारमा न्याय परिषद ऐन ,२०४७ को दफा ४क को उपदफा (२) को खण्ड (घ) लाई लिइएको भएता पनि त्यसमा उल्लेख भएको **मुद्दाको कारवाही वा निर्णय गर्दा प्रयोग हुनै नसक्ने कानुनको प्रयोग गरी वा कानुनको स्पष्ट र असंदिग्ध व्याख्या वा अर्थलाई छोडेर वलपूर्वक अर्को व्याख्या वा अर्थ गरी सो कारवाई र निर्णयमा अनुचित असर पुऱ्याएको** भन्ने आधार विपरीत न्यायिक ज्ञान सीप सद्‌विवेक प्रयोग नगरेको र कार्य सम्पादनमा कार्य क्षमताको अभाव देखिएको भन्ने आरोपमा लाग्दै नलाग्ने कानुन लगाई पद मुक्त गरिएको छ । न्याय परिषद ऐन, २०४७ को दफा ४क को उपदफा (२) को खण्ड (घ) वमोजिम कानूनको गलत व्याख्या गरेकोलाई कसूर मानेकोमा मलाई आरोप लगाउंदा प्रमाणको मूल्यांकन ठीक नगरेको भनी लाग्दै नलाग्ने कानून लगाई पदवाट मुक्त गरिएको छ । कानूनको तथ्य स्थापित भए पछि मात्र उक्त दफा आकर्षित हुने हुन्छ । मलाई सजाय गर्ने पत्रमा दिइएको तथ्य र न्याय परिषद ऐन, २०४७ को दफा ४क को उपदफा (२) को खण्ड (घ) एक अर्कामा मेल खादैनन् । त्यसै गरी न्याय परिषद ऐनको दफा ४क को उपदफा (५) **मा उपदफा (२), (३) र (४) मा उल्लिखित अवस्थामा न्याय परिषद्ले सम्बन्धित न्यायाधीशलाई अवस्था अनुसार सचेत गराउन र निजले सो अनुरुप आफ्नो काम, कारवाई वा आचरणमा सुधार नगरेमा संविधान र यस ऐन अनुसार निज उपर कारवाही चलाउन सक्ने छ** भन्ने उल्लेख छ । म निवेदकलाई यो भन्दा अगाडि सचेत गराउने कुनै सजाय नभएको अवस्थामा पदमुक्त गर्ने न्याय परिषदको निर्णय सो कानूनी व्यवस्था समेत विपरीत रहेको छ । मलाई पदमुक्त गर्ने निर्णय गर्दा जे जस्तो आरोप लगाइएको छ त्यो भन्दा गम्भीर प्रकृतिका आरोपहरुमा विपक्षी न्याय परिषदले धेरै न्यायाधीशलाई पहिलो पटक सचेत गराउने सजाय गरेका धेरै उदाहरण रहेका छन् । कार्य क्षमताको अभावमा पहिलो पटक सचेत गराउने र कार्य क्षमतामा सुधार नभएमा मात्र पदमुक्त हुने सजाय हुनेमा एकै पटक पदमुक्त गर्ने कार्य माथि उल्लिखित कानून विपरीत रहेको छ ।

म निवेदकलाई मिति २०६२।१२।६ को निर्णय अनुसार मिति २०६२।१२।३ गते देखि लागू हुने गरी पदमुक्त गरिएको छ । निर्णय गरेको मिति भन्दा अगाडिको मिति देखि पदमुक्त गर्न मिल्दैन भनी सर्वोच्च अदालतबाट सिद्धान्त समेत प्रतिपादन भएको छ । म निवेदकलाई पदमुक्त गर्ने निर्णय उक्त सिद्धान्त र न्यायिक परम्परा समेतको विपरीत रहेको छ ।

मैले गरेको उक्त फैसला उपर पुनरावेदन सुनी पुनरावेदन अदालत, बुटवलले उक्त फैसलालाई मिति २०६०।८।२४ मा उल्टी गरेको छ । सो फैसला उल्टी हुंदैमा मेरा बिरुद्धमा त्यसलाई कारवाहीको बिषय बनाउन मिल्दैन । पुनरावेदन अदालतको

फैसलामा मेरा फैसलामा कार्य क्षमताको अभाव भएको व्यहोरा राखी न्यायिक टिप्पणी गरेको अवस्था समेत छैन । कुनै पनि फैसला ठीक छैन भने पुनरावेदन तहवाट बदर हुन सक्छ तर पुनरावेदन तहबाट फैसला बदर भएकोमा कारवाहीको विषयवस्तु हुन सक्दैन । २०५२ साल देखि जिल्ला न्यायाधीश पदमा रहेर सेवारत रहंदा म निवेदकले गरेको हजारौं फैसलालाई एकातिर पन्छाएर करिव १० वर्षको अवधिमा मबाट भएको एउटा फैसलाको विषयवस्तुलाई मात्र आधार बनाई पदमुक्त गर्ने जस्तो अन्तिम सजाय गरेको पूर्णतः अन्यायपूर्ण र भेदभावयुक्त भई बदर भागी छ ।

विपक्षी निकायको सिफारिस निर्णय लगायतका काम कारवाहीहरुबाट संविधान प्रदत्त मौलिक हक एवम् न्याय परिषद ऐन तथा न्याय प्रशासन ऐनद्वारा प्रदत्त कानूनी हक समेतको हनन् भएको र ती हक प्रचलन गराउने अन्य कुनै वैकल्पिक एवम् प्रभावकारी उपचारको बाटो समेत नभएको हुनाले संविधानको धारा २३ धारा ८८ को उपधारा (२) वमोजिम प्रस्तुत रिट निवेदन लिई उपस्थित भएको छु । अतः मेरो हकहितको प्रतिकूल हुने गरी गरे भएका पदमुक्त सम्बन्धी यावत काम कारवाही निर्णय पत्र प्रतिवेदन, न्याय परिषदको सिफारिस मिति २०६२।१२।३ देखि लागू हुने गरी पदमुक्त गरिएको मिति २०६२।१२।६ को निर्णय आदि सम्पूर्ण कारवाही प्रारम्भतः गैरकानूनी र कानूनी प्रभावशून्य भएकोले उत्प्रेषणको आदेशद्वारा बदर गरी म निवेदकलाई जिल्ला न्यायाधीश पदमा पूर्ववत् रुपमा पुनर्वहाली गरी निवेदकलाई पदमुक्त गरेको मिति देखि पुनर्वहाली गरेको मितिको बीचको अवधिको कानून अनुसार पाउने तलव भत्ता लगायतको सवै सुविधा समेत दिलाउनु भनी परमादेशको आदेश जारी गरी पाउं भन्ने समेत व्यहोराको रिट निवेदन ।

यसमा बिपक्षीहरुवाट लिखित जवाफ मगाई आए पछि प्रस्तुत रिट निवेदन अग्राधिकार दिई पेश गर्नु भन्ने यस अदालतको मिति २०६३।१।२२ को आदेश ।

प्रस्तुत निवेदनको सम्वन्धमा न्याय परिषद् सचिवालयबाट मिति २०६२।१२।३ गते देखि लागू हुने गरी पदमुक्त गर्न पत्र प्राप्त भै सम्माननीय प्रधान न्यायाधीशज्यूको निर्णय वमोजिम पदमुक्त गरिएको पत्रमा कानून वमोजिम हस्ताक्षर गरी प्रेषितसम्म गरेको कार्यबाट निवेदकको मौलिक हकमा असर नपरेको हुादा प्रस्तुत रिट निवेदन खारेज गरी पाऊं भन्ने समेत व्यहोराको सर्वोच्च अदालत आन्तरिक तथा जिल्ला प्रशासन शाखाको लिखित जवाफ ।

न्याय परिषद् सचिवालयबाट मिति २०६२।१२।३ गते देखि लागू हुने गरी पदमुक्त गर्ने पत्र प्राप्त भै उक्त पत्र सम्माननीय प्रधान न्यायाधीशज्यू समक्ष पेश गर्दा न्याय परिषद सचिवालयको पत्र वमोजिम पदबाट मुक्त भएको पत्र सम्वन्धित व्यक्तिलाई बुझाउने भनी मिति २०६२।१२।६ मा निर्णय भए वमोजिम निवेदकलाई पदमुक्तीको पत्र पठाइएको हुंदा सो कार्यबाट निवेदकको मौलिक हकमा कुनै असर नपरेको हुंदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउं भन्ने समेत व्यहोराको सर्वोच्च अदालतका रजिष्ट्रारको लिखित जवाफ ।

न्याय परिषदबाट गठित एक सदस्यीय जाँचबुझ समितिको प्रतिवेदनमा निवेदकले नवलपरासी जिल्ला अदालतमा कार्यरत रहंदा वादी सावित्रीदेवी प्रतिवादी रमौतिदेवी भएको अपुताली हक कायम मुद्दामा प्रमाणको यथोचित मूल्यांकन र विवेक सम्मत विवेचना नगरी तथ्यको विश्लेषण गर्दा प्रयोग गर्नु पर्ने कानून, न्यायिक परम्परा र मर्यादा समेतको बेवास्ता गरी पेश भएको प्रमाण मिसिल समेतको मूल्यांकन एवम् विश्लेषण केही नगरी किटानी नभएको भ्रमपूर्ण लेखाईलाई आधार प्रमाण लिई दावी पुग्ने ठहर निर्णय गरेको देखिएकोले न्यायिक ज्ञान, सीप, सदविवेक प्रयोग गरेको अवस्था देखिन नआई कार्य सम्पादनमा कार्य क्षमताको अभाव देखिएको भन्ने प्रतिवेदनमा उल्लिखित तथ्यहरु न्याय परिषद ऐन, २०४७ को दफा ४क को उपदफा (२) को खण्ड (घ) वमोजिमको मुद्दाको कारवाही र निर्णय गर्दा प्रयोग हुनै नसक्ने कानूनको प्रयोग गरी वा कानूनको स्पष्ट र असंदिग्ध व्याख्या वा अर्थलाई छाडेर बलपूर्वक अर्को व्याख्या वा अर्थ गरी सो कारवाही वा निर्णयको अनुचित असर पुर्‍याएको भन्ने व्यवस्थासंग मेल खाने नै भएकोले संविधानवाट कानून वमोजिम न्याय परिषदबाट कार्यक्षमताको अभावमा पदमुक्त गर्न गरेको सिफारिस संविधान एवम् कानून वमोजिम भए गरेको हुंदा बदर हुनु पर्ने होइन । सम्बत् २०४८ सालको रिट नं.३२७६ को गोपाल गुरागाई बिरुद्ध न्याय परिषद सचिवालय समेत भएको रिट निवेदनमा न्याय परिषदले पदमुक्त गरेको कारवाही र निर्णयहरु बदर पाउं भनी परेको

रिट निवेदन सर्वोच्च अदालतको संयुक्त इजलासबाट खारेज भएकोले उक्त रिट खारेज हुनाका आधार र कारणबाट समेत प्रस्तुत रिट निवेदनमा मेल खाने हुंदा उक्त खारेज भएको निवेदनको निर्णयलाई समेत आधार मानी प्रस्तुत रिट निवेदन खारेज गरी पाउं भन्ने समेत व्यहोराको न्याय परिषदको लिखित जवाफ ।

गोपालप्रसाद गुरागाईंको रिट निवेदनमा भारतीय सर्वोच्च अदालतबाट Supreme court advocates on record vs. Union of India को 1994 को मुद्दामा न्यायाधीशको नियुक्ति र सरुवामा न्यायाधीशको बहुमत हुने र न्यायाधीशको पेशा नै न्यायिक मन लगाई निष्पक्ष र स्वतन्त्र भई काम गर्ने कारणले Judicial review को आवश्यकता नपर्ने भनी प्रतिपादन भएको सिद्धान्तलाई आधार लिई न्याय परिषदका पाँच सदस्य मध्ये तीन सदस्य वहालवाला न्यायाधीश, एक सदस्य कानुनविद् र एक सदस्य मात्र कार्यपालिकाको प्रतिनिधित्व हुने व्यवस्था गरेकोले वहुमतको निर्णय न्यायाधीशहरुको हुने अर्थात नियुक्ति बर्खास्तगी आदिमा primacy न्यायाधीश कै हुने हुंदा apparent error on the face of record देखिने त्रुटी नभएको अवस्थामा Judicial review गर्न आवश्यक पर्दैन भन्ने समेतको कारण देखाई रिट निवेदन खारेज हुने ठहर भएको पाइन्छ भने उस्तै विषय समावेश भएको यस अघि दायर भई किनारा भएको अन्य रिट निवेदनहरु अर्थात २०४८ **सालको रिट नं. १७७९ निवेदक रामप्रसाद अधिकारी विरुद्ध न्याय परिषद समेत** भएको रिट निवेदनमा र **२०५२ सालको रिट नं. २३६२ निवेदक ध्रुवलाल राज, २०५२ सालको रिट नं. २३६८ निवेदक रामेश्वरमान सिं अधिकारीको रिट** निवेदनमा यस अदालतका अलग अलग संयुक्त इजलाशबाट अलग अलग मितिमा उल्लिखित रिट नं. ३२७६ को रिट निवेदनमा उल्लिखित आधार कारण वाहेक निवेदकले माग गरेका प्रत्येक विषयको न्यायको रोहमा विश्लेषण र पूर्ण मूल्यांकन गरी मुद्दा खारेज हुने निर्णय आदेश भै रहेको पाइन्छ ।

न्यायाधीशहरुको नियुक्ति, सरुवा, अनुशासन सम्बन्धी कारवाही र बर्खासी समेतको सिफारिस गर्ने संवैधानिक जिम्मेवारी पाएको न्याय परिषद हाम्रो संविधानको मौलिक र विशिष्ट व्यवस्था हो । सो परिषदमा प्रधान न्यायाधीश, सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीश तथा कानुनविद्हरुसमेत रहने र जाँचवुझ समितिको अध्यक्ष समेत सर्वोच्च अदालतका न्यायाधीश हुने भएकाले त्यस्तो निकायबाट हुने निर्णयमा त्रुटी हुने सम्भावना कम हुने भन्न न्यायाधीशले आफू विरुद्ध भएको कार्यको विरुद्ध संविधानमा भएको व्यवस्था अनुसार उजुर गर्न पाउने हक र त्यसलाई हेर्न सर्वोच्च अदालतले प्रयोग गर्ने गरेको असाधारण अधिकारक्षेत्रको दायरा सीमित हुन्छ भन्नु न्यायको रोह, संवैधानिक व्यवस्था र हालसम्म अवलम्वन गरी आएको सिद्धान्तवाट मिल्ने देखिंदैन, साथै पुनरावेदन गर्न पाउने कानुनी उपचारको व्यवस्था नभएको सन्दर्भमा त अझै मिल्ने देखिंदैन ।

यसरी न्याय परिषदले न्यायाधीशहरुको हकमा गरेका काम कारवाही र निर्णय उपर परेका रिट निवेदनमा रिटको अधिकारक्षेत्रको प्रयोगको दायराका सम्वन्धमा अलग अलग निर्णयहरु भैरहेको पाइएको र त्यसमा पनि भारतीय सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा रिट नं. ३२७६ को गोपाल गुरागााईको निवेदनमा व्यक्त राय तत्कालीन संविधानको धारा ८८ को उपधारा (२) र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (२) अनुसार सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्रको प्रयोगका सम्वन्धमा ज्यादै नै महत्वपूर्ण र गम्भीर सम्वैधानिक प्रश्न उपस्थित भएको पाइएकोले सर्वप्रथम यो विषयको निराकरण हुनु अति नै आवश्यक देखिन आयो । तसर्थ न्याय परिषद्बाट न्यायाधीशको सम्बन्धमा भएको कारवाही निर्णय विरुद्ध परेका रिट निवेदनहरुमा भएको भिन्न भिन्न निर्णय र यस अदालतको असाधारण अधिकारक्षेत्रको प्रयोगमा समावेश भएको जटिल कानुनी प्रश्नको निर्णय हुनु पर्ने देखिएकोले प्रस्तुत निवेदन सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को उपनियम (१) को खण्ड (ख) र (घ) बमोजिम पूर्ण इजलाशमा पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालतको संयुक्त इजलासबाट मिति २०६५।५।१३ मा भएको आदेश ।

**वहस खण्ड**

नियम बमोजिम पेश हुन आएको प्रस्तुत रिट निवेदनमा मिति २०६६।१०।२१, २०६६।११।२७ र २०६६।१२।१९ मा सुनुवाई गरिएको थियो । सुनुवाईका क्रममा निवेदक तथा विपक्षीतर्फका विद्वान कानून व्यवसायीहरुले गर्नु भएको वहसको संक्षिप्त टिपोट यस प्रकार रहेको छ :

**निवेदकतर्फ**

**वरिष्ठ अधिवक्ता महादेवप्रसाद यादवः** कार्यक्षमताको अभावको आधारमा हटाइएको छ । कार्यक्षमताको अभाव भन्ने विषयको मापन गर्न सहज हुँदैन, त्यसैले त्यस्तो विषयमा सचेत गराउने समेतको व्यवस्था गरिएको हो । निवेदकलाई पदमुक्त गर्दा न्याय परिषद्ले Rule of Law लाई पालना गरेको छ छैन हेरिनु पर्दछ । कार्यक्षमता बढाउन सकिने विषय हो, त्यसैले एउटा मुद्दा विशेषमा त्यस्तो अवस्था देखिँदैमा सेवाबाटै हटाउनु न्यायोचित हुँदैन । फैसलामा भएका त्रुटी पुनरावेदनको रोहमा सच्याउन सकिन्छ, तर एउटा फैसलालाई आधार बनाएर अवकाश दिनु न्यायोचित हुदैन ।

**वरिष्ठ अधिवक्ता कमलनारायण दासः** सर्वोच्च अदालतबाट आफ्नो Judicial Review को दायरालाई सांघुरो पार्ने गरी व्याख्या गरिनु हुँदैन । पुनरावेदन तहबाट correction भैसकेको फैसलालाई आधार बनाएर तल्लो अदालतका न्यायाधीशलाई कारवाही गरिनु हुँदैन ।

**वरिष्ठ अधिवक्ता बद्रीबहादुर कार्कीः** स्पष्टीकरणमा संविधानको धारा र ऐनको दफा उल्लेख हुनु मात्र पर्याप्त हुँदैन, के कुन आधारमा ती प्रावधान आकर्षित भएका हुन् भन्ने कुरा समेत उल्लेख गरिनु पर्दछ । निवेदकलाई लगाइएको आरोप judicial error अन्तर्गत पर्ने देखिन्छ, त्यस्तो विषयलाई कारवाहीको विषय बनाइनु हुँदैन । न्याय परिषद्ले हेर्ने error भनेको administrative error हो, फैसलाको पुनरावेदन सुने जस्तो गरेर त्यसले परीक्षण गर्न सक्ने हुँदैन । परिषद्ले Judicial test गर्न सक्दैन । परिषद्ले निवेदकलाई कारवाही गर्दा न्यायिक प्रक्रियाको अवलम्वन गरेको नभै प्रशासनिक प्रक्रिया अवलम्वन गरेको हुंदा त्यसमा न्यायिक पुनरावलोकन हुन सक्छ ।

**अधिवक्ता हरिप्रसाद उप्रेतीः** निवेदक उपरको प्रारम्भिक प्रतिवेदन र जाँचबुझ समितिको प्रतिवेदनमा समेत न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) को खण्ड (घ) को आरोप लगाइएको छैन । कार्यक्षमताको अभावमा कारवाही गर्नका लागि दफा ४क को उपदफा (२) को खण्ड (क) देखि खण्ड (झ) सम्मका आधारहरु विद्यमान हुनु पर्दछ । तर निवेदकलाई कारवाही गर्दा ती आधारहरुको विद्यमानता देखाउन सकेको पाइंदैन ।

**अधिवक्ता शम्भु थापाः** मिति २०५८।८।१८ मा तत्कालीन जिल्ला न्यायाधीश गणेश पञ्जियारबाट भएको विवादमा रहेको फैसला इजलासबाट अवलोकन गरिनु पर्दछ । मिसिलमा भएको प्रमाणको आधारमा फैसला भएको र न्यायाधीश प्रमाणको मूल्यांकन गर्न स्वतन्त्र समेत भएकाले कुनै एक फैसलालाई आधार बनाएर कार्यक्षमताको अभाव मान्न सकिदैन । फैसला उल्टी हुनु भनेको न्यायाधीशको कार्यक्षमताको अभाव भन्ने पनि हुँदैन ।

**अधिवक्ता बालकृष्ण नेउपानेः** निवेदक उपर छानविन गर्ने सिलसिलामा प्रारम्भिक छानविनका लागि तोकिनु भएका पुनरावेदन अदालतका न्यायाधीशले विवेकसम्मत फैसला नभएको भनी प्रतिवेदन पेश गरेको र सर्वोच्च अदालतका न्यायाधीशबाट पेश भएको प्रतिवेदनमा पनि न्यायिक ज्ञान, शीप र सद्विवेकलाई आधार बनाएको देखिन्छ । स्पष्टीकरणमा पनि अन्य कुराको उल्लेख नै नगरी ज्ञान, शीप र सद्विवेकलाई नै आधार बनाइएको छ । ज्ञान, शीप र सद्विवेकको अभावलाई अवकाश दिने आधार बनाउन मिल्दैन । कानूनले त्यस्तो परिकल्पना नै गरेको छैन । कार्यक्षमताको अभाव भएको अवस्थामा सचेत गराउनु पर्ने कानूनी व्यवस्थाको विपरित सचेत नै नगराई एकैचोटी पदमुक्त गर्ने गरी भएको कारवाही त्रुटिपूर्ण रहेको छ । कार्यक्षमताको अभावमा सुधार हुन सक्दछ, कार्यक्षमताको अभिबृद्धि गर्न सकिन्छ । निवेदकसरह नै छानविनको दायरामा परेका अन्य न्यायाधीशहरु लाई सचेत गराइएबाट निवेदकप्रति असमान व्यवहार भएको देखिएको छ । कुनै न्यायाधीशले गरेको फैसला उल्टी हुँदैमा न्यायाधीशमा कार्यक्षमताको अभाव रहेको भन्ने हुँदैन । यदि त्यस्तो मान्ने हो भने न्यायिक स्वतन्त्रता कायम रहन सक्दैन । फैसलामा पुनरावेदनको रोहबाट न्यायिक टिप्पणी भएको अवस्थामा मात्र फैसलालाई आधार बनाएर कारवाही प्रक्रिया प्रारम्भ हुन सक्छ । तर प्रशासकीय निर्णयबाट त्यसलाई आधार बनाउन मिल्दैन । निवेदकलाई निर्णय भएको मितिभन्दा अघिबाट लागू हुने गरी अवकाश दिइएको हुंदा माग वमोजिमको आदेश जारी हुनु पर्दछ ।

**अधिवक्ता खगेन्द्रप्रसाद अधिकारीः** न्याय परिषद्बाट भएको निर्णयमा न्यायिक मनको प्रयोग भएको छैन, त्यस्तो निर्णयमा पुनरावलोकन हुन नसक्ने भन्नु

न्यायिक पुनरावलोकनको सिद्धान्त प्रतिकूल हुन्छ । अदालतले स्वेच्छाचारितालाई नियन्त्रण गर्नु पर्छ । निवेदकमा खराव आचरण रहेको वा निजले लिए खाएको भन्ने कहिं कतैबाट नदेखिएको अवस्थामा पदमुक्त गर्ने गरी भएको कारवाही न्यायोचित छैन । कार्यक्षमताको अभाव हुंदैमा पदमुक्त गर्नु पर्ने अवस्था हुंदैन । कुनै एउटा मात्र फैसलालाई आधार बनाएर न्यायाधीशको मूल्यांकन गरिंदा त्यो सही मूल्यांकन हुन सक्दैन ।

**अधिवक्ता कोपिलप्रसाद अधिकारी:** न्याय परिषद्बाट निवेदकका विरुद्धमा असी वर्षकी स्वास्नी मानिसले अर्को विवाह गर्नै सक्दैन भन्ने पूर्वधारणा बनाएर भावनात्मक निर्णय गरिएको छ । निवेदकलाई गरिएको कारवाही प्रक्रिया समेत पारदर्शी छैन, के आधारमा कार्यक्षमताको अभाव भयो भन्ने कुरा कहिं कतैबाट खुल्दैन । निवेदक उपरको कारवाही कानूनसम्मत छैन, बदर हुनु पर्दछ ।

**निवेदक अधिवक्ता गणेश पन्जियार:** निवेदकमा के आधारमा कार्यक्षमताको अभाव रहेको भन्ने स्पष्ट गरिएको छैन । प्रारम्भिक प्रतिवेदनमा विवेकसम्मत फैसला नभएको भन्ने उल्लेख छ । यसरी छानविन भएका अन्य न्यायाधीशहरु उपर कारवाही गरिएको छैन, त्यसैले निवेदक उपरको कारवाही पूर्वाग्रहप्रेरित छ । छानविनको प्रतिवेदनले कसूर स्थापित गर्दैन, त्यसैले त्यस्तो प्रतिवेदनलाई आधार बनाएर कारवाही गर्न मिल्दैन ।

**विपक्षीतर्फ**

**उप-न्यायाधिवक्ता श्रीकृष्ण भट्टराई:** यदि कुनै निर्णय illegal, irrational, unreasonable छ र त्यसमा procedural error छ भने न्यायिक पुनरावलोकनबाट त्यसलाई बदर गर्न सकिन्छ । न्याय परिषद्मा ३ जना न्यायाधीश र २ जना विशिष्ट कानूनविद् रहने हुंदा त्यस्तो निकायबाट भएको निर्णय Administrative नभै Judicial भएकाले त्यसमा judicial review हुन सक्दैन । न्याय परिषद् ऐनले निर्धारित गरेको प्रक्रिया अन्तर्गत नै स्पष्टीकरण सोधी जाँचबुझ समेत गरी कारवाही गरिएको हुंदा कार्यविधिगत त्रुटी भएको भन्ने देखिएको छैन । कार्यक्षमताको अभावमा कारवाही गर्दा सचेत गराउनै पर्ने भन्ने अनिवार्य व्यवस्था कानूनले गरेको छैन, त्यसलाई निर्णय गर्ने निकायको स्वविवेकमा छाडिएको छ । राजदरवारबाट पत्र प्राप्त भएको मितिदेखि लागू हुने गरी पदमुक्त गरिएको पत्र जारी गरिएको हुंदा त्यसलाई Restrospective भन्न मिल्ने अवस्था छैन ।

## ठहर खण्ड

आज निर्णय सुनाउन तोकिएको प्रस्तुत रिट निवेदनमा निवेदकले आफूलाई २०५८ सालमा भएको फैसलाको विरुद्धमा परेको उजूरीको आधारमा छानविन समिति मार्फत अनुसन्धान गराई सो मुद्दामा अनुचित कार्य गरेको आरोप लगाई अन्ततः सोही जरियाबाट आफूलाई जिल्ला न्यायाधीश पदवाट अवकाश दिइएको न्याय परिषदको निर्णय र काम कारवाही असंवैधानिक र कानून विपरीत भएको तथा समान अवस्थाका अन्य न्यायाधीशहरु र आफू बीच असमान व्यवहार भएकोले यस अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत रिट जारी गरी पुनर्वहाली गरी पाऊं भन्ने दावी लिएको देखियो । विपक्षी न्याय परिषद् सचिवालयका तर्फबाट पेश भएको लिखित जवाफमा न्याय परिषद ऐन, २०४७ को दफा ६ वमोजिम गठित जाँचवुझ समितिको प्रतिवेदनसमेतका आधारमा निवेदकमा कार्यक्षमताको अभाव देखिन आएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१ को उपधारा (३) को प्रतिवन्धात्मक वाक्यांश अनुसार सफाइको मौका समेत प्रदान गरी न्याय परिषद् ऐनको ४क को उपदफा (२) को खण्ड (घ) वमोजिम कार्यक्षमताको अभावमा पदमुक्त गर्न न्याय परिषदको मिति २०६२।१०।२३ को निर्णयानुसार जाहेर गरिएकोमा महाराजाधिराजवाट मिति २०६२।१२।३ मा पदमुक्त गरिएको हुंदा निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्ने होइन भनी निवेदन व्यहोराको प्रतिवाद गरिएको देखिन्छ ।

उल्लिखित तथ्यगत अवस्था, वहस जिकीर, निवेदक तर्फका कानून व्यवसायीहरुले प्रस्तुत गर्नु भएको वहसनोट तथा संयुक्त इजलासको आदेश समेतलाई आधार बनाएर हेर्दा प्रस्तुत मुद्दामा मुख्य रुपमा देहायका प्रश्नहरुको निरुपण गरी निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखिन्छ ।

१. **न्याय परिषद्बाट भएको निर्णयको न्यायिक पुनरावलोकन हुन सक्छ वा सक्दैन ?**
२. **न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (५) अनुसार कार्यक्षमताको अभावमा पदमुक्त गर्नु अघि सचेत गराउनु पर्ने व्यवस्था पूर्वशर्त हो वा सचेत नगराई एकैचोटी अवकाश दिन पनि सकिन्छ ?**

### ३. निर्णयको मिति भन्दा पहिलेको मितिबाट लागू हुने गरी निवेदकलाई अवकाश दिइएको अवस्था विद्यमान छ वा छैन ?

माथि निर्धारण गरिएका प्रश्नहरुमध्ये प्रथमतः **न्याय परिषद्‌बाट भएको निर्णयको न्यायिक पुनरावलोकन हुन सक्छ वा सक्दैन** भन्ने पहिलो प्रश्नमा विचार गर्नु अघि संयुक्त इजलासबाट भएको आदेशलाई समेत मनन गरिनु पर्ने देखिन्छ । प्रस्तुत निवेदन संयुक्त इजलासबाट सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को उपनियम (१) को खण्ड (ख) र (घ) बमोजिम पूर्ण इजलास समक्ष पेश गर्ने आदेश गर्दा मुख्य रुपमा गोपालप्रसाद गुरागाई वि. न्याय परिषद्‌समेत भएको रिट निवेदनमा यस अदालतको संयुक्त इजलासले न्याय परिषदका पाँच सदस्य मध्ये बहुमत न्यायाधीशहरुको हुने हुंदा apparent error on the face of record देखिने त्रुटी नभएको अवस्थामा Judicial review गर्न आवश्यक पर्दैन भन्ने समेतको कारण देखाई रिट निवेदन खारेज हुने ठहर गरेको र उस्तै विषय समावेश भएको **२०४८ सालको रिट नं. १७७९, निवेदक रामप्रसाद अधिकारी वि. न्याय परिषद् समेत, २०५२ सालको रिट नं. २३६२, निवेदक धुवलाल राज वि. न्याय परिषद् समेत र २०५२ सालको रिट नं. २३६८, निवेदक रामेश्वरमान सिं अधिकारीको** रिट निवेदनहरुमा यस अदालतका अलग अलग संयुक्त इजलासबाट अलग अलग मितिमा रिट निवेदनको विषयवस्तुभित्र प्रवेश गरी न्यायको रोहमा विश्लेषण र पूर्ण मूल्यांकन गरी निवेदन खारेज हुने निष्कर्षमा पुगेको अवस्था देखाई त्यसरी समान स्तरका इजलासबाट फरक फरक रुलिङ कायम भएको हुंदा त्यसमा पूर्ण इजलासबाटै एकरुपता कायम हुनु पर्ने भनिएको पाइन्छ । त्यसैगरी गोपाल गुरागाईंको रिट निवेदनमा संयुक्त इजलासबाट भएको व्याख्याबाट सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रको प्रयोगमा जटिल प्रश्न उपस्थित भएकाले त्यसमा समेत पूर्ण इजलासबाटै न्याय निरुपण हुनु पर्ने भन्ने निष्कर्षमा संयुक्त इजलास पुगेको देखिन्छ । उल्लिखित सन्दर्भमा प्रथमतः न्यायिक पुनरावलोकनको सैद्धान्तिक आधारको उल्लेखन गर्दै न्याय परिषद्‌बाट यी निवेदकलाई पदमुक्त गर्ने गरी गरिएको निर्णयको न्यायिक पुनरावलोकन हुन सक्छ वा सक्दैन भन्ने विषयमा निष्कर्षमा पुग्नु पर्ने भएको छ ।

न्यायिक पुनरावलोकनको अधिकारको प्रयोगबाट न्यायपालिकाले राज्यका अन्य निकायहरुलाई उनीहरुको अधिकार क्षेत्रभन्दा बाहिर जानबाट रोक्दछ र व्यक्तिका हक अधिकारहरुको संरक्षण तथा कानूनी राज्यको प्रत्याभूति प्रदान गर्दछ । न्यायिक पुनरावलोकनको अधिकारलाई न्यायपालिकाको अन्तरनिहित अधिकारका रुपमा लिइन्छ । न्यायिक पुनरावलोकनको अधिकार नै संवैधानिक सर्वोच्चता र स्वतन्त्र न्यायपालिकाको मुख्य आधार हो ।

वास्तवमा न्यायिक पुनरावलोकनको अधिकार कुनै संवैधानिक वा कानूनी व्यवस्थाबाट विकसित भएको नभै विधिको शासनको मान्यतालाई सार्थक रुप दिनको लागि न्यायपालिकाले आफैं विकसित गरेको अवधारणा पनि हो । यसलाई स्वतन्त्र न्यायपालिकाको अन्तरनिहित अधिकार तथा सारतत्वका रुपमा मान्यता दिंदै त्यसै आधारमा यसको विस्तार र विकास गरिएको देखिन्छ । त्यस आधारमा न्यायिक पुनरावलोकनको अधिकारलाई न्यायिक सक्रियताको उपज पनि मानिन्छ । यसको दृष्टान्तका रुपमा सन् १६१० मा नै वेलायती प्रधान न्यायाधीश एडवर्ड कोकले डा. बोनहृयामको मुद्दामा प्राकृतिक न्याय र कमन ल को व्यवहारसंग असंगत हुने गरी संसदले निर्माण गरेको कानून बदरभागी हुने भनी न्यायिक पुनरावलोकनको सिद्धान्तको जग वसालेका थिए । त्यसैगरी सन् १८०३ मा अमेरिकी संघीय सर्वोच्च अदालतले मार्वरी वि. मेडिसनको मुद्दामा कांग्रेस निर्मित कानूनले सर्वोच्च कानूनका रुपमा रहेको संविधानको उल्लंघन गर्दछ भने अदालतले संविधानसंग असंगत कानूनलाई अमान्य घोषित गर्न सक्दछ भन्ने सिद्धान्त स्थापित गरिदियो । यस्तै व्याख्या हाम्रो न्यायपालिकाले पनि धेरै अघिदेखि गर्दै आएको देखिन्छ । न्यायपालिकालाई स्पष्ट रुपमा न्यायिक पुनरावलोकनको अधिकार प्रदान नगरिंदा नगरिंदै पनि विश्वेश्वरप्रसाद कोइराला वि. नेपाल सरकार, काठमाडौं मजिष्ट्रेट भएको मुद्दा (ने.का.प. २०१६, नि.नं.२४, पृष्ठ १२३) मा वि.सं. २०१० सालमा गरिएको व्याख्याले यो अधिकार न्यायपालिकाको अन्तरनिहित अधिकार हो भन्ने मान्यतालाई हाम्रो सन्दर्भमा समेत स्थापित गरेको र त्यस्ता अरु पनि अनेकन दृष्टान्तहरु रहेका छन् ।

सभ्य र कानूनको शासनप्रति प्रतिबद्ध मुलुकले न्यायिक पुनरावलोकनको अधिकारले सुसज्जित न्यायपालिकाको स्थापनामा जोड दिंदै

आएका छन् । त्यसैले न्यायिक पुनरावलोकनको अधिकारलाई संवैधानिक सर्वोच्चता Constitutional Supremacy) र कानूनी संविधानवाद (Legal Constitutionalism) को प्रमुख अवयवका रुपमा तथा एउटा मूल्य र मान्यताका रुपमा स्थापित गरिएको देखिन्छ । न्यायिक पुनरावलोकनको अधिकार मुख्य रुपमा देहायको प्रयोजनका लागि अपरिहार्य मानिन्छ :

- नागरिकको हक अधिकार तथा स्वतन्त्रताको रक्षा एवं त्यसको उपभोगको सुनिश्चितताका लागि
- कानूनी राज्य वा विधिको शासनको अवधारणालाई व्यवहारिक रुपमा सार्थक तुल्याउनका लागि
- सीमित सरकारको अवधारणालाई क्रियान्वित गर्नका लागि
- शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको सिद्धान्तको प्रभावकारी प्रयोग र पालनाका लागि
- सरकारको काम कारवाहीहरु तथा निर्णयहरुलाई वैधानिक दायराभित्र सीमित गर्नका लागि
- न्यायिक स्वतन्त्रता र सक्षमता सुनिश्चित गर्नका लागि
- राज्यको कार्यकारी निकायको स्वेच्छाचारी एवं निरंकुश कार्यमा नियन्त्रण गर्नका लागि
- संवैधानिक सर्वोच्चता कायम गरी संविधानको संरक्षण गर्नका लागि

उल्लिखित सन्दर्भमा हेर्दा न्यायिक पुनरावलोकनको अधिकारलाई जनताको मौलिक हकको रक्षा र संवैधानिक सर्वोच्चताको सुनिश्चितताका लागि स्वतन्त्र न्यायपालिकासंग नभई नहुने असाधारण अधिकारका रुपमा लिन सकिन्छ । यही अधिकारको प्रयोगबाट नै न्यायपालिकाले राज्यका अन्य अंगहरुको काम कारवाहीको संवैधानिकताको परीक्षण गर्दछ । कुनै पनि कार्यको संवैधानिकता परीक्षणको अधिकार न्यायपालिकाको सर्वोच्च निकायलाई रहेन भने कानूनको शासनको मान्यता नरहनुका साथै संविधानको रक्षा संभव हुँदैन र संविधानलाई जीवन्तता प्रदान गर्न पनि सकिँदैन । यही मान्यताद्वारा अभिप्रेरित भै तत्कालीन नेपालको अन्तरिम संविधान, २०४७ को धारा ८८ को उपधारा (१) र (२) मा सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रका बारेमा स्पष्ट रुपमा उल्लेख थियो र यसैको निरन्तरता वर्तमान नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (१) र (२) मा रहेको पाइन्छ । तर, संविधानको धारा १०७ को उपधारा (१) र (२) मा रहेका ती व्यवस्थाहरु नै वर्तमान सन्दर्भमा न्यायिक पुनरावलोकनका मुख्य आधारहरु हुन् । न्यायिक पुनरावलोकनको अधिकार क्षेत्रको दायरा पुनरावलोकन गर्नु पर्ने भएको निर्णय वा काम कारवाहीको विषयवस्तु तथा प्रकृतिका साथै देशको शासन व्यवस्था र संवैधानिक व्यवस्थामा आधारित हुन्छ । वेलायतको जस्तो संसदीय सर्वोच्चता रहेको देशमा विधायिकी कार्यको न्यायिक पुनरावलोकन संभव नहुन सक्छ । त्यसैगरी कतिपय राजतन्त्रात्मक मुलुकको संविधानले नै राज्य प्रमुखका रुपमा रहेका राजाले गर्ने कार्यको न्यायिक पुनरावलोकन हुन नसक्ने गरी न्यायिक पुनरावलोकनको अधिकारलाई सीमित गराइएको हुन सक्दछ । यसैगरी कतिपय तानाशाही वा एकदलीय शासन व्यवस्था भएका मुलुकहरुमा पनि न्यायिक पुनरावलोकनको अधिकार क्षेत्रमा केही अंकुश लगाइएको पनि हुन सक्दछ । तर न्यायिक पुनरावलोकनको अधिकार असीमित छ भन्ने होइन । कानूनको शासनको मूल्य र मान्यतामा आधारित प्रजातान्त्रिक बहुदलीय व्यवस्था र प्रतिस्पर्धात्मक राजनीतिक व्यवस्थालाई पूर्ण मान्यता दिने संविधानमा नै न्यायिक पुनरावलोकन हुन नसक्ने कुनै विषय वा काम कारवाही वा निर्णयहरु तोकिएका हुन सक्दछन् । संविधानमा न्यायिक पुनरावलोकन हुन नसक्ने गरी केही सीमारेखा कोरिएको पनि हुन सक्दछ । शक्ति सन्तुलनको सिद्धान्त अनुरुप यस्ता सीमारेखा तोक्ने कार्य उपयुक्त र व्यवहारिक पनि ठानिन्छ । उदाहरणका लागि नेपालको अन्तरिम संविधान, २०६३ मा गरिएको व्यवस्था अनुसार देहायका विषयहरु न्यायिक पुनरावलोकनको विषय हुन सक्दैनन् :

क. राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरु अन्तर्गत लेखिएका विषयहरु कार्यान्वयन भए नभएको

सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन नसकिने गरी धारा ३६ को उपधारा (१) मा व्यवस्था गरिएको छ ।

ख. नेपाल सरकारको कार्य विभाजन र कार्य सम्पादन नियमावली पालना भयो भएन भन्ने प्रश्न कुनै अदालतमा

उठाउन नसकिने भन्ने व्यवस्था धारा ४३ को उपधारा (३) मा गरिएको छ।

ग. व्यवस्थापिका संसद र संविधानसभाको विशेषाधिकार सम्बन्धी विषयहरुमा कुनै पनि अदालतमा प्रश्न उठाउन नसकिने गरी क्रमशः धारा ५६ र धारा ७७ मा बन्देज लगाइएको छ।

घ. संविधानसभा अदालतको क्षेत्राधिकारभित्रको विषयमा अन्य अदालतले अधिकार क्षेत्र ग्रहण गर्न नसक्ने गरी धारा १०२ को उपधारा (२) मा व्यवस्था गरिएको छ।

उल्लिखित संवैधानिक व्यवस्था बाहेक सर्वोच्च अदालत आफैंले पनि न्यायिक आत्मसंयमको अवधारणा अन्तर्गत न्यायिक पुनरावलोकनका केही सीमाहरु कोरेको पाइन्छ। राजनीतिक प्रश्न, कार्यकारीणीको नीतिगत निर्णयको विषय, विदेशी राष्ट्रसंगको द्विपक्षीय र वहुपक्षीय सम्बन्धका विषयहरु, स्वविवेकीय अधिकारको प्रयोगको विषय, करारीय दायित्व परिपालना वा करारबाट सिर्जना भएको कुनै हक वा दायित्वको परिपालनाको विषयसंग सम्बन्धित विवादको विषयमा सर्वोच्च अदालतको विशेष अधिकार क्षेत्र अन्तरगत न्यायिक पुनरावलोकन नगरिने भनी यस अदालतले विभिन्न मुद्दाहरुमा बोलेको छ। यसरी संविधानले कोरिदिएका सीमारेखा र न्यायपालिका आफैंले कोरेका सीमारेखाहरु बाहेकका कुनै पनि विषयमा न्यायिक पुनरावलोकन हुन सक्छ। न्यायिक पुनरावलोकन हुन नसक्ने भनी संविधानले निर्धारण गरेका सीमा रेखाहरु पनि आफैंमा निरपेक्ष र अभेद्य नहुन सक्दछन्। यी सीमा रेखाहरु संविधानले अंगिकार गरेका आधारभूत सिद्धान्त, मूल्य तथा मान्यताहरुसंग मेल नखाने भएमा वा संविधानद्वारा प्रदत्त मौलिक हक हनन गर्ने खालका काम कारवाही वा निर्णयहरु समेत न्यायिक पुनरावलोकनको दायरा बाहिर राख्ने संवैधानिक व्यवस्था आफैंमा पनि सर्वोच्च अदालतको न्यायिक पुनरावलोकनको विषय हुन सक्दछन्। यस्ता बेमनासिव सीमालाई सर्वोच्च अदालतले न्यायिक पुनरावलोकन गर्न सक्दछ र पूर्ण न्याय प्रदान गर्ने कार्यमा कुनै पनि कुरा बाधक नबनोस् भन्ने मान्यताबाट विकसित भएको न्यायिक पुनरावलोकनको अधिकार क्षेत्रमा अंकुश लगाउने कुरामा अत्यन्त सावधानी अपनाउनु पर्दछ।

न्यायिक पुनरावलोकनको यही विशिष्ट चरित्रलाई आधार बनाएर प्रस्तुत विवादलाई हेर्दा यस अदालतले आत्मसंयमको मान्यता अन्तर्गत कोरेका सीमारेखाहरु र मूल कानूनका रुपमा रहेको संविधानले तोकिदिएका सीमाहरु भित्र न्याय परिषद्का निर्णयहरु परेको देखिंदैन। न्यायपरिषद्को संवैधानिक हैसियत अन्य संवैधानिक निकायहरुभन्दा फरक र विशिष्ट भन्ने पनि संविधानको प्रावधानबाट देखिंदैन। न्यायपरिषद्को संरचनालाई आधार बनाएर **गोपालप्रसाद गुरागाईंको** रिट निवेदनमा संयुक्त इजलासले न्यायिक पुनरावलोकनको अधिकार क्षेत्रलाई सीमित पार्न खोजेको हो कि भन्ने आशय देखिन्छ तापनि संविधानले सीमित नगरेको विषयलाई अदालतले व्याख्याबाट सीमित गराउँदै जाने हो भने न्यायिक सक्रियताबाट जन्मेर विकास हुंदै आएको न्यायिक पुनरावलोकनको अधिकार न्यायिक आत्मसंयमको नाममा कमजोर र संकुचित हुन पुग्ने विडम्वनापूर्ण अवस्थाको सिर्जना हुन जान्छ। यसमा पनि कुनै व्यक्तिको पेशा, रोजगारी तथा मौलिक हकको रुपमा संवैधानिक संरक्षण प्राप्त अन्य हक अधिकारसंग प्रत्यक्ष रुपमा सम्वन्धित विषयमा भएका निर्णयहरुलाई न्यायिक आत्मसंयमको सिद्धान्तको नाममा न्यायिक पुनरावलोकनको दायराबाट हटाउन मिल्दैन। यदि त्यसो गरियो भने न्यायिक पुनरावलोकनको अधिकार क्षेत्रमा क्रमिक रुपमा हुंदै गएको विकास र विस्तारको गति अवरुद्ध हुने र न्यायपालिकाले आफ्नो वैधानिक शक्ति गुमाउँदै जाने खतरा उत्पन्न हुन सक्छ।

न्याय परिषद्को तत्कालीन संरचनाका सम्बन्धमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९३ मा गरिएको व्यवस्था अनुसार पाँच सदस्यीय न्याय परिषद्मा प्रधान न्यायाधीश र सर्वोच्च अदालतका दुई जना न्यायाधीश समेत गरी संख्यात्मक दृष्टिले न्यायाधीशको बहुमत रहने देखिन्छ। तर न्याय परिषद्ले इजलास गठन गरी, विवादको विषयमा वहस पैरवी समेत गराई न्यायिक प्रक्रियाबाट निर्णय गर्ने नभै आवश्यक जाँचबुझ गराई सम्बधित व्यक्तिबाट स्पष्टीकरण लिई त्यसैका आधारमा निष्कर्षमा पुग्ने र सो उपर पुनरावेदकीय क्षेत्राधिकार ग्रहण गरी त्यसमा पुनरावलोकन गर्ने संयन्त्र र प्रक्रियाको बारेमा कुनै व्यवस्था नगरिएको परिप्रेक्ष्यमा संविधानले व्यवस्था गरेका अन्य धेरै निकायहरुमध्ये एक निकायको रुपमा रहेको न्याय परिषद्का पाँच जना सदस्यमध्ये प्रधान न्यायाधीश र

सर्वोच्च अदालतका अन्य दुईजना न्यायाधीश समेतको संलग्नता रहने भन्ने आधारमा मात्र न्याय परिषद्का निर्णय तथा काम कारबाहीको न्यायिक पुनरावलोकन हुन नसक्ने भन्ने कुरालाई मान्यता दिन सकिंदैन । कुनै पनि संवैधानिक निकायमा नेपालको प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीशहरुको बहुमत वा अल्पमत संलग्नता भएको भन्ने आधारमा यस्ता संवैधानिक निकायहरुले गरेका निर्णय तथा काम कारबाहीको न्यायिक पुनरावलोकनबाट उन्मुक्ति दिने हो भने न्यायिक पुनरावलोकनको दायरा संकुचित हुने मात्र नभई कुनै दिन शून्य अवस्थामा पनि पुग्न सक्दछ । यस सन्दर्भमा तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८ को उपधारा (४) र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (४) मा गरिएको व्यवस्था पनि सान्दर्भिक हुन्छन् । उक्त दुबै संविधानका उल्लिखित प्रावधान बमोजिम **सर्वोच्च अदालतले कानूनद्वारा तोकिएको अवस्था र शर्तमा आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्न सक्ने** देखिन्छ । यसरी सर्वोच्च अदालतको फैसला वा अन्तिम आदेशको समेत न्यायिक पनुरावलोकन हुन सक्ने अवस्थामा सर्वोच्च अदालतका न्यायाधीशहरुको बहुमत सदस्यता रहेको भन्ने आधारमा न्याय परिषद्को निर्णय तथा काम कारवाहीको न्यायिक पुनरावलोकन हुन सक्दैन भन्न सकिंदैन । यी सबै तथ्यहरुलाई आधार बनाउंदा समेत न्याय परिषद्बाट भएको निर्णयमा न्यायाधीशहरुको बहुमत रहने भन्ने आधारमा त्यसलाई न्यायिक पुनरावलोकन गर्न नमिल्ने भन्ने यस अदालतको संयुक्त इजलासबाट गोपालप्रसाद गुरागाई वि. न्याय परिषद् समेत भएको रिट निवेदनमा भएको आदेशसंग सहमत हुन सकिएन । तसर्थ न्याय परिषद्बाट निवेदक उपर भएको कारवाहीको निर्णयमा सर्वोच्च अदालतले असाधारण अधिकार क्षेत्र अन्तर्गतबाट न्यायिक पुनरावलोकन गर्न सक्ने देखिन्छ ।

न्याय परिषद्को निर्णय उपर न्यायिक पुनरावलोकन हुन सक्ने निष्कर्षमा पुगे पछि अब प्रस्तुत विवादको विषयभित्र प्रवेश गरी न्याय निरुपण हुनु पर्ने देखिन्छ । त्यसक्रममा **न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (५) अनुसार कार्यक्षमताको अभावमा पदमुक्त गर्नु अघि सचेत गराउनु पर्ने व्यवस्था पूर्वशर्त हो वा सचेत नगराई एकैचोटी अवकाश दिन पनि सकिन्छ ?** भन्ने दोस्रो प्रश्नका सम्बन्धमा विचार गर्नु आवश्यक हुन्छ ।

यस सन्दर्भमा तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१ को उपधारा (३) मा रहेको व्यवस्था र न्याय परिषद् ऐन, २०४७ को दफा ४क का केही प्रावधानहरुको सिंहावलोकन हुनु पर्ने देखिन्छ । नेपाल अधिराज्यको संविधानको धारा ९१ को उपधारा (३) ले **कार्यक्षमताको अभाव वा खराव आचरण भएकोले वा आफ्नो पदीय कर्तव्यको पालन इमान्दारीपूर्वक नगरेकोले पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा अन्य कुनै न्यायाधीश वा जिल्ला अदालतको कुनै न्यायाधीशलाई निजको पदबाट मुक्त गर्न वा खराब आचरणको आधारमा निजउपर कानून बमोजिम मुद्दा चलाउन आवश्यक वा वाञ्छनीय छ भनी न्याय परिषद्ले गरेको सिफारिस श्री ५ बाट स्वीकृत गरिबक्सेमा त्यस्तो मुख्य न्यायाधीश वा न्यायाधीशलाई निजको पदबाट मुक्त गरिने वा निजउपर कानून बमोजिम मुद्दा चलाइनेछ** भन्ने व्यवस्था गरेको छ । त्यसैगरी न्याय परिषद् ऐनको दफा ४क. ले **न्यायाधीशको कार्यक्षमता वा आचरणको मूल्यांकन गर्ने आधार** प्रस्तुत गरेको छ । दफा ४क को उपदफा (१) ले संविधानको धारा ९१ को उपधारा (३) को प्रयोजनका लागि नै त्यस्ता आधारहरु तोकिएको भन्ने स्पष्ट गरेको छ भने उपदफा (२) मा कार्यक्षमताको अभाव रहेको मानिने अवस्था, उपदफा (३) मा पदीय कर्तव्यको इमान्दारीपूर्वक पालन नगरेको मानिने अवस्था र उपदफा (४) ले न्यायाधीशको आचरण खराव भएको मानिने अवस्थाहरु तोकिएको छ । त्यस्ता आधारहरुमध्ये प्रस्तुत विवादका सन्दर्भमा उक्त दफा ४क को उपदफा (२) मात्र सान्दर्भिक रहेको र यी निवेदकलाई पदमुक्त गर्ने निर्णयमा पुग्दा उपदफा (२) को खण्ड (घ) लाई आधार बनाइएको हुंदा सो व्यवस्थालाई यहाँ उद्धृत गर्नु सान्दर्भिक नै हुन्छ । उक्त खण्ड (घ) मा भनिएको छ- "**मुद्दाको कारवाही वा निर्णय गर्दा प्रयोग हुनै नसक्ने कानूनको प्रयोग गरी वा कानूनको स्पष्ट र असंदिग्ध व्याख्या वा अर्थलाई छोडेर बलपूर्वक अर्को व्याख्या वा अर्थ गरी सो कारवाही वा निर्णयमा अनुचित असर पुऱ्याएको** ।" उल्लिखित अवस्थामा न्यायाधीशमा कार्यक्षमताको अभाव रहेको मानिने सम्वन्धमा न्याय परिषद् ऐनको दफा ४क को उपदफा (२) मा व्यवस्था गरिएको पाइन्छ । त्यस्तो अवस्थामा परिषद्ले सम्बन्धित न्यायाधीशलाई अवस्था अनुसार सचेत गराउन र निजले सो अनुरुप आफ्नो काम, कारवाही वा आचरणमा सुधार नगरेमा संविधान र यस ऐन

अनुसार निज उपर कारवाही चलाउन सक्नेछ भन्ने उपदफा (५) को व्यवस्थाको रोहमा प्रस्तुत विवादलाई हेर्नु पर्ने देखियो ।

न्याय परिषद् ऐनको दफा ४क को उपदफा (२) मा न्यायाधीशमा कार्य क्षमताको अभाव रहेको मानिने विभिन्न आधारहरुमध्ये खण्ड (घ) मा उल्लेख गरिएको आधारमा यी रिट निवेदकलाई पदमुक्त गरिएको भन्ने देखिन्छ । निजलाई पदमुक्त गर्नु अघि निज उपरका आरोपहरुका सम्बन्धमा जाँचबुझ समिति गठन भै जाँचबुझका सिलसिलामा निजसंग वयान समेत लिइएको देखिन्छ । त्यसरी जाँचबुझ भै जाँचबुझ समितिबाट पेश भएको प्रतिवेदन तथा सम्बद्ध मिसिल कागजातहरुको अध्ययन समेतका आधारमा तत्कालीन जिल्ला न्यायाधीश यी निवेदकलाई कार्यक्षमताको अभाव देखिन आएकोले किन पदमुक्त नगर्ने भनी स्पष्टीकरण समेत सोधिएको देखिन्छ । त्यसरी सोधिएको स्पष्टीकरणको जवाफ सन्तोषजनक नभएको भन्ने आधारमा न्याय परिषद् ऐनको दफा ४क को उपदफा (२) को खण्ड (घ) बमोजिम कार्यक्षमताको अभावमा पदमुक्त गर्न नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१ को उपधारा (३) बमोजिम तत्कालीन श्री ५ समक्ष पेश भै श्री ५ बाट मिति २०६२।१२।३ मा स्वीकृत भएकोले न्याय परिषद्बाट आवश्यक कारवाहीका लागि भनी सर्वोच्च अदालतलाई लेखी आए बमोजिम पदमुक्त गरिएको भनी सर्वोच्च अदालतको मिति २०६२।१२।६ को पत्रबाट निवेदकलाई जानकारी गराइएको देखिन्छ । त्यसरी पदमुक्त गर्ने निर्णयमा पुग्नु अघि सफाईको मुनासिव मौका दिइएको र सो प्रयोजनका लागि नै निजको बयान लिन, प्रमाण संकलन गर्न र राय सहितको प्रतिवेदन पेश गर्न न्याय परिषद्बाट सर्वोच्च अदालतका माननीय न्यायाधीशको अध्यक्षतामा जाँचबुझ समिति गठन भएको भन्ने पनि मिसिल संलग्न कागजातहरुबाट देखिएको छ । नेपालको अन्तरिम संविधान, २०४७ को धारा ९१ को उपधारा (३) को प्रतिबन्धात्मक बाक्यांशमा उल्लेख भएका प्रक्रियाहरुको अवलम्वन गरी तत्कालीन जिल्ला न्यायाधीश यी निवेदकलाई पदमुक्त गर्ने निर्णयमा पुगी सो निर्णयको कार्यान्वयनको सिलसिलामा तत्कालीन संवैधानिक प्रावधान अनुरुप तत्कालीन श्री ५ को स्वीकृति लिने र स्वीकृत प्राप्त भएपछि आवश्यक कारवाहीका लागि सर्वोच्च अदालतमा प्रेषित गर्ने कार्य न्याय परिषद्बाट सम्पन्न भएको र तत्कालीन श्री ५ बाट संविधानमा गरिएको व्यवस्था अनुरुप स्वीकृति प्राप्त भएको भनी न्याय परिषद्बाट लेखी आएका आधारमा सर्वोच्च अदालतबाट पदमुक्त गरिएको व्यहोरा जानकारी गराइएको देखिएबाट सो प्रक्रियामा संविधानद्वारा निश्चित गरिएका प्रक्रियाको पूर्ण पालना गरेको देखियो ।

**न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (५) अनुसार कार्यक्षमताको अभावमा पदमुक्त गर्नु अघि सचेत गराउनु पर्ने व्यवस्था पूर्वशर्त हो वा होइन** भन्ने प्रश्न को सम्बन्धमा विचार गर्दा उक्त उपदफा (५) को व्यवस्था भनेको उक्त दफा ४क को उपदफा (२), (३) र (४) को कार्यान्वयनसंग सम्बन्धित देखिन्छ । सो उपदफाले कार्यक्षमताको अभावमा कुनै न्यायाधीशलाई पदमुक्त गर्नु अघि **अवस्था अनुसार सचेत गराउन र निजले सो अनुरुप आफ्नो काम, कारवाही वा आचरण सुधार नगरेमा संविधान र यस ऐन अनुसार निजउपर कारवाही चलाउन सक्नेछ** भन्ने व्यवस्था गरेको भन्ने आधारमा नै यो प्रश्न उठाइएको हुँदा उक्त कानूनी व्यवस्थाले के अर्थ दिन्छ भन्ने पनि हेर्नु पर्छ । उक्त कानूनी व्यवस्था अन्तर्गत "**अवस्था अनुसार सचेत गराउन सक्ने**" भन्ने बाक्यांशले सचेत गराउनै पर्ने भन्ने अर्थ दिंदैन । यदि सचेत गराउनै पर्ने भन्ने अनिवार्य व्यवस्था विधायिकाले राख्न खोजेको भए "**सक्नेछ**" भन्ने शब्दको प्रयोग अवश्य पनि गरिने थिएन । कुनै पनि कानूनको व्याख्यामा सोझो अर्थलाई पञ्छाएर घुमाउरो अर्थको खोजी गरिंदैन । जब कानूनको व्याख्यामा अस्पष्टता, संदिग्धता वा दुविधाको अवस्था उत्पन्न हुन्छ, तबमात्र कानून व्याख्याका विभिन्न नियमहरुको अनुशरण गर्नु पर्ने अवस्था आउंछ । यहाँ शाब्दिक व्याख्याबाटै स्पष्ट अर्थवोध भएको हुंदा विधायिकी मनसाय पत्ता लगाउन व्याख्याका अन्य नियमहरुको अनुसरण गर्नु आवश्यक नै देखिंदैन । त्यसका अलावा न्याय परिषद् ऐनको दफा ४क को समग्र व्यवस्था संविधानको धारा ९१ को उपधारा (३) को प्रयोजनका लागि गरिएको भन्ने उक्त दफाले स्पष्ट रुपमा व्यक्त गरेको हुंदा धारा ९१ को उपधारा (३) को परिधिभन्दा बाहिर गएर त्यसको अर्थ खोज्नु आफैंमा संवैधानिक सर्वोच्चताको मूल्य मान्यतासंग असंगत हुन जान्छ । संविधानको धारा ९१ को उपधारा (३) को प्रतिबन्धात्मक बाक्यांशमा न्यायाधीशलाई पदमुक्त गर्न सिफारिस गर्नुभन्दा पहिले सफाई पेश गर्ने मुनासिव

मौका प्रदान गर्नुपर्ने र सो प्रयोजनका लागि जाँचबुझ समिति गठन गरी आरोपको जाँचबुझ गराउनु पर्ने बाहेकको अन्य पूर्व शर्त वा आधारहरु तोकेको छैन । संविधानमा गरिएको व्यवस्थालाई संकुचन गर्ने वा पूर्व शर्त थप्ने वा उक्त संवैधानिक व्यवस्थाको प्रयोगलाई कठिन तथा बोझिलो बनाउने किसिमबाट उक्त संवैधानिक व्यवस्थाको प्रयोगको विषयमा बनाइएको ऐनको उक्त व्यवस्थाको व्याख्या गरिनु हुँदैन । संविधानले निश्चित गरेको प्रक्रियामध्येका कुनै पनि प्रक्रियालाई वेवास्ता गरिएको अवस्था मिसिलबाट देखिँदैन र निवेदक तथा निजका कानून व्यवसायीहरुले पनि त्यस्तो जिकीर लिन सकेको पाईदैन । निवेदक उपर लगाइएको आरोपहरु र सो सन्दर्भमा उल्लेख गरिएका विषयहरुको गंभीरतालाई दृष्टिगत गर्दा निवेदकलाई सचेत नगराईकनै पदमुक्त गर्न सकिने अवस्थाको विद्यमानता देखिएको छ । सचेत गराउन सक्ने भन्ने स्वविवेकीय अधिकारले स्वाभाविक रुपमा विषयवस्तुको गम्भीरता र तथ्यगत विश्लेषणलाई विचार पुऱ्याउने अनुमति दिन्छ । यदि त्यसबाट सचेत नगराइकनै पदमुक्त गर्नु पर्ने निष्कर्षमा निर्णय गर्ने अधिकारी वा निकाय पुगेमा त्यसलाई अन्यथा भन्न मिल्ने हुँदैन । त्यस स्थितिमा अवस्था अनुसार सचेत गराउन सक्ने भन्ने निर्णयकर्ताले स्वविवेकमा प्रयोग गर्न मिल्ने प्रकृतिको अधिकार दिने कानूनी प्रबन्धलाई पहिलो पटक सचेत गराउनै पर्ने भन्ने अनिवार्य वा पूर्वशर्तका रुपमा मान्न र व्याख्या गर्न उपयुक्त देखिँदैन । यस्तो व्याख्या स्वयंमा संविधान विपरित हुने भएकाले त्यसतर्फको निवेदक तथा निजका कानून व्यवसायीहरुको जिकीरसंग सहमत हुन सकिएन ।

अब, **निर्णयको मिति भन्दा पहिलेको मितिबाट लागू हुने गरी निवेदकलाई अवकाश दिइएको अवस्था विद्यमान छ वा छैन ?** भन्ने तेस्रो प्रश्नमा प्रवेश गरौं । सो सम्बन्धमा हेर्दा निवेदकलाई पदमुक्त गर्नु अघि निज उपरका आरोपहरुका सम्बन्धमा जाँचबुझ गर्न सर्वोच्च अदालतका माननीय न्यायाधीशको अध्यक्षतामा एक सदस्यीय जाँचबुझ समिति गठन गरिएको भन्ने कुरा मिति २०६१।९।५ को नेपाल राजपत्र (खण्ड ५४, संख्या ३५) बाट देखिन्छ । त्यसरी गठित जाँचबुझ समितिबाट जाँचबुझका सिलसिलामा तत्कालीन जिल्ला न्यायाधीश यी निवेदकसाग बयान समेत लिइएको देखिन्छ । जाँचबुझ समितिबाट पेश भएको प्रतिवेदन तथा सम्बद्ध मिसिल कागजातहरुको अध्ययन समेतका आधारमा यी निवेदकलाई कार्यक्षमताको अभाव देखिन आएकोले **किन पदमुक्त नगर्ने** भनी स्पष्टीकरण समेत सोधिएको देखिन्छ । त्यसरी सोधिएको स्पष्टीकरणको जवाफ सन्तोषजनक नभएको भन्ने आधारमा न्याय परिषद् ऐनको दफा ४क को उपदफा (२) को खण्ड (घ) बमोजिम कार्यक्षमताको अभावमा पदमुक्त गर्न न्याय परिषद्को मिति २०६२।१०।२३ को निर्णय अनुसार नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१ को उपधारा (३) बमोजिम तत्कालीन श्री ५ समक्ष पेश भै श्री ५ बाट मिति २०६२।१२।३ मा स्वीकृत भएकोले न्याय परिषद्बाट आवश्यक कारवाहीका लागि भनी सर्वोच्च अदालतलाई लेखी आए बमोजिम पदमुक्त गरिएको भनी सर्वोच्च अदालतको मिति २०६२।१२।६ को पत्रबाट निवेदकलाई जानकारी गराइएको भन्ने कुरा निवेदक स्वयंले पेश गरेका पत्रहरुको छायाँप्रतिबाट देखिएको छ । उल्लिखित तथ्यहरुको विश्लेषण गर्दा निवेदकलाई पदमुक्त गर्न न्याय परिषद्बाट मिति २०६२।१०।२३ मा नै निर्णय भएको र सो निर्णयका आधारमा संवैधानिक प्राबधान बमोजिम तत्कालीन श्री ५ समक्ष पेश भै श्री ५ बाट मिति २०६२।१२।३ मा नै स्वीकृत भएको देखिएको छ । सो स्वीकृतिपछि निवेदक उपरको कारवाहीले पूर्णता पाएको र सर्वोच्च अदालतको मिति २०६२।१२।६ को पत्रले त केवल उक्त निर्णयको जानकारी प्रवाहको कार्यमात्र गरेको हुंदा सोही पत्रलाई आधार बनाएर **निर्णय गर्नु भन्दा पहिलेको मितिबाट पदमुक्त गरिएको** भन्ने अर्थ गर्नु व्यावहारिक र औचित्यपूर्ण हुंदैन ।

अब, अन्त्यमा **निवेदकको हकमा न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) को खण्ड (घ) को अवस्था विद्यमान छ वा छैन ?** भन्ने प्रश्नमा पनि विचार गर्नु सान्दर्भिक हुन आउंछ । निवेदक उपर **प्रमाणको यथोचित मूल्यांकन र विवेकसम्मत विवेचना नगरी तथ्यको विश्लेषण गर्दा प्रयोग गर्नु पर्ने कानून, न्यायिक परम्परा समेतको वेवास्ता गरी पेश भएको प्रमाण मिसिल समेतको मूल्यांकन एवं विश्लेषण केही नगरी किटानी नभएको भ्रमपूर्ण लेखाईलाई आधार प्रमाण लिई दावी पुग्ने ठहर निर्णय गरेको देखिएकोले निज न्यायाधीशले न्यायिक ज्ञान, सीप, सद्विवेक प्रयोग गरेको अवस्था देखिन नआई निजको कार्य सम्पादनमा कार्य क्षमताको अभाव देखिएको भन्ने** समेतका आरोपहरु लगाइएको देखिन्छ । सो सम्बन्धमा जाँचबुझ समितिबाट जाँचबुझ भएको समितिले तत्कालीन जिल्ला न्यायाधीश यी निवेदकमा

कार्यक्षमताको अभाव रहेको निष्कर्ष निकालेको पाइन्छ । सोही निष्कर्ष समेतका आधारमा निवेदकसाग स्पष्टीकरण सोधिएको र सो स्पष्टीकरण सन्तोषजनक नदेखिएपछि मात्र निजलाई पदमुक्त गर्ने निर्णय भएको देखियो । निवेदक उपर जे जस्ता आरोपहरु लगाइएको छ र ती आरोपहरुलाई समर्थन गर्ने विभिन्न कागजातहरु संकलन गरी त्यसको विवेचना र विश्लेषण समेत गरिएको छ, त्यस आधारमा निवेदक उपरको आरोप निराधार रहेको भन्ने देखिंदैन । निवेदक स्वयंले पनि ती आधारहरुलाई खण्डन गर्न सकेको पाईदैन । निवेदक उपर लगाइएका आरोपहरु पदमुक्त गर्ने पर्ने खालका गम्भीर नरहेका र सचेत गराई निवेदकलाई सुध्रने वा कार्यक्षमता हासिल गर्ने मौका प्रदान गरिनु पर्ने भन्ने नै निवेदकतर्फको मुख्य जिकीर रहेको देखिन्छ । तर यस अदालतको आदेश बमोजिम प्राप्त भएका जाँचबुझ समितिको प्रतिवेदन र प्रतिवेदन संलग्न प्रमाण कागजातहरुको अध्ययन गर्दा निवेदकले मुद्दाको कारवाही वा निर्णय गर्दा प्रयोग हुनै नसक्ने कानूनको प्रयोग गरी वा कानूनको स्पष्ट र असंदिग्ध व्याख्या वा अर्थलाई छोडेर बलपूर्वक अर्को व्याख्या वा अर्थ गरी मुद्दाको कारवाही वा निर्णयमा अनुचित असर पुऱ्याएको भन्ने अवस्थाको विद्यमानता देखिंदा निवेदकका हकमा न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) को खण्ड (घ) आकर्षित हुने नै देखियो ।

तसर्थ माथि गरिएको विश्लेषण समेतका आधारमा न्याय परिषद्बाट निवेदकलाई पदमुक्त गर्ने गरी गरिएको मिति २०६२।१०।२३ को निर्णय र सो को कार्यान्वयनका सम्बन्धमा भए गरेका निर्णय तथा कारवाहीहरुलाई अन्यथा भन्न मिल्ने देखिएन । रिट जारी गरी पाऊं भन्ने निवेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत निवेदन खारेज हुने ठहर्छ ।

(भरतराज उप्रेती)
न्यायाधीश

उक्त रायमा म सहमत छु ।

(सुशिला कार्की)
न्यायाधीश

**माननीय न्यायाधीश श्री गिरीश चन्द्र लालको राय**

प्रस्तुत मुद्दामा मुख्य रुपमा निवेदन माँग बमोजिम न्याय परिषद्को मिति २०६२/१०/२३ को निर्णय एवं निवेदकलाई पदबाट मुक्त गर्न भएको सिफारिश र तदनुरुप पदमुक्त गर्ने सम्बन्धमा भएका काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुन सक्ने नसक्ने एवं निवेदन दावी अनुसार परमादेशको आदेश जारी भै पुर्नबहाली हुन सक्ने नसक्ने सम्बन्धमा निर्णयमा पुग्नु पर्ने हुंदा सो सन्दर्भमा सर्वप्रथम निम्न पक्षहरुतर्फ विचार गर्नु पर्ने जरुरी छ ।

१. न्याय परिषद्बाट भएको उक्त निर्णयको पुनरावलोकन (judicial review) प्रस्तुत रिट निवेदनद्वारा हुन सक्ने नसक्ने ?
२. पुनरावलोकन हुन सक्ने अवस्थामा कार्यक्षमताको अभावमा निवेदकलाई पद मुक्त गर्न अघि न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (५) अनुसार सचेत गराउन अनिवार्य छ छैन ?

उपर्युक्त प्रश्नहरु सम्बन्धमा हेर्दा तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१ को उपधारा (३) एवं न्याय परिषद् ऐन, २०४७ को दफा (६) बमोजिम सर्वोच्च अदालतको माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठको अध्यक्षतामा गठित एक सदस्यी जाँचबुझ समितिले मिति २०६१/११/३ मा न्याय परिषद् समक्ष प्रस्तुत गरेको प्रतिवेदन अनुसार रिट निवेदकको कार्य सम्पादनमा कार्य क्षमताको अभाव देखिएकोले निजको सम्बन्धमा न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) को खण्ड (घ) को अवस्था विद्यमान रहेको देखिन आएको भनी राय प्रतिवेदन प्रस्तुत भए पछि सो प्रतिवेदन अनुसार तत्कालीन संविधानको धारा ९१ को उपधारा (३) एवं न्याय परिषद् ऐन, २०४७ को दफा ४क उपदफा (२) को खण्ड (घ) बमोजिम निवेदक माथि कारवाई भै न्याय परिषद्को मिति २०६२/१०/२३को सिफारिशको आधारमा तत्कालीन संविधानमा भएको व्यवस्था अनुसार श्री ५ बाट मिति २०६२/१२/३ मा स्वीकृति भै आए बमोजिम निवेदकलाई सोही मितिबाट लागु हुने गरी पद मुक्त गरिएको पत्र मिति २०६२/१२/६ मा दिइएको हुनाले निवेदक तर्फबाट तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ तथा धारा ८८ को उपधारा (२) अनुसार प्रस्तुत रिट निवेदन मिति २०६३/१/११ मा दायर भएको देखिन्छ ।

तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ अनुसार उक्त संविधानको भाग ३ अर्थात मौलिक हकको रुपमा पदत्त हको प्रचलनको लागि धारा ८८ मा लेखिएको तरिका अनुसार कारवाई चलाउन पाउने हक सुरक्षित गरिएको थियो भने धारा ८८ को उपधारा (२) मा संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरुपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुंगो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ। सो प्रयोजनको लागि पूर्ण रुपमा न्याय गरी उचित उपचार प्रदान गर्न सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्नेछ भन्ने व्यवस्था गरेको थियो। वर्तमानमा प्रचलिन रहेको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (२) ले पनि सोही अनुसारको व्यवस्थालाई निरन्तरता दिएको समेत देखिन्छ।

उक्त संवैधानिक व्यवस्थाको स्पष्ट तात्पर्य, मौलिक हकको रुपमा प्रदत्त हको प्रचलनको लागि अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीद देखिएको खण्डमा र अन्य कुनै कानूनी हकको प्रचलनको लागि समेत सर्वोच्च अदालतलाई उत्प्रेषण, परमादेश लगायतका आवश्यक र उपयुक्त आदेश जारी गर्ने असाधारण अधिकार रहेको छ भन्ने कुरामा विवाद हुने ठाउँ देखिदैन।

न्यायिक पुनरावलोकन (judicial review) न्यायिक विवेचनाहरुद्वारा निर्धारित नियमनकारी मापदण्डहरु सहित, लोककतान्त्रिक पद्धतिमा महत्वपूर्ण मान्य सिद्धान्तको (accepted principle) रुपमा स्थापित रहेको छ। यस पद्धतिको विकास ई. सन् १८०३ मा Willian Marbury Vs. James adison 5 U.S.(lcrunch) 137 (1803) को मुद्दामा संयुक्त राज्य अमेरिकाको तत्कालीन Chief Justice Marshall ले प्रतिपादित गरे देखि संसार भरीका लोकतान्त्रिक पद्धतिमा विश्वास गर्ने देशहरुद्वारा आ-आफ्नो संवैधानिक एवं स्वतन्त्र न्यायिक पद्धतिमा विस्तारै-विस्तारै अंगालिएको देखा परी रहेछ। उदाहरणार्थ हाम्रो छिमेकी मुलुक भारतको सर्वोच्च अदालतबाट भएका फैसलाहरुले समेत यस क्षेत्रमा धेरै सकारात्मक योगदान गरेको सहजै हेर्न सकिन्छ। भारतीय सर्वोच्च अदालतबाट भएका सबै फैसलाहरुको समीक्षा यहाँ समभव हुन सक्ने नभए पनि A.K Gopalan Vs. State of Madras A.I.R. 1950 SC 27 देखि प्रारम्भ भएको उसको यात्रा, समय सापेक्ष रुपमा निरन्तर चलि रहेकै छ।

न्यायिक पुनरावलोकनको क्षेत्र (ambit) एवं अधिकार प्रत्येक देशमा आ-आफ्ना संवैधानिक व्यवस्था, न्यायिक परिपाटी, निष्पक्षता एवं न्यायपालिकालाई प्राप्त हुन सकेको स्वतन्त्रतामा भर पर्ने देखिए पनि यसबाट राज्य व्यवस्थामा शक्ति पृथकीकरण (separation of power) एवं नियन्त्रण तथा संतुलनको (check & balance) पद्धति विकसित भै राज्यको सम्पूर्ण शक्ति (absolute power) एकै ठाउँमा केन्द्रित हुन सक्ने खतराबाट लोकतान्त्रिक व्यवस्थाहरुलाई जोगिन मद्दत पुगेको छ भन्ने कुरामा कुनै विवाद देखा पर्दैन। संसद एवं कार्यपालिका लगायत प्रशासनिक तथा अर्धन्यायिक निकायका निर्णयहरुको समेत संवैधानिक व्यवस्था एवं न्यायिक विवेक प्रयोग भै स्थापित न्यायिक परमपरा एवं सिद्धान्तहरु अनुसार निष्पक्षतापूर्वक पुनरावलोकन हुन सक्नेबाट लोकतान्त्रिक पद्धतिमा (democratic system) जनताको विश्वास निरन्तर बढी रहेको, सामाजिक न्यायमा (social justice) अनवरत योगदान पुगी रहेको र सो कारणले समेत शनैः शनैः संसार भरीबाट एकतन्त्री सर्वसत्तावादको (dictatorship) अन्त भै कानूनको शासन (rule of law) एवं असल शासनको (good governance) विकास सम्भव भै देश र जनताको निरन्तर आर्थिक उन्नति समेत भै रहेको कुरामा शंका गर्ने ठाउँ छैन।

हाम्रो देशको सन्दर्भमा हेर्दा यहाँ न्यायिक पुनरावलोकनको परिपाटीबाट बीच-बीचमा पछि हट्ने कुराको उदाहरण नभएको भन्न सकिने अवस्था नभए पनि संवैधानिक कानूनको विकास संगै पंचायत व्यवस्थाको समयमा पनि भूमि सम्बन्धी ऐन, २०२१ जुनमा सो ऐन लागु हुँदाका बखत भूमि सुधार अधिकारीको निर्णय माथि पुनरावेदन लाग्न नसक्ने

भन्ने व्यवस्था गरिएको थियो, त्यस उपर समेत असाधारण अधिकारक्षेत्र प्रयोग गरी उत्प्रेषण एवं परमादेश लगायतका रिट जारी हुने परिपाटी सर्वोच्च अदालतबाट बसाइएको कुरालाई एवं कानूनको रित नपुर्याई सार्वजनिक सुरक्षा ऐन, २०१८ अन्तर्गत थुनामा रहेकाहरुका सम्बन्धमा बन्दीप्रत्यक्षीकरणका रिटहरु तथा कानूनको न्यायोचित प्रयोग नभएका अवस्थाहरुमा उपचार पाउन सक्ने अन्य उपायको अभावमा, उत्प्रेषण लगायतका रिटहरु जारी भएका उदाहरणहरुलाई देशको तत्कालीन राजनैतिक अवस्थालाई विचार गरेर हेर्दा कम गरेर आँक्न सकिदैन । उदाहरणको रुपमा न्यायपालिकालाई पुनरावलोकनको संवैधानिक अधिकार नभएको अवस्थामा समेत वि.सं. २०१० सालमा **विश्वेश्वरप्रसाद कोइराला विरुद्ध मजिष्ट्रेट, काठमाण्डौ** (नि.नं. २४, ने.का.प. २०१६, पृ.१२३) को मुद्दामा तत्कालीन प्रधान न्यायालयबाट भएको फैसलालाई हामी पुनरावलोकन तर्फको पहिलो पाइलाको रुपमा लिन सक्छौं । त्यस पछि **मूल चन्द आजाद विरुद्ध निर्वाचन अधिकृत मदन मोहन जोशी समेत**(नि.नं. ४५०, ने.का.प. २०२५ अंक १२, पाना ३२३) भएको उत्प्रेषण समेतको रिट निवेदनमा न्यायिक पुनरावलोकनको अधिकारलाई सर्वोच्च अदालतले प्रयोग गरेको उल्लिखित गर्न सकिन्छ । अर्का उदाहरणहरुका रुपमा **डा. के आइ सिंहको** (नि.नं. २५०, ने.का.प. २०२१। अंक ८, पाना १४२) र **ऋषिकेश शाहको** नि.नं. ५१४, ने.का.प. २०२६, अंक ७, पाना ३५२) बन्दी प्रत्यक्षीकरणका रिटहरुमा जारी भएका आदेशहरु समेतलाई लिन सकिन्छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ लागु भए पछिका उदाहरणहरुमा समेत तत्कालीन सम्माननीय प्रधान न्यायाधीश विश्वनाथ उपाध्याय समेतको विशेष इजलासबाट अधिवक्ता **रविराज भण्डारी समेत विरुद्ध सम्माननीय प्रधानमन्त्री मनमोहन अधिकारी समेतको** मुद्दामा संविधानको गलत व्याख्या गरी प्रतिनिधिसभा विघटन गर्न नमिल्ने भन्ने विषयमा परमादेश समेतको रिट जारी भएको (ने.का.प. स्वर्ण शुभजन्मोत्सव विशेषांक २०५२, पृष्ठ १) त्यस्तै सर्वोच्च अदालतबाट **राजीव पराजुलीको हकमा संजीव पराजुली विरुद्ध भ्रष्टाचार नियन्त्रण शाही आयोगको** मुद्दामा (नि.नं. ७६१८, ने.का.प. २०६२, अंक ११, पृष्ठ १३०७) तत्कालीन राजाद्वारा गठित **भ्रष्टाचार नियन्त्रण शाही आयोग खारेज हुने भनी अधिकारपृच्छा समेतको रिट जारी भएको** र वर्तमान नेपालको अन्तरिम संविधान, २०६३ लागु भए पछि पनि सर्वोच्च अदालतबाट न्यायिक पुनरावलोकन सम्वन्धी अन्य महत्वपूर्ण फैसलाहरु भै नै रहेका देखिन्छन् ।

तत्कालीन संविधानको धारा ९३ अनुसार न्याय परिषद्को गठन सम्माननीय प्रधान न्यायाधीश, माननीय न्याय मन्त्री, सर्वोच्च अदालतका दुई जना वरिष्ठतम् माननीय न्यायाधीशहरु एवं कानूनविद् सदस्यबाट भएको देखिए पनि सो परिषद्को काम कारवाई न्यायाधीशहरुको नियुक्ति, सरुवा एवं बरखास्तगी समेत संग मुख्य रुपले सरोकार राख्ने देखिएकोले र त्यस्तो प्रकारको काम कारवाही, न्यायिक सुनवाई जस्ता माध्यम नअपनाई गोप्य रहने प्रतिवेदन र मूल्यांकन जस्ता प्रशासनिक पद्धतिबाट हुने गरिएकोले, न्याय परिषद्का निर्णयहरु कदापि प्राकृतिक न्यायको सिद्धान्त (principle of natural justice) विपरीत हुँदैन वा सो परिषद्का निर्णयहरु सदा सर्वदा अधिकारक्षेत्रको अतिक्रमण (excess of jurisdiction), अधिकारक्षेत्रको दुरुपयोग ( abuse of Jurisdiction), कानूनको प्रत्यक्ष त्रुटिको अवस्था (apparent error of law) इत्यादिबाट रहित नै हुन्छ वा भै नै रहन्छ भन्न पूर्ण रुपमा प्रत्याभूतिगर्न नसकिनुको साथै, त्यस्ता निर्णयहरु गर्दा सर्वथा न्यायिक मनको (judicial mind) समुचित प्रयोग गरी नै भएको हुन्छ भन्ने कुरा पनि निश्चयात्मक तवरले भन्न सकिंदैन ।

सामान्यतया त्यस्तो परिषद्बाट जानी-जानी त्रुटि नहोला भन्ने आशा तथा विश्वास गर्न सकिए पनि मानवीय भूल,स्वभाव एवं आ-आफ्ना गुण-दोषको कारणले सर्वथा न्यायनै हुन्छ भन्ने अवस्था हुन सक्दैन । यस्तो अवस्थामा सर्वोच्च अदालतद्वारा न्यायिक पुनरावलोकनको निमित्त संविधान प्रदत्त असाधारण अधिकार क्षेत्रको प्रयोग हुन नसक्ने भन्नुको तात्पर्य सर्वोच्च अदालतमा अन्तनिहित रहेको र सो अदालतलाई संविधानले जनतामा न्यायिक प्रत्याभूति दिन पत्याएको कर्तव्यबाट पछि हट्नु शिवाय अरु केही हो भन्न सकिने कुरा हुन सक्दैन ।

अतएव निवेदन दावीको सैद्धान्तिक एवं व्यवहारिक पक्ष समेतलाई मध्यनजर राखी विचार गर्दा, नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१ को उपधारा (३) एवं न्याय परिषद् ऐन, २०४७ का माथि उल्लिखित व्यवस्थाहरु अनुसार,

कारवाई भै निवेदकलाई पदमुक्त गर्ने सम्मको कारवाई भएको अवस्थामा, पुनरावेदन गर्न पाउने जस्ता कानूनी उपचारको व्यवस्था सो ऐनद्वारा गरिएको नदेखिएकोले, न्याय परिषद्को उक्त निर्णय कानूनसंगत हो होइन भन्ने सम्बन्धमा यस अदालत समक्ष पर्न आएको रिट निवेदनमा उठाइएका प्रश्नहरु तर्फ समन्यायिक दृष्टिकोणले समेत विचार गर्नु पर्ने उपयुक्त नै देखिन आउँछ ।

यस सम्बन्धमा जहाँ सम्म न्याय परिषद्को निर्णय अनुसार बरखास्तगीमा परी यस अदालतको रिट सम्बन्धी अधिकार क्षेत्र गुहार्न आएका केही पूर्व न्यायाधीशहरुको कुरा छ सो परिपेक्ष्यमा हेर्दा **गोपाल प्रसाद गुरागाई विरुद्ध न्याय परिषद् समेतको** (नि.नं. ७८५०, ने.का.प. २०६४, अंक ५. पृ. ६४२) मुद्दामा निवेदकको माँग अनुसार रिट जारी हुन नसक्ने भनी खारेज भएको पाइन्छ । त्यसतर्फ विचार गर्दा तत्कालीन जिल्ला न्यायाधीश गोपाल प्रसाद गुरागाई माथि न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) अन्तर्गतको अर्थात कार्यक्षमताको अभावको अभियोगमा मात्र कारवाई नचली उक्त ऐनको उपदफा (४) अर्थात खराब आचरण सम्बन्धमा समेत जाँचबुझ भएको कुरा सो रिट निवेदन सम्बन्धी फैसलाको प्रकरण (२) समेतमा उल्लिखित गरी सो आधारमा समेत उक्त रिट निवेदन खारेज भएको देखिन आउँछ । यस्तै **ध्रुवलाल राज विरुद्ध न्याय परिषद् समेत र रामेश्वरमान सिंह अधिकारी विरुद्ध** न्याय परिषद् समेतको मुद्दाहरुमा पनि खराब आचरण समेत सम्बन्धमा कारवाई चली न्याय परिषद्बाट निजहरुलाई बरखास्त गर्ने प्रक्रिया चलेको कारणले, सो निवेदन दावीहरु खारेज भएको हुनाले, प्रस्तुत रिट निवेदक माथि कार्यक्षमताको अभावमा मात्र शुरु देखि अन्त सम्म कारवाई भएको अवस्थामा, सो रिट निवेदनहरु सम्बन्धमा यस अदालतबाट भएका निर्णयहरुका आधारमा प्रस्तुत रिट निवेदन पनि खारेज हुनु पर्ने निष्कर्षमा पुग्न न्यायोचित हुन सक्दैन ।

जहाँसम्म गोपाल प्रसाद गुरागाईको उक्त मुद्दामा उद्धरित गरिएको भारतीय सर्वोच्च अदालतद्वारा निर्णित *Supreme Court Advocate On Record* को मुद्दाको प्रश्न छ, सो फैसला कुनै न्यायाधीशको बरखास्तगी सम्बन्धमा नभै न्यायाधीशहरुको नियुक्ति र सरुवासंग सम्बन्धित रहेकोले नियुक्ति र सरुवाको प्रक्रियालाई न्यायाधीशको पदमुक्ति संग मिलाई हेर्न उपयुक्त नहुनाले, प्रस्तुत रिट निवेदनको तात्पर्यको लागि सो मुद्दाको निर्णयलाई वैचारिक पृष्ठभूमिमा राख्न न्यायोचित हुन सक्दैन । यसको अतिरिक्त गोपाल प्रसाद गुरागाईको फैसलाको पूर्ण पाठबाट, खास गरेर उक्त फैसलाको प्रकरण ९ र १० मा वर्णित आधारहरुबाट त अझ के स्पष्ट हुन्छ भने अधिकारको बढी प्रयोग (excess of power) एवं कानूनको त्रुटि (errors of law) देखिने आधारमा रिट जारी हुन सक्ने अवस्था हुन सक्छ ।

प्रस्तुत रिट निवेदन दावी सम्बन्धमा हेर्दा, निवेदक माथि जाँचबुझ प्रारम्भ हुँदा देखिनै नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१ को उपधारा (३) र न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) को खण्ड (घ) अनुसार कार्यक्षमताको अभाव सम्बन्धमा मात्र जाँचबुझ भएको छ र सोही सम्बन्धमा कारवाई चली निवेदकलाई बरखास्त गर्ने सिफारिश न्याय परिषद्बाट भए बमोजिम तत्कालीन श्री ५ बाट स्वीकृति भै आए पछि निवेदकलाई पदबाट मुक्त गरिएको पाइन्छ । निवेदक माथि खराब आचरण सम्बन्धमा जाँचबुझ भएको वा कारवाई भएको देखिदैन ।

अब, निज माथि प्रयोग भएको ऐन अर्थात न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) अन्तर्गत हुने कारवाईमा सोही ऐनको उपदफा (५) अनुसार सजाय हुन सक्ने देखिनाले त्यसको बनौट र व्यवस्था तर्फ विचार गर्नु पर्ने देखिन आयो । उक्त उपदफा (५) लाई हेर्दा उपदफा (२), (३) र ४ मा उल्लिखित अवस्थामा परिषद्ले सम्बन्धित न्यायाधीशलाई अवस्था अनुसार सचेत गराउन र निजले सो अनुरुप आफ्नै काम, कारवाई वा आचरणमा सुधार नगरेमा संविधान र यस ऐन अनुसार निज उपर कारवाई चलाउन सक्नेछ भन्ने व्यवस्था गरेको पाइन्छ । उक्त व्यवस्थाबाट निज उपर कारवाई चलाउनु भन्दा अघि, अवस्था अनुसार सचेत गराउनु पर्ने कुरा अनिवार्य रहेको र सचेत गराए पछि पनि निजले सुधार नगरेमा मात्र कारवाई हुन सक्ने स्पष्ट हुन्छ । यसको साथ साथै उक्त दफा उपदफाको प्रतिवन्धात्मक वाक्यांश (saving clause) मा भएको व्यवस्था तर्फ दृष्टिपात गर्दा खराब आचरणको अभियोगमा कारवाई चलाउनको लागि त्यस उपदफा बमोजिम सचेत

गराउन आवश्यक हुने छैन भनी भनिएकोले र परिषद्ले उचित वा आवश्यक सम्झेमा त्यस्तो अभियोगमा संविधान र उक्त ऐन बमोजिम सोझै कारवाई चलाउन सक्ने भनी व्यवस्था गरेकोले, खराब आचरणको अभियोग बाहेकको अवस्थामा पहिले सचेत गराउनु पर्ने कुरा अनिवार्य रहेकै छ भन्ने कुरा अझ स्पष्ट हुन आउँछ ।

उक्त कानूनी व्यवस्थाको अनिवार्यतालाई ध्यानमा राखी निवेदक माथि भएको कारवाईको प्रक्रियालाई हेर्दा निवेदक माथि कार्यक्षमताको अभावमा मात्र कारवाई चलाइएको भए पनि सो कारवाई चलाउनु अघि निजलाई कुनै प्रकारले सचेत नगराइएकोबाट सो कानूनी व्यवस्थाको प्रत्यक्ष उल्लंघन भएको देखिन आयो । यसबाट निवेदक माथिको कारवाईमा विपक्ष न्याय परिषद्बाट न्यायिक मनको (judicial mind) प्रयोग नभै कानूनले निर्धारित गरे भन्दा बढी अधिकारको (excess of power) प्रयोग भएको र सो कारवाईमा कानूनको प्रत्यक्ष त्रुटि (apparent error of law) समेत रहेको कुरा निसन्देह रुपमा भन्नु पर्ने देखियो ।

तसर्थ प्रस्तुत रिट निवेदन दावी सम्बन्धमा विचार गर्दा, निवेदकलाई पदबट मुक्त गरिएकोमा सो सम्बन्धमा निवेदकले पुनरावेदन गर्न सक्ने वा अन्य प्रभावकारी उपचार पाउन सक्ने कानूनी बाटो नभएकोले, न्याय परिषद्को उक्त निर्णय कानूनसंगत हो होइन भन्ने तर्फ समन्यायिक दृष्टिकोणले समेत विचार गर्नु पर्ने उपयुक्त नै देखिंदा, संवैधानिक व्यवस्था एवं स्थापित न्यायिक परम्पराहरुद्वारा प्रत्याभूत अधिकार अनुसार, यस अदालतबाट न्यायिक पुनरावलोकन (judicial review) हुन सक्ने देखिनाले, माथि विवेचना गरिएका आधारहरु अनुसार न्याय परिषद्बाट मिति २०६२/१०/२३ मा भएको निर्णय एवं सिफारिसको आधारमा निवेदकलाई पदबाट मुक्त गर्ने भएका काम कारवाहीहरुमा न्यायिक मनको (judicial mind) अभाव देखिनुको साथै कानूनले निर्धारित गरे भन्दा बढी अधिकार (excess of power) प्रयोग भएको र निवेदक माथि भएको सो कारवाईमा कानूनको प्रत्यक्ष त्रुटि (apparent error of law) समेत रहेको देखिएकोले, न्याय परिषद्को मिति २०६२/१०/२३ मने उक्त निर्णय र सो अनुसार भएको काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरी दिइएको छ । अब पुनः न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) एवं उपदफा (५) समेतलाई मध्यनजर राखी कानून बमोजिम कारवाई गर्नु भनी विपक्ष न्याय परिषद्को नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ ।

तर प्रस्तुत रिट निवेदन सम्बन्धी निर्णयमा यस पूर्ण इजलासका माननीय न्यायाधीशद्वय श्री सुशीला कार्की र श्री भरतराज उप्रेती मेरो उपर्युक्त रायसंग सहमत हुन नसकी निवेदन दावी खारेज हुने निष्कर्षमा पुग्नु भएकोले वहाँहरुको उक्त राय नै बहुमतको राय भएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को उपनियम (४) बमोजिम सो रायलाई नै यस अदालतको निर्णय मानिने हुँदा सोही अनुसार गर्नु ।

प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइ दिनू ।

(गिरीश चन्द्र लाल)
न्यायाधीश

ईति सम्वत २०६६ साल चैत्र २६ गते रोज ५ शुभम्

..........................................................

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल
माननीय न्यायाधीश श्री सुशिला कार्की
माननीय न्यायाधीश श्री भरतराज उप्रेती
आदेश

रि.पू.इ.नं. : ०६६-WF-००१२

बिषय : उत्प्रेषण ।

मोरङ जिल्ला विराटनगर उपमहानगरपालिका वडा नं. १० घर भै हाल का.जि.का.म.न.पा. वडा नं. ९ बस्ने हुम्ला जिल्ला अदालतबाट पदमुक्त जिल्ला न्यायाधीश केदारप्रसाद प्याकुरेल१- निवेदक

विरुद्ध

न्याय परिषदका अध्यक्ष एवं सम्माननीय प्रधान न्यायाधीश श्री दिलीपकुमार पौडेल ............ १
कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री एवं न्याय परिषदका सदस्य श्री निरञ्जन थापा...... १ न्याय परिषदका सदस्य एवं सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री केदारप्रसाद गिरी....... १ न्याय परिषदका सदस्य एवं सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी....१
न्याय परिषद कानूनविद् सदस्य श्री भैरवप्रसाद लम्साल............................................ १
तत्कालीन जाँचबुझ समितिका अध्यक्ष श्री रामप्रसाद श्रेष्ठ ...................................... १
प्रारम्भिक छानविन समितिका तत्कालीन सदस्य एवं पुनरावेदन अदालत, पाटनका माननीय न्यायाधीश श्री लक्ष्मणमणि रिसाल ............ १
न्याय परिषद सचिवालय ................. १ विपक्षी

नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३ तथा धारा ८८ को उपधारा (२) अनुसार यस अदालतमा दायर भै सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को उपनियम (१) को खण्ड (ख) र खण्ड (घ) अनुसार यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :

म निवेदक २०३९।१।१७ गतेबाट नेपाल न्याय सेवाको अधिकृतमा नियुक्ति पाई पदोन्नति हुँदै मिति २०४८।७।२३ बाट जिल्ला न्यायाधीश पदमा नियुक्ति भई विभिन्न जिल्ला अदालतमा सेवारत रहेको थिएं । आफ्नो पदीय दायित्व पूरा गर्दै आइरहेको अवस्थामा बिपक्षी नं.८ ले मलाई करिव एघार बर्ष अगावै मैले महोत्तरी जिल्ला अदालतमा अतिरिक्त जिल्ला न्यायाधीशको हैसियतले मिति २०५२।९।९ समेतमा गरेको आदेश फैसलाका सम्बन्धमा कारवाही उठान गरी बिपक्षी नं.७ लाई के कुन मितिमा छानविन गर्न खटाई निजले दिएको के कस्तो प्रतिवेदन दिनु भएको थियो मलाई थाहा भएन । बिपक्षी नं.८ ले मिति २०६१।९।५ को राजपत्रमा सूचना प्रकाशित गरी एक सदस्यीय जाँचबुझ समितिको अध्यक्ष बिपक्षी नं.६ लाई तोकिएको सम्मको राजपत्रको सूचनाबाट मैले महोत्तरी जिल्ला अदालतमा कार्य गर्दा वादी युगेश्वर पासवान प्रतिवादी रामवरण मण्डल धानुक भएको लेनदेन मुद्दा समेतका बिषयमा कारवाही उठान भएको सम्मको जानकारी सोही बेला मात्र प्राप्त गरेको थाहा पाएको हुँ । मेरा बिरुद्ध परेको भनिएको तथाकथित उजूरीका सम्बन्धमा समयमा नै कारवाही नगरी करिव ११ बर्ष सम्म चुप लागेर बसी अहिले आएर कारवाही शुरु गर्नुले म प्रतिको कारवाही दूराग्रह पूर्वाग्रह मात्र भएको प्रष्ट छ । म निवेदक उपर कारवाही गर्ने क्रममा गठित एक सदस्यीय जाँचबुझ समितिका अध्यक्ष बिपक्षी नं.६ ले म निवेदकको बयान लिने क्रममा बिपक्षी नं.७ ले प्रारम्भिक छानविन गरी दिनु भएको प्रतिवेदनलाई आधार लिनु भएको छ । तर प्रारम्भिक छानविनले म उपरको उजूरीका सम्बन्धमा भएको सही सत्य तथ्य सहितको जाँचबुझ प्रतिवेदन पेश गर्नु पर्नेमा सो केही नगरी म निवेदकसंग सोधपुछ नै नगरी एकांकी रुपमा प्राकृतिक न्यायको सिद्धान्त विपरित हुने गरी दिएको प्रतिवेदन न्याय परिषद ऐन, २०४७ को दफा ५ को प्रतिकूल रहेको छ । बिपक्षी नं.६ ले सोही त्रुटिपूर्ण प्रतिवेदनलाई मुख्य आधार बनाई सोही प्रतिवेदनलाई समर्थन गर्ने गरी म निवेदक उपर लगाइएको आरोप पुष्टि गर्न थप सहयोग पुग्ने गरी पूर्वाग्रही भई मनगढन्ते आरोप लगाई तयार गरिएको प्रतिवेदन समेत त्रुटिपूर्ण छ । त्यसरी छानविन गर्दा मलाई पनि संलग्न गराई छानविन गरिएको भए उजूरीका सम्बन्धमा अझ बढी सत्यताको पहिचान हुने थियो । तर यो सब नगरी आत्मपरक ढंगले निर्णयमा पुगी मेरा बिरुद्ध प्रतिवेदन दिने बिपक्षी नं.६,७ को एकाङ्गी निर्णय प्रतिवेदन न्यायिक मापदण्डका हिसावले दुषित रहेको छ ।

करिव एघार बर्ष अगाडिको उजूरी निवेदनमा हाल आएर कारवाही गर्न पाउने असीमित हदम्याद बिपक्षी न्याय परिषदलाई रहेको छैन । यो एघार बर्षका बीचमा विभिन्न अदालतमा गरी मैले ७/८ हजार फैसला तथा आदेशहरु गरेको छु । मैले गरेका ती फैसला आदेशहरु सम्पूर्ण रुपमा बदर गर्न नसकिने हुंदा कार्यक्षमताको अभाव भनी म उपर न्याय परिषदले लगाएको आरोप व्यहोराबाट नै उक्त कारवाही अन्यायपूर्ण र गैरकानूनी भएको स्पष्ट छ । म निवेदकले महोत्तरी जिल्ला अदालतमा मिति २०५२।११।२० मा जग्गा रोक्का राख्न मिलेन, कानून वमोजिम गर्नु भनी आफैले आदेश गरेको कुरालाई केरमेट गरी त्यसैमा पुनः जग्गा रोक्का राख्न पठाउने भनी आदेश गरेको भन्ने प्रारम्भिक छानविन समितिको ठहर बुंदा बिलकुलै झुठ्ठा र आधारहीन छ । किनभने एक पटक आदेश गरे दस्तखत गरे पश्चात सो आदेशलाई सच्याउने गरी थप आदेश गरी दस्तखत नगरेकोले लगाएको आरोप बिल्कुलै झुठ्ठा छ । मैले गरेको आदेश र फैसलामा मनोगत ढंगबाट न्यायिक मनको समुचित प्रयोग नगरी प्रमाणको यथोचित मूल्यांकन नगरी कानूनको गलत प्रयोग र न्यायिक अनुशासन विपरीत कार्य गरेकोले अदालतको जनआस्थामा ह्रास आउने खालका काम कारवाही गरेको देखिएको भनी जाँचबुझ समितिको प्रतिवेदन व्यहोरा र लगाइएको आरोप न्याय परिषद ऐन, २०४७ विपरीत रहेको छ । प्रतिवेदनले मेरो कुन कार्यबाट अदालतको जनआस्थामा ह्रास आउने खालका काम कारवाही भयो, सो कुरा सबिस्तार एवं प्रमाणित आधारमा व्यक्त गर्न सकेको छैन । न्याय परिषदको म प्रतिको काम कारवाही शुरु देखि नै कानूनको उचित प्रकृयाको विपरीत छ । सो कुरा कारवाही गर्नु पर्ने कारण परेको २०५१।०५२ साल तिरको बिषयलाई आधार बनाएको र सो उपर कारवाही २०६२ सालमा मात्र भएकोबाट नै प्रष्ट देखिन्छ । न्याय निरोपण गर्दाका अवस्थामा न्यायाधीशले जहिले पनि मुद्दाको तथ्य, प्रमाणको मूल्यांकन र बिवेचना गरी निर्णयमा पुग्ने गरेको हुन्छ । कुनै पनि फैसला बदर हुँदैमा न्यायाधीश उपर प्रवृत्त भावना राखी कार्यक्षमताको अभाव नामाकरण गरी कारवाही गर्न मिल्दैन ।

बिपक्षी न्याय परिषदमा मैले पेश गरेको स्पष्टीकरण के कति कारणले चित्त बुझ्दो भएन सो को विषयमा स्पष्ट र अभिव्यक्त कारण र आधारहरु खुलाइएको छैन । म निवेदक उपर गरिएको कारवाही र अनुसन्धानको क्रममा तयार भएको कागजातहरुको नक्कल माग गर्दा पनि नक्कल उपलव्ध गराइएन । मैले फैसला र आदेश गर्दा प्रलोभन वा दवावमा आएर गरेको भनी न्याय परिषदले भन्न सकेको छैन । न्याय परिषदले म उपर पूर्वाग्रही भई गरेको कारवाही र पदमुक्तिको सिफारिस न्याय परिषद ऐन, २०४७, नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११, १२, १६ र नागरिक अधिकार ऐन, २०१२ को दफा ३, ६(७) समेतको विपरीत छ । करिव ११ बर्ष अगाडिको बिषयमा प्राकृतिक न्याय तथा अनुचित बिलम्बलाई समेत मनन् नगरी विभिन्न मितिमा बिपक्षीहरुले गरेको निर्णय, प्रतिवेदन तथा सिफारिस उत्प्रेषणको आदेशद्वारा प्रारम्भिक रुपमा नै बदर गरी मलाई पुनः साविक वमोजिम पदीय जिम्मेवारी तथा कर्तव्य पालना गर्ने व्यवस्था गर्नु भनी बिपक्षी न्याय परिषदका नाममा जो चाहिने आज्ञा आदेश वा पूर्जी जारी गरी पदमुक्त गरे देखि रिट निवेदन किनारा भएको अवधि सम्मको तलव, भत्ता सुविधा समेत उपलव्ध गराउनु भन्ने आदेश जारी गरी पाउं भन्ने समेत व्यहोराको रिट निवेदन ।

यसमा बिपक्षी न्याय परिषद र जाँचबुझ तथा छानविन समितिका बिपक्षी बनाइएका व्यक्तिहरुलाई यसमा के कसो भएको हो, निवेदकको माग वमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र लिखित जवाफ पठाउनु भनी म्याद सूचना जारी गरी आए पछि वा अवधि नाघे पछि नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०६३।१।२१ को आदेश ।

बिपक्षी रिट निवेदकले महोत्तरी जिल्ला अदालतमा अतिरिक्त जिल्ला न्यायाधीश भई कार्यरत रहंदा गरेको आदेशको बिषयमा न्याय परिषद सचिवालयमा पर्न आएको उजूरीहरुका सम्बन्धमा जाँचबुझ गरी राय सहितको प्रतिवेदन तयार गर्न न्याय परिषद ऐन, २०४७ वमोजिम मेरो अध्यक्षतामा जाँचबुझ समिति गठन भएको हो । जाँचबुझको क्रममा निवेदक उपर परेको उजूरीका सम्बन्धमा बुझ्नु पर्ने सम्पूर्ण व्यहोरा खुलाई बयान गराई निज उपरको आरोपका सम्बन्धमा निवेदकलाई आफ्नो भनाई राख्ने पर्याप्त अवसर प्रदान गरिएकोले प्रतिवेदन तयार गर्दा निवेदकलाई सुनुवाईको मौका प्रदान गरिएन भन्ने निवेदन जिकिर

बिल्कुलै निराधार छ । सो रिट निवेदन असत्य र भ्रमपूर्ण हुंदा खारेज गरी पाउं भन्ने समेत व्यहोराको तत्कालीन जाँचबुझ समितिका अध्यक्ष सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठको लिखित जवाफ ।

न्याय परिषद ऐन, २०४७ को दफा ६ वमोजिम गठित जाँचबुझ समितिको प्रतिवेदन र सम्बन्धित मिसिल कागज समेतबाट निवेदकको कार्यक्षमताको अभाव देखिन आएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१ को उपधारा (३) तथा न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) को खण्ड (घ) बमोजिम कार्यक्षमताको अभावमा पदमुक्त गर्न न्याय परिषदको मिति २०६२।१०।२३ को निर्णयानुसार जाहेर गरिएकोमा महाराजाधिराजबाट मिति २०६२।१२।३ मा पदमुक्त गरिएको हो । न्याय परिषदले बिपक्षी न्यायाधीशलाई पदमुक्त गर्न गरेको संविधान एवं कानून वमोजिम नै भए गरेको हुंदा निजको माग वमोजिम रिट जारी हुनु पर्ने होइन गैर संवैधानिक र गैरकानूनी आधार टेकी दिएको निवेदन खारेज गरी पाउं भन्ने समेत व्यहोराको न्याय परिषदको लिखित जवाफ ।

मैले प्रारम्भिक जाँचबुझ गरी दिएको प्रतिवेदन परिषदले उपलब्ध गराएको निवेदकसंग सम्बन्धित फायलबाट देखिएको कुराहरुमा आधारित छन् । सो प्रतिवेदन निवेदकले उल्लेख गरे जस्तो पूर्वाग्रही र आत्मप्रेरक ढंगको छैन । तसर्थ म समेतलाई बिपक्षी बनाई दिनु भएको रिट निवेदन खारेज गरी पाउं भन्ने समेत व्यहोराको पुनरावेदन अदालत, पाटनका न्यायाधीश श्री लक्ष्मणमणि रिसालको लिखित जवाफ ।

यस्तै विषयवस्तु समावेश भएको २०६३ सालको रिट नम्बर ३३०७ निवेदक गणेश पञ्जियार विरुद्ध न्याय परिषद समेत भएको रिट निवेदनमा न्याय परिषदबाट न्यायाधीशको सम्बन्धमा भएको कार्वाही निर्णय विरुद्ध परेका रिट निवेदनहरुमा यस अदालतको असाधारण अधिकारक्षेत्रको प्रयोगमा भएको वेग्लावेग्लै निर्णय आधार सम्बन्धमा एकरुपता कायम हुनु पर्ने देखिएको भनी सो रिट निवेदन पूर्ण इजलाशमा पठाउने गरी आज यसै इजलाशबाट आदेश भएको हुंदा प्रस्तुत रिट निवेदन समेत सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ (१) (ख) र (घ) बमोजिम पूर्ण इजलाशमा पेश गर्नू भन्ने समेत व्यहोराको संयुक्त इजलासबाट मिति २०६५।५।१३ मा भएको आदेश ।

## वहस खण्ड

नियम बमोजिम पेश हुन आएको प्रस्तुत रिट निवेदनमा मिति २०६६।१२।५ र २०६६।१२।१९ मा सुनुवाई गरिएको थियो । सुनुवाईका क्रममा निवेदक तथा विपक्षीतर्फका विद्वान कानून व्यवसायीहरुले गर्नु भएको वहसको संक्षिप्त टिपोट देहाय बमोजिम रहेको छ :

**निवेदकतर्फ**

**वरिष्ठ अधिवक्ता श्री सिन्धुनाथ प्याकुरेलः** निवेदकका काम कारवाहीलाई न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) को खण्ड (घ) संग तादाम्यता देखाउन सक्नुपर्दछ । नेपाल राजपत्रमा मिति २०६१।९।५ मा प्रकाशित सूचना, निवेदकलाई सोधिएको स्पष्टीकरण र पदमुक्त गर्ने निर्णय समेतलाई मूल्यांकन गर्दा त्यस्तो तादाम्यदा देखिएको छैन । निवेदकमा २०५२ सालमा नै कार्यक्षमताको अभाव देखिएको भनिएपनि २०६१ सालमा आएर कारवाही गरिनु आफैंमा विचारणीय छ । त्यस्तो कारवाही गर्नु अघि अनिवार्य रुपमा सचेत गराउनु पर्नेमा सिधै पदमुक्त गरिनुले पनि सो कारवाही बदरभागी रहेको छ ।

<u>वरिष्ठ अधिवक्ता श्री हरिहर दाहालः</u> न्याय परिषद्ले निवेदकलाई कारवाही प्रारम्भ गर्दा लेनदेन मुद्दा, दर्ताबदर मुद्दा, कर्तव्य ज्यान मुद्दा र विगो मुद्दामा भएको आदेशलाई आधार बनाइएको देखिन्छ । त्यसक्रममा न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) को खण्ड (घ) बमोजिम स्पष्टीकरण सोधिएको छ र स्पष्टीकरणमा गोश्वारा बोलिमा विभिन्न शब्दावलीहरुको प्रयोग गरिएको छ । प्रयोग हुनै नसक्ने कानूनको प्रयोग भएको वा बलपूर्वक व्याख्या वा अर्थ गरी मुद्दाको कारवाही वा निर्णयमा अनुचित असर पुऱ्याएको भन्नु मात्र पर्याप्त हुंदैन, त्यसको आधार समेत प्रस्तुत गर्न सक्नु पर्छ । न्यायाधीशले गरेको कुनै फैसला वा आदेश उल्टी हुनुको अर्थ सम्बन्धित न्यायाधीशमा कार्यक्षमताको अभाव भएको भन्ने हुंदैन । यदि उल्टी भएकै आधारमा निष्कर्षमा पुग्ने हो भने अधिकांश न्यायाधीशमा कार्यक्षमताको अभाव रहेको भन्ने

निष्कर्ष निस्कन्छ । कार्यक्षमताको विषय न्यायिक शुद्धीकरणसंग सम्बन्धित हुँदैन, खराब आचरणका विषयमा मात्र शुद्धीकरणको सम्बन्ध रहन्छ । न्याय परिषद्ले कुनै मुद्दा विशेषमा न्यायाधीशबाट भएको आदेश वा फैसला उपर पुनरावेदकीय अधिकारक्षेत्र ग्रहण गर्न पाउँदैन । निवेदकमा कार्यक्षमताको अभाव रहेको भन्ने आरोप लगाइएको अवस्था हुंदा सचेत गराउनु अनिवार्य देखिन्छ । सचेत नगराई सिधै पदमुक्त गर्न मिल्ने हुँदैन । त्यसैले कानूनको उचित प्रयोग नै नभएको हुंदा माग बमोजिमको आदेश जारी गरी निवेदकलाई पुनर्वहाली गरिनु पर्दछ ।

**अधिवक्ता श्री शतिसकृष्ण खरेलः** कार्यक्षमताको अभाव भनेको सुधार हुनै नसक्ने विषय होइन । कार्यक्षमताको अभावलाई हटाउन सम्बन्धित न्यायाधीशलाई मौका प्रदान गरिनु पर्दछ । २०५२ सालमा सम्पादन गरिएका कार्यका लागि २०६१ सालमा आएर स्पष्टीकरण सोधिएको कारणले पनि निवेदक उपरको कारवाही मिलेको छैन ।

**अधिवक्ता श्री कृष्णप्रसाद सापकोटाः** न्याय परिषद्को निर्णयमा न्यायिक पुनरावलोकन हुन सक्छ । त्यसरी न्यायिक पुनरावलोकन गर्दा अन्य सरकारी निकायबाट भएका कारवाही सरह नै न्याय परिषद्बाट भएको कारवाहीलाई पनि हेरिनु पर्दछ । निजामती कर्मचारीहरुका सम्बन्धमा अख्तियारप्राप्त अधिकारीले गर्ने निर्णयमा न्यायिक पुनरावलोकन गरी सर्वोच्च अदालतले जारी गरेका आदेशहरु प्रस्तुत विवादमा पनि सान्दर्भिक हुन्छन् । न्यायाधीशको हैसियतबाट भएका कार्यलाई पुनरावेदन वा पुनरावलोकनको माध्यमबाट मात्रै सच्याउन सकिन्छ । त्यसमा बदनियत नदेखिंदासम्म त्यस्ता फैसला वा आदेशलाई आधार बनाएर सम्बन्धित न्यायाधीशलाई कारवाही गर्न सकिंदैन । फैसला र आदेशलाई नै कारवाहीको विषय बनाउंदा न्यायिक स्वतन्त्रता कायम रहन सक्दैन ।

**अधिवक्ता श्री तुलबहादुर श्रेष्ठः** निवेदक उपर कारवाही प्रारम्भ गर्ने क्रममा मिति २०६१।९।५ को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार गठित समितिलाई सीमित अधिकार दिइएको देखिन्छ । सो सूचनाभन्दा बाहिर गएर फरक विषय समावेश गरी कारवाही अघि बढाउन सकिने हुंदैन । तर निवेदकलाई सोधिएको स्पष्टीकरणमा फरक विषय समावेश गरिएको छ । न्याय परिषद् कार्यविधि नियमावली, २०५४ ले न्यायाधीशको कार्यसम्पादन मूल्यांकन राख्नुपर्ने व्यवस्था गरे अनुसार गरिएको कार्यसम्पादन मूल्यांकनमा निवेदक उपर गरिएको कारवाहीको विषय उठेको छैन । मुद्दाका सिलसिलामा आदेश वा फैसला उल्टी वा बदर हुँदैमा त्यसलाई कार्यक्षमताको अभाव मान्न मिल्दैन । कार्यक्षमताको अभावमा हुने कारवाहीमा सचेत गराउनै पर्ने कानूनी व्यवस्था रहेको हुंदा त्यसको अभावमा एकैचोटी पदमुक्त गर्ने गरी भएको कारवाही बदरयोग्य छ ।

**अधिवक्ता श्री परशुराम कोइरालाः** निवेदकलाई अनुशासनात्मक कारवाही अन्तर्गत पदमुक्त गरिएको अवस्था भएकाले यस्तो कारवाहीका सम्बन्धमा भएका न्यायिक निर्णयहरु यसमा पनि आकर्षित हुन्छन् । तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१(३) ले जिल्ला अदालतको न्यायाधीश समेतलाई पदमुक्त गर्न सक्ने व्यवस्था गरेको छ र त्यसैका आधारमा न्याय परिषद् ऐन, २०४७ को दफा ४क मा आधारहरु तोकिएको छ । निवेदकलाई सोधिएको स्पष्टीकरण कुन प्रावधान अन्तर्गत सोधिएको हो भन्ने खुल्दैन, गोलमटोल रुपमा व्यहोरा उल्लेख गरिएको छ । निवेदकलाई कार्यक्षमताको अभावको आरोप लगाइएको छ, कार्यक्षमताको अभाव भन्नाले lack of knowledge without malafide intention भन्ने बुझिन्छ । कार्यक्षमताको अभावलाई क्षमतामा बदल्न पनि सकिन्छ, त्यसैले त्यसका लागि मौका प्रदान गर्नु पर्दछ । मौका प्रदान गर्नकै लागि कानूनले सचेत गराउने व्यवस्था गरेको र एकैचोटी पदमुक्त गर्ने विधिकर्ताको मनसाय समेत नरहेको भन्ने देखिन्छ ।

**निवेदक अधिवक्ता श्री केदाप्रसाद प्याकुरेलः** २०५२ सालमा भएको कार्यका लागि त्यतिबेलै कारवाही गर्नु पर्नेमा धेरै पछि आएर गरिएको कारवाही न्यायोचित छैन । २०५२ सालसम्म न्यायपरिषद् कार्यविधि नियमावलीको तर्जुमा नै गरिएको थिएन । २०५२ सालको कार्यका लागि २०५४ सालमा तर्जुमा भएको कार्यविधि लगाएर कारवाही गर्न मिल्ने हुंदैन ।

**विपक्षीतर्फ**

**उप-न्यायाधिवक्ता श्री श्रीकृष्ण भट्टराईः** यदि कुनै निर्णय illegal, irrational, unreasonable छ र

त्यसमा procedural error छ भने न्यायिक पुनरावलोकनबाट त्यसलाई बदर गर्न सकिन्छ। न्याय परिषद्मा ३ जना न्यायाधीश र २ जना विशिष्ट कानूनविद् रहने हुंदा त्यस्तो निकायबाट भएको निर्णय Administrative नभै Judicial भएकाले त्यसमा judicial review हुन सक्दैन । न्याय परिषद् ऐनले निर्धारित गरेको प्रक्रिया अन्तर्गत नै स्पष्टीकरण सोधी जाँचबुझ समेत गरी कारवाही गरिएको हुंदा कार्यविधिगत त्रुटी भएको भन्ने देखिएको छैन । कार्यक्षमताको अभावमा कारवाही गर्दा सचेत गराउनै पर्ने भन्ने अनिवार्य व्यवस्था कानूनले गरेको छैन, त्यसलाई निर्णय गर्ने निकायको स्वविवेकमा छाडिएको छ । राजदरवारबाट पत्र प्राप्त भएको मितिदेखि लागू हुने गरी पदमुक्त गरिएको पत्र जारी गरिएको हुंदा त्यसलाई Restrospective भन्न मिल्ने अवस्था छैन ।

**ठहर खण्ड**

आज निर्णय सुनाउन तोकिएको प्रस्तुत रिट निवेदनमा निवेदकले आफूलाई करिव एघार वर्ष अघि परेको उजूरीको आधारमा छानविन समिति मार्फत अनुसन्धान गराई सो मुद्दामा अनुचित कार्य गरेको आरोप लगाई अन्ततः सोही जरियाबाट आफूलाई जिल्ला न्यायाधीश पदबाट अवकाश दिइएको न्याय परिषदको निर्णय र काम कारवाही असंवैधानिक र कानुन विपरीत भएको तथा समान अवस्थाका अन्य न्यायाधीशहरु र आफू बीच असमान व्यवहार भएकोले यस अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत रिट जारी गरी पुनर्वहाली गरी पाऊं भन्ने दावी लिएको देखियो । विपक्षी न्याय परिषद् सचिवालयका तर्फबाट पेश भएको लिखित जवाफमा न्याय परिषद ऐन, २०४७ को दफा ६ वमोजिम गठित जाँचबुझ समितिको प्रतिवेदनसमेतका आधारमा निवेदकमा कार्यक्षमताको अभाव देखिन आएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१ को उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांश अनुसार सफाइको मौका समेत प्रदान गरी न्याय परिषद् ऐनको ४क को उपदफा (२) को खण्ड (घ) वमोजिम कार्यक्षमताको अभावमा पदमुक्त गर्न न्याय परिषदको मिति २०६२।१०।२३ को निर्णयानुसार जाहेर गरिएकोमा महाराजाधिराजबाट मिति २०६२।१२।३ मा पदमुक्त गरिएको हुंदा निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्ने होइन भनी निवेदन व्यहोराको प्रतिवाद गरिएको देखिन्छ ।

उल्लिखित तथ्यगत अवस्था, वहस जिकीर, निवेदक तर्फका कानून व्यवसायीहरुले प्रस्तुत गर्नु भएको वहसनोट तथा संयुक्त इजलासको आदेश समेतलाई आधार बनाएर हेर्दा प्रस्तुत मुद्दामा मुख्य रुपमा देहायका प्रश्नहरुको निरुपण गरी निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखिन्छ ।

१. **न्याय परिषद्बाट भएको निर्णयको न्यायिक पुनरावलोकन हुन सक्छ वा सक्दैन ?**
२. **न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (५) अनुसार कार्यक्षमताको अभावमा पदमुक्त गर्नु अघि सचेत गराउनु पर्ने व्यवस्था पूर्वशर्त हो वा सचेत नगराई एकैचोटी अवकाश दिन पनि सकिन्छ ?**
३. **निर्णयको मिति भन्दा पहिलेको मितिबाट लागू हुने गरी निवेदकलाई अवकाश दिइएको अवस्था विद्यमान छ वा छैन ?**

माथि निर्धारण गरिएका प्रश्नहरुमध्ये प्रथमतः **न्याय परिषद्बाट भएको निर्णयको न्यायिक पुनरावलोकन हुन सक्छ वा सक्दैन** भन्ने पहिलो प्रश्नमा विचार गर्नु अघि संयुक्त इजलासबाट भएको आदेशलाई समेत मनन गरिनु पर्ने देखिन्छ । प्रस्तुत निवेदन संयुक्त इजलासबाट सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को उपनियम (१) को खण्ड (ख) र (घ) बमोजिम पूर्ण इजलास समक्ष पेश गर्ने आदेश गर्दा मुख्य रुपमा गोपालप्रसाद गुरागाई वि. न्याय परिषद्समेत भएको रिट निवेदनमा यस अदालतको संयुक्त इजलासले न्याय परिषदका पाँच सदस्य मध्ये बहुमत न्यायाधीशहरुको हुने हुंदा apparent error on the face of record देखिने त्रुटी नभएको अवस्थामा Judicial review गर्न आवश्यक पर्दैन भन्ने समेतको कारण देखाई रिट निवेदन खारेज हुने ठहर गरेको र उस्तै विषय समावेश भएको **२०४८ सालको रिट नं. १७७९, निवेदक रामप्रसाद अधिकारी वि. न्याय परिषद् समेत, २०५२ सालको रिट नं. २३६२, निवेदक ध्रुवलाल राज वि. न्याय परिषद् समेत र २०५२ सालको रिट नं. २३६८, निवेदक रामेश्वरमान सिं अधिकारीको** रिट निवेदनहरुमा यस अदालतका अलग अलग संयुक्त इजलासबाट अलग अलग मितिमा रिट निवेदनको विषयवस्तुभित्र प्रवेश गरी न्यायको रोहमा विश्लेषण र पूर्ण मूल्यांकन गरी निवेदन खारेज हुने निष्कर्षमा पुगेको अवस्था देखाई

त्यसरी समान स्तरका इजलासबाट फरक फरक रुलिङ कायम भएको हुंदा त्यसमा पूर्ण इजलासबाटै एकरुपता कायम हुनु पर्ने भनिएको पाइन्छ । त्यसैगरी गोपाल गुरागाईंको रिट निवेदनमा संयुक्त इजलासबाट भएको व्याख्याबाट सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रको प्रयोगमा जटिल प्रश्न उपस्थित भएकाले त्यसमा समेत पूर्ण इजलासबाटै न्याय निरुपण हुनु पर्ने भन्ने निष्कर्षमा संयुक्त इजलास पुगेको देखिन्छ । उल्लिखित सन्दर्भमा प्रथमतः न्यायिक पुनरावलोकनको सैद्धान्तिक आधारको उल्लेखन गर्दै न्याय परिषद्बाट यी निवेदकलाई पदमुक्त गर्ने गरी गरिएको निर्णयको न्यायिक पुनरावलोकन हुन सक्छ वा सक्दैन भन्ने विषयमा निष्कर्षमा पुग्नु पर्ने भएको छ ।

न्यायिक पुनरावलोकनको अधिकारको प्रयोगबाट न्यायपालिकाले राज्यका अन्य निकायहरुलाई उनीहरुको अधिकार क्षेत्रभन्दा बाहिर जानबाट रोक्दछ र व्यक्तिका हक अधिकारहरुको संरक्षण तथा कानूनी राज्यको प्रत्याभूति प्रदान गर्दछ । न्यायिक पुनरावलोकनको अधिकारलाई न्यायपालिकाको अन्तरनिहित अधिकारका रुपमा लिइन्छ । न्यायिक पुनरावलोकनको अधिकार नै संवैधानिक सर्वोच्चता र स्वतन्त्र न्यायपालिकाको मुख्य आधार हो ।

वास्तवमा न्यायिक पुनरावलोकनको अधिकार कुनै संवैधानिक वा कानूनी व्यवस्थाबाट विकसित भएको नभै विधिको शासनको मान्यतालाई सार्थक रुप दिनको लागि न्यायपालिकाले आफैं विकसित गरेको अवधारणा पनि हो । यसलाई स्वतन्त्र न्यायपालिकाको अन्तरनिहित अधिकार तथा सारतत्वका रुपमा मान्यता दिंदै त्यसै आधारमा यसको विस्तार र विकास गरिएको देखिन्छ । त्यस आधारमा न्यायिक पुनरावलोकनको अधिकारलाई न्यायिक सक्रियताको उपज पनि मानिन्छ । यसको दृष्टान्तका रुपमा सन् १६१० मा नै वेलायती प्रधान न्यायाधीश एडवर्ड कोकले डा. बोनहृयामको मुद्दामा प्राकृतिक न्याय र कमन ल को व्यवहारसंग असंगत हुने गरी संसदले निर्माण गरेको कानून बदरभागी हुने भनी न्यायिक पुनरावलोकनको सिद्धान्तको जग बसालेका थिए । त्यसैगरी सन् १८०३ मा अमेरिकी संघीय सर्वोच्च अदालतले मार्वरी वि. मेडिसनको मुद्दामा कांग्रेस निर्मित कानूनले सर्वोच्च कानूनका रुपमा रहेको संविधानको उल्लंघन गर्दछ भने अदालतले संविधानसंग असंगत कानूनलाई अमान्य घोषित गर्न सक्दछ भन्ने सिद्धान्त स्थापित गरिदियो । यस्तै व्याख्या हाम्रो न्यायपालिकाले पनि धेरै अघिदेखि गर्दै आएको देखिन्छ । न्यायपालिकालाई स्पष्ट रुपमा न्यायिक पुनरावलोकनको अधिकार प्रदान नगरिंदा नगरिंदै पनि विश्वेश्वरप्रसाद कोइराला वि. नेपाल सरकार, काठमाडौं मजिष्ट्रेट भएको मुद्दा (ने.का.प. २०१६, नि.नं.२४, पृष्ठ १२३) मा वि.सं. २०१० सालमा गरिएको व्याख्याले यो अधिकार न्यायपालिकाको अन्तरनिहित अधिकार हो भन्ने मान्यतालाई हाम्रो सन्दर्भमा समेत स्थापित गरेको र त्यस्ता अरु पनि अनेकन दृष्टान्तहरु रहेका छन् ।

सभ्य र कानूनको शासनप्रति प्रतिबद्ध मुलुकले न्यायिक पुनरावलोकनको अधिकारले सुसज्जित न्यायपालिकाको स्थापनामा जोड दिंदै आएका छन् । त्यसैले न्यायिक पुनरावलोकनको अधिकारलाई संवैधानिक सर्वोच्चता ( Constitutional Supremacy) र कानूनी संविधानवाद (Legal Constitutionalism) को प्रमुख अवयवका रुपमा तथा एउटा मूल्य र मान्यताका रुपमा स्थापित गरिएको देखिन्छ । न्यायिक पुनरावलोकनको अधिकार मुख्य रुपमा देहायको प्रयोजनका लागि अपरिहार्य मानिन्छ :

- नागरिकको हक अधिकार तथा स्वतन्त्रताको रक्षा एवं त्यसको उपभोगको सुनिश्चितताका लागि
- कानूनी राज्य वा विधिको शासनको अवधारणालाई व्यवहारिक रुपमा सार्थक तुल्याउनका लागि
- सीमित सरकारको अवधारणालाई क्रियान्वित गर्नका लागि
- शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको सिद्धान्तको प्रभावकारी प्रयोग र पालनाका लागि
- सरकारको काम कारवाहीहरु तथा निर्णयहरुलाई वैधानिक दायराभित्र सीमित गर्नका लागि
- न्यायिक स्वतन्त्रता र सक्षमता सुनिश्चित गर्नका लागि
- राज्यको कार्यकारी निकायको स्वेच्छाचारी एवं निरंकुश कार्यमा नियन्त्रण गर्नका लागि

- **संवैधानिक सर्वोच्चता कायम गरी संविधानको संरक्षण गर्नका लागि**

उल्लिखित सन्दर्भमा हेर्दा न्यायिक पुनरावलोकनको अधिकारलाई जनताको मौलिक हकको रक्षा र संवैधानिक सर्वोच्चताको सुनिश्चितताका लागि स्वतन्त्र न्यायपालिकासंग नभई नहुने असाधारण अधिकारका रुपमा लिन सकिन्छ । यही अधिकारको प्रयोगबाट नै न्यायपालिकाले राज्यका अन्य अंगहरुको काम कारवाहीको संवैधानिकताको परीक्षण गर्दछ । कुनै पनि कार्यको संवैधानिकता परीक्षणको अधिकार न्यायपालिकाको सर्वोच्च निकायलाई रहेन भने कानूनको शासनको मान्यता नरहनुका साथै संविधानको रक्षा संभव हुँदैन र संविधानलाई जीवन्तता प्रदान गर्न पनि सकिँदैन । यही मान्यताद्वारा अभिप्रेरित भै तत्कालीन नेपालको अन्तरिम संविधान, २०४७ को धारा ८८ को उपधारा (१) र (२) मा सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रका बारेमा स्पष्ट रुपमा उल्लेख थियो र यसैको निरन्तरता वर्तमान नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (१) र (२) मा रहेको पाइन्छ । तर, संविधानको धारा १०७ को उपधारा (१) र (२) मा रहेका ती व्यवस्थाहरु नै वर्तमान सन्दर्भमा न्यायिक पुनरावलोकनका मुख्य आधारहरु हुन् । न्यायिक पुनरावलोकनको अधिकार क्षेत्रको दायरा पुनरावलोकन गर्नु पर्ने भएको निर्णय वा काम कारवाहीको विषयवस्तु तथा प्रकृतिका साथै देशको शासन व्यवस्था र संवैधानिक व्यवस्थामा आधारित हुन्छ । बेलायतको जस्तो संसदीय सर्वोच्चता रहेको देशमा विधायिकी कार्यको न्यायिक पुनरावलोकन संभव नहुन सक्छ । त्यसैगरी कतिपय राजतन्त्रात्मक मुलुकको संविधानले नै राज्य प्रमुखका रुपमा रहेका राजाले गर्ने कार्यको न्यायिक पुनरावलोकन हुन नसक्ने गरी न्यायिक पुनरावलोकनको अधिकारलाई सीमित गराइएको हुन सक्दछ । यसैगरी कतिपय तानाशाही वा एकदलीय शासन व्यवस्था भएका मुलुकहरुमा पनि न्यायिक पुनरावलोकनको अधिकार क्षेत्रमा केही अंकुश लगाइएको पनि हुन सक्दछ । तर न्यायिक पुनरावलोकनको अधिकार असीमित छ भन्ने होइन । कानूनको शासनको मूल्य र मान्यतामा आधारित प्रजातान्त्रिक बहुदलीय व्यवस्था र प्रतिस्पर्धात्मक राजनीतिक व्यवस्थालाई पूर्ण मान्यता दिने संविधानमा नै न्यायिक पुनरावलोकन हुन नसक्ने कुनै विषय वा काम कारवाही वा निर्णयहरु तोकिएका हुन सक्दछन् । संविधानमा न्यायिक पुनरावलोकन हुन नसक्ने गरी केही सीमारेखा कोरिएको पनि हुन सक्दछ । शक्ति सन्तुलनको सिद्धान्त अनुरुप यस्ता सीमारेखा तोक्ने कार्य उपयुक्त र व्यवहारिक पनि ठानिन्छ । उदाहरणका लागि नेपालको अन्तरिम संविधान, २०६३ मा गरिएको व्यवस्था अनुसार देहायका विषयहरु न्यायिक पुनरावलोकनको विषय हुन सक्दैनन् :

क. राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरु अन्तर्गत लेखिएका विषयहरु कार्यान्वयन भए नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन नसकिने गरी धारा ३६ को उपधारा (१) मा व्यवस्था गरिएको छ ।

ख. नेपाल सरकारको कार्य विभाजन र कार्य सम्पादन नियमावली पालना भयो भएन भन्ने प्रश्न कुनै अदालतमा उठाउन नसकिने भन्ने व्यवस्था धारा ४३ को उपधारा (३) मा गरिएको छ ।

ग. व्यवस्थापिका संसद र संविधानसभाको विशेषाधिकार सम्बन्धी विषयहरुमा कुनै पनि अदालतमा प्रश्न उठाउन नसकिने गरी क्रमशः धारा ५६ र धारा ७७ मा बन्देज लगाइएको छ ।

घ. संविधानसभा अदालतको क्षेत्राधिकारभित्रको विषयमा अन्य अदालतले अधिकार क्षेत्र ग्रहण गर्न नसक्ने गरी धारा १०२ को उपधारा (२) मा व्यवस्था गरिएको छ ।

उल्लिखित संवैधानिक व्यवस्था बाहेक सर्वोच्च अदालत आफैंले पनि न्यायिक आत्मसंयमको अवधारणा अन्तर्गत न्यायिक पुनरावलोकनका केही सीमाहरु कोरेको पाइन्छ । राजनीतिक प्रश्न, कार्यकारीणीको नीतिगत निर्णयको विषय, विदेशी राष्ट्रसँगको द्विपक्षीय र बहुपक्षीय सम्बन्धका विषयहरु, स्वविवेकीय अधिकारको प्रयोगको विषय, करारीय दायित्व परिपालना वा करारबाट सिर्जना भएको कुनै हक वा दायित्वको परिपालनाको विषयसंग सम्बन्धित विवादको विषयमा सर्वोच्च अदालतको विशेष अधिकार क्षेत्र अन्तरगत न्यायिक पुनरावलोकन नगरिने भनी यस अदालतले विभिन्न मुद्दाहरुमा बोलेको छ । यसरी संविधानले कोरिदिएका सीमारेखा र न्यायपालिका आफैंले कोरेका सीमारेखाहरु बाहेकका कुनै पनि विषयमा न्यायिक पुनरावलोकन हुन सक्छ । न्यायिक पुनरावलोकन हुन नसक्ने भनी संविधानले निर्धारण

गरेका सीमा रेखाहरु पनि आफैंमा निरपेक्ष र अभेद्य नहुन सक्दछन् । यी सीमा रेखाहरु संविधानले अंगिकार गरेका आधारभूत सिद्धान्त, मूल्य तथा मान्यताहरुसंग मेल नखाने भएमा वा संविधानद्वारा प्रदत्त मौलिक हक हनन गर्ने खालका काम कारवाही वा निर्णयहरु समेत न्यायिक पुनरावलोकनको दायरा बाहिर राख्ने संवैधानिक व्यवस्था आफैंमा पनि सर्वोच्च अदालतको न्यायिक पुनरावलोकनको विषय हुन सक्दछन् । यस्ता बेमनासिब सीमालाई सर्वोच्च अदालतले न्यायिक पुनरावलोकन गर्न सक्दछ र पूर्ण न्याय प्रदान गर्ने कार्यमा कुनै पनि कुरा बाधक नबनोस् भन्ने मान्यताबाट विकसित भएको न्यायिक पुनरावलोकनको अधिकार क्षेत्रमा अंकुश लगाउने कुरामा अत्यन्त सावधानी अपनाउनु पर्दछ ।

न्यायिक पुनरावलोकनको यही विशिष्ट चरित्रलाई आधार बनाएर प्रस्तुत विवादलाई हेर्दा यस अदालतले आत्मसंयमको मान्यता अन्तर्गत कोरेका सीमारेखाहरु र मूल कानूनका रुपमा रहेको संविधानले तोकिदिएका सीमाहरु भित्र न्याय परिषद्का निर्णयहरु परेको देखिँदैन । न्यायपरिषद्को संवैधानिक हैसियत अन्य संवैधानिक निकायहरुभन्दा फरक र विशिष्ट भन्ने पनि संविधानको प्रावधानबाट देखिँदैन । न्यायपरिषद्को संरचनालाई आधार बनाएर **गोपालप्रसाद गुरागाईं**को रिट निवेदनमा संयुक्त इजलासले न्यायिक पुनरावलोकनको अधिकार क्षेत्रलाई सीमित पार्न खोजेको हो कि भन्ने आशय देखिन्छ तापनि संविधानले सीमित नगरेको विषयलाई अदालतले व्याख्याबाट सीमित गराउँदै जाने हो भने न्यायिक सक्रियताबाट जन्मेर विकास हुँदै आएको न्यायिक पुनरावलोकनको अधिकार न्यायिक आत्मसंयमको नाममा कमजोर र संकुचित हुन पुग्ने विडम्वनापूर्ण अवस्थाको सिर्जना हुन जान्छ । यसमा पनि कुनै व्यक्तिको पेशा, रोजगारी तथा मौलिक हकको रुपमा संवैधानिक संरक्षण प्राप्त अन्य हक अधिकारसंग प्रत्यक्ष रुपमा सम्वन्धित विषयमा भएका निर्णयहरुलाई न्यायिक आत्मसंयमको सिद्धान्तको नाममा न्यायिक पुनरावलोकनको दायराबाट हटाउन मिल्दैन । यदि त्यसो गरियो भने न्यायिक पुनरावलोकनको अधिकार क्षेत्रमा क्रमिक रुपमा हुँदै गएको विकास र विस्तारको गति अबरुद्ध हुने र न्यायपालिकाले आफ्नो वैधानिक शक्ति गुमांउदै जाने खतरा उत्पन्न हुन सक्छ ।

न्याय परिषद्को तत्कालीन संरचनाका सम्बन्धमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९३ मा गरिएको व्यवस्था अनुसार पाँच सदस्यीय न्याय परिषद्मा प्रधान न्यायाधीश र सर्वोच्च अदालतका दुई जना न्यायाधीश समेत गरी संख्यात्मक दृष्टिले न्यायाधीशको बहुमत रहने देखिन्छ । तर न्याय परिषद्ले इजलास गठन गरी, विवादको विषयमा वहस पैरवी समेत गराई न्यायिक प्रक्रियाबाट निर्णय गर्ने नभै आवश्यक जाँचबुझ गराई सम्बधित व्यक्तिबाट स्पष्टीकरण लिई त्यसैका आधारमा निष्कर्षमा पुग्ने र सो उपर पुनरावेदकीय क्षेत्राधिकार ग्रहण गरी त्यसमा पुनरावलोकन गर्ने संयन्त्र र प्रक्रियाको बारेमा कुनै व्यवस्था नगरिएको परिप्रेक्ष्यमा संविधानले व्यवस्था गरेका अन्य धेरै निकायहरुमध्ये एक निकायको रुपमा रहेको न्याय परिषद्का पाँच जना सदस्यमध्ये प्रधान न्यायाधीश र सर्वोच्च अदालतका अन्य दुईजना न्यायाधीश समेतको संलग्नता रहने भन्ने आधारमा मात्र न्याय परिषद्का निर्णय तथा काम कारबाहीको न्यायिक पुनरावलोकन हुन नसक्ने भन्ने कुरालाई मान्यता दिन सकिंदैन । कुनै पनि संवैधानिक निकायमा नेपालको प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीशहरुको बहुमत वा अल्पमत संलग्नता भएको भन्ने आधारमा यस्ता संवैधानिक निकायहरुले गरेका निर्णय तथा काम कारबाहीको न्यायिक पुनरावलोकनबाट उन्मुक्ति दिने हो भने न्यायिक पुनरावलोकनको दायरा संकुचित हुने मात्र नभई कुनै दिन शून्य अवस्थामा पनि पुग्न सक्दछ । यस सन्दर्भमा तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८ को उपधारा (४) र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (४) मा गरिएको व्यवस्था पनि सान्दर्भिक हुन्छन् । उक्त दुबै संविधानका उल्लिखित प्राबधान बमोजिम **सर्वोच्च अदालतले कानूनद्वारा तोकिएको अवस्था र शर्तमा आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्न सक्ने** देखिन्छ । यसरी सर्वोच्च अदालतको फैसला वा अन्तिम आदेशको समेत न्यायिक पनुरावलोकन हुन सक्ने अवस्थामा सर्वोच्च अदालतका न्यायाधीशहरुको बहुमत सदस्यता रहेको भन्ने आधारमा न्याय परिषद्को निर्णय तथा काम कारवाहीको न्यायिक पुनरावलोकन हुन सक्दैन भन्न सकिंदैन । यी सबै तथ्यहरुलाई आधार बनाउंदा समेत न्याय परिषद्बाट भएको निर्णयमा न्यायाधीशहरुको बहुमत रहने भन्ने आधारमा त्यसलाई न्यायिक पुनरावलोकन गर्न नमिल्ने भन्ने

यस अदालतको संयुक्त इजलासबाट गोपालप्रसाद गुरागाईं वि. न्याय परिषद् समेत भएको रिट निवेदनमा भएको आदेशसंग सहमत हुन सकिएन । तसर्थ न्याय परिषद्बाट निवेदक उपर भएको कारवाहीको निर्णयमा सर्वोच्च अदालतले असाधारण अधिकार क्षेत्र अन्तर्गतबाट न्यायिक पुनरावलोकन गर्न सक्ने देखिन्छ ।

न्याय परिषद्को निर्णय उपर न्यायिक पुनरावलोकन हुन सक्ने निष्कर्षमा पुगे पछि अब प्रस्तुत विवादको विषयभित्र प्रवेश गरी न्याय निरुपण हुनु पर्ने देखिन्छ । त्यसक्रममा **न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (५) अनुसार कार्यक्षमताको अभावमा पदमुक्त गर्नु अघि सचेत गराउनु पर्ने व्यवस्था पूर्वशर्त हो वा सचेत नगराई एकैचोटी अवकाश दिन पनि सकिन्छ ?** भन्ने दोस्रो प्रश्नका सम्बन्धमा विचार गर्नु आवश्यक हुन्छ ।

यस सन्दर्भमा तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१ को उपधारा (३) मा रहेको व्यवस्था र न्याय परिषद् ऐन, २०४७ को दफा ४क का केही प्रावधानहरुको सिंहावलोकन हुनु पर्ने देखिन्छ । नेपाल अधिराज्यको संविधानको धारा ९१ को उपधारा (३) ले **कार्यक्षमताको अभाव वा खराव आचरण भएकोले वा आफ्नो पदीय कर्तव्यको पालन इमान्दारीपूर्वक नगरेकोले पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा अन्य कुनै न्यायाधीश वा जिल्ला अदालतको कुनै न्यायाधीशलाई निजको पदबाट मुक्त गर्न वा खराब आचरणको आधारमा निजउपर कानून बमोजिम मुद्दा चलाउन आवश्यक वा वाञ्छनीय छ भनी न्याय परिषद्ले गरेको सिफारिस श्री ५ बाट स्वीकृत गरिबक्सेमा त्यस्तो मुख्य न्यायाधीश वा न्यायाधीशलाई निजको पदबाट मुक्त गरिने वा निजउपर कानून बमोजिम मुद्दा चलाइनेछ** भन्ने व्यवस्था गरेको छ । त्यसैगरी न्याय परिषद् ऐनको दफा ४क ले **न्यायाधीशको कार्यक्षमता वा आचरणको मूल्यांकन गर्ने आधार** प्रस्तुत गरेको छ । दफा ४क को उपदफा (१) ले संविधानको धारा ९१ को उपधारा (३) को प्रयोजनका लागि नै त्यस्ता आधारहरु तोकिएको भन्ने स्पष्ट गरेको छ भने उपदफा (२) मा कार्यक्षमताको अभाव रहेको मानिने अवस्था, उपदफा (३) मा पदीय कर्तव्यको इमान्दारीपूर्वक पालन नगरेको मानिने अवस्था र उपदफा (४) ले न्यायाधीशको आचरण खराब भएको मानिने अवस्थाहरु तोकिएको छ । त्यस्ता आधारहरुमध्ये प्रस्तुत विवादका सन्दर्भमा उक्त दफा ४क को उपदफा (२) मात्र सान्दर्भिक रहेको र यी निवेदकलाई पदमुक्त गर्ने निर्णयमा पुग्दा उपदफा (२) को खण्ड (घ) लाई आधार बनाइएको हुंदा सो व्यवस्थालाई यहाँ उद्धृत गर्नु सान्दर्भिक नै हुन्छ । उक्त खण्ड (घ) मा भनिएको छ– "**मुद्दाको कारवाही वा निर्णय गर्दा प्रयोग हुनै नसक्ने कानूनको प्रयोग गरी वा कानूनको स्पष्ट र असंदिग्ध व्याख्या वा अर्थलाई छोडेर बलपूर्वक अर्को व्याख्या वा अर्थ गरी सो कारवाही वा निर्णयमा अनुचित असर पुर्‍याएको** ।" उल्लिखित अवस्थामा न्यायाधीशमा कार्यक्षमताको अभाव रहेको मानिने सम्बन्धमा न्याय परिषद् ऐनको दफा ४क को उपदफा (२) मा व्यवस्था गरिएको पाइन्छ । त्यस्तो अवस्थामा परिषद्ले सम्बन्धित न्यायाधीशलाई अवस्था अनुसार सचेत गराउन र निजले सो अनुरुप आफ्नो काम, कारवाही वा आचरणमा सुधार नगरेमा संविधान र यस ऐन अनुसार निज उपर कारवाही चलाउन सक्नेछ भन्ने उपदफा (५) को व्यवस्थाको रोहमा प्रस्तुत विवादलाई हेर्नु पर्ने देखियो ।

न्याय परिषद् ऐनको दफा ४क को उपदफा (२) मा न्यायाधीशमा कार्य क्षमताको अभाव रहेको मानिने विभिन्न आधारहरुमध्ये खण्ड (घ) मा उल्लेख गरिएको आधारमा यी रिट निवेदकलाई पदमुक्त गरिएको भन्ने देखिन्छ । निजलाई पदमुक्त गर्नु अघि निज उपरका आरोपहरुका सम्बन्धमा जाँचबुझ समिति गठन भै जाँचबुझका सिलसिलामा निजसंग वयान समेत लिइएको देखिन्छ । त्यसरी जाँचबुझ भै जाँचबुझ समितिबाट पेश भएको प्रतिवेदन तथा सम्बद्ध मिसिल कागजातहरुको अध्ययन समेतका आधारमा तत्कालीन जिल्ला न्यायाधीश यी निवेदकलाई कार्यक्षमताको अभाव देखिन आएकोले किन पदमुक्त नगर्ने भनी स्पष्टीकरण समेत सोधिएको देखिन्छ । त्यसरी सोधिएको स्पष्टीकरणको जवाफ सन्तोषजनक नभएको भन्ने आधारमा न्याय परिषद् ऐनको दफा ४क को उपदफा (२) को खण्ड (घ) बमोजिम कार्यक्षमताको अभावमा पदमुक्त गर्न नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१ को उपधारा (३) बमोजिम तत्कालीन श्री ५ समक्ष पेश भै श्री ५ बाट मिति २०६२।१२।३ मा स्वीकृत भएकोले न्याय परिषद्बाट आवश्यक कारवाहीका लागि भनी सर्वोच्च अदालतलाई लेखी आए बमोजिम

पदमुक्त गरिएको भनी सर्वोच्च अदालतको मिति २०६२।१२।६ को पत्रबाट निवेदकलाई जानकारी गराइएको देखिन्छ । त्यसरी पदमुक्त गर्ने निर्णयमा पुग्नु अघि सफाईको मुनासिव मौका दिइएको र सो प्रयोजनका लागि नै निजको बयान लिन, प्रमाण संकलन गर्न र राय सहितको प्रतिवेदन पेश गर्न न्याय परिषद्बाट सर्वोच्च अदालतका माननीय न्यायाधीशको अध्यक्षतामा जाँचबुझ समिति गठन भएको भन्ने पनि मिसिल संलग्न कागजातहरुबाट देखिएको छ । नेपालको अन्तरिम संविधान, २०४७ को धारा ९१ को उपधारा (३) को प्रतिबन्धात्मक बाक्यांशमा उल्लेख भएका प्रक्रियाहरुको अवलम्वन गरी तत्कालीन जिल्ला न्यायाधीश यी निवेदकलाई पदमुक्त गर्ने निर्णयमा पुगी सो निर्णयको कार्यान्वयनको सिलसिलामा तत्कालीन संवैधानिक प्रावधान अनुरुप तत्कालीन श्री ५ को स्वीकृति लिने र स्वीकृत प्राप्त भएपछि आवश्यक कारवाहीका लागि सर्वोच्च अदालतमा प्रेषित गर्ने कार्य न्याय परिषद्बाट सम्पन्न भएको र तत्कालीन श्री ५ बाट संविधानमा गरिएको व्यवस्था अनुरुप स्वीकृति प्राप्त भएको भनी न्याय परिषद्बाट लेखी आएका आधारमा सर्वोच्च अदालतबाट पदमुक्त गरिएको व्यहोरा जानकारी गराइएको देखिएबाट सो प्रक्रियामा संविधानद्वारा निश्चित गरिएका प्रक्रियाको पूर्ण पालना गरेको देखियो ।

न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (५) अनुसार **कार्यक्षमताको अभावमा पदमुक्त गर्नु अघि सचेत गराउनु पर्ने व्यवस्था पूर्वशर्त हो वा होइन** भन्ने प्रश्न को सम्बन्धमा विचार गर्दा उक्त उपदफा (५) को व्यवस्था भनेको उक्त दफा ४क को उपदफा (२), (३) र (४) को कार्यान्वयनसंग सम्वन्धित देखिन्छ । सो उपदफाले कार्यक्षमताको अभावमा कुनै न्यायाधीशलाई पदमुक्त गर्नु अघि **अवस्था अनुसार सचेत गराउन र निजले सो अनुरुप आफ्नो काम, कारवाही वा आचरण सुधार नगरेमा संविधान र यस ऐन अनुसार निजउपर कारवाही चलाउन सक्नेछ** भन्ने व्यवस्था गरेको भन्ने आधारमा नै यो प्रश्न उठाइएको हुंदा उक्त कानूनी व्यवस्थाले के अर्थ दिन्छ भन्ने पनि हेर्नु पर्छ । उक्त कानूनी व्यवस्था अन्तर्गत "**अवस्था अनुसार सचेत गराउन सक्ने**" भन्ने बाक्यांशले सचेत गराउनै पर्ने भन्ने अर्थ दिंदैन । यदि सचेत गराउनै पर्ने भन्ने अनिवार्य व्यवस्था विधायिकाले राख्न खोजेको भए "**सक्नेछ**" भन्ने शब्दको प्रयोग अवश्य पनि गरिने थिएन । कुनै पनि कानूनको व्याख्यामा सोझो अर्थलाई पन्छाएर घुमाउरो अर्थको खोजी गरिदैन । जव कानूनको व्याख्यामा अस्पष्टता, संदिग्धता वा दुविधाको अवस्था उत्पन्न हुन्छ, तवमात्र कानून व्याख्याका विभिन्न नियमहरुको अनुशरण गर्नु पर्ने अवस्था आउंछ । यहाँ शाब्दिक व्याख्यावाटै स्पष्ट अर्थवोध भएको हुंदा विधायिकी मनसाय पत्ता लगाउन व्याख्याका अन्य नियमहरुको अनुसरण गर्नु आवश्यक नै देखिँदैन । त्यसका अलावा न्याय परिषद् ऐनको दफा ४क को समग्र व्यवस्था संविधानको धारा ९१ को उपधारा (३) को प्रयोजनका लागि गरिएको भन्ने उक्त दफाले स्पष्ट रुपमा व्यक्त गरेको हुंदा धारा ९१ को उपधारा (३) को परिधिभन्दा बाहिर गएर त्यसको अर्थ खोज्नु आफैंमा संवैधानिक सर्वोच्चताको मूल्य मान्यतासंग असंगत हुन जान्छ । संविधानको धारा ९१ को उपधारा (३) को प्रतिबन्धात्मक बाक्यांशमा न्यायाधीशलाई पदमुक्त गर्न सिफारिस गर्नुभन्दा पहिले सफाई पेश गर्ने मुनासिव मौका प्रदान गर्नुपर्ने र सो प्रयोजनका लागि जाँचवुझ समिति गठन गरी आरोपको जाँचबुझ गराउनु पर्ने बाहेकको अन्य पूर्व शर्त वा आधारहरु तोकेको छैन । संविधानमा गरिएको व्यवस्थालाई संकुचन गर्ने वा पूर्व शर्त थप्ने वा उक्त संवैधानिक व्यवस्थाको प्रयोगलाई कठिन तथा बोझिलो बनाउने किसिमबाट उक्त संवैधानिक व्यवस्थाको प्रयोगको विषयमा बनाइएको ऐनको उक्त व्यवस्थाको व्याख्या गरिनु हुँदैन । संविधानले निश्चित गरेको प्रक्रियामध्येका कुनै पनि प्रक्रियालाई वेवास्ता गरिएको अवस्था मिसिलबाट देखिँदैन र निवेदक तथा निजका कानून व्यवसायीहरुले पनि त्यस्तो जिकीर लिन सकेको पाईंदैन । निवेदक उपर लगाइएको आरोपहरु र सो सन्दर्भमा उल्लेख गरिएका विषयहरुको गंभीरतालाई दृष्टिगत गर्दा निवेदकलाई सचेत नगराईकनै पदमुक्त गर्न सकिने अवस्थाको विद्यमानता देखिएको छ । सचेत गराउन सक्ने भन्ने स्वविवेकीय अधिकारले स्वाभाविक रुपमा विषयवस्तुको गम्भीरता र तथ्यगत विश्लेषणलाई विचार पुर्‍याउने अनुमति दिन्छ । यदि त्यसबाट सचेत नगराइकनै पदमुक्त गर्नु पर्ने निष्कर्षमा निर्णय गर्ने अधिकारी वा निकाय पुगेमा त्यसलाई अन्यथा भन्न मिल्ने हुँदैन । त्यस स्थितिमा अवस्था अनुसार सचेत गराउन सक्ने भन्ने निर्णयकर्ताले स्वविवेकमा प्रयोग गर्न मिल्ने प्रकृतिको अधिकार दिने कानूनी प्रबन्धलाई पहिलो पटक सचेत गराउनै पर्ने भन्ने अनिवार्य वा पूर्वशर्तका रुपमा मान्न र व्याख्या गर्न उपयुक्त देखिँदैन । यस्तो

व्याख्या स्वयंमा संविधान विपरित हुने भएकाले त्यसतर्फको निवेदक तथा निजका कानून व्यवसायीहरुको जिकीरसंग सहमत हुन सकिएन ।

अब, **निर्णयको मिति भन्दा पहिलेको मितिबाट लागू हुने गरी निवेदकलाई अवकाश दिइएको अवस्था विद्यमान छ वा छैन ?** भन्ने तेस्रो प्रश्नमा प्रवेश गरौं । सो सम्बन्धमा हेर्दा निवेदकलाई पदमुक्त गर्नु अघि निज उपरका आरोपहरुका सम्बन्धमा जाँचबुझ गर्न सर्वोच्च अदालतका माननीय न्यायाधीशको अध्यक्षतामा एक सदस्यीय जाँचबुझ समिति गठन गरिएको भन्ने कुरा मिति २०६१।९।५ को नेपाल राजपत्र (खण्ड ५४, संख्या ३५) बाट देखिन्छ । त्यसरी गठित जाँचबुझ समितिबाट जाँचबुझका सिलसिलामा तत्कालीन जिल्ला न्यायाधीश यी निवेदकसँग वयान समेत लिइएको देखिन्छ । जाँचबुझ समितिबाट पेश भएको प्रतिवेदन तथा सम्बद्ध मिसिल कागजातहरुको अध्ययन समेतका आधारमा यी निवेदकलाई कार्यक्षमताको अभाव देखिन आएकोले **किन पदमुक्त नगर्ने** भनी स्पष्टीकरण समेत सोधिएको देखिन्छ । त्यसरी सोधिएको स्पष्टीकरणको जवाफ सन्तोषजनक नभएको भन्ने आधारमा न्याय परिषद् ऐनको दफा ४क को उपदफा (२) को खण्ड (घ) बमोजिम कार्यक्षमताको अभावमा पदमुक्त गर्न न्याय परिषद्को मिति २०६२।१०।२३ को निर्णय अनुसार नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१ को उपधारा (३) बमोजिम तत्कालीन श्री ५ समक्ष पेश भै श्री ५ बाट मिति २०६२।१२।३ मा स्वीकृत भएकोले न्याय परिषद्बाट आवश्यक कारवाहीका लागि भनी सर्वोच्च अदालतलाई लेखी आए बमोजिम पदमुक्त गरिएको भनी सर्वोच्च अदालतको मिति २०६२।१२।६ को पत्रबाट निवेदकलाई जानकारी गराइएको भन्ने कुरा निवेदक स्वयंले पेश गरेका पत्रहरुको छायाँप्रतिबाट देखिएको छ । उल्लिखित तथ्यहरुको विश्लेषण गर्दा निवेदकलाई पदमुक्त गर्न न्याय परिषद्बाट मिति २०६२।१०।२३ मा नै निर्णय भएको र सो निर्णयका आधारमा संवैधानिक प्रावधान बमोजिम तत्कालीन श्री ५ समक्ष पेश भै श्री ५ बाट मिति २०६२।१२।३ मा नै स्वीकृत भएको देखिएको छ । सो स्वीकृतिपछि निवेदक उपरको कारवाहीले पूर्णता पाएको र सर्वोच्च अदालतको मिति २०६२।१२।६ को पत्रले त केबल उक्त निर्णयको जानकारी प्रवाहको कार्यमात्र गरेको हुंदा सोही पत्रलाई आधार बनाएर **निर्णय गर्नु भन्दा पहिलेको मितिबाट पदमुक्त गरिएको** भन्ने अर्थ गर्नु व्यावहारिक र औचित्यपूर्ण हुंदैन ।

अब, अन्त्यमा **निवेदकको हकमा न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) को खण्ड (घ) को अवस्था विद्यमान छ वा छैन ?** भन्ने प्रश्नमा पनि विचार गर्नु सान्दर्भिक हुन आउंछ । निवेदक उपर **न्यायाधीश जस्तो गरिमामय पदमा रही कार्य गर्दा आफ्नो पदीय मर्यादा अक्षुण्ण राखी अदालतको जनआस्था अभिबृद्धि गर्न सचेत रही कार्य सम्पादन गर्नु पर्नेमा मनोगत लहडबाट न्यायिक मनको समुचित प्रयोग नगरी प्रमाणहरुको यथोचित मूल्यांकन नगरी कानूनको गलत प्रयोग र न्यायिक अनुशासन विपरीत कार्य गरेकोले अदालतको जनआस्थामा ह्रास आउने खालका काम कारवाही गरेको** भन्ने समेतका आरोपहरु लगाइएको देखिन्छ । सो सम्बन्धमा जाँचबुझ समितिबाट जाँचबुझ भएको र समितिले तत्कालीन जिल्ला न्यायाधीश यी निवेदकमा कार्यक्षमताको अभाव रहेको निष्कर्ष निकालेको पाइन्छ । सोही निष्कर्ष समेतका आधारमा निवेदकसंग स्पष्टीकरण सोधिएको र सो स्पष्टीकरण सन्तोषजनक नदेखिएपछि मात्र निजलाई पदमुक्त गर्ने निर्णय भएको देखियो । निवेदक उपर जे जस्ता आरोपहरु लगाइएको छ र ती आरोपहरुलाई समर्थन गर्ने विभिन्न कागजातहरु संकलन गरी त्यसको विवेचना र विश्लेषण समेत गरिएको छ, त्यस आधारमा निवेदक उपरको आरोप निराधार रहेको भन्ने देखिंदैन । निवेदक स्वयंले पनि ती आधारहरुलाई खण्डन गर्न सकेको पाइंदैन । निवेदक उपर लगाइएका आरोपहरु पदमुक्त गर्ने पर्ने खालका गम्भीर नरहेका र सचेत गराई निवेदकलाई सुध्रने वा कार्यक्षमता हासिल गर्ने मौका प्रदान गरिनु पर्ने भन्ने नै निवेदकतर्फको मुख्य जिकीर रहेको देखिन्छ । तर यस अदालतको आदेश बमोजिम प्राप्त भएका जाँचबुझ समितिको प्रतिवेदन र प्रतिवेदन संलग्न प्रमाण कागजातहरुको अध्ययन गर्दा निवेदकले मुद्दाको कारवाही वा निर्णय गर्दा प्रयोग हुनै नसक्ने कानूनको प्रयोग गरी वा कानूनको स्पष्ट र असंदिग्ध व्याख्या वा अर्थलाई छोडेर बलपूर्वक अर्को व्याख्या वा अर्थ गरी मुद्दाको कारवाही वा निर्णयमा अनुचित असर पुऱ्याएको भन्ने अवस्थाको विद्यमानता देखिदा निवेदकका हकमा न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) को खण्ड (घ) आकर्षित हुने नै देखियो ।

तसर्थ माथि गरिएको विश्लेषण समेतका आधारमा न्याय परिषद्‌वाट निवेदकलाई पदमुक्त गर्ने गरी गरिएको मिति २०६२।१०।२३ को निर्णय र सो को कार्यान्वयनका सम्बन्धमा भए गरेका निर्णय तथा कारवाहीहरुलाई अन्यथा भन्न मिल्ने देखिएन । रिट जारी गरी पाऊं भन्ने निवेदन जिकीर पुग्न सक्दैन । प्रस्तुत निवेदन खारेज हुने ठहर्छ ।

(भरतराज उप्रेती)
न्यायाधीश

उक्त रायमा म सहमत छु ।

(सुशिला कार्की)
न्यायाधीश

**माननीय न्यायाधीश श्री गिरीश चन्द्र लालको राय**

प्रस्तुत मुद्दामा मुख्य रुपमा निवेदन माँग वमोजिम न्याय परिषद्‌को मिति २०६२/१०/२३ को निर्णय एवं निवेदकलाई पदबाट मुक्त गर्न भएको सिफारिश र तदनुरुप पदमुक्त गर्ने सम्बन्धमा भएका काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुन सक्ने नसक्ने एवं निवेदन दावी अनुसार परमादेशको आदेश जारी भै पुर्नवहाली हुन सक्ने नसक्ने सम्वन्धमा निर्णयमा पुग्नु पर्ने हुँदा सो सन्दर्भमा सर्वप्रथम निम्न पक्षहरुतर्फ विचार गर्नु पर्ने जरुरी छ ।

१. न्याय परिषद्‌वाट भएको उक्त निर्णयको पुनरालोकन (judicial review) प्रस्तुत रिट निवेदनद्वारा हुन सक्ने नसक्ने ?
२. पुनरावलोकन हुन सक्ने अवस्थामा कार्यक्षमताको अभावमा निवेदकलाई पद मुक्त गर्नु अघि न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (५) अनुसार सचेत गराउन अनिवार्य छ छैन ?

उपर्युक्त प्रश्नहरु सम्बन्धमा हेर्दा तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१ को उपधारा (३) एवं न्याय परिषद् ऐन, २०४७ को दफा (६) बमोजिम सर्वोच्च अदलतका माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ अध्यक्षतामा गठित एक सदस्यीय जाँचबुझ समितिले मिति २०६१/११/३ मा न्याय परिषद् समक्ष प्रस्तुत गरेको प्रतिवेदन अनुसार रिट निवेदकको कार्य सम्पादनमा कार्य क्षमताको अभाव देखिएकोले निजको सम्वन्धमा न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) को खण्ड (घ) को अवस्था विद्यमान रहेको देखिन आएको भनी राय प्रतिवेदन प्रस्तुत भए पछि, सो प्रतिवेदन अनुसार तत्कालीन संविधानको धारा ९१ को उपधारा (३) एवं न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) को खण्ड (घ) बमोजिम निवेदक माथि कारवाई भै न्याय परिषद्‌को मिति २०६२/१०/२३ को सिफारिशको आधारमा तत्कालीन संविधानमा भएको व्यवस्था अनुसार श्री ५ बाट मिति २०६२/१२/३ मा स्वीकृति भै आए बमोजिम निवेदकलाई सोही मितिवाट लागु हुने गरी पद मुक्त गरिएको पत्र मिति २०६२/१२/६ मा दिइएको हुनाले निवेदक तर्फबाट तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ तथा धारा ८८ को उपधारा (२) अनुसार प्रस्तुत रिट निवेदन मिति २०६३/१/५ दायर भएको देखिन्छ ।

तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ अनुसार उक्त संविधानको भाग ३ अर्थात मौलिक हकको रुपमा प्रदत्त हकको लागि धारा ८८ मा लेखिएको तरिका अनुसार कारवाई चलाउन पाउने हक सुरक्षित गरिएको थियो भने धारा ८८ को उपधारा (२) मा संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरुपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुंगो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ । सो प्रयोजनको लागि पूर्ण रुपमा न्याय गरी उचित उपचार प्रदान गर्न सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्नेछ भन्ने व्यवस्था गरेको थियो । वर्तमानमा प्रचलित रहेको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (२) ले पनि सोही अनुसारको व्यवस्थालाई निरन्तरता दिएको समेत देखिन्छ ।

उक्त संवैधानिक व्यवस्थाको स्पष्ट तात्पर्य मौलिक हकको रुपमा प्रदत्त हकको प्रचलनको लागि अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको खण्डमा र अन्य कुनै कानूनी हकको प्रचलनको लागि समेत सर्वोच्च अदालतलाई उत्प्रेषण, परमादेश लगायतका आवश्यक र उपयुक्त आदेश जारी गर्ने असाधारण अधिकार रहेको छ भन्ने कुरामा विवाद हुने ठाउँ देखिंदैन ।

न्यायिक पुनरालोकन (judicial review) न्यायिक विवेचनाहरुद्वारा निर्धारित नियमानकारी मापदण्डहरु सहित लोकतान्त्रिक पद्धतिमा महत्वपूर्ण मान्य सिद्धान्तको (accepted principle) रुपमा स्थापित रहेको छ । यस पद्धतिको विकास ई. सन् १८०३ मा **William Marbury vs. James Madison** 5 U.S. (lcrunch) 137 (1803) को मुद्दामा संयुक्त राज्य अमेरिकाको तत्कालीन **Chief Justice John Marshall** ले प्रतिपादित गरे देखि संसार भरीका लोकतान्त्रिक पद्धतिमा विश्वास गर्ने देशहरुद्वारा आ-आफ्नो संवैधानिक एवं स्वतन्त्र न्यायिक पद्धतिमा विस्तारै-विस्तारै अगालिएको देखा परी रहेछ । उदाहरणार्थ हाम्रो छिमेकी मुलुक भारतको सर्वोच्च अदालतबाट भएका फैसलाहरुले समेत यस क्षेत्रमा धेरै सकारात्मक योगदान गरेको सहजै हेर्न सकिन्छ । भारतीय सर्वोच्च अदालतबाट भएका सबै फैसलाहरुको समीक्षा यहाँ समभव हुन सक्ने नभए पनि A.K. Gopalan vs. State of Madras A.I.R. 1950 SC 27 देखि प्रारम्भ भएको उसको यात्रा, समय सापेक्ष रुपमा निरन्तर चलि रहेकै छ ।

न्यायिक पुनरावलोकनको क्षेत्र (ambit) एवं अधिकार प्रत्येक देशमा आ-आफ्ना संवैधानिक व्यवस्था न्यायिक परिपाटी निष्पक्षता एवं न्यायपालिकालाई प्राप्त हुन सकेको स्वतन्त्रतामा भर पर्ने देखिए पनि यसबाट राज्य व्यवस्थामा शक्ति पृथकीकरण (separation of power) एवं नियन्त्रण तथा संतुलनको (check & balance) पद्धति विकसित भै राज्यको सम्पूर्ण शक्ति (absolute power) एकै ठाउँमा केन्द्रित हुन सक्ने खतरावाट लोकतान्त्रिक व्यवस्थाहरुलाई जोगिन मद्दत पुगेको छ भन्ने कुरामा कुनै विवाद देखा पर्दैन । संसद एवं कार्यपालिका लगायत प्रशासनिक तथा अर्धन्यायिक निकायका निर्णयहरुको समेत संवैधानिक व्यवस्था एवं न्यायिक विवेक प्रयोग भै स्थापित न्यायिक परमपरा एवं सिद्धान्तहरु अनुसार निष्पक्षतापूर्वक पुनरावलोकन हुन सक्नेबाट लोकतान्त्रिक पद्धतिमा (democratic system) जनताको विश्वास निरन्तर बढी रहेको, सामाजिक न्यायमा (social justice) अनवरत योगदान पुगी रहेको र सो कारणले समेत शनैः शनैः संसार भरीबाट एकतन्त्री सर्वसत्तावादको (dictatorship) अन्त भै कानूनको शासन (rule of law) एवं असल शासनको (good governance) विकास सम्भव भै देश र जनताको निरन्तर आर्थिक उन्नति समेत भै रहेको कुरामा शंका गर्ने ठाउँ छैन ।

हाम्रो देशको सन्दर्भमा हेर्दा यहाँ न्यायिक पुनरावलोकनको परिपाटीबाट बीच-बीचमा पछि हट्ने कुराको उदाहरण नभएको भन्न सकिने अवस्था नभए पनि संवैधानिक कानूनको विकाससंगै पंचायत व्यवस्थाको समयमा पनि भूमि सम्बन्धी ऐन, २०२१ जुनमा सो ऐन लागु हुँदाका बखत भूमि सुधार अधिकारीको निर्णय माथि पुनरावेदन लाग्न सक्ने भन्ने व्यवस्था गरिएको थियो, त्यस उपर समेत असाधारण अधिकारक्षेत्र प्रयोग गरी उत्प्रेषण एवं परमादेश लगायतका रिट जारी हुने परिपाटी सर्वोच्च अदालतबाट बसाइएको कुरालाई एवं कानूनको रित नपुर्‍याई सार्वजनिक सुरक्षा ऐन, २०१८ अन्तर्गत थुनामा रहेकाहरुका सम्बन्धमा बन्दीप्रत्यक्षीकरणका रिटहरु तथा कानूनको न्यायोचित प्रयोग नभएका अवस्थाहरुमा उपचार पाउन सक्ने अन्य उपायको अभावमा, उत्प्रेषण लगायतका रिटहरु जारी भएका उदाहरणहरुलाई देशको तत्कालीन राजनैतिक अवस्थालाई विचार गरेर हेर्दा कम गरेर आँक्न सकिदैन । उदाहरणको रुपमा न्यायपालिकालाई पुनरावलोकनको संवैधानिक अधिकार नभएको अवस्थामा समेत वि.सं. २०१० सालमा **विशेश्वरप्रसाद कोइराला विरुद्ध मजिष्ट्रेट, काठमाण्डौ** (नि.नं. २८, ने.का.प. २०१६, पृ.१२३) को मुद्दामा तत्कालीन प्रधान न्यायालयबाट भएको फैसलालाई हामी पुनरावलोकन तर्फको पहिलो पाइलाको रुपमा लिन सक्छौं । त्यस पछि **मूल चन्द आजाद विरुद्ध निर्वाचन अधिकृत मदन मोहन जोशी समेत**(नि.नं ४५०, ने.का.प. २०२५ अंक १२, पाना ३२३) भएको उत्प्रेषण समेतको रिट निवेदनमा न्यायिक पुनरावलोकनको अधिकारलाई सर्वोच्च अदालतले प्रयोग गरेको उल्लिखित गर्न सकिन्छ । अर्को उदाहरणहरुका रुपमा **डा. के आइ सिंहको** (नि.नं. २५०, ने.का.प. २०२१। अंक ८, पाना १४२) र **ऋषिकेश शाहको** नि.नं. ५१४, ने.का.प.२०२६, अंक ७, पाना ३५२) बन्दीप्रत्यक्षीकरणका रिटहरुमा जारी भएका आदेशहरु समेतलाई लिन सकिन्छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ लागु भए पछिका उदाहरणहरुमा समेत तत्कालीन सम्माननीय प्रधान न्यायाधीश विश्वनाथ उपाध्याय समेतको विशेष इजलासबाट अधिवक्ता **रविराज भण्डारी समेत विरुद्ध सम्माननीय प्रधानमन्त्री मनमोहन अधिकारी समेतको** मुद्दामा संविधानको

गलत व्याख्या गरी प्रतिनिधिसभा विघटन गर्न नमिल्ने भन्ने विषयमा परमादेश समेतको रिट जारी भएको (ने.का.प. स्वर्ण शुभजन्मोत्सव विशेषांक २०५२, पृष्ठ १) त्यस्तै सर्वोच्च अदालतबाट **राजीव पराजुलीको हकमा संजीव पराजुली विरुद्ध भ्रष्टाचार नियन्त्रण शाही आयोगको** मुद्दामा (नि.नं. ७६१८, ने.का.प. २०६२, अंक ११, पृष्ठ १३०७) तत्कालीन राजाद्वारा गठित **भ्रष्टाचार नियन्त्रण शाही आयोग खारेज हुने भनी अधिकारपृच्छा समेतको रिट जारी भएको** र वर्तमान नेपालको अन्तरिम संविधान, २०६३ लागु भए पछि पनि सर्वोच्च अदालतबाट न्यायिक पुनरावलोकन सम्बन्धी अन्य महत्वपूर्ण फैसलाहरु भै नै रहेका देखिन्छन् ।

तत्कालीन संविधानको धारा ९३ अनुसार न्याय परिषद्को गठन सम्माननीय प्रधान न्यायाधीश, माननीय न्याय मन्त्री, सर्वोच्च अदालतका दुई जना वरिष्ठतम् माननीय न्यायाधीशहरु एवं कानूनविद् सदस्यबाट भएको देखिए पनि सो परिषद्को काम कारवाई न्यायाधीशहरुको नियुक्ति, सरुवा एवं बरखास्तगी समेत संग मुख्य रुपले सरोकार राख्ने देखिएकोले र त्यस्तो प्रकारको काम कारवाही, न्यायिक सुनवाई जस्ता माध्यम नअपनाई गोप्य रहने प्रतिवेदन र मूल्यांकन जस्ता प्रशासनिक पद्धतिबाट हुने गरिएकोले, न्याय परिषद्का निर्णयहरु कदापि प्राकृतिक न्यायको सिद्धान्त (principle of natural justice) विपरीत हुँदैन वा सो परिषद्का निर्णयहरु सदा सर्वदा अधिकारक्षेत्रको अतिक्रमण (excess of jurisdiction), अधिकारक्षेत्रको दुरुपयोग (abuse of Jurisdiction), कानूनको प्रत्यक्ष त्रुटिको अवस्था (apparent error of law) इत्यादिबाट रहित नै हुन्छ वा भै नै रहन्छ भन्ने पूर्ण रुपमा प्रत्याभूति गर्न नसकिनुको साथै, त्यस्ता निर्णयहरु गर्दा सर्वथा न्यायिक मनको (judicial mind) समुचित प्रयोग गरी नै भएको हुन्छ भन्ने कुरा पनि निश्चयात्मक तवरले भन्न सकिँदैन ।

सामान्यतया त्यस्तो परिषद्बाट जानी-जानी त्रुटि नहोला भन्ने आशा तथा विश्वास गर्न सकिए पनि मानवीय भूल,स्वभाव एवं आ-आफ्ना गुण-दोषको कारणले सर्वथा न्यायनै हुन्छ भन्ने अवस्था हुन सक्दैन । यस्तो अवस्थामा सर्वोच्च अदालतद्वारा न्यायिक पुनरावलोकनको निमित्त संविधान प्रदत्त असाधारण अधिकार क्षेत्रको प्रयोग हुन नसक्ने भन्नुको तात्पर्य सर्वोच्च अदालतमा अन्तनिहित रहेको र सो अदालतलाई संविधानले जनतामा न्यायिक प्रत्याभूति दिन पत्याएको कर्तव्यबाट पछि हट्नु शिवाय अरु केही हो भन्न सकिने कुरा हुन सक्दैन ।

अतएव निवेदन दावीको सैद्धान्तिक एवं व्यवहारिक पक्ष समेतलाई मध्यनजर राखी विचार गर्दा, नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१ को उपधारा (३) एवं न्याय परिषद् ऐन, २०४७ का माथि उल्लिखित व्यवस्थाहरु अनुसार, कारवाई भै निवेदकलाई पदमुक्त गर्ने सम्मको कारवाई भएको अवस्थामा, पुनरावेदन गर्न पाउने जस्ता कानूनी उपचारको व्यवस्था सो ऐनद्वारा गरिएको नदेखिएकोले, न्याय परिषद्को उक्त निर्णय कानूनसंगत हो होइन भन्ने सम्बन्धमा यस अदालत समक्ष पर्न आएको रिट निवेदनमा उठाइएका प्रश्नहरु तर्फ समन्यायिक दृष्टिकोणले समेत विचार गर्नु पर्ने उपयुक्त नै देखिन आउँछ ।

यस सम्वन्धमा जहाँ सम्म न्याय परिषद्को निर्णय अनुसार बरखास्तगीमा परी यस अदालतको रिट सम्बन्धी अधिकार क्षेत्र गुहार्न आएका केही पूर्व न्यायाधीशहरुको कुरा छ सो परिपेक्ष्यमा हेर्दा **गोपाल प्रसाद गुरागाई विरुद्ध न्याय परिषद् समेतको** (नि.नं. ७८५०, ने.का.प. २०६४, अंक ५. पृ. ६४२) मुद्दामा निवेदकको माँग अनुसार रिट जारी हुन नसक्ने भनी खारेज भएको पाइन्छ । त्यसतर्फ विचार गर्दा तत्कालीन जिल्ला न्यायाधीश गोपाल प्रसाद गुरागाई माथि न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) अन्तर्गतको अर्थात कार्यक्षमताको अभावको अभियोगमा मात्र कारवाई नचली उक्त ऐनको उपदफा (४) अर्थात खराब आचरण सम्बन्धमा समेत जाँचबुझ भएको कुरा सो रिट निवेदन सम्बन्धी फैसलाको प्रकरण (२) समेतमा उल्लिखित गरी सो आधारमा समेत उक्त रिट निवेदन खारेज भएको देखिन आउँछ । यस्तै **ध्रुवलाल राज विरुद्ध न्याय परिषद् समेत र रामेश्वरमान सिंह अधिकारी विरुद्ध** न्याय परिषद् समेतको मुद्दाहरुमा पनि खराब आचरण समेत सम्वन्धमा कारवाई चली न्याय परिषद्वाट निजहरुलाई बरखास्त गर्ने प्रक्रिया चलेको कारणले, सो निवेदन दावीहरु खारेज भएको हुनाले, प्रस्तुत रिट निवेदक माथि कार्यक्षमताको अभावमा मात्र शुरु देखि अन्त सम्म कारवाई भएको अवस्थामा, सो रिट निवेदनहरु सम्बन्धमा यस अदालतबाट भएका निर्णयहरुका आधा आधारमा प्रस्तुत रिट निवेदन पनि खारेज हुनु पर्ने निष्कर्षमा पुग्न न्यायोचित हुन सक्दैन ।

जहाँसम्म गोपाल प्रदास गुरागाईको उक्त मुद्दामा उद्धरित गरिएको भारतीय सर्वोच्च अदालतद्वारा निर्णित *Supreme Court Advocate On Record* को मुद्दाको प्रश्न छ, सो फैसला कुनै न्यायाधीशको बरखास्तगी सम्बन्धमा नभै न्यायाधीशहरुको नियुक्ति र सरुवासंग सम्बन्धित रहेकोले नियुक्ति र सरुवाको प्रक्रियालाई न्यायाधीशको पदमुक्तिसंग मिलाई हेर्न उपयुक्त नहुनाले, प्रस्तुत रिट निवेदनको तात्पर्यको लागि सो मुद्दाको निर्णयलाई वैचारिक पृष्ठभूमिमा राख्न न्यायोचित हुन सक्दैन । यसको अतिरिक्त गोपाल प्रसाद गुरागाईको फैसलाको पूर्ण पाठबाट, खास गरेर उक्त फैसलाको प्रकरण ९ र १० मा वर्णित आधारहरुबाट त अझ के स्पष्ट हुन्छ भने अधिकारको बढी प्रयोग (excess of power) एवं कानूनको त्रुटि (errors of law) देखिने आधारमा रिट जारी हुन सक्ने अवस्था हुन सक्छ ।

प्रस्तुत रिट निवेदन दावी सम्बन्धमा हेर्दा, निवेदक माथि जाँचबुझ प्रारम्भ हुँदा देखिनै नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९१ को उपधारा (३) र न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) को खण्ड (घ) अनुसार कार्यक्षमताको अभाव सम्बन्धमा मात्र जाँचबुझ भएको छ र सोही सम्बन्धमा कारवाई चली निवेदकलाई बरखास्त गर्ने सिफारिश न्याय परिषद्बाट भए बमोजिम तत्कालीन श्री ५ बाट स्वीकृति भै आए पछि निवेदकलाई पदबाट मुक्त गरिएको पाइन्छ । निवेदक माथि खराब आचरण सम्बन्धमा जाँचबुझ भएको वा कारवाई भएको देखिदैन ।

अब, निज माथि प्रयोग भएको ऐन अर्थात न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) अन्तर्गत हुने कारवाईमा सोही ऐनको उपदफा (५) अनुसार सजाय हुन सक्ने देखिनाले त्यसको बनौट र व्यवस्था तर्फ विचार गर्नु पर्ने देखिन आयो । उक्त उपदफा (५) लाई हेर्दा उपदफा (२), (३) र ४ मा उल्लिखित अवस्थामा परिषद्ले सम्बन्धित न्यायाधीशलाई अवस्था अनुसार सचेत गराउन र निजले सो अनुरुप आफ्नो काम, कारवाई वा आचरणमा सुधार नगरेमा संविधान र यस ऐन अनुसार निज उपर कारवाई चलाउन सक्नेछ भन्ने व्यवस्था गरेको पाइन्छ । उक्त व्यवस्थाबाट निज उपर कारवाई चलाउनु भन्दा अघि, अवस्था अनुसार सचेत गराउनु पर्ने कुरा अनिवार्य रहेको र सचेत गराए पछि पनि निजले सुधार नगरेमा मात्र कारवाई हुन सक्ने स्पष्ट हुन्छ । यसको साथ साथै उक्त दफा उपदफाको प्रतिवन्धात्मक वाक्यांश (saving clause) मा भएको व्यवस्था तर्फ दृष्टिपात गर्दा खराब आचरणको अभियोगमा कारवाई चलाउनको लागि त्यस उपदफा वमोजिम सचेत गराउन आवश्यक हुने छैन भनी भनिएकोले र परिषद्ले उचित वा आवश्यक सम्झेमा त्यस्तो अभियोगमा संविधान र उक्त ऐन बमोजिम सोझै कारवाई चलाउन सक्ने भनी व्यवस्था गरेकोले, खराब आचरणको अभियोग बाहेकको अवस्थामा पहिले सचेत गराउनु पर्ने कुरा अनिवार्य रहेकै छ भन्ने कुरा अझ स्पष्ट हुन आउँछ ।

उक्त कानूनी व्यवस्थाको अनिवार्यतालाई ध्यानमा राखी निवेदक माथि भएको कारवाईको प्रक्रियालाई हेर्दा निवेदक माथि कार्यक्षमताको अभावमा मात्र कारवाई चलाइएको भए पनि सो कारवाई चलाउनु अघि निजलाई कुनै प्रकारले सचेत नगराइएकोबाट सो कानूनी व्यवस्थाको प्रत्यक्ष उल्लंघन भएको देखिन आयो । यसबाट निवेदक माथिको कारवाईमा विपक्ष न्याय परिषद्बाट न्यायिक मनको (judicial mind) प्रयोग नभै कानूनले निर्धारित गरे भन्दा बढी अधिकारको (excess of power) प्रयोग भएको र सो कारवाईमा कानूनको प्रत्यक्ष त्रुटि (apparent error of law) समेत रहेको कुरा निसन्देह रुपमा भन्नु पर्ने देखियो ।

तसर्थ प्रस्तुत रिट निवेदन दावी सम्बन्धमा विचार गर्दा, निवेदकलाई पदबाट मुक्त गरिएकोमा सो सम्बन्धमा निवेदकले पुनरावेदन गर्न सक्ने वा अन्य प्रभावकारी उपचार पाउन सक्ने कानूनी बाटो नभएकोले, न्याय परिषद्को उक्त निर्णय कानूनसंगत हो होइन भन्ने तर्फ समन्यायिक दृष्टिकोणले समेत विचार गर्नु पर्ने उपयुक्त नै देखिंदा, संवैधानिक व्यवस्था एवं स्थापित न्यायिक परम्पराहरुद्वारा प्रत्याभूत अधिकार अनुसार, यस अदालतबाट न्यायिक पुनरावलोकन (judicial review) हुन सक्ने देखिनाले, माथि विवेचना गरिएका आधारहरु अनुसार न्याय परिषद्बाट मिति २०६२/१०/२३ मा भएको निर्णय एवं सिफारिसको आधारमा निवेदकलाई पदबाट मुक्त गर्ने भएका काम कारवाहीहरुमा न्यायिक मनको (judicial mind)

अभाव देखिनुको साथै कानूनले निर्धारित गरे भन्दा बढी अधिकार (excess of power) प्रयोग भएको र निवेदक माथि भएको सो कारवाईमा कानूनको प्रत्यक्ष त्रुटि (apparent error of law) समेत रहेको देखिएकोले, न्याय परिषद्को मिति २०६२/१०/२३ को उक्त निर्णय र सो अनुसार भएको काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरी दिइएको छ । अब पुनः न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) एवं उपदफा (५) समेतलाई मध्यनजर राखी कानून बमोजिम कारवाई गर्नु भनी विपक्ष न्याय परिषद्को नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ ।

तर प्रस्तुत रिट निवेदन सम्बन्धी निर्णयमा यस पूर्ण इजलासका माननीय न्यायाधीशद्वय श्री सुशीला कार्की र श्री भरतराज उप्रेती मेरो उपर्युक्त रायसंग सहमत हुन नसकी निवेदन दावी खारेज हुने निष्कर्षमा पुग्नु भएकोले वहाँहरुको उक्त राय नै बहुमतको राय भएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को उप नियम (४) बमोजिम सो रायलाई नै यस अदालतको निर्णय मानिने हुदां सोही अनुसार गर्नु ।

प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनु ।

(गिरिश चन्द्र लाल)
न्यायाधीश

इति सम्वत २०६६ साल चैत्र २६ गते रोज ५ शुभम्

------



न्याय परिषद्को बैठक कक्ष

११३. **न्याय परिषद**: (१) यस संविधान बमोजिम न्यायाधीशहरूको नियुक्ति, सरूवा, अनुशासन सम्बन्धी कारबाही, बर्खासी र न्याय प्रशासन सम्बन्धी अन्य कुराहरूको सिफारिश गर्न वा परामर्श दिन एउटा न्याय परिषद् रहनेछ जसमा देहाय बमोजिम अध्यक्ष र सदस्यहरू हुनेछन्:-

(क) प्रधान न्यायाधीश - अध्यक्ष

(ख) न्याय मन्त्री - सदस्य

(ग) सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश एकजना - सदस्य

(घ) राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा मनोनीत गरेको एकजना कानूनविद् - सदस्य

(ङ) नेपाल बार एशोसिएशनको सिफारिशमा प्रधान न्यायाधीशद्वारा नियुक्त वरिष्ठ अधिवक्ता वा कम्तीमा बीस वर्षको अनुभव प्राप्त अधिवक्ता - सदस्य

स्पष्टीकरण: यस भागको प्रयोजनका लागि "मन्त्री" भन्नाले स्वतन्त्र कार्यभार भएको राज्य मन्त्री समेतलाई जनाउनेछ ।

(२) उपधारा (१) को खण्ड (घ) र (ङ) बमोजिमको सदस्यको पदावधि चार वर्षको हुनेछ र निजको पारिश्रमिक तथा सुविधा सर्वोच्च अदालतको न्यायाधीशको सरह हुनेछ ।

(३) उपधारा (१) को खण्ड (घ) र (ङ) बमोजिमको सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।

(४) न्याय परिषद्को अध्यक्ष लगायतका सदस्यले कुनै न्यायाधीशको सम्बन्धमा पर्न आएको उजुरीसंग सम्बद्ध मुद्दाका काजगात तथा फायल मगाई अध्ययन गरी न्याय परिषद्मा त्यसको जानकारी दिन सक्नेछ ।

(५) कुनै न्यायाधीशको विषयमा पर्न आएको उजुरीको सम्बन्धमा प्रारम्भिक छानबिन गराउंदा विशेषज्ञबाट विस्तृत छानबिन गर्नु पर्ने देखिएमा न्याय परिषद्ले जाूचबुझ समिति गठन गर्न सक्नेछ ।

(६) न्याय परिषद्को अन्य काम, कर्तव्य र अधिकार कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।